# डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुलको विवाद समाधानका लागि गठित

# जाँचबुझ आयोग, २०८०

**(सिंहदरबार, काठमाडौं)**

# प्रतिवेदन

**प्रतिवेदन प्रस्तुतकर्ता :**

श्री गिरीश चन्द्र लाल - अध्यक्ष, पूर्व न्यायाधीश
(सर्वोच्च अदालत)

श्री दिनेश कुमार घिमिरे - सदस्य, सचिव-वाणिज्य तथा आपूर्ति
(उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय)

श्री सरिता दवाडी - सदस्य, सचिव-जलस्रोत तथा सिंचाइ
(ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय)

**प्रतिवेदन पेश गरेको निकाय :**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(सिंहदरबार, काठमाडौं)

आयोगको कार्य अवधि मिति २०८०/१०/११ देखि २०८१/०१/२५ गते सम्म

## भूमिका

डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुलको विवाद समाधान गर्न नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।०९।२४ गतेको निर्णयानुसार जाँचबुझ आयोग ऐन, २०२६ को दफा (३) बमोजिम मेरो अध्यक्षतामा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (ऊर्जा) तथा ऊद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) सदस्य रहने गरी एक महिनाभित्र प्रतिवेदन पेश गर्न आयोगको कार्यादेशमा समेत उल्लेख गरी तीन सदस्यीय जाँचबुझ आयोग गठन भएकोमा पुन: नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।१०।०३ गतेको निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (जलस्रोत तथा सिंचाइ) र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) सदस्य रहने गरी उक्त तीन सदस्यीय आयोगका सदस्यहरुमा हेरफेर भएको हो।

सम्मानित सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायधीशज्यू समक्ष मिति २०८०।१०।११ गते यस आयोगको अध्यक्षको सपथ ग्रहण भै, त्यस पछि सोही दिन जलस्रोत तथा सिंचाइ सचिव श्री सुशील चन्द्र तिवारी समेतको सम्माननीय प्रधान न्यायाधीशज्यूको समुपस्थितिमा आयोगको अध्यक्षबाट सपथ ग्रहण गराइए पश्चात, आयोगले आफ्नो कार्य प्रारम्भ गरेको थियो। यस आयोगको सदस्य वाणिज्य तथा आपूर्ति सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीज्यूले माननीय ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्री श्री शक्ति बहादुर बस्नेतज्यूको समुपस्थितिमा यस आयोगको अध्यक्षबाट मिति २०८०।१०।१९ मा सपथ ग्रहण गरी आयोगको कार्यमा सम्मिलित हुनु भएको हो।

यस विवादसंग सम्बन्धित रहेका विषयहरु, २०७२ साल श्रावण देखि २०७७ असाढ सम्ममा लोडसेडिङताका सम्बन्धित औद्योगिक ग्राहकहरुलाई, नेपाल विद्युत प्राधिकरणद्वारा डेडिकेटेड तथा ट्रंक लाइन मार्फत आपूर्ति भएको विद्युत मध्येको छुट भएका महसुलहरु सम्बन्धमा रहेका छन्। प्राधिकरणले आफ्ना औद्योगिक ग्राहकहरुलाई डेडिकेटेड र ट्रंकलाइन मार्फत विद्युत आपूर्ति गरेका भनिएका उक्त अवधिहरु मध्ये २०७२ श्रावण देखि २०७२ पुष सम्मको अवधि महसुल निर्धारण आयोगबाट महसुल निर्धारण न भै सकेको अवधि हो भने २०७२ माघ देखि २०७५ वैशाख सम्मको समय सो आयोगबाट महसुल निर्धारित भै सकेको अवधि हो। त्यसतै सब भन्दा पछिल्लो अवधि अर्थात २०७५ जेष्ठ देखि २०७७ असाढ सम्मको समय प्राधिकरणको सूचना अनुसार नै लोडसेडिङ अन्त्य भै सकेको समय हो।

यस सम्बन्धमा एउटा स्पष्ट कुरा के छ भने नेपाल विद्युत प्राधिकरणका यी सबै औद्योगिक ग्राहकहरुले, उद्योगहरुलाई नियमित लाग्ने सबै सामान्य (Normal) शुल्कहरु सामान्यतया समय भित्रै बुझाई सकेका छन्। विवादमा रहेका अर्थात बक्यौता भनिएका सबै छुट बिलहरु लोडसेडिङका अवस्थामा आपूर्ति गर्ने भनिएका डेडिकेटेड लाइन (Dedicated Line) र ट्रंक लाइन (Trunk Line) सम्बन्धी मात्र हुन।

प्रतिवेदन पेश गर्न तोकिएको एक महिनाको समयावधि अपुग भएकोले आयोगको माग बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।११।०६ गतेको निर्णयानुसार आयोगको म्याद तीस दिन थप गरिएको, सो समयावधि भित्र समेत प्रतिवेदन लेखनका सबै कार्यहरु सम्पन्न भै नसकेकोले पुन: म्याद थपको माग गरे बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०/१२/८ गतेको निर्णयानुसार आयोगको म्याद पुन: १५ दिन अर्थात् २०८०/१२/२५ सम्म थप भएको थियो। त्यस पछि नेपाल सरकारको मिति २०८०।१२।१५ को निर्णय अनुसार पदेन सदस्यहरु रहेका जलस्रोत तथा सिंचाइ सचिव श्री सुशील चन्द्र तिवारी र वाणिज्य तथा आपूर्ति सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीको सरुवा भै वाणिज्य तथा आपूर्ति सचिवमा श्री दिनेश कुमार घिमिरे एवं जलस्रोत तथा सिंचाइ सचिवमा श्री सरिता दवाडीको पदस्थापना भएकोले, यस आयोगका सदस्यहरुको रुपमा निजहरुलाई मिति २०८१।०१।०३ मा माननीय मन्त्री श्री शक्ति बहादुर बस्नेतज्युको समुपस्थितिमा अध्यक्ष श्री गिरीश चन्द्र लालद्वारा सपथ गराइएको हो। सोही क्रममा नव आगन्तुक सदस्यज्यूहरु आयोगका विषयवस्तु संग परिचित हुनुको साथ साथै आवश्यक अध्ययन पनि गर्नु पर्ने हुँदा यस आयोग र ऊर्जा मन्त्रालय समेतले माग गरे बमोजिम आयोगको म्याद मिति २०८०।१२।३० को निर्णय अनुसार नेपाल सरकारबाट पुन: १ महिना थप भै (गत माघ महिना २९ दिनको मात्र भएकोले), यस आयोगको अवधि जम्मा ३ महिना १४ दिन कायम भएको छ। तसर्थ यसको कार्यकाल मिति २०८१।०१।२५ गते सम्म रहेको छ।

आयोगले आफ्नो कार्यको प्रारम्भमानै मिति २०८०।१०।१२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा १० दिनको समयावधि सहितको सूचना प्रकाशन गरी डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरुको विद्युत महसुल सम्बन्धी विषयमा विद्युत

सेवाको आपूर्तिको व्यवस्था मिलाउने नेपाल विद्युत प्राधिकरण र त्यस्तो विद्युत उपभोग गर्ने सरोकारवाला उद्योगी व्यवसायीहरुले आ-आफ्नो विषयहरु राखी आवश्यक कागजात प्रमाणहरु संलग्न गरी आयोग समक्ष निवेदन दिन आह्वान गरेको र सो सम्बन्धमा ५५ वटा उद्योगी, व्यवसायीहरुले निवेदन पेश गर्नुभएको हो। त्यसपछि निवेदन दिने उद्योगी, व्यवसायीहरु, निजका प्रतिनिधिहरु तथा कानून व्यवसायीहरुसंग आयोगका पदाधिकारीहरुले प्रत्यक्ष रुपमा आयोगको कार्यालयको मिटिङ्ग हलमा बसी नेपाल विद्युत प्राधिकरण एवम् विद्युत नियमन आयोगका प्रतिनिधि समक्ष मिति २०८०।११।०२ देखि मिति २०८०।११।१० सम्म पर्याप्त रुपले छलफल गरी सम्बन्धित विषयको समाधान गर्ने तर्फ अध्ययन समेत गरेको हो।

नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग (साबिकको विद्युत महसुल निर्धारण आयोग) संग डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल सम्बन्धित सम्पूर्ण कागजातहरु माग गरी अध्ययन गरिएको तथा सो सम्बन्धमा प्राधिकरण र विद्युत नियमन आयोगका पदाधिकारीहरु संग समेत आवश्यकता अनुसार छलफल गरिएको हो।

आयोगले छुट महसुल विवाद सम्बन्धी यो प्रतिवेदन तयार गर्ने क्रममा डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल सम्बन्धमा भएका ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका, मापदण्ड, विभिन्न मितिमा सम्मानित सर्वोच्च अदालत, उच्च अदालतहरु, पुनरावेदन अदालतहरु र जिल्ला अदालतहरुबाट भएका फैसलाहरु, प्रतिनिधि सभाको सार्वजनिक लेखा समितका प्रतिवेदन तथा सुझावहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा महालेखा परीक्षकको कार्यालयका निर्देशन तथा सुझावहरु, सोही विषयको अध्ययन गर्न विभिन्न समयमा गठन गरिएका समिति/उपसमितिहरुका प्रतिवेदनहरु, नेपाल विद्युत प्राधिकरणका संचालक समितिका निर्णयहरु, विद्युत नियमन आयोगका निर्णयहरु, नेपाल विद्युत प्रधिकरणले विभिन्न मितिमा प्रकाशन गरेका सूचनाहरु तथा विभिन्न कार्यालयहरुबाट भएका पत्राचारहरु समेतको अध्ययन गरेको छ।

अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा आयोगले डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल सम्बन्धमा कानून अनुसार महसुल निर्धारण हुने प्रक्रिया र त्यस्तो अधिकार प्राप्त निकायका निर्णयहरुलाई समेत ध्यानमा राखी आफ्नो अध्ययन कार्य अघि बढाएको हो र सो सम्बन्धमा भएका कानूनी व्यवस्थाहरु अनुसार नै आफ्नो राय प्रस्तुत गर्ने प्रयास गरेको हो।

त्यसकारण नेपाल सरकार समक्ष लामो समय देखि विवादको रुपमा रहेको डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल सम्बन्धी विषयको दिगो समाधान गर्न यो प्रतिवेदन उपयोगी हुनेछ भन्ने कुरामा आयोग विश्वस्त रही नेपाल सरकार समक्ष यो प्रतिवेदन पेश गरेको छ।

यस आयोगलाई डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल सम्बन्धी विवादको अध्ययन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान गर्ने नेपाल सरकारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार आयोगको कार्यसम्पादनको लागि कार्यकक्ष, आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्थापन गर्ने ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय परिवार प्रति आभार प्रकट गर्दछु। यो प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक सल्लाह सुझाव प्रदान गर्ने विज्ञहरु तथा आवश्यक विवरण, कागजात, अभिलेखहरु समयमै उपलब्ध गराई सहयोग गर्नु भएकोमा नेपाल विद्युत प्राधिकरणका संचालक समितका पदाधिकारीज्यूहरु, कार्यकारी निर्देशक, सम्पूर्ण कर्मचारीहरु, विद्युत नियमन आयोगका पदाधिकारीज्यूहरु, कर्मचारीहरु तथा छोटो समयमा माग गरेको विवरण उपलब्ध गराई अध्ययन तथा प्रतिवेदन तयारीमा सहयोग गर्ने सम्पूर्ण उद्योगी व्यवसायीहरुलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु। साथै कार्यालयको नियमित काम काजका अतिरिक्त यस आयोगमा तोकिएको थप जिम्मेवारी समेत निर्वाह गर्ने सम्पूर्ण कर्मचारीहरु र समय समयमा आयोगको कार्य प्रगतिको सम्बन्धमा सूचना सम्प्रेषण गरी आम नागरिकहरु समक्ष पुर्‍याउने सञ्चार कर्मीहरुलाई समेत धन्यवाद दिन चाहन्छु।

गिरीश चन्द्र लाल

**अध्यक्ष**

( विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग २०८०)

२०८१ साल वैशाख

## विषयसूची


१. विषयको संक्षिप्त व्यहोरा (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):...... १

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):...... १

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):...... २

४. निर्णय हुनुपर्ने व्यहोरा (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):......३

५. नेपाल सरकारको निर्णय (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको)::......३

६. यस सम्बन्धमा नेपाल राजपत्रको भाग ५ मिति २०८०/१०/११ मा (राजपत्रमा प्रकाशित भए अनुसारको)......३

७. नेपाल सरकारबाट भएको उक्त निर्णयलाई मनन गरी यस आयोगले, सो निर्णयलाई समग्ररुपमा मध्यनजर राखी प्राधिकरण र उद्योगी व्यवसायीहरु बिचमा, विशेष गरी निम्न अवधिहरुको विद्युत महसुलको विवाद रहेको देखिनाले, नेपाल विद्युत प्राधिकरणले दावी गरेका उक्त समयावधिहरुको छुट बिलहरु सम्बन्धमा आफ्नो राय सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्नु परेको छ।...... ४

८. अध्ययन गर्नु पर्ने सम्बन्धित विषयहरु:...... ४

(क) विवादका पक्षहरु:...... ६

(ख) विवादका विषयहरु:...... ६

(ग) ग्राहकहरुका किसिम बारे (सम्बन्धित ग्राहकहरुका):...... ६

(घ) डेडिकेटेड फिडर तथा लाइन (Dedicated Feeder and Line)को परिभाषा र महसुल:...... ७

(ङ) ट्रंक लाइन (Trunk Line) र महसुल:...... ९

(च) डेडिकेटेड र ट्रंक लाइनका उद्येश्य र मापदण्ड (Criteria):......११

(छ) लोडसेडिङका अवधिहरु हेर फेर र अन्त्य तथा डेडिकेटेड फिडर मार्फतको आपूर्ति स्थगित:...... १२

(ज) माग गरेका नगरेका (डेडिकेटेड र ट्रंक लाइन) बारे:......१३

(झ) ऊर्जामापक यन्त्र (Meter):......१५

(ञ) TOD (Time of day):......१५

(ट) विद्युत महसुल:......१६

(ठ) महसुल निर्धारण सम्बन्धी कानूनी व्यवस्थाहरु र सम्बन्धित निर्णयहरुको विवेचना:......१७

(ड) बिलिङ (विद्युत महसुल) :...... २२

(ढ) छुट महसुल बिलिङ:...... २३

(ण) महसुल छुट (Discount) र थप महसुल:...... २३

(त) विवाद समाधान (महसुल सम्बन्धमा):...... २५

(थ) सम्बन्धित प्रतिवेदनहरु (अन्य) का सम्बन्धित अंशहरु...... २७

(द) अदालतहरुबाट भएका फैसलाहरुका सम्बन्धित अंशहरु:...... ३५

(ध) विषयगत अध्ययनहरुको सार संक्षेप (प्रस्तुत विवाद सम्बन्धमा)...... ४१

९.  नेपाल सरकार समक्ष प्रस्तुत गरिने राय सुझावहरु निम्न लिखित अनुसार छन्: ........ ४६
अनुसूची-१ : सम्बन्धित कानुनी व्यवस्थाहरु ........ ५३
अनुसूची-२ : सम्बन्धित निर्णयहरु ........ ८२
अनुसूची-३ : सम्बन्धित पत्रहरु ........ ९९
अनुसूची-४ : सम्बन्धित सूचनाहरु ........ १२३
अनुसूची-५ :  प्रतिवेदनहरुका सम्बन्धित अंशहरु ........ १३७
अनुसूची-६ : अदालतबाट भएका फैसलाहरूका सम्बन्धित अंशहरु ........ १५५
अनुसूची-७ : आयोगमा प्राप्त निवेदनहरु ........ १७०
अनुसूची-८ : सूचनाहरुको Scan ........ १७३
अनुसूची-९ : निर्णयहरुको Scan ........ १७५

## प्रतिवेदन

**१. विषयको संक्षिप्त व्यहोरा** (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):

ऊर्जाको माग र आपूर्ति बिचको असन्तुलन एवं उपलब्ध विद्युतको समुचित व्यवस्थापन हुन नसकेको कारणले आ.व.२०७३/०७४ अघि मुलुक चरम लोडसेडिङबाट गुज्रिएको थियो। विद्युतको बढ्दो मागको तुलनामा उत्पादन न्यून हुने, वैकल्पिक स्रोतबाट विद्युत उत्पादन गर्न महङ्गो पर्ने, पर्याप्त पूर्वाधारको अभावमा विद्युत आयात गर्न नसकिने अवस्थासमेत थियो। मुलुकको स्वास्थ्य, शिक्षा, सुरक्षा र औद्योगिक विकासमा नकारात्मक असर पर्न नदिन यस्ता संस्थाहरूलाई छुट्टै डेडिकेटेड फिडर निर्माण गरी सो मार्फत नियमित विद्युत आपूर्ति गर्ने र त्यस्ता ग्राहकवाट थप महसुल लिने नीति अङ्गीकार गरी सोही बमोजिम नेपाल विद्युत प्राधिकरणले स्पष्ट मापदण्ड (Criteria) सहितको महसुल दर तर्जुमा गर्ने नीति लिएको थियो। प्राधिकरणको बिद्युत प्रणालीमा निरन्तर विद्युत आपूर्ति हुने डेडिकेटेड फिडर र ट्रंक लाइन एक सबस्टेसनबाट अर्को सबस्टेसन जोड्ने लाइनबाट विद्युत आपूर्ति लिने औद्योगिक, व्यापारिक र गैह्र व्यापारिक वर्गका ५९ वटा ग्राहकहरूसंग विद्युत महसुल बक्यौता रहेको देखिन्छ। नेपाल विद्युत प्राधिकरण संचालक समितिको २०७२ साल असार १२ गतेको ७१० औं बैठकबाट डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिने ग्राहकहरूबाट लिनु पर्ने प्रिमियम शुल्कसहितको नयाँ महसुल दर स्वीकृत भएको देखिन्छ। उक्त महसुल दर विद्युत महसुल निर्धारण आयोगको २०७२ साल पुस २९ गतेको १०३ औं र २०७२ साल माघ १० गतेको १०४ औं बैठकबाट प्राधिकरणबाट निर्णय भएकै मितिदेखि लागु गर्ने गरी स्वीकृत भएकोमा विभिन्न उद्योगी व्यवसायीहरूले उक्त डेडिकेटेड विद्युत महसुल दर लाग्ने होइन भनी महसुल नतिरी विवाद उत्पन्न भएकोले सोको दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने देखिन्छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा** (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):

नेपाल विद्युत प्राधिकरण संचालक समितिको २०७२ असार १२ गतेको ७१० औं बैठकबाट तत्कालिन संचालकको संयोजकत्वमा गठित उपसमितिको डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिने ग्राहकहरूबाट लिनु पर्ने प्रिमियम शुल्कसहितको नयाँ महसुल दरसहितको प्रतिवेदन स्वीकृत भएको र उक्त प्रतिवेदनअनुसार २०७२ साउनको विद्युत खपत (२०७२ भाद्रको मिटर रिडिङ्ग) देखि लागु गर्ने गरी प्रक्रिया अगाडि बढाइएको देखिन्छ।

विद्युत महसुल निर्धारण आयोगको निर्णय बमोजिम प्राधिकरण संचालक समितिले विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ स्वीकृत गरी लागु भएको छ। उक्त विनियमावलीमा डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट बिद्युत आपूर्ति लिने औद्योगिक, व्यापारिक र गैह्र व्यापारिक वर्गका ग्राहकहरूका लागि २०७३ भदौ महिनाको रिडिङ्गदेखि लागु हुने गरी प्रिमियम शुल्क सहितको विशेष महसुल दरको व्यवस्था गरिएको थियो। विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (२) मा प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैह्र व्यापारिक वर्गका ग्राहकहरूले विद्युत शक्ति खपत गरे बापत तोकिएको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्ने व्यवस्था गरिएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६/०९/२१ मा गठित समितिले सिफारिससहितको प्रतिवेदन पेस गरेको थियो। सो प्रतिवेदनमा मिति २०७२ साउनदेखि २०७२ पुससम्मको अवधिको हकमा, मिति २०७२ माघदेखि २०७५ वैशाख मसान्तसम्मको अवधिको हकमा र मिति २०७५ जेठमा लोडसेडिङ अन्त्य भएपछि मिति २०७७ जेठ मसान्तसम्मको अवधिको हकमा तीन प्रकारका छुट्टाछुट्टै व्यवस्थाको सिफारिस गरिएको थियो।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७/०४/२६ मा ट्रंक लाइन तथा डेडिकेटेड फिडरबाट भएको विद्युत आपूर्ति सम्बन्धमा विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरू र विद्युत प्राधिकरण बिच देखिएको विवाद लगायतका समस्याको समाधान मन्त्रालय र मातहतका निकायहरूबाट समन्वयात्मक रूपमा गर्ने गरी प्रतिवेदन

कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई निर्देशन दिने निर्यण भएको थियो। (*Note: यस सम्बन्धमा ऊर्जा, जलश्रोत तता सिंचाई मन्त्रालयलाई, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त च.नं म.बै. ३२१।४८९ को पत्र अनुसार माथि २०७७। ०४।२६ भनी उल्लिखित गरिएको निर्णयको मिति २०७७।०४।१९ रहेको देखिन्छ*)

विद्युत नियमन आयोगको मिति २०८०/०९/१६ गतेको निर्णयबाट विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगद्वारा गरिएको प्रथम पटकको महसुल उपर पुनरावलोकनको लागि नेपाल विद्युत प्राधिकरण तथा अन्य सरोकार वालाहरूबाट निवेदन नपरेको तथा सोही ऐनको दफा १८ बमोजिम विवाद समाधानको निमित्त कुनै उजुरीसमेत नपरेको, डेडिकेटेड फिडर तथा ट्रंक लाइन सम्बन्धी महसुलको बक्यौता उठाउनु पर्ने परिपेक्ष्यमा सम्मानित अदालत, लेखा समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरणमा गठित समितिहरूबाट बक्यौता उठाउने भनी निर्णय तथा निर्देशन प्राप्त भएकोमा तत्कालिन विद्युत महसुल आयोगको १०३ औं, १०४ औं तथा १०८ औं बैठकको निर्णय "लोडसेडिङ ६ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महसुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय भएकोमा" सोको यकीन मिटर रिडिङ्गबाट नेपाल विद्युत प्राधिकरणले गर्नुपर्ने तथा आयोगद्वारा मिति २०७८/०५/२२ गते बसेको १३३ औं बैठकको निर्णय कार्यान्वयन गर्न गराउन नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिएको देखिन्छ।

**प्राधिकरण र उद्योगी व्यवसायी बिच विशेष गरी निम्न अवधिको विद्युत महसुलको विवाद भएको देखिन्छ** (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):

(क) डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल निर्धारण भएको अवधिः२०७२ साउनदेखि २०७२ पुस सम्म।

(ख) नेपालमा लोडसेडिङ अन्त्य हुनु अघिको अवधिः २०७२ माघदेखि २०७५ वैशाख सम्म।

(ग) नेपालमा लोडसेडिङ अन्त्य भएपछिको अवधिः २०७५ जेठदेखि २०७७ असार सम्म।

(Note: यसको खण्ड (क) मा उल्लिखित अवधि महसुल निर्धारण आयोगबाट विद्युत महसुल निर्धारण नभै सकेको अवधि हो)

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस** (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):

डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गर्ने ५९ वटा ग्राहकहरूको बक्यौता रकम करिब २२ अर्बभन्दा बढी रहेको र सो रकम हालसम्म पनि उद्योग तथा व्यवसायीबाट भुक्तानी नभएको, यसै विषयका सम्बन्धमा विभिन्न तहका अदालत, संघीय संसदको संसदीय समिति र विद्युत नियमन आयोगबाट विभिन्न मितिमा भएको निर्णयमा विविधताका कारण निर्णयमा असामञ्जस्यता एवं अस्पष्टता भई द्विविधा उत्पन्न हुँदा विद्युत महसुल उठ्न नसकेकोले सबै प्रकृतिका निर्णय एवं निर्देशनहरूलाई समग्रतामा अध्ययन गर्नु पर्ने देखिएको एवं प्राधिकरणले विद्युत महसुल बुझाउन बाँकी उद्योगहरूको विद्युत लाइन काटे पश्चात् प्राधिकरण र उद्योग व्यवसायी बिच महसुल सम्बन्धी विवाद उत्पन्न भएकोले विद्युत महसुलका सम्बन्धमा प्राधिकरणको संचालक समितिबाट गठित समितिको प्रतिवेदन एवं निर्णय, तत्कालिन विद्युत महसुल निर्धारण आयोग तथा हालको विद्युत नियमन आयोगबाट भएका निर्णयहरू, संवैधानिक निकायबाट भएका निर्णय एवं निर्देशन, नेपाल सरकारबाट गठित विभिन्न समितिको प्रतिवेदन, संघीय संसदका विभिन्न संसदीय समितिको निर्देशन एवं जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतबाट भएका निर्णय तथा आदेश एवं उद्योगी व्यवसायीहरूको गुनासोसमेतको अध्ययन गरी उक्त विवाद निरूपण गर्न आवश्यक भएकोले राय सुझाव सहितको प्रदिवेदन पेस गर्न

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ बमोजिम जाँचबुझ आयोग गठन गर्न स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८०/०९/२४ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय सङ्ख्या १९ अनुसार यो प्रस्ताव पेश गरिएको छ।

**४. निर्णय हुनुपर्ने व्यहोरा** (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको):

(क) डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरूको विद्युत महसुल सम्बन्धी विवाद निरूपण गरी एक महिनाभित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश श्री गिरिशचन्द्र लालको अध्यक्षतामा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) सदस्य रहने गरी जाँचबुझ आयोग गठन गर्ने। आयोगको कायदिश, सेवा सुविधा तथा आयोगलाई आवश्यक पर्ने स्रोत साधन अनुसूची १ मा बमोजिम हुने।

(ख) नेपाल विद्युत प्राधिकरणबाट यस विवादमा विद्युत लाइन काटिएका उद्योग, व्यवसायहरूको हकमा खण्ड (क) बमोजिमको आयोगबाट सिफारिस भई नेपाल सरकारबाट निर्णय नभए सम्मका लागि विद्युत लाइन जडान गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मार्फत नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने।

**५. नेपाल सरकारको निर्णय** (नेपाल सरकारको निर्णयमा उल्लिखित भए अनुसारको)::

डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुलको विवाद समाधानको लागि जाँचबुझ आयोग गठन गर्ने विषयको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको मिति २०८०/९/२४ को प्रस्ताव म.प.वै.सं. ५०/०८० मिति २०८०/९/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले "प्रस्तावमा लेखिए बमोजिम गर्ने" भनी *नेपाल सरकारबाट मिति २०८०/०९/२४ मा निर्णय भएको।*

**६. यस सम्बन्धमा नेपाल राजपत्रको भाग ५ मिति २०८०/१०/११ मा** (राजपत्रमा प्रकाशित भए अनुसारको)

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) बमोजिम डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरूको विद्युत महसुल सम्बन्धी विवाद समाधानको लागि जाँचबुझ गर्न देहाय बमोजिमको जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. जाँचबुझ आयोग** (नेपाल राजपत्र खण्ड ७३ संख्या ५० भाग ५ मिति २०८०। १०।११मा प्रकाशित भए अनुसारको)

(क) सर्वोच्च अदालतका पूर्वन्यायाधीश **श्री गिरीश चन्द्र लाल** - अध्यक्ष

(ख) ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका **सचिव (जलस्रोत तथा सिंचाइ)** -सदस्य

(ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका **सचिव (वाणिज्य तथा आपूर्ति)** -सदस्य

**२. जाँचबुझ आयोगको कार्यादेश** (राजपत्रमा प्रकाशित भए अनुसारको)

डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुलको सम्बन्धमा नेपाल विद्युत प्राधिकरण र उद्योगी, व्यवसायी बीच देखिएको विवादको समाधानका लागि जाँचबुझ गरी सुझाव सहितको प्रतिवेदन एक महिनाभित्र नेपाल सरकारसमक्ष पेस गर्ने भनी राजपत्रमा सूचना प्रकाशित भएको छ।

सो अनुसार जाँचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) नियमावली २०५१ को निवम ३(३) अनुसार आयोगको अध्यक्ष श्री गिरीश चन्द्र लालले मिति २०८० साल माघ ११ मा सर्वोच्च अदालतको प्रधान न्यायाधीश समक्ष र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (जलस्रोत तथा सिंचाइ) श्री सुशील चन्द्र तिवारीले सोही समयमा अध्यक्ष समक्ष पद र गोपनीयताको शपथ लिए पछि सोही मिति देखि आयोगको कार्य प्रारम्भ भएको छ। त्यस पछि यस आयोगको सदस्य श्री नारायण प्रसाद शर्मा दुवाडीले आयोगको अध्यक्ष समक्ष मिति २०८०।१०।१९ मा आयोगको सदस्यको रुपमा सपथ लिई आयोगमा सहभागी हुनु भएको थियो।

यस आयोगको अध्यक्ष श्री गिरीश चन्द्र लाल एवं सदस्य श्री सुशील चन्द्र तिवारीज्यूको माथि उल्लिखित भए अनुसार मिति २०८०।१०।११ मा सपथ ग्रहण भए पछि यस आयोगले सोही मिति देखि आफ्नो कार्य प्रारम्भ गरेको छ।

प्रारम्भमा नेपाल सरकारको मिति २०८०।०९।२४ को निर्णय अनुसार यस आयोगको कार्यकाल १ महिनाको लागि मात्र तोकिएको भए पनि, उक्त अवधि भित्र कार्य सम्पन्न हुन नसकी नेपाल सरकारको मिति २०८०/११/०६ र मिति २०८०।१२।०८ का निर्णयहरु अनुसार क्रमस ३० दिन र १५ दिन म्याद थप भएको थियो। त्यस पछि नेपाल सरकारको मिति २०८०।१२।१५ को निर्णय अनुसार पदेन सदस्यहरु रहेका जलस्रोत तथा सिंचाइ सचिव श्री सुशील चन्द्र तिवारी र वाणिज्य तथा आपूर्ति सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीको सरुवा भै वाणिज्य तथा आपूर्ति सचिवमा श्री दिनेश कुमार घिमिरे एवं जलस्रोत तथा सिंचाइ सचिवमा श्री सरिता दवाडीको पदस्थापना भएकोले यस आयोगका सदस्यहरुको रुपमा निजहरुलाई मिति २०८१।०१।०३ मा माननीय मन्त्री श्री शक्ति बहादुर बस्नेतज्यूको समुपस्थितिमा यस आयोगको अध्यक्ष श्री गिरीश चन्द्र लालद्वारा सपथ गराइएको हो। सोही क्रममा नव आगन्तुक सदस्यज्यूहरु आयोगका विषयवस्तु संग परिचित हुनुको साथ साथै आवश्यक अध्ययन पनि गर्नु पर्ने हुँदा यस आयोग र ऊर्जा मन्त्रालय समेतले माग गरे बमोजिम आयोगको म्याद मिति २०८०।१२।३० को निर्णय अनुसार नेपाल सरकारबाट पुन: १ महिना थप भै (गत माघ महिना २९ दिनको मात्र भएकोले), यस आयोगको अवधि जम्मा ३ महिना १४ दिन कायम भएको छ। तसर्थ यसको कार्यकाल मिति २०८१।०१।२५ गते सम्म रहेको छ।

**७. नेपाल सरकारबाट भएको उक्त निर्णयलाई मनन गरी यस आयोगले, सो निर्णयलाई समग्ररुपमा मध्यनजर राखी प्राधिकरण र उद्योगी व्यवसायीहरु बिचमा, विशेष गरी निम्न अवधिहरुको विद्युत महसुलको विवाद रहेको देखिनाले, नेपाल विद्युत प्राधिकरणले दावी गरेका उक्त समयावधिहरुको छुट बिलहरु सम्बन्धमा आफ्नो राय सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्नु परेको छ।**

(क) डेडिकेटेड *फिडर तथा ट्रंक लाइनको विद्युत महसुल निर्धारण भएको अवधिः २०७२ साउनदेखि २०७२ पुस सम्म*

(ख) *नेपालमा लोडसेडिङ अन्त्य हुनुअघिको अवधिः २०७२ माघदेखि २०७५ वैशाख सम्म।*

(ग) *नेपालमा लोडसेडिङ अन्त्य भएपछिको अवधिः २०७५ जेठदेखि २०७७ असार सम्म।*

(Note: यसको खण्ड (क) मा उल्लिखित अवधि महसुल निर्धारण आयोगबाट विद्युत महसुल निर्धारण नभै सकेको अवधि हो)

**८. अध्ययन गर्नु पर्ने सम्बन्धित विषयहरु:**

आयोगले आफ्नो कार्यको प्रारम्भमा नै मिति २०८०/१०/१२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा १० दिनको समयावधि सहितको सूचना प्रकाशन गरी डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरुको विद्युत महसुल सम्बन्धी विषयमा, विद्युत सेवाको आपूर्तिको व्यवस्था मिलाउने नेपाल विद्युत प्राधिकरण र त्यस्तो

विद्युत उपभोग गर्ने सरोकारवाला उद्योगी व्यवसायीहरुले, आ-आफ्नो विषयहरु राखी आवश्यक कागजात प्रमाणहरु संलग्न गरी आयोग समक्ष निवेदन दिन सूचना प्रकाशन गरेको थियो। सो सम्बन्धमा ५५ वटा उद्योगी, व्यवसायीहरुले निवेदन पेश गर्नु भएको हो। आयोगका पदाधिकारीहरुले, निवेदन दिने उद्योगी, व्यवसायीहरु, निजका प्रतिनिधिहरु तथा निजका कानून व्यवसायीहरु संग समेत आयोगको कार्यालयको मिटिङ्ग हलमा बसी नेपाल विद्युत प्राधिकरण एवम् विद्युत नियमन आयोगका प्रतिनिधिहरु समेत समक्ष मिति २०८०/११/०२ देखि मिति २०८०/११/१० सम्म पर्याप्त रुपले छलफल गरी सम्बन्धित विषयको समाधान गर्ने तर्फ अध्ययन समेत गरेको हो।

नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग (साबिकको विद्युत महसुल निर्धारण आयोग) संग डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल सम्बन्धित सम्पूर्ण कागजातहरु माग गरी अध्ययन गरिएको तथा सो सम्बन्धमा प्राधिकरण र विद्युत नियमन आयोगका पदाधिकारीहरुसंग समेत आवश्यकता अनुसार छलफल भएको हो।

आयोगले छुट महसुल विवाद सम्बन्धी यो प्रतिवेदन तयार गर्ने क्रममा डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल सम्बन्धमा भएका ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका, मापदण्ड, विभिन्न मितिमा सम्मानित सर्वोच्च अदालत, उच्च अदालतहरु, पुनरावेदन अदालतहरु र जिल्ला अदालतहरुबाट भएका फैसलाहरु, प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिका प्रतिवेदन तथा सुझावहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा महालेखा परीक्षकको कार्यालयका निर्देशन तथा सुझावहरु, सोही विषयको अध्ययन गर्न विभिन्न समयमा गठन गरिएका समिति/उपसमितिहरुका प्रतिवेदनहरु, नेपाल विद्युत प्राधिकरणका संचालक समितिका निर्णयहरु, विद्युत नियमन आयोगका निर्णयहरु, नेपाल विद्युत प्राधिकरणले विभिन्न मितिमा प्रकाशन गरेका सूचनाहरु तथा विभिन्न कार्यालयहरुबाट भएका पत्राचारहरु समेतको अध्ययन गरेको छ।

त्यसको अतिरिक्त पनि, माथि प्रकरण ७ मा उल्लिखित विषयवस्तुहरु सम्बन्धी प्रयोजनको निमित्त सर्वप्रथम निम्नलिखित कुराहरु सम्बन्धमा अध्ययन गरी स्पष्ट हुन आवश्यक हुन आउँछ।

(क) विवादका पक्षहरु

(ख) विवादका विषयहरु

(ग) ग्राहकहरुका किसिम (सम्बन्धित ग्राहकहरुका)

(घ) डेडिकेटेड फिडर तथा लाइन (Dedicated Feeder and line)

(ङ) ट्रंक लाइन (Trunk Line)

(च) डेडिकेटेड र ट्रंक लाइनका उद्येश्य र मापदण्ड (Criteria)

(छ) लोडसेडिङ अवधिहरु हेर फेर र अन्त्य तथा डेडिकेटेड लाइन स्थगित गरेको सम्बन्धमा

(ज) डेडिकेटेड र ट्रंक लाइन माग गरेका नगरेका बारे

(झ) ऊर्जामापक यन्त्र (Meter)

(ञ) TOD (Time of day)

(ट) विद्युत महसुल

(ठ) महसुल निर्धारण सम्बन्धी कानूनी व्यवस्थाहरु र सम्बन्धित निर्णयहरुको विवेचना

(ड) बिलिङ(विद्युत महसुल)

(ढ) महसुल छुट बिलिङ

(ण) महसुल छुट (Discount) र थप महसुल

(त) विवाद समाधान (महसुल निर्धारण सम्बन्धमा)

(थ) सम्बन्धित प्रतिवेदनहरु (अन्य)

(द) अदालतहरुबाट भएका फैसलाहरु

(ध) विषयगत अध्ययनहरुको सार संक्षेप (प्रस्तुत विवाद सम्बन्धमा)

**(क) विवादका पक्षहरु:**

**यस विवादसंग सम्बन्धित पक्षहरुमा एउटा पक्ष नेपाल विद्युत प्राधिकरण र अर्का पक्षहरुमा त्यसका सम्बन्धित औद्योगिक ग्राहकहरु हुन।**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को प्रस्तावना अनुसार, नेपाल विद्युत प्राधिकरणको स्थापना विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्ने व्यवस्था गर्न र सञ्चालन गर्नको लागि भएको हो र सोही ऐनको दफा १६ अनुसार नेपाल विद्युत प्राधिकरणले व्यापारिक सिद्धान्त अनुसरण गर्ने र प्राधिकरणको संचालक समितिले कार्य सम्पादन गर्दा सर्वसाधारण जनताको सुविधा समेतको ख्याल राखी व्यापारिक सिद्धान्त अनुसरण गर्नेछ भनी रहेको पाइन्छ।

यसमा स्मरणीय अर्को कुरा के छ भने नेपालको अर्थतन्त्रको विकासमा यी दुबै पक्षहरुका भूमिकाहरु महत्वपूर्ण हुनुका साथै यी पक्षहरु धेरै हदसम्म एक अर्कामा अन्योन्याश्रित पनि छन्। यी पक्षहरुका हितहरु एक अर्कासंग जोडिएका पनि देखिनाले दुबै पक्षहरु एक अर्काको प्रतिपक्षी वा प्रतिस्पर्धीका रुपमा नरही एक आपसमा समन्वयकारी भूमिकामा रही  सद्भावपूर्ण व्यवहार राख्नु राम्रो हुन्छ।

**(ख) विवादका विषयहरु:**

यस विवादसंग सम्बन्धित रहेका विषयहरु २०७२ साल श्रावण देखि २०७७ असाढ सम्ममा लोडसेडिङताका सम्बन्धित औद्योगिक ग्राहकहरुलाई नेपाल विद्युत प्राधिकरणद्वारा डेडिकेटेड तथा ट्रंक लाइन मार्फत आपूर्ति भएको विद्युत मध्येको छुट भएका महसुलहरु सम्बन्धमा रहेका छन्।

यस सम्बन्धमा एउटा स्पष्ट कुरा के छ भने **नेपाल विद्युत प्राधिकरणका यी सबै औद्योगिक ग्राहकहरुले, उद्योगहरुलाई नियमित लाग्ने सबै सामान्य (Normal) शुल्कहरु सामान्यतया समय भित्रै बुझाई सकेका छन्।  विवादमा रहेका अर्थात बक्यौता भनिएका सबै छुट बिलहरु लोडसेडिङका अवस्थामा आपूर्ति गर्ने भनिएका डेडिकेटेड लाइन (Dedicated Line) र ट्रंक लाइन (Trunk Line) सम्बन्धी मात्र हुन।**

**(ग) ग्राहकहरुका किसिम बारे (सम्बन्धित ग्राहकहरुका):**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २(क) बमोजिम ग्राहक भन्नाले विद्युत उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ भने, विद्युत ऐन, २०४९ को दफा २(घ) बमोजिम ग्राहक भन्नाले अनुमतिपत्र पाउने व्यक्तिबाट विद्युत शक्ति प्राप्त गर्ने व्यक्ति सम्झनुपर्छ भनी भनेको छ। साथै, विद्युत वितरण विनियमावली, २०६९ को २(ङ) अनुसार ग्राहक भन्नाले प्राधिकरणबाट बिक्री वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ। सो शब्दले विद्युत लाइन   लिन आवेदन दिई प्राधिकरणबाट मिटर जडान गर्न स्वीकृति प्रदान गरेको व्यक्ति वा संस्था समेतलाई जनाउनेछ भन्ने व्यवस्था रहेकोमा, सोही विनियमावली, २०६९ मा नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६।०७।१७ को ८१० औं बैठकबाट विनियम २(ङ) मा संशोधन भई, ग्राहक भन्नाले प्राधिकरणबाट बिक्री वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

सो शब्दले डेडिकेटेड फिडर/डेडिकेटेड लाइन, ट्रंक लाइन, औद्योगिक फिडर/लाइन, औद्योगिक क्षेत्र लाइन , विशेष आर्थिक क्षेत्र लाइन र ११ के.भि. रिंगमेनबाट विद्युत आपूर्ति लिएका ग्राहक समेतलाई सम्झनु पर्छ भन्ने व्यवस्था गरेको पाइन्छ। त्यसै गरी, विद्युत महसुल संकलन विनियमावली, २०६९ अनुसार ग्राहक भन्नाले विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ भन्ने व्यवस्था रहेकोमा, सो संशोधन समेतबाट विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम २(ख) ले ग्राहक भन्नाले यस विनियमावलीको विनियम ३ अन्तर्गत तोकिएका विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ र सो शब्दले ट्रंक लाइन (Trunk Line) र डेडिकेटेड फिडर (Dedicated Feeder) वाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई समेत जनाउनेछ भनी परिभाषित गरेको छ। सो विनियमावलीका व्यवस्थाहरुले त्यस्ता ग्राहकहरुलाई स्थाई श्रेणीका ग्राहकहरुको रुपमा राखेको पाइएन।

त्यस्ता ग्राहकहरुलाई स्थाई वर्गीकृत ग्राहकहरुको श्रेणीमा राखेको छैन, विद्युत महसुल दर निर्धारण गर्ने प्रयोजनका लागि विद्युत महसुल संकलन विनियमावली, २०६९ को विनियम ३ ले ग्राहस्थ वर्ग, मन्दिर वर्ग, औद्योगिक, व्यापारिक, गैर व्यापारिक, सडक बत्ती, अस्थायी बत्ती, सिंचाइ, खानेपानी र यातायात गरी १० वर्गहरुमा ग्राहक वर्गीकरण गरेकोमा विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ३ ले ग्राहस्थ वर्ग, औद्योगिक, व्यापारिक, गैर व्यापारिक, सिंचाइ, खानेपानी, सडक बत्ती, यातायात, मन्दिर, अस्थायी बत्ती, गैह्र ग्राहस्थ, मनोरञ्जन व्यवसायी र सामुदायिक थोक ग्राहक गरी १३ वर्गमा ग्राहक वर्गीकरण गरेको छ।

**यसबाट के देखिन्छ भने प्रस्तुत विवादसंग सम्बन्धित सबै ग्राहकहरु, ग्राहक वर्गीकरणमा औद्योगिक ग्राहकहरुका रुपमा रहेका छन्।**

**(घ) डेडिकेटेड फिडर तथा लाइन (Dedicated Feeder and Line)को परिभाषा र महसुल:**

नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट Dedicated Feeder मार्फत् निरन्तर विद्युत लिन चाहने इच्छुक औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकले विद्युत माग पेस गर्ने आशयपत्रको आह्वान भनी शिर्षक राखी, लामो समयदेखि बढ्दै गएको लोडसेडिङको कारणले व्यापारिक, औद्योगिक र गैह्र व्यापारिक ग्राहकहरुले आ-आफ्नो उद्योग/प्रतिष्ठानको विद्युत आवश्यकताको पूर्ति तुलनात्मक रुपमा धेरै महँगो (डिजेल जेनेरेटर) वा अन्य वैकल्पिक व्यवस्थाबाट सम्बोधन गरी रहेका अवस्थामा उद्योग/प्रतिष्ठान पिच्छे स्थापना हुने वैकल्पिक व्यवस्था महँगो पर्नुको साथै, राष्ट्रको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परी रहेको र वातावरणीय रुपमा पनि अनुकुल नभएको जस्ता विषयहरुलाई मध्यनजर राख्दै तुलनात्मक रुपमा बढी ऊर्जा उपभोग गर्ने व्यापारिक, औद्योगिक र गैह्र व्यापारिक ग्राहकहरुलाई निर्वाधरुपमा विद्युत सेवा (Dedicated Supply) उपलब्ध गराउनको लागि नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) बाट विद्युत महसुल निर्धारण आयोगको सहमतिमा नीतिगत व्यवस्था गरी Dedicated feeder line भएको Dedicated उपभोक्ताहरुको विद्युत सप्लाईलाई व्यवस्थित बनाउन र अन्य उपभोक्ताहरुलाई विद्युत कटौतीमा थप असर नपर्ने कुरा समेतलाई हृदयंगम गरी, नेपाल विद्युत प्राधिकरणको प्रणालीबाट निरन्तर विद्युत आपूर्ति (Dedicated Supply) लिन चाहने औद्योगिक, व्यापारिक एवम् गैर व्यापारिक वर्गका ग्राहकहरुले तोकिएको ढाँचा (Format) मा खामबन्दी प्रस्ताव मिति २०७०।०७।१४ गते सम्म कार्यालय समय भित्र नियम अनुसार दर्ता गराइ सक्न आह्वान गरी सर्वप्रथम मिति २०७० कार्तिक ३ गतेमा उपरोक्त आशयको सूचना प्रकाशित भै डेडिकेटेड (Dedicated) उपभोक्ताको विद्युत सप्लाईलाई व्यवस्थित बनाउन प्रयास भएको देखिन्छ। सो कुरा नेपाल विद्युत प्राधिकरण, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालयबाट गोरखापत्रमा प्रकाशित, उक्त सूचना अनुसार डेडिकेटेड (Dedicated line)

लोडसेडिङको अवस्थामा निरन्तर विद्युत लिन चाहने इच्छुक ग्राहकहरुका लागि आह्वान गरिएको कुरा सो सूचनाको शिर्षक एवं विषयवस्तु स्पष्ट हुन्छ।

त्यसपछि, नेपाल विद्युत प्राधिकरण संचालक समितिको ६९९ औं बैठकको मिति २०७१/१०/२५ गतेको निर्णयानुसार नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट निर्वाधरुपमा निरन्तर विद्युत सेवा लिन चाहने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहक उद्योग/प्रतिष्ठानहरुलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड (Criteria) बनाई राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न श्री मनोज कुमार मिश्रको संयोजकत्वमा उपसमिति गठन गरिएको थियो। सोही अनुसार नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।३।१२ को ७१० औं बैठकबाट Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्नबारे सो उपसमितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गरिएको थियो। उक्त उपसमितिले निर्वाध रुपमा विद्युत आपूर्ति लिने ग्राहकहरुलाई नीतिगत रुपमा व्यवस्थित गर्दा ने.वि.प्रा. ले लोडसेडिङ गर्ने नीति अनुसार लोडसेडिङ हुने Separate Feeder र निर्वाध रुपमा २४ सै घण्टा विद्युत आपूर्ति हुने Dedicated Feeder गरी जम्मा २ प्रणाली (Category) मा विभाजन गर्नु पर्ने एवम् Dedicated Feeder मार्फत निरन्तर रुपमा दैनिक २४ सै घण्टा विद्युत आपूर्ति हुने औद्योगिक तथा व्यापारिक वर्गका ग्राहकलाई Dedicated Feeder वर्गमा राख्नुपर्ने राय पेश गरेको देखिन्छ। साथै, Dedicated Feeder लाइनमा निरन्तर रुपमा विद्युत आपूर्ति हुने प्रत्येक दिन २४ सै घण्टा औद्योगिक, व्यापारिक तथा गैह्रव्यापारिक वर्गका ग्राहकलाई Dedicated Feeder वर्गमा राखी नयाँ महसुल (वर्तमान ट्यारिफको युनिट दर × २) प्रस्ताव गरिएको समेत पाइएको छ।

सो सम्बन्धमा विद्युत महसुल निर्धारण आयोगको मिति २०७२/०९/२९ को १०३ औं बैठकबाट डेडिकेटेड फिडरको महसुल दर कायम नहुँदा सम्म सरकारी अस्पताल बाहेकका डेडिकेटेड फिडरका उपभोक्ताहरुको हकमा ने.वि.प्रा. संचालक समितिले २०७२।३।१२ मा गरेको निर्णय (संलग्न) लाई स्वीकृत गर्ने निर्णय भयो। त्यसपछि, सो आयोगको मिति २०७२/१०/१० को १०४ औं बैठकको निर्णयानुसार नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रुपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार माग भएको बमोजिमको नयाँ महसुल दर आयोगबाट स्वीकृत भएको व्यहोरा विद्युत महसुल निर्धारण नियमावली, २०५० को नियम १० अनुसार जानकारीका लागि मिति २०७२/१०/१२ मा सार्वजनिक सूचना प्रकाशित गरी मिति २०७२/१०/१४ मा नेपाल विद्युत प्राधिकरणलाई पत्र लेखि अवगत गराएको देखिन्छ।

त्यसबाट **नेपाल विद्युत प्राधिकरण, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालयको गोरखापत्रमा प्रकाशित उक्त मिति २०७०/७/०३ को सूचना, विद्युत महसुल निर्धारण आयोगको १०३ औं र मिति २०७२/१०/१० को १०४ औं बैठकको तत् सम्बन्धी अन्य निर्णयहरु समेतबाट डेडिकेटेड लाइनको कुराहरु लोडसेडिङसंग जोडिएको र त्यसको उद्येश्य, लोडसेडिङको अवस्थामा समेत निरन्तर विद्युत आपूर्ति गर्ने हो भन्ने कुरा स्पष्ट हुन्छ।**

माथि उल्लिखित सूचना तथा निर्णयहरु अनुसार डेडिकेटेड लाइन को आपूर्ति हुने भै रहेकोमा पछि २०७३ सालमा विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम २(घ) मा "डेडिकेटेड फिडर (Dedicated Feeder) भन्नाले ने.वि.प्रा. को स्वस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई बुझाउनेछ।" भनी व्यवस्था गरी, सो व्यवस्थालाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट संशोधन गरी सोको सट्टामा "डेडिकेटेड फिडर/डेडिकेटेड

लाइन भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाइन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई सम्झनुपर्छ।" भनी राखिएको देखिन्छ। सोही बैठकबाट विद्युत वितरण विनियमावली, २०६९ को विनियमावलीमा समेत संशोधन गरी उक्त विनियमावलीको विनियम २(ङ२) थप गरी "डेडिकेटेड फिडर/डेडिकेटेड लाइन भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाइन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई सम्झनुपर्छ।" भनी व्यवस्था गरिएको छ। यसको अतिरिक्त विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) बमोजिम प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत विनियमावलीको अनुसूची १क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ भनी समेत व्यवस्था गरिएको छ। विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम २(ङ) बमोजिम "डेडिकेटेड लाइन (Dedicated Line) भन्नाले ग्राहक स्वयम् वा अन्य निकायको श्रोत बाट छुट्टै निर्माण भएको वितरण लाइनलाई बुझाउनेछ" भनी भएको उपरोक्त विनियम २(ङ) को व्यवस्थालाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट हटाइएको देखिन्छ।

माथि उल्लिखित विवरणहरुबाट **डेडिकेटेड लाइन र फिडरका परिभाषाहरु प्राधिकरणले आफ्नो विनियमावलीहरुमा पटक-पटक परिवर्तन गर्न चाहेको र गरेको देखिन आउँछ। प्राधिकरणले पटक-पटक परिवर्तन गरेका ती परिभाषाहरुबाट डेडिकेटेड लाइन र फिडरका महसुल सम्बन्धमा ती परिवर्तनहरु आकर्षित हुन सक्ने होइन, किनभने महसुल निर्धारण गर्ने अधिकार प्राधिकरण स्वयंको नभै, महसुल निर्धारण गर्ने सक्षम रहेको निकाय अर्थात महसुल निर्धारण आयोगको भएकोले, सो आयोगले जुन मापदण्डहरुलाई मध्यनजर राखी महसुलहरु निर्धारण गरेका छन्, महसुल लाग्ने कुरा ती मापदण्डहरु अनुसार नै हुन्छ।।**

**(ङ) ट्रंक लाइन (Trunk Line) र महसुल:**

मिति २०७३/०३ /१६ को विद्युत महसुल निर्धारण आयोगको १०८ औं बैठकबाट लोडसेडिङ ६ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै Trunk line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महसुल Dedicated ग्राहकको सरह दर कायम गर्ने भनी निर्णय भएको पाइन्छ। यस भन्दा अघि ट्रंक लाइनको यस प्रकारका विशेष महसुल सम्बन्धमा कुनै कानूनी व्यवस्था भएको पाइदैंन।

विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) अनुसार प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत सोही विनियमावलीको अनुसूची १ क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्ने भन्ने व्यवस्था रहेको छ।

विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम २(ग) बमोजिम "ट्रंक लाइन (Trunk Line) भन्नाले प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन सम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाइनलाई सम्झनुपर्छ" भनी परिभाषित गरिएको छ। त्यस्तै नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट विद्युत वितरण विनियमावली, २०६९ को विनियम २(ङ२) मा, गरिएको संशोधन

अनुसार ट्रंक लाइन (Trunk Line)" भन्नाले प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन सम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाइनलाई सम्झनुपर्छ भनी परिभाषित गरेको देखिन्छ।
सोही नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट, हटाईएको विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियमावलीको विनियम ५(५) अनुसार ३३ के.भि. ट्रंक लाइन तथा ११ के.भि. रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन भनी उल्लिखित गरिएको साथै अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्नेछन्। यस्तो सेवा लिन स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह प्राधिकरण संचालक समितिबाट स्वीकृति लिनु पर्नेछ। यदि कुनै ग्राहकले स्वीकृति नलिई ने.वि.प्रा.ले निर्धारण गरेको लोडसेडिङ समय कट्टा गरी विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाइन कट्टा गरी दफा ११ बमोजिम बिल रकम र सो बराबरको क्षतिपूर्ति रकम समेत तिर्नु पर्नेछ। यस्तो अवस्थामा विद्युतको बिल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महसुल लगाइने छ।

यसका अतिरिक्त विद्युत वितरण विनियमावली, २०६९ को विनियम १६(६) अनुसार प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन जोड्ने Trunk Line र Ringmain बाट ग्राहकलाई विद्युत लाइन दिइने छैन भनी भएकोमा नेपाल विद्युत प्राधिकरणको संचालक समितिको त्यसै अर्थात मिति २०७६/०७/१७ को ८१० औं बैठकबाट विनियम मा १६क.(१), १६क.(२) र १६क.(३) मा देहाय बमोजिमको व्यवस्था थप गरी ट्रंक लाइन सम्बन्धी देहायका व्यवस्थाहरु गरिएका छन्।

१६क.(१) डेडिकेटेड फिडर/डेडिकेटेड लाइन , ट्रंक लाइन , औद्योगिक फिडर/लाइन, औद्योगिक क्षेत्र लाइन , विशेष आर्थिक क्षेत्र लाइन र ११ के. भि. रिंगमेनबाट विद्युत आपूर्ति लिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१६क.(२) डेडिकेटेड फिडर/डेडिकेटेड लाइन र ट्रंक लाइन बाट विद्युत आपूर्ति लिने ग्राहकलाई प्राविधिक, प्राकृतिक र काबू बाहिरको व्यवस्था थप गर्न आवश्यक परिस्थिति बाहेक निरन्तर गुणस्तरीय विद्युत आपूर्ति गरिनेछ।

१६क.(३) उपविनियम (१) बमोजिम विद्युत आपूर्तिको सेवा लिने ग्राहकले तोकिए बमोजिमको छुट्टै विद्युत महसुल तिर्नु/बुझाउनु पर्नेछ।

ट्रंकलाइन सम्बन्धी माथि उल्लिखित अवस्थाहरु, प्राधिकरणका विनियमावलीहरुमा गरिएका व्यवस्थाहरुमा पटक-पटक हेर-फेर भएको कारणले भ्रामक जस्तो देखिन्छ। उक्त कारणले त्यसको अर्थमा एकरुपता नभएको देखिए पनि, **प्रस्तुत विवाद ट्रंक लाइनको महसुल सम्बन्धमा भएको र महसुल निर्धारण गर्ने अधिकार तत्कालिन कानूनी व्यवस्था अर्थात विद्युत ऐन, २०४९ को दफा १७ अनुसार महसुल निर्धारण आयोगको नै हुँदा, सो आयोगद्वारा ऊल्लिखित मापदण्डहरु अर्थात लोडसेडिङका अवधिहरुमा कम्तीमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा समेत कम्तीमा २०घण्टा विद्युत आपूर्ति भएको अवस्थामा मात्र त्यस आयोगले मिति २०७३/०३ /१६ मा निर्धारित गरेको महसुल लाग्ने कुरा नै कानून सम्मत हुन सक्छ।**

**(च) डेडिकेटेड र ट्रंक लाइनका उद्येश्य र मापदण्ड (Criteria):**

प्रस्तुत विवाद सम्बन्धमा, सम्बन्धित औद्योगिक ग्राहकहरुको लागि उपलब्ध गराइएका डेडिकेटेड लाइन (Dedicated Line) र ट्रंक लाइन (Trunk Line) बारे अझ सपष्ट हुनका लागि त्यसका कारण, आवश्यकता, उद्येश्य र मापदण्डहरु (Criteria)) सम्बन्धमा निम्नलिखित तथ्य र अवस्थाहरुलाई ध्यानमा राख्न जरूरी देखिन्छ।

सम्बन्धित समयावधिहरुमा बढ्दै गएको लोडसेडिङको कारणले व्यापारिक, औद्योगिक र गैह्र व्यापारिक ग्राहकहरुले आ-आफ्नो उद्योग/प्रतिष्ठानको विद्युत आवश्यकताको पूर्ति, तुलनात्मक रुपमा धैरै महँगो (डिजेल जेनेरेटर) वा अन्य वैकल्पिक व्यवस्थाबाट सम्बोधन गर्ने गरेको र यसरी उद्योग/प्रतिष्ठान पिच्छे स्थापना हुने वैकल्पिक व्यवस्था महँगो पर्नुको साथै राष्ट्रको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने र वातावरणीय रुपमा पनि अनुकुल नभएको जस्ता विषयलाई मध्यनजर राख्दै तुलनात्मक रुपमा बढी ऊर्जा उपभोग गर्ने व्यापारिक, लोडसेडिङ भएको अवस्थामा औद्योगिक र गैह्र व्यापारिक ग्राहकहरुलाई नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)को प्राणालीबाट निर्वाधरुप/निरन्तरमा विद्युत सेवा/आपूर्ति (Dedicated Supply) उपलब्ध गराउने Dedicated feeder/line उद्येश्य राखिएको कुरा, यस सम्बन्धमा सर्वप्रथम आह्वान गरी प्रकाशित भएको मिति २०७०/०७/०३ को नेपाल विद्युत प्राधिकरणको सूचनाबाट देखिन आएको छ। यसको मापदण्ड (Criteria) मा लोडसेडिङ भएको अवस्थामा निरन्तर विद्युत आपूर्ति हुनु पर्ने कुरा समेत, यस सम्बन्धमा सर्वप्रथम आह्वान गरी प्रकाशित भएको मिति २०७०/०७/०३ को नेपाल विद्युत प्राधिकरणको सूचनाबाट देखिन आएको छ।

त्यसकारण प्रस्तुत सन्दर्भमा **डेडिकेटेड लाइन, मुलुकमा सो समयावधिहरुमा विद्यमान रहेको लोडसेडिङको अनिवार्यताको कारणले समेत विद्युत आपूर्ति निर्वाध र निरन्तर हुनु पर्ने अवस्थाबाट जोडिएको स्पष्ट हुन्छ।**

सो सन्दर्भमा ट्रंक लाइनको उद्येश्य र मापदण्ड (Criteria) सम्बन्दमा हेर्दा, ट्रंक लाइन कुनै क्षेत्रमा विद्युत आपूर्तिका लागि प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन लाई ३३ के.भी. वा सो भन्दा माथिको लाइनले जोड्ने देखिन्छ। नेपाल विद्युत प्राधिकरणको विद्युत वितरण विनियमावली, २०६९ को विनियम १६(६) मा प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन जोड्ने Trunk Line बाट ग्राहकलाई विद्युत लाइन दिइने छैन भन्ने व्यवस्था रहेता पनि लोडसेडिङको अवस्थामा औद्योगिक ग्राहकहरुलाई विद्युत आपूर्ति सहज गर्नको लागि Trunk Line बाट विद्युत आपूर्ति गरेको पाइन्छ। यसै क्रममा, बढ्दै गएको लोडसेडिङको अवस्थामा विद्युत महसुल निर्धारण आयोगको मिति २०७३/०३/१६ को १०८ औं बैठकबाट लोडसेडिङ ६ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढि समय छुट्टै Trunk line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महसुल Dedicated ग्राहकको सरह दर कायम गर्ने निर्णय गरेको समेत पाइन्छ।

यस सम्बन्धमा ध्यानमा राख्नु आवश्यक कुरा के छ भने, विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम २(घ) मा "डेडिकेटेड फिडर (Dedicated Feeder) भन्नाले ने.वि.प्रा. को सबस्टेशनबाट ग्राहकको घर कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई बुझाउनेछ।" भनी भनिए तापनि नेपाल विद्युत प्राधिकरण, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालयको गोरखापत्रमा प्रकाशित मिति २०७०/०७/०३ को सूचना देखि सो सम्बन्धमा मापदण्ड निर्धारित समेत गर्न गठित मनोज कुमार मिश्रको उप समितिले सिफारिश गरेका मापदण्डहरु र सो सम्बन्धमा विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३औं र २०७२।१०।१० को १०४ औं बैठकहरुका निर्णयहरु समेतमा महसुल निर्धारण सम्बन्धमा डेडिकेटेड लाइन र ट्रंक

लाइनका मापदण्डहरु अर्थात डेडिकेटेडका हकमा निरन्तर र ट्रंक लाइनका सम्बन्धमा ६ घण्टा लोडसेडिङ भएका अवस्थामा कम्तीमा २० घण्टा विद्युत आपूर्ति हुनै पर्ने भन्ने रहेका मापदण्डहरुमा कुनै परिवर्तन गरिएको पाइदैन। यसको अतिरिक्त विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं र २०७२।१०।१० को १०४ औं बैठक सम्बन्धी उक्त निर्णयहरु मिति २०७८।०५।२२ गतेको विद्युत नियमन आयोगको १३३औं बैठकको निर्णयबाट, सो निर्णय कार्यान्वयन गर्न विद्युत नियमन आयोग ऐन २०७४ को दफा ३७ अनुसार नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने भनी भएको समेत पाइएको छ। त्यसकारण डेडिकेटेड र ट्रंक लाइनका मापदण्डहरु सम्बन्धमा महसुल निर्धारण गर्ने सक्षम निकायले बाहेक विवादको एकपक्ष रहेको नेपाल विद्युत प्राधिकरणले आफ्नो कुनै अन्य प्रयोजनको निमित्त परिवर्तन गर्ने सो सम्बन्धी परिभाषाले महसुल निर्धारण सम्बन्धमा सोको लागि सक्षम रहेको निकायले निर्धारित गरेका मापदण्डहरुलाई प्रभावित गर्न सक्दैन। ज्ञातव्य के छ भने विवादका अवधिहरुमा त्यस्तो सक्षम निकाय **विद्युत ऐन, २०४९ को दफा** १७ अनुसार गठित विद्युत महसुल निर्धारण आयोग रहेको थियो भने, वर्तमान अवस्थामा त्यस्तो सक्षम निकाय **विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३ अनुसार गठित विद्युत नियमन आयोग रहेकोछ।**

त्यसकारण **प्रस्तुत सन्दर्भमा नेपाल विद्युत प्राधिकरणकबाट सम्बन्धित ग्राहकहरुलाई उपलब्ध गराइएको ट्रंक लाइन र महसुल निर्धारण आयोगबाट त्यसको लागि निर्धारित भएको महसुल, मुलुकमा विद्यमान रहेको लोडसेडिङको अवधिहरुमा समेत कम्तीमा लोडसेडिङ ६ घण्टा रहने अवस्थामा २० घण्टा विद्युत आपूर्ति हुनै पर्ने अवस्थाबाट जोडिएको स्पष्ट हुन्छ।**

**(छ) लोडसेडिङका अवधिहरु हेर फेर र अन्त्य तथा डेडिकेटेड फिडर मार्फतको आपूर्ति स्थगित:**

नेपाल विद्युत प्राधिकरणबाट प्रकाशित लोडसेडिङ सम्बन्धी सूचनाहरुका आधारमा के कुन मितिमा के कत्ति लोडसेडिङ भएको भन्ने सन्दर्भमा हेर्दा, लामो समयदेखि बढ्दै गएको लोडसेडिङको कारणले व्यापारिक, औद्योगिक र गैह्र व्यापारिक ग्राहकहरुले आ-आफ्नो उद्योग/प्रतिष्ठानको विद्युत आवश्यकताको पूर्ति तुलनात्मक रुपमा धेरै महँगो (डिजेल जेनेरेटर) वा अन्य वैकल्पिक व्यवस्थाहरुबाट सम्बोधन गरी रहेका अवस्थामा उद्योग/प्रतिष्ठान पिच्छे स्थापना हुने वैकल्पिक व्यवस्था महँगो पर्नुको साथै, राष्ट्रको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परी रहेको र वातावरणीय रुपमा पनि अनुकुल नभएको जस्ता विषयहरुलाई मध्यनजर राख्दै तुलनात्मक रुपमा बढी ऊर्जा उपभोग गर्ने व्यापारिक, औद्योगिक र गैह्र व्यापारिक ग्राहकहरुलाई निर्वाधरुपमा विद्युत सेवा (Dedicated Supply) उपलब्ध गराउनको लागि नेपाल विद्युत प्राधिकरणबाट सर्वप्रथम मिति **२०७०/०७/०३ मा** सूचना प्रकाशन भएको देखिन्छ।

सो सम्बन्धमा नेपाल विद्युत प्राधिकरणको मिति २०७२/०१/१२ गते देखि लागु हुने गरी प्रकाशित लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना अनुसार नेपाल सरकारको औद्योगिक क्षेत्रको हकमा बेलुकी १८:०० बजे देखि बिहान ०२:०० बजे सम्म (८ घण्टा) र अन्य औद्योगिक ग्राहकहरुको हकमा विभिन्न समयमा ११ घण्टा लोडसेडिङ हुने व्यहोरा भएको देखिन्छ।

त्यसपछि नेपाल विद्युत प्राधिकरणको मिति २०७२/०८/१८ गते देखि लागु हुने गरी प्रकाशित लोडसेडिङ परिवर्तन सम्बन्धी अर्को सूचना अनुसार नेपाल सरकारको औद्योगिक क्षेत्रको हकमा ८ घण्टा लोडसेडिङ र अन्य औद्योगिक ग्राहकहरुको हकमा विभिन्न समयमा १२ घण्टा लोडसेडिङ हुने व्यहोरा भएको देखिन्छ।

त्यसै गरी, मिति २०७२/०९/१४ गते देखि लागु हुने गरी प्रकाशित लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना अनुसार नेपाल सरकारको औद्योगिक क्षेत्रको हकमा १२ घण्टा लोडसेडिङ र अन्य औद्योगिक ग्राहकहरुको हकमा विभिन्न समयमा १४ घण्टा लोडसेडिङ हुने रहेको देखिन्छ।

त्यसपछि, विभिन्न सरकारी, निजी तथा सामुदायिक अस्पताल,सरकारी औद्योगिक/प्रतिष्ठान/निकाय एवं निजी औद्योगिक/प्रतिष्ठानहरु तथा अस्पतालहरुमा समेत नेपाल विद्युत प्राधिकरणको नीति र मापदण्ड (Criteria) अनुरुप निर्वाधरुपमा विद्युत आपूर्ति हुनेगरी डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति गरीदै आएकोमा यस अवधिमा नदीहरुमा जलस्तर घट्न गई विद्युत उत्पादन केन्द्रहरुबाट न्यूनरुपमा विद्युत उत्पादन भइरहेको र इन्धन तथा ग्यासको पर्याप्त आपूर्ति हुन नसकेको कारणले, विद्युत शक्तिमा अतिरिक्त भार थपीन गई, थप संकट उत्पन्न भइरहेको अवस्थालाई मध्यनजर गरी अर्को निर्णय नभए सम्मका लागि नेपाल सरकारका विभिन्न निकाय तथा सरकारी कार्यालय/अस्पताल, सुरक्षा अंग तथा संवेदनशील निकायहरु बाहेक, निजी क्षेत्रबाट सञ्चालित प्रतिष्ठान/उद्योग/अस्पताल तथा नर्सिङ्गहोम आदिलाई डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति दिने कार्य स्थगित गरिएको र डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति लिइरहेका निजी औद्योगिक/प्रतिष्ठान/अस्पताललगायतका ग्राहकहरुलाई मिति २०७२।११।११ गते देखि लागु हुने गरी लोडसेडिङ तालिका भित्र रहने गरी विद्युत आपूर्ति गर्ने व्यवस्था मिलाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचना **प्रकाशित** गरिएको देखिन्छ।

यसै गरी, नेपाल विद्युत प्राधिकरणको प्रकाशित सूचना अनुसार मिति २०७३।०७।२५ गते बिहीबार देखि अर्को सूचना प्रकाशित नभए सम्मको लागि सम्पूर्ण औद्योगिक ग्राहकहरुको लोडसेडिङ १६:३० बजे देखि २०:३० बजेसम्म (४ घण्टा ) मात्र हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराएको देखिन्छ।

नेपाल विद्युत प्राधिकरणबाट प्रकाशित अर्को सूचना अनुसार सूर्यास्तको समय परिवर्तन भएको हुँदा मिति २०७४।११।१० गते विहिबार देखि अर्को सूचना प्रकाशित नभए सम्मको लागि सम्पूर्ण औद्योगिक ग्राहकहरुको साबिकमा भएको लोडसेडिङ समय ढल्केबरदेखि भरतपुर सम्मका औद्योगिक ग्राहकहरुको लोडसेडिङ हरेक दिन १८:०० बजेदेखि २१:०० बजेसम्म (३ घण्टा) र ढल्केबरबाट पूर्व क्षेत्रका, भरतपुर देखि पश्चिम क्षेत्रका तथा नेपाल सरकारको औद्योगिक क्षेत्रका ग्राहकहरुको लोडसेडिङ हरेक दिन १७:३० बजेदेखि २०:३० बजेसम्म (३ घण्टा) मात्र हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराएइको देखिन्छ।

त्यसैगरी, नेपाल विद्युत प्राधिकरणले बेलुकीको उच्च मागको समयमा औद्योगिक ग्राहकलाई ३ घण्टासम्म लोडसेडिङ गरी अन्य ग्राहकलाई नियमित विद्युत आपूर्ति गर्दै आएकोमा २०७५ बैशाख ३१ गते देखि औद्योगिक ग्राहकको समेत लोडसेडिङ अन्त्य गरिएको व्यहोरा सबैमा जानकारीका लागि सूचना प्रकाशित गरेको देखिन्छ।

माथि उल्लिखित **उक्त लोडसेडिङका अवधिहरु हेर फेर र अन्त्य तथा डेडिकेटेड फिडर मार्फतको आपूर्ति स्थगित भएका सूचनाहरुको अध्ययनबाट, के कुन दिन वा अवधिहरुमा लोडसेडिङको समयमा डेडिकेटेड एवं ट्रंक लाइनका निर्धारित मापदण्डहरु अनुसारका विद्युत आपूर्ति सम्बन्धित औद्योगिक ग्राहकहरुलाई आपूर्ति हुन सक्ने नसक्ने र भए नभएको बारे स्पस्ट हुन सकिन्छ।**

**(ज) माग गरेका नगरेका (डेडिकेटेड र ट्रंक लाइन) बारे:**

यस आयोगको प.सं.२०८०/८१ च. नं. ११ मिति २०८०/१२/०६ गतेको पत्रबाट नेपाल विद्युत प्राधिकरणको मिति २०७०/०७/०३ गतेको गोरखापत्रमा प्रकाशित डेडिकेटेड फिडर मार्फत विद्युत माग पेश गर्ने सम्बन्धी आशयपत्रको सूचना र ट्रंक लाइन मार्फत विद्युत आपूर्तिका लागि माग गर्ने विद्युत महसुल विवादमा रहेका ग्राहकहरुको विवरण पठाइ दिन माग भएकोमा नेपाल विद्युत प्राधिकरणको पत्र संख्या - ०८०।०८१ च. नं. १०८४ मितिः २०८०/१२/१४ गतेको पत्र मार्फत सो सम्बन्धमा खुलाई पठाएको बेहोराको सारांश निम्नानुसारका छन्।

नेपाल विद्युत प्राधिकरणले Dedicated Feeder मार्फत निरन्तर विद्युत आपूर्ति (Uninterrupted Power Supply) लिन ईच्छुक औद्योगिक, व्यापारिक तथा गैर व्यापारिक ग्राहकहरूको लागि मिति २०७०/०७/०३ गते आसय पत्र (Expression of Interest) को सूचना प्रकाशन गरेकोमा नेपाल राज्यभरबाट १३३ वटा ग्राहकहरूले जम्मा २३२.८४ मे.वा. बराबर Dedicated Feeder मार्फत निरन्तर विद्युत आपूर्ति माग गरेका छन् र सो सम्बन्धमा, नेपाल विद्युत प्राधिकरणबाट पठाइएको सूचीको Scan copy यसैको अनुसूची-३ मा राखिएको छ।

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ तथा विद्युत वितरण विनियमावली, २०६९ बमोजिम ग्राहक वर्गीकरण परिवर्तन गरी पाउँ भनी ने.वि.प्रा.को सम्बन्धित वितरण केन्द्रमा निवेदन गर्न सकिने व्यवस्था भए तापनि ट्रंक लाइन मार्फत विद्युत आपूर्ति भएका ग्राहकहरूले ग्राहक वर्ग परिवर्तनको लागि निवेदन नगरेको।

नेपाल विद्युत प्राधिकरण, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालयद्वारा, मिति: २०७० कात्तिक ३ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार नेपाल विद्युत प्राधिकरणको प्रणालीबाट निरन्तर विद्युत आपूर्ति (Dedicated Supply) लिन चाहने औद्योगिक, व्यापारिक एवम् गैर व्यापारिक वर्गका ग्राहकहरुले तोकिएको ढाँचा (Format) मा खामबन्दी प्रस्ताव मिति २०७०।७।१४ गते सम्म कार्यालय समयभित्र नियम अनुसार दर्ता गराइ सक्न आह्वान गरिएको देखिनाले, त्यसप्रकारले विद्युत आपूर्तिका लागि ग्राहकबाट माग गर्नु पर्नेमा यस विवादसंग सम्बन्धित कतिपय औद्योगिक ग्राहकहरुले डेडिकेटेड र ट्रंक लाइन मागै नगरेका हुनाले उनीहरुले त्यसको बिल भक्तानी नै गर्नु पर्दैन, भन्ने जिकिर लिएका सन्दर्भमा हेर्दा, माग गरेका वा नगरेका भन्दा पनि लोडसेडिङका वखत विद्युत प्राधिकरणबाट वितरित सो विशेष परिभाषा अनुसारको डेडिकेटेड वा ट्रंक लाइन प्रयोग गरे नगरे संग सम्बन्धित देखिन्छ। लोडसेडिङका वखत वितरित लाइन निजहरुको इच्छा बेगर नै निजहरुले प्रयोग गरेका होला भन्न सकिने अवस्था पनि भएन।

यसको अतिरिक्त **रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि. समेतका मुद्दामा र उच्च अदालत पाटनबाट मिति २०७६/०६/०५ मा अर्घाखाँची सिमेन्ट प्रा. लि. समेतका मुद्दाहरुमा फैसला हुँदा** “हाल ट्रंक लाइनबाट आपूर्ति भइरहेका ग्राहकहरूले डेडिकेटेड फिडर सरह आपूर्ति लिन संचालक समिति समक्ष निवेदन दिई स्वीकृति लिनु पर्नेमा आफूले निवेदन नदिएको र संचालक समितिबाट समेत कुनै निर्णय नभएको भन्ने निवेदन दावी भए तापनि निवेदकले ट्रंक लाइनबाट विद्युत आपूर्ति नै नलिएको भन्ने दावी लिन सकेको अवस्था देखिंदैन। नियमको उल्लिखित व्यवस्था हेर्दा, संचालक समितिबाट स्वीकृति नलिई त्यस्तो विद्युत आपूर्ति लिएमा विद्युत चोरी नियन्त्रण ऐन बमोजिम कारवाही हुनाका साथै डेडिकेटेड फिडर लाइनको सरह नै विद्युत महसुल लगाइने भन्ने उल्लेख भएको देखिंदा संचालक समितिबाट स्वीकृति नलिएको भन्ने आधारमा डेडिकेटेड फिडर सरहको महसुल नलाग्ने भन्ने देखिन आएन। संरचनाका दृष्टिले ट्रंक लाइनबाट निरन्तर र निर्वाध रुपमा विद्युत आपूर्ति हुन सक्ने नै देखियो। यस अवस्थामा **विनियममा व्यवस्था भए बमोजिम २० घण्टा वा सो भन्दा बढी समय विद्युत आपूर्ति भए नभएको विषय विद्युत खपतको अभिलेख देखिने Time of Day (TOD) मिटर वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकीन हुने विषय हो।** वस्तुतः ऊर्जा महसुल ट्रंक लाइन वा डेडिकेटेड फिडरको संरचनामा लाग्ने नभई सो संरचना मार्फत् खपत भएको ऊर्जामा लाग्ने भएकाले आफूले खपत गरेको ऊर्जा वापत नियमले निर्धारण गरेको दरमा तिर्नुपर्ने महसुल विनियम ५ (५) को प्रकृया पुरा नगरेका आधारमा निवेदक कम्पनीको हकमा आकर्षित नहुने भन्ने देखिन आएन।” भनी फैसला भएको पाइन्छ।

यसको अतिरिक्त पनि सो फैसलामा “नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९ को विनियम १६(६) मा प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन जोड्ने Trunk line र Ring Main

बाट ग्राहकलाई विद्युत लाइन दिइने छैन भन्ने व्यवस्था भए तापनि **निवेदक कम्पनीमा ट्रंक लाइनबाट विद्युत आपूर्ति भएको देखिएको र औद्योगिक प्रतिष्ठान सुचारु रुपमा सञ्चालन गर्न निर्वाध र निरन्तर रुपमा विद्युत आपूर्ति प्रयोजन गर्नका लागि त्यस्तो ट्रंक लाइन जडान भएको देखिएकोमा निवेदक कम्पनीमा जडान गरिएको विद्युत आपूर्ति निर्वाध र निरन्तर रुपमा प्रवाह हुने ट्रंक लाइन डेडिकेटेड फिडर होइन भन्न मिलेन" भनी स्पष्ट भनिएको समेतले लोडसेडिङका वखत विशेष रुपले वितरित भएका डेडिकेटेड र ट्रंक लाइनको प्रयोग ती ग्राहकहरुले नगरेका भन्न मिलेन।**

**(झ) ऊर्जामापक यन्त्र (Meter):**

विद्युत नियमावली, २०५० को २(झ) बमोजिम "ऊर्जामापक यन्त्र" भन्नाले विद्युतको खपत भएको यूनिट देखाउने यन्त्र (मिटर) सम्झनु पर्छ, यसै प्रकार विद्युत महसुल संकलन विनियमावली, २०६९ को विनियम २(झ) बमोजिम "मिटर भन्नाले विद्युतको खपत नाप गर्ने जडित यन्त्र सम्झनु पर्छ।" त्यस्तै विद्युत वितरण विनियमावली, २०६९ को २(च) अनुसार  मिटर भन्नाले प्राधिकरणले विद्युतको खपत/उच्चतम माग वा दुबै नाप गर्न ग्राहकको घरमा जडान गरेको यन्त्र सम्झनु पर्छ।" त्यस्तै विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम २(ड) बमोजिम "मिटर" भन्नाले विद्युतको खपत नाँप गर्ने जडित यन्त्र सम्झनुपर्छ, भनी रहेकोछ।

मिटर जडान गर्नु पर्ने सन्दर्भका व्यवस्थाहरुलाई हेर्दा विद्युत वितरण विनियमावली, २०६९ को विनियम ८(१) अनुसार ग्राहकले उपभोग गरेको विद्युत खपत वा उच्चतम माग वा दुबै नाप गर्न प्राधिकरणले तोकिएको रकम लिई ग्राहकको घर जग्गामा मिटर जडान गर्ने छ भनी गरेकोछ भने सोही विनियमावलीको ८(५) ले प्राधिकरणले एच.टी. मिटरिङ्ग जडान गर्दा, ग्राहकबाट यस्तो मिटरिङ्ग युनिटलाई बन्द (Off) वा अलग (Isolate) गर्न नसकिने गरी निजले जडान गरेको आइसोलेटर अथवा कटआउट फ्युज भन्दा अगाडि पट्टी (मेन लाइन तर्फ) जडान गर्नु पर्नेछ भनी व्यवस्था गरेको छ। त्यस्तै विनियम ८(६) अनुसार २०० के.भी.ए. वा सो भन्दा बढी क्षमताको ट्रान्सफरमर जडान गर्ने ग्राहककोमा एच.टी. मिटरिङ युनिट र सो भन्दा कम क्षमताको ट्रान्सफर जडान गर्ने ग्राहककोमा आवश्यकता अनुसार एल.टी मिटर जडान गर्नुपर्नेछ। २५ के.भी.ए. वा सो भन्दा माथिको स्वीकृत लोडमा Demand मिटर जडान गरिनेछ भनी सोही विनियमावली को ८(७) को व्यवस्थाले ५ एम भी ए वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहककोमा अनिवार्य रुपले छुट्टाछुट्टै ०.५ Accuracy Class को मिटरिङ्ग यूनिट र ०.२ Accuracy Class को Main तथा Check मिटर जडान गर्नु पर्नेछ भनी उल्लिखित गरी विनियम ८(८) को व्यवस्थाले प्राधिकरण वा ग्राहकले बनाएको छुट्टै विद्युत लाइनमा पनि मिटर वा मिटरिङ्ग युनिट ग्राहकको घर कम्पाउण्डमा जडान गर्नु पर्नेछ भनी सोही विद्युत वितरण विनियमावली, २०६९ को विनियम ८(९) अनुसार मिटर र सो भन्दा अगाडि (मेन लाइन तर्फको) जडान भएको विद्युत लाइन प्राधिकरणको नियन्त्रणमा रहने छ भन्ने स्पष्ट व्यवस्थाहरु गरेका पाइन्छ।

**(ञ) TOD (Time of day):**

TOD (Time of day) सम्बन्धमा विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(१०) ले TOD मिटर जडान भएका ग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त, अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय वि.ग्रा.से.नि.(वितरण तथा ग्राहक सेवा निर्देशनालय) मा पठाउनु पर्नेछ; उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाईने छ भनी व्यवस्था गरेको छ भने सोही विनियमावलीको विनियमको

५(११) अनुसार माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथि) र मझौला भोल्टेज (३३ के.भी र ११ के.भी) का ग्राहकहरुमा अनिवार्यरुपमा TOD मिटर जडान गरी बिलिङ गरिनेछ भन्ने व्यवस्था रहेको छ।

उपरोक्त **विद्युत महसुल संकलन विनियमावली, २०७३ का व्यवस्थाहरुबाट माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथि) र मझौला भोल्टेज (३३ के.भी र ११ के.भी) का ग्राहकहरुमा अनिवार्यरुपमा TOD मिटर जडान गरी बिलिङ गरिनेछ भन्ने व्यवस्था रहेको र TOD मिटर जडान भएका ग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय वि.ग्रा.से.नि.(वितरण तथा ग्राहक सेवा निर्देशनालय) मा पठाउनु पर्नेछ भनी व्यवस्था गरी, उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइने व्यवस्था समेत गरेको पाइएको साथै TOD टि.ओ.डी. मिटरको लोड प्रोफाइल (Load Profile) सहितको डाटा एवं डाउनलोड रिपोर्ट सम्बन्धी प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने समेतमा जोड दिइएको देखिन आउँछ।**

यस सम्बन्धमा **उच्च अदालत पाटनबाट मिति २०७६/०६/०५ मा अर्घाखाँची सिमेन्ट प्रा. लि. समेतका मुद्दाहरुमा फैसला हुँदा विनियममा व्यवस्था भए बमोजिम २० घण्टा वा सो भन्दा बढी समय विद्युत आपूर्ति भए नभएको विषय विद्युत खपतको अभिलेख देखिने Time of Day (TOD) मिटर वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकीन हुने विषय हो भनी भनिएको समेतले TOD मिटरको रिडिङ र रेकर्डको आवश्यकता अनिवार्य नै रहेको देखिन्छ।**

**(ट) विद्युत महसुल:**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को २(घ) बमोजिम "महसुल भन्नाले प्राधिकरणले विद्युत उपलब्ध गराए वापत ग्राहकबाट लिइने विद्युत महसुल सम्झनु पर्छ भनी परिभाषित गरेको छ भने विद्युत ऐन, २०४९ को २(ङ) बमोजिम महसुल भन्नाले यस ऐन बमोजिम विद्युत सेवा उपलब्ध गराए बापत ग्राहकबाट लिइने शुल्क सम्झनुपर्छ भन्ने व्यवस्था गरेको छ। त्यस्तै विद्युत महसुल संकलन विनियमावली, २०६९ को २(च) अनुसार महसुल भन्नाले विद्यूत उपभोग गरे वापत प्राधिकरणलाई तिर्नु वा बुझाउनु पर्ने विद्युतको महसुल सम्झनु पर्छ भनी परिभाषित गरेको छ। सोही विनियमावलीको विनियम (४) अनुसार प्राधिकरणको सम्पूर्ण ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत विनियमावलीको अनूसुची-१ मा उल्लेख भए बमोजिमको विद्युत महसुल रकम (डिमाण्ड शुल्क र इनर्जी शुल्क) प्राधिकरणबाट मिटर रिडिङ्ग गरी बिलिङ गरिएको मितिले २२ औं दिनभित्र बुझाउनु पर्नेछ, र अन्य दस्तुर तथा सेवा शुल्क सोही विनियमावलीको अनुसूचि-२ मा उल्लेख भए अनुसार हुनेछ भन्ने व्यवस्था गरेको छ। त्यसै गरी, विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २(छ) बमोजिम "महसुल भन्नाले विद्युत सेवा उपभोग गरे बापत उपभोक्ताले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनु पर्ने विद्युत मूल्य, महसुल, शुल्क तथा अन्य दस्तुर सम्झनु पर्छ भनी परिभाषित गरेको छ।

साथै, विद्युत महसुल संकलन विनियमावली, २०७३ को २(ट) अनुसार महसुल भन्नाले विद्युत उपभोग गरे वापत ग्राहकले प्राधिकरणलाई प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने उक्त विनियमावलीको अनूसुचि १ र अनुसूची १क मा उल्लिखित मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्कलाई सम्झनु पर्छ भनी परिभाषित गरेको छ। यसै विनियमावलीको उपविनियम ५(१) अनुसार प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने ग्राहकहरु बाहेक अन्य ग्राहकहरुले विद्युत शक्ति खपत गरे बापत अनुसूची १ मा उल्लेख भए बमोजिमको मासिक

सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ र उपविनियम ५(२) अनुसार प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत सो विनियमावलीको अनुसूची १क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ भन्ने व्यवस्था गरेको रहेछ। यसका अतिरिक्त, उपविनियम ५(५) मा "३३ के.भि. ट्रंक लाइन तथा ११ के.भि. रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्नेछन्। यस्तो सेवा लिन स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह प्राधिकरण संचालक समितिबाट स्वीकृति लिनु पर्नेछ ।यदि कुनै ग्राहकले स्वीकृति नलिई ने.वि.प्रा.ले निर्धारण गरेको लोडसेडिङ समय कट्टा गरी विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाइन कट्टा गरी दफा ११ बमोजिम बिल रकम र सो बराबरको क्षतिपूर्ति रकम समेत तिर्नु पर्नेछ। यस्तो अवस्थामा विद्युतको बिल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महसुल लगाइने छ। यसरी कायम भएको विद्युत महसुल तथा क्षतिपूर्ति रकम नतिरे सम्म विद्युत लाइन जोडिने छैन।" भन्ने व्यवस्था भै रहेकोमा, नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट यस उपविनियम हटाइएको समेत छ।

**(ठ) महसुल निर्धारण सम्बन्धी कानूनी व्यवस्थाहरु र सम्बन्धित निर्णयहरुको विवेचना:**

विद्युत ऐन २०४९ को दफा १७, विद्युत नियमन आयोग ऐन, २०७४ द्वारा हाल खारेज भै सकेको भए पनि, विवादमा रहेका अर्थात २०७२ साल श्रावण देखि २०७७ साल असार सम्मको अवधि भित्रका प्रस्तुत महसुल सम्बन्धी विवादमा महसुल निर्धारण सम्बन्धी प्रयोजनको परिपेक्ष्यमा विद्युत ऐन २०४९ को उक्त दफा १७ नै हेर्नु पर्ने हुन्छ। किन भने माथि उल्लिखित अवधि भित्र विद्युत नियमन आयोग ऐन, २०७४ का नयाँ व्यवस्था अनुसार कुनै नयाँ महसुल दर निर्धारित भएको छैन। विद्युत नियमन आयोग ऐन २०७४ को दफा ३ अनुसार मिति २०७६/०१/२३ मा आएर विद्युत नियमन आयोगको स्थापना भएको भए पनि, सो आयोगले पनि विवादका सो अवधि भित्र, सम्बन्धित महसुल दरमा कुनै परिवर्तन गरेको छैन।

लोडसेडिङ (Load shedding) भएको अवस्थामा डेडिकेटेड लाइन (Dedicated Line) तथा ट्रंक लाइन (Trunk Line) सम्बन्धी सो समयावधि भित्रका विवादहरु, तत्कालिन विद्युत ऐन, २०४९ को दफा १७ द्वारा निर्धारण हुने महसुलसंग नै सम्बन्धित रहने भएको र त्यसको निर्धारण, उक्त ऐनको दफा १७ (१) को व्यवस्था अनुसार नेपाल सरकारद्वारा गठित महसुल निर्धारण आयोगले नै गरे अनुसार हुने भएको देखिन आउँछ। विद्युत नियमन आयोग ऐन २०७४ दफा ४४(३) अनुसार पनि विद्युत ऐन २०४९ को दफा १७ बमोजिम निर्धारण भएको विद्युत महसुल यसै ऐन (विद्युत नियमन आयोग ऐन २०७४) बमोजिम निर्धारण भए गरेको मानिने छ भनी व्यवस्था गरेको समेत छ। त्यसकारण प्रस्तुत विवादको सन्दर्भमा सोही ऐनको तत्कालिन व्यवस्थाहरु नै प्रासांगिक रहेको कुरा अझ स्पष्ट हुन आउँछ।

विद्युत महसुल र अन्य दस्तुरको निर्धारण सम्बन्धमा, विद्युत नियमन आयोग ऐन २०७४ द्वारा हाल खारेज गरिएका विद्युत ऐन २०४९ को दफा १७ का व्यवस्थाहरु यस प्रकार थिए:

दफा १७. <u>विद्युत महसुल र अन्य दस्तुरको निर्धारण</u> :

१७(१) विद्युत महसुल र अन्य दस्तुरहरु निर्धारण गर्नका लागि नेपाल सरकारले एउटा महसुल निर्धारण आयोग गठन गर्नेछ।

१७(२) उपदफा (१) बमोजिमको आयोगमा नेपाल सरकारको प्रतिनिधि, अर्थविज्ञ, विद्युतको उत्पादन, प्रसारण र वितरणकर्ता तथा ग्राहकहरुमध्येबाट कम्तीमा पाँचजना व्यक्तिहरु रहने छन्।

१७(३) उपदफा (१) बमोजिमको आयोगले विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा ह्रास कट्टी दर, उपयूक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिर्वतन, रोयल्टी इत्यादीको आधारमा निर्धारण गर्नेछ।

१७(४) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (३) बमोजिम निर्धारण भएको विद्युत महसुल र अन्य दस्तुर भन्दा बढी वा सो बाहेक अन्य कुनै महसुल वा दस्तुर लिन पाउने छैन।

१७(५) उपदफा (१) बमोजिमको आयोगले आफ्नो काम सम्पन्न गर्नका लागि सम्बन्धित कम्पनी, व्यक्ति, निकाय वा संस्थासित आवश्यक जानकारी एवं कागजपत्र माग्न सक्नेछ र सो दिनु निजहरुको कर्तव्य हुनेछ।

१७(६) उपदफा (१) बमोजिमको विद्युत महुसल र अन्य दस्तुर निर्धारण गर्दा उपदफा (१) बमोजिमको आयोगले ग्राहकहरुको किसिम र किसिम अनुसारको महसुल निर्धारण गर्न सक्नेछ।

१७(७) उपदफा (१) बमोजिम गठित आयोगको कार्यविधि तोकीए बमोजिम हुनेछ।

माथि उल्लिखित तत्कालिन ऐनको व्यवस्थाहरुबाट के देखिन्छ भने, उक्त महसुल निर्धारण आयोगको बनौट नेपाल सरकारको प्रतिनिधि, अर्थविज्ञ, विद्युतको उत्पादन, प्रसारण र वितरणकर्ता तथा ग्राहकहरु मध्येबाट कम्तीमा पाँचजना व्यक्तिहरु समेत सम्मिलित रहेका सदस्यहरु सहितका हुने र सो आयोगले विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिर्वतन, रोयल्टी इत्यादिको आधारमा महसुल निर्धारण गर्नु पर्नेका साथै निर्धारण भएको विद्युत महसुल र अन्य दस्तुर भन्दा बढी वा सो बाहेक अन्य कुनै महसुल वा दस्तुर लिन नपाउने गरी मात्र महसुल निर्धारण गर्नु पर्ने हुन्छ।

यसबाट उक्त **महसुल निर्धारण आयोग कुनै अनुमति प्राप्त विद्युत उत्पादकहरुको खटन पटन वा निर्देशन अनुसार महसुल निर्धारण गर्ने प्रकृतिको नभै, स्वतन्त्र प्रकृतिको रहेको स्पष्ट हुन्छ। यसको साथ साथै सो समयावधिको सन्दर्भमा विद्युत ऐन २०४९ को दफा १७ बमोजिम विद्युत महसुल र अन्य दस्तुरहरु निर्धारण गर्नका लागि, नेपाल सरकारले गठन गरेको महसुल निर्धारण आयोग मात्र सक्षम रहेको र उसैले सो सम्बन्धमा निर्धारण गर्ने महसुल कानून सम्मत हुने र त्यसभन्दा बढी महसुल संकलन गर्न नपाइने भन्ने कुरामा कुनै विवाद हुन सक्दैंन।**

यस सन्दर्भमा विद्युत महसुल निर्धारण आयोगबाट मिति २०७४।०४।२२ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार त्यस आयोगद्वारा मिति २०७३/०३/१६ गतेबाट निर्धारण गरिएका विद्युत महसुल दर भन्दा बढी दरमा महसुल संकलन नगर्न सबै सरोकारवालहरुमा अनुरोध गरिन्छ भनी सूचना समेत प्रकाशित भएको देखिन आउँछ।

प्रस्तुत विवादको सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को ७१० औं बैठकबाट Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने बारे संचालक श्री मनोज कुमार मिश्रको

संयोजकत्वमा गठित उपसमितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय भएको छ, जुन प्रतिवेदनमा उक्त उपसमितिले निर्वाध रुपमा विद्युत आपूर्ति लिने ग्राहकहरुलाई नीतिगत रुपमा व्यवस्थित गर्दा नेपाल विद्युत प्राधिकरणले लोडसेडिङ गर्ने नीति अनुसार लोडसेडिङ हुने Separate Feeder र निर्वाध रुपमा २४ सै घण्टा विद्युत आपूर्ति हुने Dedicated Feeder गरी जम्मा २ प्रणाली (Category) मा विभाजन गर्नु पर्ने समेत भनिएको पाइएको छ।

यस सम्बन्धमा स्मरणमा राख्नु पर्ने कुरा के छ भने, उपरोक्त कानूनी व्यवस्थाहरुको विपरीत हुने गरी, नेपाल विद्युत प्राधिकरणले, विद्युत महसुल निर्धारण आयोगको स्वीकृति लिनु भन्दा अघिनै, आफ्नो संचालक समितिको २०७२।०३।१२ को ७१० औं बैठकबाट महसुल निर्धारण सम्बन्धमा भएको निर्णय कार्यान्वयन गराउन र नयाँ महसुल दर अनुसार बिलिङ गर्न/गराउन मिति २०७२/०७/१५ मा आफ्नो आठवटा क्षेत्रीय कार्यालयहरुलाई पत्राचार गरेको देखिएको छ। जुन पत्राचारहरु महसुल निर्धारण आयोगबाट मिति २०७२।०९।२९ को १०३औं बैठकबाट महसुल निर्धारण भएको भन्दा पहिले नै भएको देखिनाले कानून सम्मत भएको भन्न सकिने आधार छैन।

यहाँ अर्को ध्यानमा राख्नु पर्ने कुरा के छ भने, नेपाल विद्युत प्राधिकरण संचालक समितिको माथि उल्लिखित मिति २०७२।०३।१२ को ७१० औं बैठकको महसुल सम्बन्धमा, नेपाल विद्युत प्राधिकरणले ६ महिना भन्दा बढी पछि मात्र, आफ्नो संचालक समितिको मिति २०७२।०९।२० को ७२२ औं बैठकबाट Dedicated Feeder को विशेष व्यवस्था मार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि संचालक समितिको माथि उल्लिखित मिति २०७२।०३।१२ को ७१० औं बैठकको निर्णयानुसार लागु गरिएको विद्युत महसुल लिन पाउने गरी विद्युत महसुल दर निर्धारण गर्न विद्युत महसुल निर्धारण आयोगमा अनुरोध गरी पठाउने निर्णय गरेको समेत छ र सो आयोगबाट निर्णय नभए सम्मका लागि मिति २०७२।३।१२ भन्दा अगाडि कायम रहेको विद्युत महसुल दर बमोजिम नै महसुल लिने निर्णय गरेको पनि देखिएको छ।

उक्त मिति २०७२।०९।२० को ७२२ औं बैठक को Dedicated Feeder Line को महसुल बारेको निर्णय सम्बन्धमा नेपाल विद्युत प्राधिकरणले मिति २०७२।०९।२२ मा मात्र विद्युत महसुल निर्धारण आयोगलाई पत्राचार गरेको देखिन आउँछ। यसको साथै, नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।९।२६ को ७२३ औं बैठकबाट Dedicated Feeder को विशेष व्यवस्था मार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि संचालक समितिको मिति २०७२।०३।१२ को निर्णयानुसारको विद्युत महसुल दर मिति २०७२।४।१ देखि नै लागु भइरहेको भनी, सोही बमोजिम महसुल लिने गरी विद्युत महसुल निर्धारण गरी दिन विद्युत महसुल निर्धारण आयोग समक्ष पुनः अनुरोध गर्ने निर्णय गरेको र सो निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणको मिति २०७२।०९।२८ मा विद्युत महसुल निर्धारण आयोगलाई पुन: पत्राचार गरेको पनि देखिन्छ। प्राधिकरणको उक्त ७२२ औं र ७२३ औं बैठकहरुबाट भएका ती निर्णयहरुबाट, महसुल निर्धारण आयोगलाई एकातिर प्राधिकरणले मिति २०७२।०३।१२ को ७१० औं बैठकबाट आफै महसुल निर्धारण गरी २०७२।०४।०१ देखि लागु समेत गरी सकेको भनी बुझिन्छ भने, अर्को तिर उसले आ-आफै लागु गरेको महसुल दर महसुल निर्धारण आयोगले स्वीकृत समेत गरी देओस भनी चाहना राखेको भए पनि सो आयोगबाट निर्णय नभए सम्मका लागि मिति २०७२।३।१२ भन्दा अगाडि कायम रहेको विद्युत महसुल दर बमोजिम नै महसुल लिने निर्णय गरेको देखिन्छ। यसबाट विद्युत महसुल निर्धारण गर्ने अधिकार महसुल निर्धारण आयोगकै रहेको कुरा पछिबाट भए पनि प्राधिकरण स्वयंले महसूस गरेको समेत बुझ्न सकिन्छ।

सो सम्बन्धमा विद्युत महसुल निर्धारण आयोगको मिति २०७२/०९/२९ को १०३ औं बैठकबाट देशमा ऊर्जा अभाव भैरहेको अवस्थामा अत्यावश्यक सेवा बाहेक अन्य सेवाग्राहीहरुलाई Dedicated सेवा दिन उपयुक्त

हुन्छ हुँदैन बिषयमा नेपाल सरकारको नीति आए पछि मात्र आयोगले Dedicated सेवा महसुल दर बारे अध्ययन र निर्णय गर्ने भन्ने निर्णय भएको र डेडिकेटेड फिडरको महसुल दर कायम नहुँदा सम्म सरकारी अस्पताल बाहेकका डेडिकेटेड फिडरका उपभोक्ताहरुको हकमा ने.वि.प्रा. संचालक समितिले २०७२।३।१२ मा गरेको निर्णय (संलग्न) लाई स्वीकृत गर्ने निर्णय मात्र गरेको छ। महसुल निर्धारण आयोगको उक्त निर्णयमा सो महसुल दर कुनै अघिल्लो मिति देखि लागु हुने अर्थात पूर्व प्रभावी (Retrospective effect) हुने भनी भनिएको छैन। स्वयं नेपाल विद्युत प्राधिकरणको मिति २०७२।०३।१२ को ७१० औं बैठकको निर्णयमा समेत, सो महसुल कुन मिति देखि लागु गर्ने भनी उल्लिखित भएको छैन।

यसको साथ साथै, महसुल निर्धारण आयोगको मिति २०७२/१०/१० को १०४ औं बैठकको निर्णयानुसार नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रुपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार माग भए बमोजिमको नयाँ महसुल दर, आयोगबाट स्वीकृत भएको व्यहोरा विद्युत महसुल निर्धारण नियमावली, २०५० को नियम १० अनुसार जानकारीका लागि मिति २०७२/१०/१२ मा सार्वजनिक सूचना प्रकाशित गरी मिति २०७२/१०/१४ मा नेपाल विद्युत प्राधिकरणलाई पत्र लेखि अवगत गराएको समेत देखिन्छ। विद्युत महसुल निर्धारण आयोगबाट प्रकाशित उक्त सूचना र नेपाल विद्युत प्राधिकरणलाई लेखिएको उक्त सुचना र पत्र समेतमा सो महसुलहरु कुनै अघिल्लो मिति देखिनै लागु हुने भनी भनिएको छैन।

सामान्यतया यस्ता महसुल अघिल्लो मितिदेखि लागु हुँदैनन्। सो निर्णय समेतमा नयाँ महसुल सम्बन्धमा उक्त निर्णय पूर्व प्रभावी (Retrospective effect) हुने भनी स्पष्ट नभनिएको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट (मुद्दा नं. 073-WO-0024, फैसला मिति २०७५/०७/२०) **शिवम् सिमेन्टको** मुद्दामा समेत महसुल निर्धारण भए पछि लागु हुने भनी, सिद्धान्त प्रतिपादित भै सकेको समेत हुनाले उक्त महसुलहरु विद्युत महसुल निर्धारण आयोगको निर्णय भएको मिति अर्थात २०७२।०९।२९ पछि मात्र लागु हुनु कानून सम्मत देखिन आउँछ।

विद्युत महसुल निर्धारण आयोगले मिति २०७२/०९/२९ को १०३ औं र मिति २०७२/१०/१० को १०४ औं बैठकबाट डेडिकेटेड लाइनको मात्र नयाँ महसुल दर स्वीकृत गरेकोमा उक्त महसुल निर्धारण आयोगको मिति २०७३/०३/१६ गतेको १०८ औं बैठकबाट, नेपाल विद्युत प्राधिकरण अन्तर्गतका समस्त ग्राहकहरुको २०७३ साल श्रावण महिना देखि विद्युत महसुल दर तथा अन्य सेवा शुल्क दर कायम गर्ने निर्णय पनि भएको छ।

साथै विद्युत महसुल निर्धारण आयोगको मिति २०७३/०३/१६ गतेको सोही १०८ औं बैठकबाट ट्रंक लाइन सम्बन्धमा लोडसेडिङ ६ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै Trunk line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महसुल दर Dedicated ग्राहकको सरह कायम गर्ने भनी निर्णय समेत भएको पाइन्छ। यस भन्दा अघि ट्रंक लाइन सम्बन्धमा यस प्रकारका विशेष महसुल निर्धारण सम्बन्धमा कुनै कानूनी व्यवस्था वा सक्षम निकायको निर्णय भएको पाइदैंन।

त्यसपछि, नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल निर्धारण आयोगको निर्णय तथा विद्युत वितरण विनियामवली, २०६९ अनुसार विद्युत महसुल बिलिङ तथा संकलन कार्यलाई सरल, पारदर्शी र जवाफदेही बनाउन भनी २०७३ साल श्रावण १ देखि लागु हुने गरी विद्युत महसुल संकलन विनियमावली, २०७३ जारी गरेको देखिन्छ, तर यसरी २०७३ श्रावण देखि लागु हुने गरी बनाइएको विद्युत महसुल संकलन

विनियमावली,२०७३ भने नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७४३ औं बैठकबाट मिति २०७३।०९।०४ मा मात्र स्वीकृत भएको पाँइदा सो विनियमावलीको लागु हुने मिति आफैमा विरोधाभाषपूर्ण पनि देखिन आउँछ।

ट्रंक लाइन सम्बन्धमा, नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल संकलन विनियामवली, २०७३ को ५(५) मा ३३ के.भि. ट्रंक लाइन तथा ११ के.भि. रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन र अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्नेछन् भन्ने व्यवस्था गरेको छ। सो व्यवस्थामा नेपाल विद्युत प्राधिकरण स्वयंले विद्युत महसुल निर्धारण आयोगको मिति २०७३/०३/१६ को १०८ औं बैठकको निर्णय भन्दा फरक तरिकाले ट्रंक लाइन सम्बन्धमा कम्तीमा ६ घण्टा लोडसेडिङ हुनै पर्ने बाध्यात्मक व्यवस्था हटाई २० घण्टा वा सो भन्दा बढी समय विद्युत आपूर्तिको व्यवस्था मात्र राखेको देखिन्छ। त्यसपछि, नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकले लोडसेडिङ अन्त भई मुलुकभर नियमित विद्युत आपूर्ति भएको परिपेक्ष्यमा विनियमहरुमा द्विविधा र परस्पर बाझिने वाक्यांसहरु राख्न उपयुक्त नहुने भनी विनियम ५(५) को पुरै व्यवस्था हटाएको पनि देखिन आएको छ।

प्रस्तुत विवादकै क्रममा, नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७६।०७।१६ को ८०९ औं बैठकबाट डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट आपूर्ति लिएका ग्राहकहरुसंग २०७२ श्रावणदेखि नै लागु हुने गरी नेपाल विद्युत प्राधिकरण. विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) तथा त्यस्को अनुसूचि -१क मा उल्लेख भए बमोजिमको विद्युत महसुल लिने निर्णय भएको समेत पाइन्छ।

उपर्युक्त उल्लिखित प्राधिकरणका केही द्विविधापूर्ण व्यवस्थाहरु भए पनि, सम्बन्धित तथ्यगत एवं तत्सम्बन्धी कानुनहरुलाई मध्यनजर राखी हेर्दा विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं तथा २०७२।१०।१० को १०४ औं वैठकहरुबाट भएका निर्णयहरुका अन्तर्निहित उद्येश्य, निरन्तर रुपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि आपूर्ति हुने डेडिकेटेड लाइन (Dedicated Line) लाई ध्यानमा राखी महसुल निर्धारण हुने भएको देखिन्छ।

यसको साथै **कानुनद्वारा महसुल निर्धारण गर्ने अधिकारप्राप्त निकायबाट डेडिकेटेड लाइन (Dedicated Line) को मापदण्ड र सो अनुसारका निर्धारित महसुललाई, सो निर्णय गर्न सक्ने सम्बन्धित निकाय अर्थात तत्कालिन महसुल निर्धारण आयोगले मात्र परिवर्तन गर्न सक्ने हुँदा, विद्युत उत्पादक र वितरण गर्ने एउटा पक्ष, नेपाल विद्युत प्राधिकरणको कुनै निर्णयले सो कुरालाई प्रभावित गर्न सक्ने कुरा कानून सम्मत र न्याय संगत हुन सक्दैंन।**

**त्यसकारण प्रस्तुत विवाद महसुल सम्बन्धमा भएको र महसुल निर्धारण सम्बन्धी अधिकार नेपाल विद्युत प्राधिकरणको नभै विद्युत महसुल निर्धारण सम्बन्धी सबै अधिकार तत्कालिन विद्युत ऐन, २०४९ को दफा १७ अनुसार, विद्युत महसुल निर्धारण आयोगको नै हुन्छ भन्ने कुरामा विवाद गर्ने ठाउँ छैन।**

**डेडिकेटेड फिडर लाइन सम्बन्धमा विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं र मिति २०७२।१०।१० को १०४ औं बैठकका निर्णयहरु र सो सम्बन्धमा मिति २०७२।१०।१२ मा महसुल निर्धारण आयोगबाट गोरखापत्रमा प्रकाशित सूचना समेतमा, नेपाल विद्युत प्राधिकरण**

**संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार माग भएको बमोजिमको नयाँ महसुल दर आयोगबाट स्वीकृत भएको मात्र भनिएको छ। सो सम्बन्धमा महसुल निर्धारण आयोगबाट मिति २०७२/१०/१४ मा नेपाल विद्युत प्राधिकरणलाई पत्र लेखि अवगत समेत गराएको देखिन्छ। उक्त बैठकहरुबाट निर्धारण भएको महसुल सम्बन्धमा प्रकाशित भएको सूचना र लेखिएको पत्र समेतमा सो महसुल कुनै अघिल्लो मिति देखि लागु हुने भनी भनिएको छैन।**

**ट्रंक लाइन सम्बन्धमा सो आयोगबाट महसुल निर्धारण सम्बन्धमा भएको मिति २०७३/०३/१६ को १०८ औं बैठकको निर्णय नै लागु हुने देखिन्छ। अर्को स्मरणीय महत्वपूर्ण कुरा के छ भने यस भन्दा अघि ट्रंक लाइन सम्बन्धमा यस प्रकारका विशेष महसुल निर्धारण सम्बन्धमा कुनै कानूनी व्यवस्था नरहनु को साथै कुनै सक्षम निकायको निर्णय समेत भएको पाइएको छैन।**

यस सम्बन्धमा अर्को स्मरणीय कुरा के छ भने, विद्युत महसुल निर्धारण सम्बन्धमा विद्युत ऐन, २०४९ अनुसार स्थापित तत्कालिन महसुल निर्धारण आयोगको मिति २०७२/०९/२९ को १०३ औं बैठकबाट प्राधिकरणले निर्धारित गरेको महसुल दर सो आयोगले स्वीकृत गरेको र ट्रंक लाइन सम्बन्धमा मिति २०७३/०३/१६ मा सोही आयोगले १०८ औं बैठकबाट निर्धारण गरेको महसुल पछि, नियमन आयोग ऐन, २०७४ को दफा ३ अनुसार स्थापित आयोगले २०७७/०३/०१ मा आफ्नो ०५७ औं बैठकले निर्धारण गरेको नयाँ महसुल दरको बीचमा महसुल निर्धारण गर्ने सक्षम निकायबाट हेर फेर भएको पाइएको छैन। यसको साथ साथै उक्त नियमन आयोगको सोही बैठकबाट डेडिकेटेड तथा ट्क लाइन आदिको माध्यमबाट जडान गरिएका औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक उपभोक्तालाई ६५% सम्म अतिरिक्त शुल्क लिई रहेकोमा त्यसलाई पूर्णरुपले हटाउने निर्णय समेत गरेको देखिन्छ।

**(ड) बिलिङ (विद्युत महसुल) :**

विद्युत महसुल संकलन विनियमावली, २०६९ को विनियम (४) अनुसार प्राधिकरणको सम्पूर्ण ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत सो विनियमावलीको अनूसुची -१ मा उल्लेख भए बमोजिमको विद्युत महसुल रकम (डिमाण्ड शुल्क र इनर्जी शुल्क) प्राधिकरणबाट मिटर रिडिङ्ग गरी बिलिङ गरिएको मितिले २२ औं दिनभित्र बुझाउनु पर्नेछ, र अन्य दस्तुर तथा सेवा शुल्क उक्त विनियमावलीको अनुसूचि -२ मा उल्लेख भए अनुसार हुनेछ भन्ने व्यवस्था गरेको छ। साथै, विद्युत वितरण विनियमावली, २०६९ अनुसार प्राधिकरणबाट प्रत्येक महिना ग्राहकको घरमा जडान भएको मिटरमा ग्राहकले खपत गरेको विद्युत शक्तिको नियमित रुपमा मिटर रिडिङ्ग गरी ग्राहकलाई विद्युत खपतको बिल दिइने छ भन्ने व्यवस्था रहेको छ।

विद्युत महसुल संकलन विनियमावली, २०७३ को उपविनियम ५(१) अनुसार प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने ग्राहकहरु बाहेक अन्य ग्राहकहरुले विद्युत शक्ति खपत गरे बापत उक्त विनियमावलीको अनुसूची-१ मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ र सोही विनियमावलीको उपविनियम ५(२) अनुसार प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत सो विनियमावलीको अनुसूची-१क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ।

**(ढ) छुट महसुल बिलिङः**

विद्युत वितरण विनियमावली, २०६९ को विनियम २० मा कुनै ग्राहकको बिलिङ गर्दा छुट भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा छुट बिल गरिनेछ भन्ने व्यवस्था समेत रहेको छ। उक्त विनियमावलीको २०(१) मा कुनै ग्राहकको मिटर रिडिङ्ग गरी बिलिङ गर्दा गणितीय त्रुटी भएमा हिसाब मिलान गरी छुट भए वापतको रकमको छुट बिल गरिनेछ, २०(२) मा टि.ओ.डी. मिटर जडान भएका ग्राहकहरुको प्राविधिक कारणले गर्दा मिटरले वास्तविक खपत नदेखाई बिलिङ छुट भएमा त्यस्तो छुट खपत यूनिट र डिमाण्ड चार्ज वापत मिटरको डाउनलोड डाटा विश्लेषण गर्दा यकीन भए अनुसारको रकम छुट बिल गरिनेछ र २०(३) मा कुनै ग्राहकको डाउनलोड हुने मिटर प्राविधिक कारणबस डाउनलोड हुन नसकेको अवस्थामा निजको स्वीकृत क्षमता अनुसार वा औंषत बिलमा जुन बढी हुन्छ सोही अनुसार छुट बिल गरिनेछ भनी रहेकोछ।।

साथै विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(१३) मा "प्राधिकरणले ग्राहकलाई बिलिङ गर्दा कुनै कारणवश छुट भएमा सो को जानकारी भए पश्चात जुनसुकै समयमा पनि विद्युत उपभोग गरी छुटेको खपत बापत छुट्टै बिलिङ गरिनेछ। यसरी बिलिङ गरिएकोमा ग्राहकले जानकारी प्राप्त गरेको मितिले ३५ दिन भित्र बिलिङ गरिएको रकम बुझाउनु पर्नेछ भन्ने व्यस्था गरेको छ। छुट बिलिङ गरिएको निर्णयमा चित्त नबुझ्ने ग्राहकले ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ मा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी पुनरावेदन समिति समक्ष निवेदन पेश गर्न सक्नेछ" भन्ने व्यवस्था समेत रहेको छ।

**(ण) महसुल छुट (Discount) र थप महसुलः**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २३क. बमोजिम ग्राहक वा अन्य कसैले विद्युतको अनाधिकार उपभोग गरेमा वा ग्राहकले निर्धारित समयभित्र विद्युत महसुल नतिरेमा प्राधिकरणले त्यस्तो ग्राहक वा विद्युतको अनाधिकार उपभोग गर्नेसंग तोकिए बमोजिमको जरिवाना, क्षतीपूर्ति तथा अतिरिक्त महसुल लिन सक्नेछ भनी व्यवस्था रहेको छ।

विद्युत महसुलमा छुट सम्बन्धमा विद्युत महसुल संकलन विनियमावली, २०६९ को विनियम ६ अनुसार मिटर रिडिङ गरेको ७ दिनभित्र महसुल बुझाउने न्यूनतम २० युनिटसम्मको विद्युत खपत गर्ने ग्राहस्थ वर्गका ग्राहकहरुलाई रु ४।- छुट दिईनेछ, मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाउने नेपाल सरकारले तोकेको औद्योगिक क्षेत्रभित्रका ग्राहकहरुलाई १० प्रतिशत र नेपाल सरकार अर्न्तगतका अस्पताल तथा स्वास्थ्य चौकिहरुलाई २० प्रतिशतले हुने आउने रकम छुट दिइने छ, मिटर रिडिङ्ग गरेको दिन बाट २२ देखि ३० औं दिनसम्म भुक्तानी हुने अवस्थामा तोकिएको महसुल नै लागु हुने र रकम छुट पाउने छैन भन्ने व्यवस्था रहेको छ। यसै विनियमावलीको विनियम ७ अनुसार मिटर रिडिङ गरेको २३ औं दिन देखि ३० औं दिनसम्म विद्युत महसुल वुझाएमा ५ प्रतिशत थप दस्तुर, मिटर रिडिङ गरेको ३१ औं दिन देखि ४० औं दिन सम्म विद्युत महसुल बुझाएमा १० प्रतिशत थप दस्तुर र मिटर रिडिङ गरेको ४१ औं दिन देखि माथि विद्युत महसुल बुझाएमा २५ प्रतिशत थप दस्तुर लाग्नेछ भन्ने व्यवस्था रहेको छ।

त्यसैगरी, विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ७ (१) अनुसार नेपाल सरकारले तोकेको औद्योगिक क्षेत्र भित्रका ग्राहकले मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाएमा बिल रकमको १० प्रतिशत रकम छुट दिइनेछ, ७ (२) अनुसार नेपाल सरकार अर्न्तगतका शवदाह गृह, सरकारी अस्पताल तथा स्वास्थ्य चौकिहरु (आवास गृह बाहेक) लाई मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाएमा बिल रकमको २० प्रतिशत रकम छुट दिइनेछ र ७ (३) अनुसार मिटर रिडिङ गरेको ७ दिन भित्र महसुल बुझाउने ७(१) र ७(२) मा

उल्लिखित ग्राहक बाहेकका अन्य वर्गका ग्राहकलाई बिल रकमको ३ प्रतिशत छुट दिईनेछ र मिटर रिडिङ्ग गरेको ८औं दिन देखि २२औं दिन भित्र बिल अनुसारको महसुल लाग्नेछ भन्ने व्यवस्था रहेको छ। यसै विनियमावलीको विनियम ८ अनुसार विनियम ७(१) र ७(२) मा उल्लिखित ग्राहक बाहेक अन्य वर्गका ग्राहकले मिटर रिडिङ्ग गरेको २३औं दिन देखि ३०औं दिनसम्म विद्युत महसुल बुझाएमा ५ प्रतिशत थप दस्तुर, मिटर रिडिङ्ग गरेको ३१औं दिन देखि ४०औं दिन सम्म विद्युत महसुल बुझाएमा १० प्रतिशत थप दस्तुर र मिटर रिडिङ्ग गरेको ४१औं दिन देखि माथि विद्युत महसुल बुझाएमा २५ प्रतिशत थप दस्तुर लाग्नेछ भनी व्यवस्था गरेको छ।

त्यसपछि  नेपाल विद्युत प्राधिकरण संञ्चालक समितिको मिति २०७४/३/२९ को ७५७औं बैठकको निर्णय अनुसार मिति २०७४।४।१ देखिको विद्युत खपतको बिलिङमा लागु हुनेगरी नेपाल विद्युत प्राधिकरण, विद्युत महसुल विनियमावली, २०७३ को विनियम (७(३) मा संशोधन भै मिटर रिडिङ्ग गरेको ७ दिनभित्र महसुल बुझाउने उपविनियम (१) र (२) मा उल्लिखित ग्राहक बाहेकका अन्य वर्गका ग्राहकलाई बिल रकमको २ प्रतिशत छुट दिइनेछ। मिटर रिडिङ्ग गरेको ८ औं दिन देखि २२औं दिनभित्र बिल अनुसारको महसुल लाग्नेछ भनी भनिएको छ।

यसबाट स्पष्टरुपमा के बुझिन्छ भने औद्योगिक ग्राहकहरुले पनि तोकिएका केही समय भित्र विद्युत बिलको भुक्तानी गरेमा महसुलमा छुट (Discount) पाउने हुन्छन् भने तोकिएका केही समय पछि भुक्तानगर्दा थप महसुल बुझाउनु पर्ने हुन्छ, तर थप महसुल लिनु पर्ने अवस्थामा पनि २५ प्रतिशत भन्दा बढी थप लिने व्यबस्था कुनै पनि तत्सम्बन्धी कानुनमा गरिएको छैन।

नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) अनुसार प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत सोही विनियमावलीको अनुसूची १क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्नेछ भन्ने व्यवस्थाअनुसार छुट बिलिङ र त्यस पश्चात सोही विनियम अनुसार नै डेडिकेटेड लाइन र ट्रंक लाइनसरहको महसुल नै नियमित बिलिङ गरेको देखिन्छ। यसरी बिलिङ हुँदा सम्बन्धित उद्योगीहरुले आफुहरु डेडिकेटेड लाइन र ट्रंक लाइनमा नरहेको भनी आफू स्वयमले अनुसूची १ अनुसारको विद्युत महसुल र छूट (Discount) हिसाब गरी प्राधिकरणमा भुक्तानी गर्ने गरेको भनी प्राधिकरणबाट समेत जानकारी प्राप्त भएको छ।  यसो गर्दा, प्राधिकरणको बिलिङ प्रणालीअनुसार उद्योगीहरुको बिल बाँकी रहने र अर्को महिनामा पनि अनुसूची १ अनुसार नै बिल भुक्तानी हुँदा अघिल्लो महिनाको बाँकि रकम र थप दस्तुर कट्टा पश्चात मात्र सो महिनाको बिलमा रकम भुक्तानी र छूट (Discount) हुने देखिन्छ। यस्तै क्रमले, उद्योगीहरुको छुट बिलको रकम र थप दस्तुर बढ्दै गएको देखिन्छ। यसै सम्बन्धमा ग्राहकहरुको चित्त नबुझ्ने गरी बिलिङ गरेको पाइन्छ। प्रस्तुत विवाद सम्बन्धमा सम्बन्धित ग्राहकहरुले  बुझाएका महसुल विनियमानुसार छूट (Discount) दिनु पर्ने भए दिई र थप दस्तुर लिनु पर्ने अवस्थामा लिई महसुल बुझ्नु पर्ने हो, विवादमा रहेका महसुल र सामयिकरुपले बुझाउनु पर्ने महसुलको सन्दर्भलाई एकै ठाउँमा जोडी हिसाब गर्न मिल्दैंन।

**त्यसकारण सम्बन्धित औद्योगिक ग्राहकहरुले बुझाएका महसुलहरु जुन प्रयोजनका लागि बुझाएका छन् सोही सम्बन्धमा हिसाब गरी बुझ्नु पर्ने हुन्छ। विवादास्पद महसुल विवादका रकमलाई, त्यससंग जोड्न मिल्दैंन। सो सम्बन्धमा कानून सम्मत रुपले लाग्ने नलाग्ने महसुल छुट्याई पुन: हिसाब गर्नु पर्ने देखिनाले सो रकमलाई लिनु पर्ने अवस्थामा लिने गरी एक ठाउँमा थाती राखी, उपभोक्ता ग्राहकहरुले जुन प्रयोजनका लागि महसुलहरु बुझाएका छन् सोही हिसाबमा बुझ्नु पर्ने गरी मिलान गर्नु पर्ने हुन्छ।**

**निजहरुले छुट पाउने भए छुट दिई वा थप महसुल लाग्ने अवस्था भए सो समेत लिने गरी हिसाब गर्नु पर्ने हुनाले कानून सम्मतरुपले सो सबै अवस्थाहरुको विचार गरी यस सम्बन्धमा प्राधिकरण स्वयंले त्यस्ता छुट महसुल सम्बन्धमा पुन: हिसाब गरी लिनु पर्ने महसुल लिन हुन्छ।**
**प्राधिकरणले कानून र न्याय सम्मतरुपले महसुल सम्बन्धमा बिलिङ नगर्ने परिपाटी कायमै राखेमा, यस सम्बन्धमा प्राधिकरणको विश्वसनीयता सम्बन्धित औद्योगिक ग्राहकहरुको बिच मात्र गुम्ने नभै, यसको नराम्रो प्रभाव समस्त ग्राहकवर्गमा फैलिने खतरा उत्पन्न हुन्छ।**

**(त) विवाद समाधान (महसुल सम्बन्धमा):**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ३९ बमोजिम प्राधिकरण वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ भन्ने व्यवस्था रहेको छ भने, विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच उत्पन्न विद्युत सम्बन्धी विवाद र अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट आफुलाई मर्का परेको कुरा उल्लेख गरी त्यस बापतको क्षतिपूर्तिको दावी गरेको विषयमा उत्पन्न विवाद समाधान गर्ने अधिकार आयोगलाई हुनेछ भनी व्यवस्था गरेको छ। साथै, विवाद वा विषयका सम्बन्धमा अनुमति प्राप्त व्यक्ति वा उपभोक्ताले आयोग समक्ष उजूरी दिन सक्नेछ र त्यस्तो उजूरी परेमा आयोगले नब्बे दिनभित्र सुनुवाई गरी निर्णय गर्नु पर्नेछ र आयोगले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र उच्च अदालत, पाटनमा पुनरावेदन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ।

विद्युत महसुल संकलन विनियमावली, २०७३ को उपविनियम ५(१३) अनुसार, छुट बिलिङ गरिएको निर्णयमा चित्त नबुझ्ने ग्राहकले ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ मा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी पुनरावेदन समिति समक्ष निवेदन पेश गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ। विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ अनुसार यो विनियमावली बमोजिम भएको कुनै कारवाही तथा निर्णय उपर कुनै ग्राहक वा व्यक्ति वा संस्थालाई चित्त नबुझेको खण्डमा निर्णय कारवाहीको सूचना प्राप्त भएको मितिले ३५ दिनभित्र स्थानीय कार्यालय मार्फत वा सोझै विनियम ४६ बमोजिम गठित पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ र प्राधिकरणबाट छुट बिलिङ सम्बन्धमा गरिएको निर्णय उपर पुनरावेदनको निवेदन दायर गर्ने ग्राहकले छुट बिलिङ वापतको सम्पुर्ण रकम धरौटीस्वरुप जम्मा गर्नुपर्नेछ भन्ने प्रावधान राखेको छ। यसरी, दायर भएको पुनरावेदन उपर पुनरावेदन समितिले ३५ दिन भित्र निर्णय गरी पुनरावेदकलाई लिखित जानकारी दिनु पर्नेछ र पुनरावलोकन समितिबाट भएको निर्णय अन्तिम हुनेछ भन्ने व्यवस्था गरेको छ।

महसुल विवाद सम्बन्धमा उपचारका लागि त्यस प्राधिकरण समक्ष के कस्तो उपचार माग भएको सम्बन्धमा बुझ्दा, नेपाल विद्युत प्राधिकरणको प.स.०८०/८१ चं.न १०४४ मिति २०८०/१२/२ पत्र यस आयोगमा दर्ता न . ६८ मिति २०८०/१२/५ मा दर्ता भएको पत्र विवरण अनुसार डेडिकेटेड तथा ट्रंक लाइन उपभोग गर्ने डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरुको विद्युत महसुल सम्बन्धी विवादमा नेपाल विद्युत प्राधिकरण विद्युत वितरण विनियमावली,२०६९ र ऐ. विनियमावली, २०७८ बमोजिम गठित प्रशासकीय पुनरावलोकन समिति समक्ष पेश हुन आएका जम्मा ४ थान पुनरावलोकन निवेदन मध्ये निवेदक श्री शिवम् सिमेन्ट (ग्राहक नं. ००९.०२.५८१) को मिति २०७२/११/११ गते, श्री डाबर नेपाल प्रा.लि. (ग्राहक नं. १५.१३.५७३) को मिति २०७८/६/३१ गते र श्री युनाइटेड सिमेन्ट प्रा.लि. (ग्राहक नं. २५.२५.५७०) को मिति २०७८/०६/२४ गते निर्णय भई सोको जानकारी सम्बन्धित ग्राहकहरुलाई दिइसकिएको र बाँकी श्री अर्घाखाँची

सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. (ग्राहक नं. ००३.१०.५७१) को मिति २०७६।०६।१६ मा परेको निवेदन उपर प्रशासकीय पुनरावलोकन समितिको मिति २०८०/११/११ गते बैठक बसी प्रारम्भिक छलफल भई निर्णय हुन बाँकी रहेको छ भनी यस आयोग समक्ष नेपाल विद्युत प्राधिकरणबाट पठाइएको मिति २०८०।१२।०२ को पत्रबाट देखिन आएको छ।

महसुल विवाद सम्बन्धमा उपचारका लागि विद्युत नियमन आयोग समक्ष के कस्तो उपचार माग भएको सम्बन्धमा बुझ्दा विद्युत नियमन आयोग प.सं. २०८०/८१ च.नं. ३६५ मिति २०८०/१२/५ को पत्र यस आयोगमा दर्ता न .६८ मिति २०८०/१२/५ मा दर्ता भई आएको पत्र विवरण अनुसार डेडिकेटेड तथा ट्रंक लाइन उपभोग गर्ने हामा आइरन एण्ड स्टील, बाबा जुट मिल्स प्रा.लि., रिलायन्स स्पिन्निंग मिल्स लिमिटेड, सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड, अर्घाखाँची सिमेन्ट, अशोक स्टील इन्ड्रस्ट्रिज प्रा.लि, त्रिवेणी सिन्थेटिक यार्न इन्ड्रस्ट्रिज प्रा.लि., बुटवल-भैरहवा राजमार्गमा संचालित १९ उद्योगहरु, सर्वोत्तम सिमेन्ट लिमिटेड , लक्ष्मी स्टीलस् लिमिटेड, त्रिवेणी स्पिन्निंग मिल्स लिमिटेड, शिवम सिमेन्टस् , निगाले सिमेन्टस् प्रा.लि, बुटवल-भैरहवा औद्योगिक कोरिडोरका औद्योगिक प्रतिष्ठान र सिद्धार्थ उद्योग वाणीज्य संघ औद्योगिक ग्राहकहरुको सन्दर्भमा विद्युत नियमन आयोग ऐन, २०७४ दफा १८ बमोजिम प्रकृया पुरा गरी निवेदन नआएकोले कारवाही गर्न नसकिएको व्यहोरा जनाइएको छ भनी यस आयोग समक्ष विद्युत नियमन आयोगबाट पठाइएको मिति २०८०।११।२९ को पत्रबाट देखिन आएको छ।

त्यसबाट नेपाल विद्युत प्राधिकरण र नियमन आयोग समेतका माथि उल्लिखित जवाफहरुबाट ग्राहकहरु तर्फबाट परेका निवेदनहरुमा मनासिव माफिकको समय भित्र उपचार प्रदान गर्न नसकिएको समेत देखिन आउँछ। ती निकायहरु खास गरेर **विद्युत नियमन आयोगले सशक्तरुपले त्यसतर्फ उपचार दिन नसकेको अवस्थामा महसुल सम्बन्धी विवाद बढदै जानुको साथै ती निकायहरुलाई कानुनका व्यवस्था अनुसार विवाद समाधान गर्ने क्षमता माथि पनि प्रश्न उत्पन्न हुनु स्वाभाविक हुन्छ त्यसकारण विवाद सम्बन्धममा विद्युत नियमन आयोग समक्ष परेका निवेदनहरुका समाधान मुनासिब माफिकको समय भित्रै सो आयोगबाट सक्षमता पूर्वक हुनु आवश्यक देखिन आउँछ।**

विद्युत नियमन आयोग ऐन, २०७४ दफा १८ मा विवाद समाधान गर्ने भनी भएका व्यवस्थाहरु निम्न अनुसारका छन्। दफा १८ को उपदफा (१) देहायको विषयमा उत्पन्न विवाद समाधान गर्ने अधिकार आयोगलाई हुनेछ भनी व्यवस्थाहरु पनि गरेको पाइन्छ।

(क) अनुमतिपत्र प्राप्त व्यक्तिहरुबीच उत्पन्न विद्युत सम्बन्धी विवाद,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुने निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट आफुलाई मर्का परेको कुरा उल्लेख गरी त्यस बापतको क्षतिपूर्तिको दावी गरेको विषय ।

त्यसको उपदफा (२) उपदफा (१) बमोजिमको विवाद वा विषयका सम्बन्धमा अनुमति प्राप्त व्यक्ति वा उपभोक्ताले आयोग समक्ष उजूरी दिन सक्नेछ र त्यस्तो उजूरी परेमा आयोगले नब्बे दिनभित्र सुनुवाई गरी निर्णय गर्नु पर्नेछ भनी समेत उल्लिखित गरिएको छ।

सो सम्बन्धमा **विद्युत नियमन आयोग नियमावली २०७५ को नियम १७ मा सेवा शुल्क तोक्ने भनी उपनियम (१) मा आयोगले ऐनको दफा २० बमोजिम देहायका विषयमा देहाय बमोजिमको सेवा शुल्क लगाउन सक्नेछ भनी उल्लिखित गरेको देखिन्छ र सोही उपनियमको देहाय (ङ) मा ऐनको दफा १८ बमोजिम विवाद समाधान गर्दा दावी मूल्य खुलेको विवाद भएमा, त्यस्तो दावी मूल्यको पाँच**

**प्रतिशत र दावी मूल्य नखुलेको विवाद भएमा आयोगले तय गरेको मूल्य सेवा शुल्क लिन पाउने देखिएका छन्।**

**यसबाट विद्युत नियमन आयोग ऐन, २०७४ अनुसारका उक्त उपचार औद्योगिक ग्राहकहरुका लागि अत्यन्त महगो हुने भै, तीनीहरु अदालतको असाधारण अधिकार क्षेत्रका माध्यमले उपचार पाउन चेष्टा गर्न बाध्य भएका देखिन्छन्। कानून बमोजिमको पुनरावलोकनको उपचार महगो हुनुको अर्थ उपचार दिनबाट इन्कार गर्नु बराबर हुन जान्छ।**

**(थ) सम्बन्धित प्रतिवेदनहरु (अन्य) का सम्बन्धित अंशहरु**

❖ **मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उप-समितिको प्रतिवेदन:**

मिति २०७१/१०/२५ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ६९९ औं बैठकको निर्णय अनुसार मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उप-समितिको प्रतिवेदनमा निर्वाध रुपमा विद्युत आपूर्ति लिने ग्राहकहरुलाई नीतिगत रुपमा व्यवस्थित गर्दा ने.वि.प्रा. ले लोडसेडिङ गर्ने नीति अनुसार लोडसेडिङ हुने Separate Feeder र निर्वाध रुपमा २४ सै घण्टा विद्युत आपूर्ति हुने Dedicated Feeder गरी जम्मा २ प्रणाली (Category) मा विभाजन गर्नुपर्ने र यी फिडरहरुमा सकभर High Voltage Cable /HT ABC Cable प्रयोग गर्दा राम्रो हुने साथै Separate/Dedicated फिडर निर्माण गर्दा आवश्यक पर्ने ठाउँ र Right of Way को सर्वेक्षण शुल्क, निर्माण खर्च तथा संचालन संभार खर्च स्वयम् उद्योग/व्यवसायले नै व्यहोर्नु पर्ने तथा सो को लागि निम्न बमोजिमको समुचित मापदण्ड (Criteria)हरु लागु गर्न उपयुक्त भएको राय सिफारिस गरेको देखिन्छ।

Dedicated Feeder र Separate Feeder बाट विद्युत आपूर्ति हुने ग्राहकहरुको वर्गीकरण:

➢ २४ सै घण्टा निरन्तर विद्युत सेवा दिने:

- निजी तथा सामुदायिक अस्पताल, खानेपानी संस्थान, सुरक्षाको दृष्टिकोणले अति सम्बेदनशिल स्थान, एयरपोर्ट, कुटनीतिक नियोगलाई विद्युत सेवा दिनु पर्ने।
- नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको जुट उद्योग, शितभण्डार, दुग्ध व्यवसाय, सिमेन्ट कारखाना जस्ता उद्योगहरुको साथै आवश्यकता, माग एवम औचित्य समेतलाई दृष्टिगत गरी अन्य उद्योगहरुलाई पनि विद्युत आपूर्ति गर्ने।

➢ लोडसेडिङमा समावेश हुने: माथि उल्लेख भएका ग्राहकहरु बाहेक अन्य व्यापारिक, गैह्र व्यापारिक, औद्योगिक तथा सेवा प्रदायक संस्थानहरुलाई नेपाल विद्युत प्राधिकरणले निती निर्धारण गरे बमोजिम लोडसेडिङ हुने गरी Separate Feeder मार्फत विद्युत सुविधा दिनु पर्ने।

➢ **Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने ग्राहकहरुलाई नयाँ महसुल दर लागु हुनुपर्ने:**
ने.वि.प्रा.मा विद्युत सेवाको लागतमा वृद्धि हुँदै गइरहेको, २०५८ सालमा महसुल समायोजन गरीए पश्चात दश वर्षसम्म विद्युत महसुल वृद्धि नगरिएको र ने.वि.प्रा.को २०६६ सालको विद्युत महसुल ३०% वृद्धि गर्ने प्रस्तावलाई २०६९ श्रावणमा २०% मात्र विद्युत महसुल समायोजन गरिएको कारण प्राधिकरणको हालको विद्युत सेवाको लागत Break Even मा संचालन हुन सकेका छैन। हालको विद्युत सेवाको प्रति युनिट लागत रु ९/२७ को तुलनामा विक्रि मूल्य रु ८।०४ भएको अवस्थामा प्रति युनिट घाटा रु १।२४ हुने देखिन्छ। जसबाट

ने.वि.प्रा.को वार्षिक घाटा वढी रहेको छ। तसर्थ प्राधिकरणको संचालन सम्भारको अतिरिक्त थप लगानीलाई समेत प्राधिकरणले निरन्तर रुपमा घाटा व्यहोर्न सक्ने भएकोले कमसेकम हाल माग हुन सक्ने Dedicated Feeder का ग्राहकहरुलाई विद्युत ऊर्जाको व्यवस्था गर्ने र माग हुने सम्भावित क्षेत्रमा निरन्तर विद्युत आपूर्ति (Uninterrupted power Supply) गर्ने व्यवस्था मिलाई छुट्टै उच्चदरको नयाँ महसुल दर निधारणा गर्न आवश्यक देखिएको छ।Dedicated Feeder मार्फत निरन्तर रुपमा दैनिक २४ सै घण्टा विद्युत आपूर्ति हुने औद्योगिक तथा व्यापारिक वर्गका ग्राहकहरुलाई Dedicated Feeder वर्गमा राख्नु पर्दछ। यस प्रकार Dedicated Feeder मार्फत विद्युत आपूर्तिको व्यवस्था भई लोड सेडिङ्गको अवधि घटाउने ग्राहकले यस्तो आपूर्ति व्यवस्थाको लागि देहाय बमोजिम विद्युत महसुल बुझाउनु पर्ने हुन्छ।

उक्त प्रतिवेदनलाई नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति२०७२।०३।१२ को ७१० औं बैठकबाट प्रतिवेदन स्वीकृत गर्ने निर्णय भएको देखिन्छ।

- **भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदन २०७५।०४।२५:**

  डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति हुने ग्राहकको महसुल दरको कार्यान्वयनको अवस्था एवं लोडसेडिङ मुक्त भइसकेपछी लागु गरिने महसुल बारे अध्ययन गर्न ने.वि.प्रा. संचालक समितिको मिति २०७५/०१/३१ को ७६८औं बैठकको निर्णय अनुसार संचालक समितिका सदस्य भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदनमा नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका सबै ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत (संचालक समितिको २०७२।०३।१२ को निर्णयमा विद्युत महसुल निर्धारण आयोगबाट अनुमोदित भै लागु भएको) तथा विद्युत महसुल संकलन विनियमावली, २०७३ अनुसूची १ क मा उल्लेख भए बमोजिम सम्पूर्ण महसुल रकम असुल उपर गर्न उपयुक्त हुने तथा लोडसेडिङ अन्त्य भएपछिको अवस्थामा उपरोक्त अध्ययन विश्लेषणको आधारमा डेडिकेटेड एवं ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि तयार गरिएको संलग्न अनुसूची-१ बमोजिम विद्युत महसुल लिन ने.वि.प्रा. संचालक समितिमा निर्णयका लागि पेश गर्ने बेहोरा उल्लेख भएको छ।

- **भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदन २०७६।०६।१३:**

  ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकको अवस्था र डेडिकेटेड एवं ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने प्रक्रिया र महसुलका बारेमा अध्ययन गर्न ने.वि.प्रा. संचालक समितिको मिति २०७५/१२/२९ को ७९३औं बैठकको निर्णय अनुसार गठित उपसमितिको प्रतिवेदनमा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकको विद्युत महसुल, प्रदान गरिने सेवा सुविधा र प्राविधिक व्यवस्थापन सम्बन्धमा निम्न विषयहरु उल्लेख भएको:

- बुटवल वितरण केन्द्र अन्तर्गतको बुटवल चौराहा देखि तिनाउ पावर हाउस सम्म गएको ३.३ के.भि. लाइन ट्रंक लाइनको परिभाषा अन्तर्गत नपरे पनि सेवा सुविधा ट्रंक लाइन सरह हुने भएकाले त्यस अन्तर्गत लाइन जडान भएको मध्ये साकुरा पाईप उद्योग भन्ने निजी उद्योगलाई ११ के.भि.नर्मल फिडर लाइन मा सिफ्ट गर्न उपयुक्त हुने।
- विभिन्न वितरण केन्द्रका औद्योगिक फिडरहरु (जस्तै भैरहवाको ३३ के.भि. १ र २ वीरगंज र सिमरा क्षेत्रका ११ के.भि. औद्योगिक फिडर, दुहविको ३३ के.भि. औद्योगिक फिडर आदि) औद्योगिक क्षेत्रहरु, विशेष औद्योगिक क्षेत्रहरु(SEZ) डेडिकेटेड फिडर ११ के.भि.रिङ्गमेन तथा ट्रंक लाइन बाट विद्युत आपूर्ति हुने उद्योग प्रतिष्ठानहरूलाई प्राविधिक, प्राकृतिक र काबु बाहिरको परिस्थिति बाहेक निरन्तर आपूर्ति सहितको विशेष सेवा सुविधा दिन उपयुक्त हुने।

- बुँदा (२) अनुसारको विशेष सेवा सुविधा सहितको निरन्तर विद्युत आपूर्ति लिने ग्राहकसंग तोकिए वमोजिमको प्रिमियम सहितको विद्युत महसुल लिनु उपयुक्त हुने।
- भैरहवा वितरण केन्द्र अन्तर्गतका विभिन्न १५ वटा औद्योगिक ग्राहकहरु ने.वि.प्रा. का स्थानीय कार्यालयहरुको मिति २०७४।१२।१२ को लोड व्यवस्थापन सम्बन्धी माईन्यूट अफ मिटिङ्ग अनुसार साबिकमा ३३ के.भि. औद्योगिक फिडरमा रहेकोमा उक्त औद्योगिक फिडरबाट भरौलीया ३३/११ के.भि. सबस्टेशन मा विद्युत आपूर्ति गरी लोड व्यवस्थापन गर्दा ट्रंक लाइनमा पर्न गएको पाइयो। यस्तै गरी दुहवी वितरण केन्द्र अन्तर्गतका साबिकमा दुहवी धरान ट्रंक लाइनमा रहेका ग्राहकहरु अरिहन्त मल्टि फाइवर्स र अरिहन्न पोलिप्याकलाई मिति २०७४।१२।२५ देखि लोड व्यवस्थापनको सिलसिलामा ३३ के.भि. दुहवी औद्योगिक फिडरमा सिफ्ट गरेको पाईयो। यसरी डेडिकेटेड वा ट्रंक लाइन बाट विद्युत आपूर्ति लिएको हटाएको विषयमा ने.वि.प्रा. उच्च व्यवस्थापनबाट अनुमोदन स्वीकृती गराउनु पर्ने र आगामी दिनमा यस्ता विषयहरुलाई नियमन गर्न छुटै कार्यविधि वनाई लागु गर्न उपयुक्त हुने।
- विद्युत आपूर्तिको व्यवस्थापन गर्ने सन्दर्भमा विद्युत प्रणालीमा विद्युतको माग भन्दा आपूर्ति कम भएमा वा वढी भएमा ने.वि.प्रा. को हित हुने गरी छुट्टै कार्यविधि बनाई आन्तरिक व्यवस्थापन गर्न उपयुक्त हुने तथा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१को दफा(घ) बमोजिम विद्युतको आन्तरिक माग भन्दा आपूर्ति बढी भएको अवस्थामा नेपाल सरकारको स्वीकृति लिई विदेशी मुलुकलाई विद्युत बिक्री गर्न प्रवन्ध मिलाउनु उचित हुने बेहोरा उल्लेख भएको।

❖ **सार्वजनिक लेखा समितिको निर्देशन तथा सुझावहरु:**

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता सम्बन्धमा अध्ययन गर्न सार्वजनिक लेखा समितिका माननीय सदस्य मिनेन्द्र रिजालको संयोजकत्वमा गठित उपसमितिद्वारा गरिएको अध्ययन प्रतिवेदन, २०७६ अनुसार नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरूबाट उठाउनु पर्ने बक्यौता सम्बन्धमा सार्वजनिक लेखा समितिले देहाय बमोजिमका निर्देशन तथा सुझावहरू दिन उपयुक्त हुने निष्कर्ष निकालेको :

- नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड लाइनको हकमा प्राधिकरण संचालक समितिको२०७२।०३।१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महसुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महसुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३/३/१६ मा विद्युत महसुल निर्धारण आयोगले डेडिकेटेड लाइन सरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोहि बमोजिम विद्युत नियमावलीमा उल्लेख भएका बिल बिजक, छुट बिल जारी गर्ने, बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी गराई समितिलाई यथाशिघ्र जानकारी गराउन प्राधिकरण संचालक समितिलाई निर्देशन दिने।
- विद्युत प्राधिकरणको डेडिकेटेड र ट्रक लाइनबाट विद्युत लिई समयमै महसुल नतिर्ने उपभोक्ता तथा ग्राहकलाई विद्युत वितरण नियमावली, २०६९ र विद्युत महसुल संकलन विनियमावली, २०७३ अनुरुप हाल सम्म कुनै कारबाही गरेको नदेखिएको हुँदा आवश्यक कारबाही गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने।
- बिल जारी भएपछि ३५ दिन भित्र सम्बन्धित ग्राहकले उक्त महसुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिंङ्ग भएको ६० दिन भित्र ग्राहकले विद्युत महसुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी बक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महसुल संकलन विनियमावली, २०७३ मा भएको हुँदा हुँदै पनि प्राधिकरण व्यवस्थापनले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो को कार्यान्वयन यथाशीघ्र गर्न गराउन, क्षतिपूर्ति नतिरी विद्युत लाइन नजोड्न संचालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने।

- मिति २०७३/३/१६ मा विद्युत महसुल निर्धारण आयोगले दिएको लोडशेडिंग ६ घण्टा वा सो भन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहकको सरह महसुल दर कायम गर्ने निर्णय कार्यान्वयन नगरी राजश्व सम्बन्धी गम्भीर लापरवाही गरेको देखिएकोले सो सम्बन्धमा संचालक समिति, प्रवन्ध निर्देशक वा विभागीय जिम्मेवारी लिएका पदाधिकारीहरू को को दोषी छन् उनीहरू उपर विस्तृत छानविन गरी कारवाही गर्ने प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने।
- विद्युत महसुल संकलन कार्यलाई व्यवस्थित गराउन गर्नुपर्ने कार्यहरूमा नियमित रूपमा हुनुपर्ने विलिंङ्ग गर्ने, महसुल संकलन विनियमावली २०७३ मा भएको व्यवस्था बमोजिम डाटा डाउनलोड गरी सुरक्षित राख्ने, छुट बिल जारी गर्दा प्रक्रिया पुर्याउने, डाटा डाउनलोड गरी हार्डकपी सुरक्षित राख्ने र ग्राहकको परिसरमा जडान गरिएको TOD मिटरको डाटा सुरक्षित राख्ने, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन गर्ने जस्ता व्यवस्थापकीय कार्यलाई तत्काल व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने।
- नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महसुल निर्धारण गर्ने, विश्लेषण गर्ने, बिल विजक जारी गर्ने, महसुल उठाउने जस्ता कार्यहरू समयमै नहुँदा महसुल बुझाउनुपर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महसुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलेमतो छैन भन्ने आधार देखिएन, यसका लागि जिम्मेवार पदाधिकारी उपर छानविन गरी आवश्यक कारवाही गर्न प्राधिकरण संचालक समितिलाई निर्देशन दिने।
- लोडसेडिङ अन्त्य भएको लामो समय व्यतित भै सकेको अवस्थामा विद्युत महसुल दरमा पुनरावलोकन गर्नुपर्ने स्थिति आएको कुरालाई मध्येनजर गर्दा नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित विद्युत महसुल दरको पुनरावलोकन सम्बन्धी प्रस्ताव उपर तत्काल निष्कर्षमा पुगी कार्यान्वयनमा ल्याउन र समितिलाई जानकारी दिन विद्युत नियमन आयोगलाई निर्देशन दिने।
- डेडिकेटेड र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धमा विद्युत प्राधिकरणलाई आर्थिक क्षति हुने र आर्थिक दायित्व बढ्ने गरी कुनै निर्देशन नगर्न नगराउन नेपाल सरकारलाई निर्देशन दिने।

❖ **सहसचिव श्री प्रविण राज अर्यालको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदन:**

ट्रंक लाइन तथा डेडिकेटेड फिडरका सम्बन्धमा भएका विवादित विषयहरु तथा सो बारे भएका निर्णयहरु, अदालतका फैसलाहरु र विद्यमान कानूनी प्रावधानहरु अध्ययन गर्न सहसचिव श्री प्रविण राज अर्यालको संयोजकत्वमा गठित उपसमितिले मिति २०७७/०३/१८ मा पेश गरेको प्रतिवेदनमा नेपाल विद्युत प्राधिकरण र उद्योगहरु बीच उत्पन्न समस्याको वस्तुस्थिति सम्बन्धमा देहाय बमोजिम उल्लेख भएको पाइयो:

➢ नेपाल विद्युत प्राधिकरण विद्युत वितरण विनियमावली, २०६९ को विनियम १६(६) मा प्राधिकरणको सबस्टेशन बाट अर्को सबस्टेशन जोड्ने ट्रंक लाइन रिङ्ग मेनबाट ग्राहकलाई विद्युत लाइन दिइने छैन भन्ने व्यवस्था उल्लेख भएको र सोको कार्यान्वयन गर्ने सम्बन्धमा ३३ के.भि. ट्रंक लाइनबाट विगतदेखि विद्युत आपूर्ति भइरहेका औद्योगिक ग्राहकहरुलाई नजिकको सबस्टेशन बाट तीन महिनाभित्र छुट्टै फिडर निर्माण गरी विद्युत आपूर्ति लिने र सो नलिने औद्योगिक ग्राहकहरुको लाइन काटी विद्युत आपूर्ति बन्द हुने जानकारी गराउन व्यवस्थापनले मिति २०७०।१०।६ मा दिएको निर्देशन पूर्ण रुपमा कार्यान्वयन भएको देखिँदैन। नेपाल विद्युत प्राधिकरणका अनुसार Right of way का कारण पूर्ण कार्यान्वयन हुन नसकेको।

- नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७१।१०।२५ को ६९९ औं बैठकबाट राष्ट्रिय विद्युत प्रणालीबाट निर्वाध रुपमा निरन्तर विद्युत सेवा लिन चाहने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका उद्योग/प्रतिष्ठानहरुलाई डेडिकेटेड फिडर एवम् ट्रंक लाइनबाट मापदण्ड (Criteria) बनाई नीतिगत रुपमा विद्युतको आपूर्ति गर्न संचालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा मिति २०७१।१०।२५ को उपसमिति गठन गरिएको।

- डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति गर्ने आधार तथा मापदण्ड (Criteria) तर्जुमा गरी राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न संचालक श्री मनोज कुमार मिश्र कै संयोजकत्वमा गठित उपसमितिबाट पेश भएको प्रतिवेदन नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।३।१२ को ७१० औं बैठकबाट स्वीकृत भएको। उक्त प्रतिवेदनमा डेडिकेटेड फिडर र सेपरेट फिडर मार्फत विद्युत आपूर्ति लिने ग्राहकहरुलाई २४ सै घण्टा विद्युत सेवा दिने र लोडसेडिङमा रहने गरी दुई वर्गमा राखिएको। डेडिकेटेड फिडर मार्फत विद्युत सेवा लिने ग्राहकहरुलाई नयाँ महसुल दरसमेत स्वीकृत भएकोले नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयको मिति २०७२।५।११ र २०७२।५।२४ को पत्रबाट डेडिकेटेड फिडर लाइनबाट निरन्तर रुपमा विद्युत सेवा लिने ग्राहकहरुलाई नयाँ महसुल दर अनुसारको बिलिङ गर्न/गराउन परिपत्र भएको।

- २०७३ श्रावण १ देखि लागु भएको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (२) मा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत सेवा लिने ग्राहकहरुले खपत गरेबापत अनुसूची-१(क) मा उल्लेख भए बमोजिमको सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जि शुल्क बुझाउनु पर्ने व्यवस्था छ। सोही विनियमावलीको विनियम (५) को उपविनियम (५) मा ३३ के.भि. ट्रंक लाइन वा ११ के.भि. रिङ्ग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडरसरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिनसक्ने समेत प्रावधान रहेको।

- विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम (५) को उपविनियम (२) र (५) मा उल्लिखित प्रावधानमा अस्पटष्ता रहेको र नयाँ महसुल दर लगाउने अधिकार नेपाल विद्युत प्राधिकरण संचालक समितिलाई नभएको भन्दै ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने केही ठूला उद्योगहरुले डेडिकेटेड महसुल दर अनुसारको विद्युत महसुल नलिन नलगाउन विभिन्न अदालतहरुमा मुद्दा दायर गरेका र मिति २०७२।०९।२० मा प्राधिकरणले तत्कालिन विद्युत महसुल निर्धारण आयोगबाट नयाँ महसुल दर स्वीकृत गरी दिन माग गरेको।

- विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं बैठक र मिति २०७२।१०।१० को १०४ औं बैठकबाट ऊर्जा अभाव भइरहेको बेलामा अत्यावश्यक सेवा बाहेक अन्य सेवाग्राहीलाई डेडिकेटेड सेवा दिन उपयुक्त हुन्छ हुँदैन सो सम्बन्धमा नेपाल सरकारको नीति आएपछी मात्र डेडिकेटेड सेवा महसुल दर बारे अध्ययन र निर्णय गर्ने भन्ने निर्णय भएको र डेडिकेटेड फिडरको महसुल दर कायम नभए सम्म सरकारी अस्पताल बाहेकका डेडिकेटेड फिडरका ग्राहकहरुका हकमा प्राधिकरण संचालक समितिले २०७२।०३।१२ मा गरेको निर्णयलाई स्वीकृत गरेको साथै विद्युत महसुल निर्धारण आयोगले मिति २०७२।१०।१२ मा डेडिकेटेड फिडरबाट निरन्तर विद्युत सेवा लिनेको हकमा सार्वजनिक सूचना प्रकाशित गरी मिति २०७२।१०।१४ मा नेपाल विद्युत प्राधिकरणलाई पत्र लेखी अवगत गराएको, डेडिकेटेड फिडर र ट्रंक लाइन बाट विद्युत आपूर्ति लिएका

ग्राहकहरुको महसुल सङ्कलनको अवस्था र लोडसेडिङ अन्त्य भइसकेको परिपेक्ष्यमा यस्ता ग्राहकहरुबाट लिन उचित हुने महसुल दरको अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७५।१।३१ मा तथा ट्रंक लाइन का ग्राहकहरुको महसुल सङ्कलनको अवस्थाको अध्ययन, डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने प्रक्रिया र यस्ता ग्राहकहरुलाई लाग्ने महसुल दर बारे प्रस्ताव गर्न मिति २०७५।१२।२९ मा श्री भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिहरुले पेश गरेका प्रतिवेदनहरुका आधारमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७६।७।१६ को ८०१औं बैठकले डेडिकेटेड फिडर र ट्रंक लाइन बाट विद्युत आपूर्ति लिएका ग्राहकहरुसंग २०७२ श्रावणदेखि नै लागु हुने गरी नेपाल विद्युत प्राधिकरण विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५(२) तथा अनुसूची -१ (क) मा उल्लेख भए बमोजिम विद्युत महसुल लिने निर्णय गरेको।

- अधिकांश उद्योगहरुले डेडिकेटेड फिडर सरहको कुनैपनि सुविधा नलिएको र ट्रंक लाइन मा जोडिएको भएपनि उक्त लाइन बाट २० घण्टा वा सोभन्दा बढी अवधि विद्युत सेवा नलिएको जिकिर रहेको।

- नेपाल विद्युत प्राधिकरणबाट स्वीकृती नलिई लोडसेडिङ तालिकामा तोकिएको समयभन्दा बढी अवधि विद्युत सेवा लिएमा विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियमा (५) को उपनियम (५) आकर्षित हुने नेपाल विद्युत प्राधिकरणको जिकिर रहेको।

**डेडिकेटेड फिडर र ट्रंक लाइन बाट विद्युत आपूर्ति लिने ग्राहकहरुको महसुल सङ्कलनको अवस्था:**
शिवम् सिमेन्टको हकमा सम्मानित सर्वोच्च अदालतको मिति २०७५।०७।२१ को संयुक्त इजलासबाट तत्कालिन विद्युत महसुल निर्धारण आयोगले डेडिकेटेड महसुल दर स्वीकृत/ अनुमोदन गरेको मिति २०७२।०९।२९ बाट मात्र वृद्धि भएको महसुल असूल गर्नु भनी भएको फैसला र मिति २०७५।०१।३१ देखि औद्योगिक ग्राहकहरुलाई समेत लोडसेडिङ अन्त्य भएको घोषणा समेत गरीसकिएकोले सो उपरान्त कुनैपनि उद्योगीहरुलाई डेडिकेटेड महसुल दर लगाउन नमिल्ने उद्योगीहरुको माग समेत रहेको परिपेक्ष्यमा २०७७ ज्येष्ठ महिनासम्मको बिलिङको आधारमा नेपाल विद्युत प्राधिकरणबाट प्राप्त डेडिकेटेड फिडर र ट्रंक लाइन बाट विद्युत आपूर्ति लिने ग्राहकहरुको महसुल सङ्कलनको अवस्थालाई तीन भागमा विभाजन गरी महसुल सङ्कलन सम्बन्धी संक्षिप्त विवरण पेश गरेको देखिन्छ।

- **ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (ऊर्जा)को संयोजकत्वमा गठित समितिको प्रतिवेदन, २०७७:**

  ट्रंक लाइन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिएका विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र नेपाल विद्युत प्राधिकरण बीच देखिएको विवाद लगायतका विषय अध्ययन गरी सिफारिस सहित प्रतिवेदन पेश गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव(ऊर्जा)को संयोजकत्वमा गठित समितिको प्रतिवेदन, २०७७ आषाढ २९ मा नेपाल विद्युत प्राधिकरणको संचालक समितिको मिति २०७५।१२।२९ र २०७६।०७।१६ को निर्णयबाट महसुल उठाउने निर्णय भएको देखिन्छ। उक्त निर्णय कार्यान्वयनको क्रममा विवाद सिर्जना भएको परिप्रेक्षमा देहाय बमोजिमका तीन विषयहरुमा केन्द्रित भई समितिले विवादको समाधानको लागि राय सुझाव पेश गरेको छ।

- **शिवम् सिमेन्ट प्रा.लि. को हकमा सर्वोच्च अदालतको मिति २०७५।०७।२० को फैसलाका सम्बन्धमा**

शिवम् सिमेन्ट प्रा.लि. ले नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड विद्युत महसुल दर विरुद्ध र सो बमोजिम बिलिङ भएको रकम सर्वोच्च अदालतमा दायर गरेको मुद्दा सम्बन्धमा सर्वोच्च अदालतको मिति २०७५।०७।२० गतेको फैसलामा तत्कालिन महसुल निर्धारण आयोगले महसुल अनुमोदन गरेको मिति २०७२।०९।२९ बाट मात्र वृद्धि भएको महसुल असूल गर्न नेपाल विद्युत प्राधिकरणको नाममा परमादेश जारी भएको र उक्त फैसला अनुसार शिवम् सिमेन्टले उपयोग गरेको विद्युतको हकमा २०७२ साल श्रावण महिना देखि डेडिकेटेड महसुल दर लागु नहुने देखिन्छ। उक्त फैसलामा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १९ (घ) मा प्राधिकरणको काम कर्तव्य अन्तर्गत  विद्युत महसुल र विद्युत सेवा सम्बन्धी अन्य शुल्क निर्धारण गर्ने अधिकार प्राधिकरणमा रहेको भएता पनि विद्युत ऐन, २०४९ लागु भए पश्चात स्वदेशी वा विदेशी निजी क्षेत्रलाई पनि प्राधिकरण सरहको विद्युत उत्पादन, प्रसारण र वितरणको अधिकार प्रदान गरेको र प्राधिकरण एक्लै  मात्र विद्युत महसुल निर्धारण गर्ने कार्य न्यायोचित नभएको कारण स्वतन्त्र निकायको रुपमा विद्युत ऐन,२०४९ को दफा १७(१) मा छुट्टै विद्युत महसुल निर्धारण आयोगको गठन गर्ने सम्बन्धी कानूनी व्यवस्था गरेकोले विद्युत महसुल निर्धारण गर्ने अधिकार केवल आयोगलाई रहेको व्याख्या गरिएको देखिन्छ। सोही फैसलामा विद्युत नियमावली,२०५० को नियम ३३ मा भएको व्यवस्थाबाट आयोगले महसुल निर्धारण गरेपछि  मात्र त्यस्तो महसुल बुझाउनु पर्ने दायित्व सिर्जना हुने देखिँदा अगाडि देखि  लागु हुने गरी महसुल उठाउन मिल्ने नदेखिएको ठहर गरिएको देखिन्छ।  यसरी विद्युत महसुल निर्धारण गर्ने विषयमा विद्युत ऐन, २०४९ मा भएको व्यवस्थालाई स्पष्ट ब्याख्या गरेकोले उक्त फैसला शिवम् सिमेन्टको हकमा मात्र लागु नभई अन्य उद्योगीहरुको लागि समेत लागु हुने/नहुने विषयमा द्विविधा भएकोले सो सम्बन्धमा राय परामर्श माग गर्न  समितिको मिति २०७६।११।१५ को बैठकको निर्णयानुसार आवश्यक विवरण सहित ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मार्फत महान्यायाधिवक्ताको कार्यालयमा राय परामर्शको लागि मिति २०७६।११।२१ मा अनुरोध गरी पठाइएको। तर माग  गरिएको कानूनी राय परामर्श विषयमा स्पष्ट  कानूनी प्रश्न र विभागीय धारणा खुलाई सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ बमोजिम राय माग गर्न महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७६।१२।०५ मा पत्र प्राप्त भएको र उक्त पत्रसाथ यसअघि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट संलग्न गरी पठाइएको सबै विवरणहरु समेत फिर्ता पठाइएको थियो। तत्पश्चात् प्रस्तुत विषयमा समितिको मिति २०७६।१२।१० मा बसेको बैठकले गरेको निर्णय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७७।०२।०१ को निर्णयानुसार विभागीय धारणा सहित महान्यायाधिवक्ताको कार्यालयमा पुन: राय परामर्शको लागि लेखी पठाईएको थियो।

साधारणतया अदालतको फैसला रिट निवेदकको पक्षमा मात्र लागु हुने देखिन्छ। सो मान्यता अनुरुप नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७६।०७।१६ को ८०९ औं बैठकले फैसला लागु हुने उपभोक्ता बाहेक अन्य उपभोक्ताबाट सम्पूर्ण महसुल असुल उपर गर्ने निर्णय गरेतापनि शिवम् सिमेन्ट प्रा.लि. को हकमा सर्वोच्च अदालतको मिति २०७५।०७।२० को फैसलाको प्रकृति हेर्दा उक्त फैसलामा प्रचलित कानून र नियमको समेत व्याख्या गरी विद्युत महसुल निर्धारण गर्ने क्षेत्राधिकार नेपाल विद्युत प्राधिकरणको नभई विद्युत ऐन,२०४९ बमोजिम स्वतन्त्र निकायको रुपमा स्थापित तत्कालिन विद्युत महसुल निर्धारण आयोगको भएको स्पष्ट पारेको देखिन्छ। यसबीच महान्यायाधीवक्ताको कार्यालयबाट मिति २०७७।०२।२६ मा प्राप्त कानूनी रायमा "सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ को देहाय खण्ड (क) मा जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग गर्ने कार्यालय वा अधिकारीलाई हुनुपर्ने" भन्ने विषय उल्लेख भई आएको छ।महान्यायाधिवक्ताको कार्यालयको सो पत्रानुसार यस विवादित विषयमा निर्णय गर्ने अधिकार यस समितिलाई नभएको र उपभोक्ता तथा प्राधिकरण बीच भएका महसुल सम्बन्धी विवाद समाधान गर्ने विषय विद्युत

नियमन आयोग ऐन,२०७४ को दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने देखिन्छ।

- **लोडसेडिङ अन्त्य हुनु अघि सम्मको अवस्थाका सम्बन्धमा**

समितिबाट २०७२ साल माघ देखि २०७५ साल बैशाख समान्तसम्मको अवधिमा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका उद्योगीहरु सम्बन्धी उपलब्ध भएका विवरणहरुको अध्ययन र विश्लेषण गरिएको छ। अधिकांश उद्योगीहरुले नेपाल विद्युत प्राधिकरणको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम (५) को उपनियम (२)र (५) मा उल्लिखित प्रावधानमा अस्पष्टता रहेको, डेडिकेटेड फिडर सरहको कुनै पनि सुविधा नलिएको र ट्रंक लाइनमा जोडिएको भएपनि उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी अवधि विद्युत सेवा नलिएको जिकिर गरेको देखिन्छ। तर डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई लाग्ने महसुल दर सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नेपाल विद्युत प्राधिकरण संचालक समितिबाट संचालक श्री भक्त बहादुर पुनको संयोजकत्वमा मिति २०७५।१।३१ गठन भई मिति २०७५।१२।२९ मा पुनगर्ठित उपसमितिले ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका उद्योगीहरुको टि.ओ.डि. मिटरको डाटा डाउनलोड रिपोर्ट लगायतका सम्पूर्ण विवरण संकलनन गरी विज्ञहरुको राय समेतको आधारमा तयार गरी मिति २०७६।६।१३ मा पेश गरेको प्रतिवेदनमा नेपाल विद्युत प्राधिकरणको स्वीकृती नलिइ लोडसेडिङ तालिकामा तोकिएको समय भन्दा बढी अवधि विद्युत सेवा लिएकोले विद्युत महसुल सङ्कलन विनियमावली,२०७३ को विनियम (५) को (५) बमोजिम डेडिकेटेड महसुल लिन सिफारिस गरेको र सोको आधारमा नेपाल विद्युत प्राधिकरण संचालक समितिबाट मिति २०७६।०७।१६ मा ती ग्राहकहरुसंग डेडिकेटेड विद्युत महसुल लिने निर्णय भएको देखिन्छ। तसर्थ, यस अवधिमा डेडिकेटेड तथा ट्रंक लाइन मार्फत विद्युत आपूर्ति लिएका सबै उद्योगीबाट नेपाल विद्युत प्राधिकरण संचालक समितिको निर्णय अनुसार संचालक भक्त बहादुर पुनको संयोजकत्वमा गठित समितिको प्राविधिक प्रतिवेदनका आधारमा नेपाल विद्युत प्राधिकण विद्युत महसुल संकलन विनियमावली, २०७३ बमोजिम सम्पूर्ण महसुल निजहरुबाट नेपाल विद्युत प्राधिकरणले असूल गर्नुपर्ने देखिन्छ।

यसरी असुल उपर गर्नुपर्ने रकम प्राधिकरणको नगद प्रवाहको अवस्थामा प्रतिकूल असर नपर्नेगरी उद्योगीहरुले किस्ता बन्दीमा बुझाउन सक्ने ब्यवस्था प्राधिकरणले गरीदिनु पर्ने देखिन्छ।

- **लोडसेडिङ अन्त्य भएपछिको अवस्थाका सम्बन्धमा**

नेपाल विद्युत प्राधिकरणले मिति २०७५।१।३१ देखि औद्योगिक ग्राहकहरुलाई समेत लोडसेडिङ अन्त्य भएको घोषणा गरेको थियो। तत्पश्चात् कुनै उद्योगीलाई डेडिकेटेड र ट्रंक महशल दर लगाउन नमिल्ने उद्योगीहरुको जिकिर रहेको छ। लोडसेडिङ अन्त्य घोषणा भएको तत्कालिन अवस्थामा विद्युत नियमन आयोग ऐन, २०७४ लागु भई विद्युत महसुल निर्धारण आयोग खारेज भइसकेको र विद्युत नियमन आयोग नियमावली, २०७५ जारी भइनसकेको अवस्था थियो। त्यसैगरी, विद्युत नियमन आयोग नियमावली, २०७५ मिति २०७५।०५।११ मा जारी भएपश्चात् पनि विद्युत नियमन आयोगका अध्यक्ष सहितको पदाधिकारीहरुको नियुक्तिमा भएको ढिलाईका कारण आयोग स्थापना भई सञ्चालनमा आउन केही वर्ष लागेको थियो। यी विभिन्न कारणले लोडसेडिङ अन्त्य घोषणा भएपछि तत्काल डेडिकेटेड विद्युत महसुल दर पुनरावलोकन गरी नयाँ महसुल दर निर्धारण गर्नुपर्नेमा समयमा सो हुन नसकेको देखिन्छ। उच्च अदालत पाटनबाट मिति २०७६।०६।०५ मा जारी गरेको रिट निवेदन खारेजको फैसलामा "हाल मुलुकमा लोडसेडिङ अन्त्य भइसकेको अवस्थामा विनियामवली बमोजिमको महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुरावलोकन गर्न सक्ने नै

भएकाले त्यस तर्फ थप विवेचना गर्नु नपर्ने" व्याख्या गरेको देखिन्छ।तसर्थ सो अदालतको निर्णय बमोजिम हालको अवस्थामा विद्युत नियमन आयोग स्थापना भई पूर्ण रुपमा सञ्चालनमा आइसकेको हुँदा यस विषय विद्युत नियमन आयोग ऐन, २०७४ को विवाद समाधान गर्ने सम्बन्धी दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने बेहोरा सहितको प्रतिवेदन पेश गरेको देखिन्छ।

**(द) अदालतहरुबाट भएका फैसलाहरुका सम्बन्धित अंशहरु:**

**यस सन्दर्भमा अदालतहरुबाट भएका केही फैसलाहरुमा भएका ठहरहरु हेर्न समेत आवश्यक छ।**

**श्री सर्वोच्च अदालतबाट भएको** शिवम् सिमेन्ट्स लिमिटेड (मुद्दा नं. 073-WO-0024) को रिट निवेदनमा मिति २०७५/०७/२० मा भएको फैसलामा, निवेदकले मिति २०७२ श्रावण देखि मंसिर सम्मको विद्युत महसुल पुरानै दर रेट अनुसार बुझाई सकेको तथ्यलाई विपक्षीले अन्यथा भन्न सकेको देखिदैंन। उपभोक्ताहरुमा बिक्री वितरण गर्ने विद्युत महसुल दर निर्धारण गर्ने विषय विद्युत महसुल निर्धारण आयोगको क्षेत्राधिकार भित्रपर्ने देखिएको र डेडिकेटेड फिडर लाइनमार्फत निरन्तर विद्युत आपूर्ति हुने ग्राहकको लागि नयाँ महसुल दर आयोगको मिति २०७२।९।२९ र २०७२। १०।१० को बैठकबाट स्वीकृत भएको अवस्थामा आयोगले विद्युत महसुल दर निर्धारण नगर्दै नेपाल विद्युत प्राधिकरणले स्वयं आफै महसुल दर निर्धारण गरी पश्चातदर्शी रुपमा लागु हुने गरी गरेको प्राधिकरणको निर्णय एवम् पत्राचार कानून विपरीत रहेको देखिदा वृद्धि भएको विद्युत महसुल निवेदकको हकमा आकर्षित हुने भन्न मिलेन। तसर्थ विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।९।२९ र २०७२।१०।१० को निर्णय पश्चात मात्र वृद्धि भएको महसुल लागु गर्न मिल्ने हुँदा २०७२ साल श्रावण देखि मंसिर सम्मको अवधिको थप महसुल बुझाउनु भनी निवेदकलाई पठाएको नेपाल विद्युत प्राधिकरणको मिति २०७२।८।२८ को पत्र सो उपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट मिति २०७२/११/११ मा भएको निर्णय एव मिति २०७३।३।१३ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब विद्युत महसुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२/९/२९ बाट मात्र वृद्धि भएको महसुल निवेदकबाट असूल गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।

(सर्वोच्च अदालतबाट भएको उक्त आदेश अर्थात विद्युत महसुल निर्धारण मिति २०७२।९।२९। र २०७२।१०।१० को निर्णयपश्चात मात्र वृद्धि भएको महसुल लागु गर्न मिल्ने हुँदा २०७२ साल श्रावण देखि मंसिर सम्मको अवधिको थप महसुल बुझाउनु भनी निवेदकलाई पठाएको नेपाल विद्युत प्राधिकरणको मिति २०७२।८।२८ को पत्र, सोउपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट मिति २०७२।११।११ मा भएको निर्णय एवं मिति २०७३।३।१३ को पत्रसमेत उत्प्रेषणको आदेशद्धारा बदर गरिएको" विद्युत महसुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२।९।२९ बाट मात्र वृद्धि भएको महसुल निवेदकबाट असुल गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको सम्बन्धमा, सो फैसला उपर चित्त नबुझी ने.वि.प्रा. द्धारा पुनरावलोकनको अनुमति पाउँ भनी निवेदन गरेकोमा मिति २०७७।१०।१५ मा सम्मानित सर्वोच्च अदालतद्धारा पुनरावलोकन अनुमति प्रदान गरिएको अवस्थामा अदालतमा विचाराधीन रहेको मुद्दामा विद्युत नियमन आयोग वा अन्य कुनै निकायले कानुनत: अन्यथा निर्णय गर्न नमिल्ने र यस विषयमा अदालतले नै निर्णय गर्ने हुँदा आयोगद्धारा थप निर्णय वा विवेचना गर्नुपर्ने अवस्था देखिदैंन भनी यस आयोग समक्ष विद्युत नियमन आयोगले यस आयोग समक्ष पठाएको मिति २०८०-०९-१६ को प्रेस विज्ञप्तिबाट देखिन्छ।)

यस्तै निर्णय नं. :- १०८६७ को रिट निवेदनमा श्री सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति : २०७९/२/१९ मा भएको फैसलामा यस मुद्दाको सुरू फिराद काठमाडौं जिल्ला अदालतमा दर्ता भएको कुरामा कुनै विवाद देखिँदैन। साथै प्रस्तुत विवाद काठमाडौ जिल्ला अदालतले सुरू कारबाही र किनारा गर्ने अधिकारक्षेत्र अन्तर्गत रहेको देखिन्छ। अतः काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।०२।२२ मा मुद्दा हेर्ने अधिकारक्षेत्र नभएको भनी खारेज हुने ठहराएको फैसला उल्टी गरी जो जे बुझ्नु पर्ने बुझी कानुनबमोजिम कारबाही किनारा गर्नु भन्ने तत्कालिन पुनरावेदन अदालत पाटनको मिति २०७०।०८।०९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। कानुनबमोजिम कारबाही र किनारा गर्नु भनी दुबै पक्षलाई तारेख तोकी सम्बन्धित मिसिलहरूसमेत काठमाडौं जिल्ला अदालतमा पठाइदिनू। पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७०।०८।०९ को फैसला बदर गरीपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी फैसला भएको पाइन्छ।

त्यस्तै सर्वोत्तम सिमेन्ट प्रा.लि., लक्ष्मी स्टिल्स प्रा.लि., बुटवल सिमेन्ट (074-CI-0117, 074-CI-0116, 074-CI-0941) को रिट निवेदनमा श्री सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७९/११/१२ मा भएको फैसलामा विपक्षी नेपाल विद्युत प्राधिकरण समेतबाट विद्युत महसुल परिवर्तन गरी नयाँ निर्धारण गरिएको महसुल दरका सम्बन्धमा भएको निर्णय तथा कामकारवाहीबाट मर्का परेमा त्यस्तो निर्णय वा काम कारबाही उपर पुनरावेदक उद्योगले पुनरावेदन गर्न सक्ने गरी वैकल्पिक कानूनी उपचारको मार्ग रहेको अवस्था देखिएको र उक्त परिवर्तित महसुल कुन मितिबाट लागु हुने भन्ने सन्दर्भमा यस्तै प्रश्न समावेश भएको मुद्दामा यस अघि नै यस अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको समेतको अवस्था देखिंदा पुनरावेदकको मागबमोजिम आदेश जारी हुन नसक्ने भनी रिट निवेदन खारेज हुने ठहराएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१०।२० को आदेश मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदकका तर्फबाट यस अदालतमा पेश हुन आएको पुनरावेदन जिकीर पुग्न सक्दैन भनी सर्वोच्च अदालतबाट भएको फैसलाको सारांश रहेका छन्।

यसै सन्दर्भमा एभरेष्ट पेपर मिल्स प्रा.लि. (मुद्दा नं. 072-WO-0852) मा श्री सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७९/१२/२८ मा भएको फैसलामा निवेदकले उच्च अदालत जनकपुरमा दायर गरेको ०७५-WO-०५६५को निवेदन माग दावी र प्रस्तुत निवेदन माग दावी मिति २०७२।३।१२ मा विद्युत महसुलमा वृद्धि गर्ने गरी भएको सिफारिस र विद्युत महसुल आयोगबाट मिति २०७३।१०।१० मा भएको निर्णय समेतमा प्रश्न उठाई दर्ता भएको छ।उक्त उच्च अदालत जनकपुरमा दायर गरेको ०७५-WO-०५६५ को निवेदन फैसला अन्तिम भईसकेको कुरामा पुनः एउटै निर्णय र सिफारिसका विषय उपर दायर भएको प्रस्तुत निवेदनमा थप विचार गरी विवेचना गर्नु औचित्ययुक्त र सान्दर्भिक देखिएन। साथै निवेदकले निवेदनमा उठान गरेको बिषयमा उपचार पाउने अन्य वैकल्पिक उपचारको व्यवस्था समेत रहे भएको अवस्थामा नेपाल विद्युत प्राधिकरण, संचालक समितिको मिति २०७३।०३।१२ मा भएको सिफारिस र सोका आधारमा विद्युत महसुल आयोगबाट मिति २०७३।१०।१० मा भएको निर्णय उत्प्रेषणको आदेश जारी गरी बदर गर्नु पर्ने देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी फैसला भएको छ।

**उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला** निगाले सिमेन्ट प्रा.लि. (मुद्दा नं. 075-WO-0029) को रिट निवेदनमा मिति २०७६/१०/०७ मा भएको फैसलामा निवेदकलाई विपक्षीहरु नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय दरबारमार्ग, काठमाण्डौ समेतले निर्धारण गरेको विद्युत महसुल उपर सुनुवाईको लागि छुट्टै पुनरावेदन दिन पाउने बैकल्पिक उपचारको मार्ग रहेको देखिएकोले निबेदन माग बमोजिमको उत्प्रेषणयुक्त परमादेश तथा प्रतिषेधको आदेश जारी गर्नु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

निवेदन साथ संलग्न गरिएको नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा, निर्देशनालय विराटनगर क्षेत्रीय कार्यालय, धनकुटा वितरण केन्द्रको पत्र संख्या २०७३/७४ च.नं. ५८ को पत्रानुसार निवेदक निगाले सिमेन्ट प्रा.लि. (ग्राहक संख्या ००४-२९-५५४), सिधुवा धनकुटालाई लोड सेडिङ्ग कार्यान्वयन बारेको पत्र प्रेषित गरी नेपाल विद्युत प्राधिकरण दुहवी ग्रिड शाखाको च.नं. ४३७ को पत्रानुसार औद्योगिक ग्राहक निगाले सिमेन्ट उद्योगको लोड सेडिङ्ग सेड्युल मिति २०७३/०५/०७ गते देखि लागु हुने गरी विद्युत कटौती (Load shedding) तालिका उपलब्ध गराई विद्युत कटौती (Load shedding) समेत गरेको देखिएकोले सो विद्युत कटौती (Load shedding) कहिले सम्म गरीयो? सो अवधिभर ट्रंक लाइनको सेवा वितरण गरिएको हो, होइन? कुन मितिबाट के कसरी विद्युत सप्लाई गरिएको हो? विद्युत कटौती (Load shedding) गरिएको अवधिभर शुल्क लाग्ने वा नलाग्ने के हो? सो को जानकारी निवेदकलाई दिएको नदेखिदा सो को सम्पुर्ण जानकारी लगायत अन्य आवश्यक जानकारी भए सो समेत निवेदक ग्राहकलाई दिनु भनी विपक्षीहरू नेपाल विद्युत प्राधिकरण र नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयको नाममा नेपालको संविधानको धारा १४४ बमोजिम उपयुक्त आदेश जारी गरीदिएको छ।

**उच्च अदालत विराटनगरबाट भएको फैसला** बाबा जुटमिल प्रा.लि. (मुद्दा नं. 075-WO-0299) को रिट निवेदनमा मिति २०७६/१०/०७ मा भएको फैसलामा विद्युत प्राधिकरणले छुट रकम असुलीको लागि गरेको पत्राचारलाई उल्लिखित विनियम अनुकुल रहे भएको मान्नु पर्ने देखिन आयो। यसरी पत्राचार भई सकेकोमा सो मा चित्त नबुझेमा पुनरावेदन समितिमा निवेदन दिन सक्ने गरी भएको विनियमको व्यवस्थालाई निवेदकले अवलम्बन गरेको देखिएन। अपितु विद्युत ऐन, २०४९ प्रतिकुल हुने गरी विद्युत महसुल संकलन विनियमावली बनेको भन्दै उक्त नियमावलीले गरेको व्यवस्थाका आधारमा भए गरेका काम कारवाहीलाई चुनौती दिएर अदालत प्रवेश गरेको देखिन्छ। तर पनि उक्त विद्युत महसुल संकलन विनियमावली यथावत रहेको अवस्थामा सो अनुरुप छुट रकम असुलीका लागी भए गरेका काम कारवाहीलाई लिएर वैकल्पिक मार्गको समेत अवलम्बन नगरी अदातल प्रवेश गरेबाट निवेदकको दावी मनासिव मान्न मिलेन। तसर्थः उल्लिखित आधार कारणबाट निवेदकको माग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी भनिएको पाइन्छ।

**उच्च अदालत पाटनबाट भएको** अर्घाखाँची सिमेन्ट प्रा.लि., जगदम्बा सिन्थेटिक प्रा.लि., विशाल सिमेन्ट ईण्डस्ट्रिज प्रा.लि., शिवम सिमेन्ट प्रा.लि., युनाइटेड सिमेन्ट प्रा.लि., अरिहन्त मल्टी फाइवर्स लि., रघुपति जुट मिल्स लि., एभरेष्ट पेपर मिल्स प्रा.लि., रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि., अरिहन्त मल्टी पोलिप्याक्स लि., शुभश्री अग्नी सिमेन्ट उद्योग लि., रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि. (मुद्दा नं. 075-WO-0701, 075-WO-0700, 075-WO-0782, 075-WO-0816, 075-WO-0839, 075-WO-0819, 075-WO-0817, 075-WO-0824, 075-WO-0796, 075-WO-0818, 075-WO-0842, 075-WO-1057) को रिट निवेदनमा मिति २०७६/०६/०५ मा भएको फैसलामा नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९ को विनियम १६(६) मा प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन जोड्ने Trunk line र Ring Main बाट ग्राहकलाई विद्युत लाइन दिइने छैन भन्ने व्यवस्था भए तापनि निवेदक कम्पनीमा ट्रंक लाइनबाट विद्युत आपूर्ति भएको देखिएको र औद्योगिक प्रतिष्ठान सुचारु रुपमा सञ्चालन गर्न निर्वाध र निरन्तर रुपमा विद्युत आपूर्ति प्रयोजन गर्नका लागि त्यस्तो ट्रंक लाइन जडान भएको देखिएकोमा निवेदक कम्पनीमा जडान गरिएको विद्युत आपूर्ति निर्वाध र निरन्तर रुपमा प्रवाह हुने ट्रंक लाइन डेडिकेटेड फिडर होइन भन्न मिलेन।

आयोगले अर्को निर्णय नभए सम्मका लागि नेपाल विद्युत प्राधिकरण संचालक समितिको बैठकले निर्णय गरेको महसुल दरलाई नै स्वीकृत गरी सार्वजनिक सूचना समेत प्रकाशन गरी सो निर्णय कार्यान्वयनका लागि मिति २०७२।१०।१४ मा नेपाल विद्युत प्राधिकरणलाई च.नं. १४ को पत्र मार्फत् जानकारी गराएको र प्राधिकरणले सो महसुल दर विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ मा समावेश गरीसकेको स्थितिमा आयोगले रितपूर्वक महसुल दर निर्धारण नगरेको भन्ने जिकिरसंग सहमत हुन सकिएन। नेपाल विद्युत प्राधिकरण विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५(२) को पाद टिप्पणीमा उल्लखित "नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय विद्युत महसुल निर्धारण आयोगबाट अनुमोदन भई लागु भएको" भन्ने व्यहोराबाट समेत उल्लिखित महसुल दर विद्युत महसुल निर्धारण आयोगबाट निर्धारण भएको स्पष्ट हुन्छ।

जहाँसम्म निवेदक कम्पनीले आफूले विद्युत महसुल सङ्कलन विनियमावली,२०७३ को विनियम ५(५) बमोजिम डेडिकेटेड फिडर सरहको सुविधा लिन संचालक समिति समक्ष निवेदन नै नदिएको एवम् संचालक समितिले आफ्नो उद्योगमा डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति गर्ने भनी निर्णय समेत नगरेको हुँदा डेडिकेटेड फिडरको महसुल दर लागु हुने होइन भन्ने निवेदकको जिकिर छ, सोतर्फ हेर्दा उक्त विनियम ५ (५) मा "३३ के. भि. ट्रंक लाइन तथा ११ के. भि. रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सोभन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्नेछन्। यस्तो सेवा लिने स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह नेपाल विद्युत प्राधिकरण संचालक समितिबाट स्वीकृति नलिई नेपाल विद्युत प्राधिकरणले निर्धारण गरेको लोडसेडिङ समय कट्टा गरी विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाइन कट्टा गरी दफा ११ बमोजिम बिल रकम र सो बराबरको क्षतिपूर्ति रकम समेत तिर्नुपर्नेछ। यस्तो अवस्थामा विद्युतको बिल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महसुल लगाइनेछ। यसरी कायम भएको विद्युत महसुल तथा क्षतिपूर्ति रकम नतिरेसम्म विद्युत लाइन जोडिने छैन' भन्ने उल्लेख भएको देखिन्छ।

नेपाल विद्युत प्राधिकरण विद्युत सङ्कलन विनियमाली, २०७३ मिति २०७३।०४।०१ देखि लागु भएको र सो पूर्व नै निवेदक कम्पनीमा ट्रंक लाइन जडान भइसकेको भन्ने देखिंदा विनियममा उल्लिखित ३३ के.भि. ट्रंक लाइन तथा ११ के.भि. रिङ्गमेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन भन्ने व्यवस्था यी निवेदक कम्पनीका हकमा आकर्षित हुने देखिंदैन। हाल ट्रंक लाइनबाट आपूर्ति भइरहेका ग्राहकहरूले डेडिकेटेड फिडर सरह आपूर्ति लिन संचालक समिति समक्ष निवेदन दिई स्वीकृति लिनु पर्नेमा आफूले निवेदन नदिएको र संचालक समितिबाट समेत कुनै निर्णय नभएको भन्ने निवेदन दावी भए तापनि निवेदकले ट्रंक लाइनबाट विद्युत आपूर्ति नै नलिएको भन्ने दावी लिन सकेको अवस्था देखिंदैन। नियमको उल्लिखित व्यवस्था हेर्दा, संचालक समितिबाट स्वीकृति नलिई त्यस्तो विद्युत आपूर्ति लिएमा विद्युत चोरी नियन्त्रण ऐन बमोजिम कारवाही हुनाका साथै डेडिकेटेड फिडर लाइनको सरह नै विद्युत महसुल लगाइने भन्ने उल्लेख भएको देखिंदा संचालक समितिबाट स्वीकृति नलिएको भन्ने आधारमा डेडिकेटेड फिडर सरहको महसुल नलाग्ने भन्ने देखिन आएन। संरचनाका दृष्टिले ट्रंक लाइनबाट निरन्तर र निर्वाध रुपमा विद्युत आपूर्ति हुन सक्ने नै देखियो। यस अवस्थामा विनियममा व्यवस्था भए बमोजिम २० घण्टा वा सो भन्दा बढी समय विद्युत आपूर्ति भए नभएको विषय विद्युत खपतको अभिलेख देखिने Time of Day (TOD) मिटर वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकीन हुने विषय हो।

वस्तुतः ऊर्जा महसुल ट्रंक लाइन वा डेडिकेटेड फिडरको संरचनामा लाग्ने नभई सो संरचना मार्फत् खपत भएको ऊर्जामा लाग्ने भएकाले आफूले खपत गरेको ऊर्जा वापत नियमले निर्धारण गरेको दरमा तिर्नुपर्ने महसुल विनियम ५(५) को प्रकृया पुरा नगरेका आधारमा निवेदक कम्पनीको हकमा आकर्षित नहुने भन्ने देखिन आएन। हाल मुलुकमा लोडसेडिङको अवस्था अन्त्य भइसकेको भन्ने निवेदन दावी रहेकोमा विनियमावली बमोजिमको महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै भएकाले त्यसतर्फ थप विवेचना गर्नु परेन।

नेपाल विद्युत प्राधिकरणबाट निवेदक कम्पनीमा प्रेषित मिति २०७५।११।२२ को पत्रमा विद्युत महसुल सङ्कलन विनियमावली,२०७३ को अनुसूची १ (क) बमोजिम ट्रंक लाइनको Tariff मा बिलिङ हुनुपर्नेमा औद्योगिक Tariff मा बिलिङ भइरहेकोले २०७५ फागुनदेखि ट्रंक लाइन प्रयोग भए अनुसार बिलिङ हुने र २०७३ भाद्रदेखि २०७५ फागुनसम्मको फरक छुट बिलिङ समेत गरिने भन्ने उल्लेख भएको देखियो। नेपाल विद्युत प्राधिकरण विनियमावली, २०६९ को नियम २० तथा विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५ (१३) मा प्राधिकरणले ग्राहकलाई बिलिङ गर्दा कुनै कारणवस छुट भएमा सोको जानकारी भए पश्चात् जुनसुकै समयमा पनि विद्युत उपभोग गरी छुटेको खपत वापत छुट्टै बिलिङ गरिनेछ भन्ने व्यवस्था देखिंदा कुनै कारणले बिलिङ छुट हुन गएमा नेपाल विद्युत प्राधिकरणले छुट बिलिङ गर्न नपाउने भन्ने देखिन आएन। साथै, विपक्षी प्राधिकरणले यथासमयमा बिलिङ नगरेकै कारण मुलुकभर लोडसेडिङ कायम रहेको अवस्थामा निवेदक उद्योगलाई विशेष विद्युत आपूर्ति वापत् विनियमावली बमोजिम तिर्न बुझाउनुपर्ने महसुल तिर्न बुझाउनुपर्ने दायित्वबाट निवेदक कम्पनीले उन्मुक्ति पाउन सक्ने आधार र अवस्था देखिन आएन।

नेपाल विद्युत प्राधिकरण विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५(१३) तथा विद्युत वितरण विनियमावली, २०६९ को नियम ४५ मा बिलिङ लगायत नियमावली बमोजिम भए गरेका काम कारवाही तथा निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सोही नियममा उल्लिखित प्रकृया अवलम्बन गरी पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न पाउने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ। नियमावलीको उल्लिखित व्यवस्था विपक्षी प्राधिकरणको निर्णय एवम् काम कारवाहीमा चित्त नबुझेमा सोको विरुद्ध कानूनी उपचारको रुपमा राखिएको व्यवस्था देखिंदा सो समितिले नै निवेदकले के कति विद्युत शक्ति खपत गरेको हो, निवेदकलाई के कुन दरको के कति शुल्क लाग्ने हो भन्ने लगायतका निवेदकले उठाएको सबै प्रश्नहरूको निरुपण गर्नसक्ने अवस्थाको विद्यमानता रहेकोमा निवेदकले कानुनले प्रदान गरेको वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सोझै रिट क्षेत्राधिकारको माध्यमबाट अदालत प्रवेश गरेको देखिंदा निवेदकको माग बमोजिमको रिट जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। नेपाल विद्युत प्राधिकरणको उल्लिखित विनियमावलीहरूमा प्राधिकरणलाई छुट बिलिङ गर्न पाउने अधिकार भएको देखिए तापनि विनियमावलीको उक्त प्रावधानलाई अपवादात्मक व्यवस्थाका रुपमा लिनु पर्ने हुन्छ। नियमित बिलिङमा "कुनै कारणवस " छुट भएमा मात्र "छुट बिलिङ" गरिने नियमको मनसाय देखिंदा यसलाई नियमित बिलिङको रुपमा लिइनु हुँदैन। विपक्षी नेपाल विद्युत प्राधिकरणले २०७३ श्रावण १ गते देखि लागु भएको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ ले निर्धारित गरेको ट्रंक लाइन र डेडिकेटेड फिडरको महसुल दर लागु गर्नेतर्फ लामो समयसम्म उदासिन रही सम्बन्धित विनियमावली बमोजिम बिलिङ नगरी बिलिङ छुट भएको भनी २०७५ फागुनमा मात्र उक्त महसुल अनुसारको बिलिङ गर्दा सम्बन्धित ग्राहकमा अन्यौलको अवस्था सृजना भएको देखियो। मुलुकभर लोडसेडिङ कायम रहेको अवस्थामा निवेदक उद्योगहरूलाई उपलब्ध गराएको विशेष विद्युत आपूर्ति वापत विनियमावलीले

निर्धारण गरे बमोजिमको महसुल तत्काल बिलिङ नगरी नेपाल विद्युत प्राधिकरण व्यवस्थापनले गम्भीर लापरवाहीपूर्ण कार्य गरेको देखिएकोले सम्बन्धित निकायको ध्यानाकर्षण गर्न यो न्यायिक टिप्पणी गरिएको छ।

**यसै प्रकार जिल्ला अदालत रुपन्देहीबाट भएको** जिबी टेक्सटाइल मिल, जगदम्बा सिन्थेटिक प्रा.लि., अर्घाखाँची सिमेन्ट, शुभ लक्ष्मी पोलिमर इन्डस्ट्रीज, पञ्चकन्या स्टिल प्रा.लि., पञ्चकन्या पलास्टीक इन्डस्ट्रीज, नेसनल रबर इन्डस्ट्रीज, सिदार्थ पेट्र पलास्ट इन्डस्ट्रीज प्रा.लि., यशोधा फुड्स प्रा.लि., घराना फुड्स प्रा.लि., सोनी पोलिमरस इन्डस्ट्रीज प्रा.लि., श्याम प्लास्टिक उद्योग, गोयनका फुडस प्रा.लि., एस आर फुडस प्रा.लि., नव नेपाल प्लास्टिक प्रा.लि., एजी हेल्थ इन्डट्रिज प्रा.लि., सोना प्याकेजिङ्ग प्रा.लि., एस आर इस्टिल इस्टलिङ्ग प्रा.लि., भलवारी स्वचालीत चामल मिल, एभर्ष्ट रोलिङ्ग इन्डस्ट्रिज, फेरो इस्टिल प्रा.लि., न्यू नरायण रबर इन्डस्ट्रिज (मुद्दा नं. क्रमस: 078-CP-0238, 076-CP-0880, 076-CP-0910, 078-CP-0246, 078-CP-0245, 078-CP-0224, 078-CP-0243, 078-CP-0242, 078-CP-0241, 078-CP-0240, 078-CP-0239, 078-CP-0253, 078-CP-0255, 078-CP-0248, 078-CP-0252, 078-CP-0251, 078-CP-0250, 078-CP-0254, 078-CP-0249, 078-CP-0247, 078-CP-0686, 078-CP-0761)को फिराद दावीमा मिति २०७९/०९/२१ मा भएको फैसलामा

उद्योगले उठाएको वर्ग परिवर्तनको सम्बन्धमा डेडिकेटेड सप्लाई वा निर्वाध विद्युत आपूर्तिको प्रबन्ध भनेको ग्राहक वर्गीकरणको विषयबस्तु अन्तर्गत पर्ने देखिँदैन। विद्युत महसुल संकलन विनियमावलीको विनियम ३ ले गरेको वर्गीकरणको सूची भित्र डेडिकेटेड सप्लाई वा डेडिकेटेड फिडर वा ट्रंक लाइनबाट आपूर्ति सेवा लिएका ग्राहकलाई छुट्टै वर्गमा वर्गीकृत गरेको पाइदैन। बरू उक्त विनियमावलीको परिभाषा खण्डमा ग्राहक शब्दको परिभाषा गर्दा ट्रंक लाइन र डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति सेवा लिएको ग्राहकलाई समेत समेटेको अवस्था छ।डेडिकेटेड सप्लाई भनेको विद्युत आपूर्ति सेवा लिने ग्राहकको छुट्टै वर्ग नभई त्यस्तो सेवा प्रदान गर्ने प्रकृया मात्र रहेको भन्ने देखिन आउँछ। यस आधारमा हेर्दा वादी संस्थाले जुन वर्ग अन्तर्गतको विद्युत आपूर्ति सेवा प्राप्त गरेको हो त्यस वर्गबाट परिवर्तन गरी अर्को वर्गमा लगिएको भनी मान्न सकिने वस्तुनिष्ठ आधार मिसिलबाट भेटिँदैन।

कुनै पनि विशेष सुविधा लिने संस्थाले विशेष महसुल बुझाउनु पर्ने प्रबन्ध गरीनुलाई अन्यथा भन्न सकिँदैन। विशेष सेवा सुविधाभित्र विशेष महसुल, शुल्क वा दस्तुरको विषय पनि स्वत: अन्तरनिहित हुन्छ। वादी संस्थाले निर्वाध विद्युत आपूर्ति भएको अवस्थामा मात्र तदनुरुपको महसुल बुझाउनु पर्ने वैद्य अपेक्षा (Legitimate expectation) गरे जस्तै आपूर्तिकर्ता संस्थाले पनि त्यस्तो विशेष सुविधाका लागि गरेको विशेष प्रबन्धसँगै त्यसमा विशेष महसुलको अपेक्षा गर्नुलाई अस्वाभाविक, असमान र अनुचित मान्न सकिने हुँदैन। त्यसमा पनि विद्युत महसुल निर्धारण आयोगलेनै डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकले विद्युत शक्ति खपत गरे वापत लिने शुल्क यकीन गरीदिए अनुसार त्यसलाई विनियमावलीको अङ्ग बनाएकोको अवस्थामा महसुलको दर र त्यसको वैधतामा प्रश्न उठाउन मिल्ने हुँदैन।

वादी संस्थाले तिर्नु बुझाउनु पर्ने वास्तविक विद्युत महसुल यकीन गरी पुन: बिजक जारी गरी पाउन माग गरिएको अवस्था छ। फिरादपत्रमा विद्युत महसुल सम्बन्धी निर्णय बदरको माग गरिएको भए पनि कुन मितिमा कुन निर्णय बदरको माग गरिएको हो भन्ने स्पष्ट खुलाउन सकिएको पाइदैन। नत आफुले यो यति विद्युत खपत गरी सो वापत यो यति महसुल बुझाएको, यो यति बुझाउन बाँकी रहेको वा विद्युत खपत गरे अनुसारको सम्पूर्ण महसुल चुक्ता गरेको भनी आफ्ना तर्फबाट हिसाव देखाई दावी प्रस्तुत गर्न सकेको नै अवस्था छ। त्यसरी निर्णय बदर तर्फ स्पष्ट दावी प्रस्तुत हुन नसकेको अवस्थामा विद्यु महसुलका रुपमा वादी संस्थाले तिरे बुझाएको वा तिर्न बुझाउन पर्ने

सम्पूर्ण हिसाव गरी रकम यकीन गर्ने र सो आधारमा पुन: बिजक जारी गर्ने जस्तो प्राविधिक र प्रशासनिक विषयमा यस अदालतले क्षेत्राधिकार ग्रहण गरी न्याय निरुपण गर्न कानूनी र व्यवहारिक दृष्टिले वाञ्छनीय हुँदैन। त्यस्ता विषयलाई विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (१३) तथा विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ समेतका आधारमा पुनरावेदन समिति समक्ष प्रस्तुत गर्न सकिने गरी न्यायिक उपचारको विशिष्ट प्रबन्ध गरिएको पाइन्छ। उक्त समिति समक्ष निवेदन पेश भएका बखत वादी संस्थाले दावी लिएको समग्र विषयलाई संवोधन गर्नुपर्ने स्वभाविक जिम्मेवारी उक्त समितिले वहन गर्नेनै छ यसमा अविश्वास गर्नु पर्ने वस्तुनिष्ठ आधार र कारण देखिन आउँदैन।

प्राधिकरणबाट छुट बिलिङ मार्फत निर्धारण गरिएको छुट बिद्युत महसुलको विषयलाई विद्युत महसुल संकलन विनियमावली, २०७३ को वैधतासंग जोडेर अन्यथा भन्न मिल्ने अवस्था नरहेको, वादी दावीको समग्र विषयमा विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (१३) तथा विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ समेतका आधारमा पुनरावेदन समिति समक्ष पेश गर्न सकिने उपचारको मार्ग विद्यमान रही उक्त समितिबाट स्वाभाविक रुपमा सो अनुसारको जिम्मेवारी र दायित्व वहन गरी वादी दावीका विषय सम्बोधन हुन सक्ने अवस्था समेत रहेको र वादी दावी अनुसार विद्युत महसुलको सम्पूर्ण हिसाव गरी बिजक जारी गर्ने कार्य यस अदालतबाट हुन नसक्ने हुँदा प्रस्तुत मुद्दाको रोहबाट थप प्रमाण बुझिरहनु पर्ने समेत देखिएन। तसर्थ नेपाल विद्युत प्राधिकरण, वुटवल वितरण केन्द्रको च.नं. १२४९, मिति २०७८/३/११ को उक्त पत्र समेत वदर गरी विद्युत महसुलको हिसाव गरी बिजक जारी गरी पाउँ भन्ने समेतको वादी दावी प्रथम दृष्टिमै पुग्न नसक्ने ठहर्छ भनी जिल्ला अदालत रुपन्देहीबाट भएको फैसलाको सारांश रहेका छन्।

(यस सम्बन्धमा भएका यसै साथ संलग्न मुद्दाहरु र केही महत्वपूर्ण अरू मुद्दाहरूका सारांशहरु समेत अनुसूची-६ मा प्रस्तुत गरिएका छन्)

निवेदकहरुबाट दायर रिट निवेदनहरुमा, माथि उल्लिखित भए अनुसार फैसलाहरुका सारांश रहेको देखिन्छ। उक्त फैसलाहरु मध्येका केही फैसलाहरुमा पुनरावलोकन र दोहऱ्याई पाउँ भन्ने माग गरी सर्वोच्च अदालत समक्ष परेका निवेदनहरु र अन्य यस्तै मुद्दाहरु समेत अदालतहरु समक्ष हाल विचाराधीन अवस्थामा रहेका देखिन्छन्।

**(ध) विषयगत अध्ययनहरुको सार संक्षेप (प्रस्तुत विवाद सम्बन्धमा)**

नेपाल सरकारले यस आयोगको राय सुझाव निमित्त उल्लिखित गरेका सम्बन्धित प्रश्नहरु सम्बन्धमा, सो प्रयोजनको लागि अध्ययन गरिएका विषयहरुमा (क) विवादका पक्षहरु (ख) विवादका विषयहरु (ग) ग्राहकहरुका किसिम (घ) डेडिकेटेड फिडर तथा लाइन (Dedicated Feeder and line) (ङ) ट्रंक लाइन (Trunk Line) (च) डेडिकेटेड लाइन (Dedicated Line) र ट्रंक लाइनहरु (Trunk Line) का उद्येश्य र मापदण्ड (Criteria) (छ) लोडसेडिङका अवधिहरु हेर फेर र अन्त्य तथा डेडिकेटेड फिडर मार्फतको आपूर्ति स्थगित गरिएको सम्बन्धमा (ज) डेडिकेटेड र ट्रंक लाइन माग गरेका नगरेका बारे (झ) ऊर्जामापक यन्त्र (Meter) (ञ) TOD (Time of day) (ट) विद्युत महसुल (ठ) विद्युत महसुल निर्धारण (ड) विद्युत महसुल बिलिङ (ढ) छुट महसुल बिलिङ (ण) महसुल छुट (Discount) र थप महसुल सम्बन्धी व्यवस्था (त) महसुल निर्धारण विवाद समाधान सम्बन्धी व्यवस्था (थ) अदालतहरुबाट भएका फैसलाहरु र (द) सम्बन्धित अन्य प्रतिवेदनहरु छन। त्यसबाट बूँदागतरुपमा बुझिने सारसंक्षेपहरुलाई निम्न अनुसारले ऊल्लिखित गर्न सकिन्छ।

१. **यस विवादसंग सम्बन्धित पक्षहरुमा एउटा पक्ष नेपाल विद्युत प्राधिकरण र अर्को पक्षहरुमा त्यसका सम्बन्धित औद्योगिक ग्राहकहरु हुन।**

२. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को प्रस्तावना अनुसार नेपाल विद्युत प्राधिकरणको स्थापना विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्ने व्यवस्था गर्न र सञ्चालन गर्नको लागि भएको हो। उक्त ऐनको दफा ३(१) मा विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्तिको समुचित व्यवस्था गर्नको लागि नेपाल विद्युत प्राधिकरण स्थापना गरिएको छ भनी स्पष्ट भनिएको छ।

३. सोही ऐनको दफा १६ अनुसार नेपाल विद्युत प्राधिकरणले व्यापारिक सिद्धान्त अनुसरण गर्ने र प्राधिकरणको संचालक समितिले कार्य सम्पादन गर्दा सर्वसाधारण जनताको सुविधा समेतको ख्याल राखी व्यापारिक सिद्धान्त अनुसरण गर्नेछ भनी रहेको पाइन्छ।

४. यसमा स्मरणीय अर्को कुरा के छ भने नेपालको अर्थतन्त्रको विकासमा विवादका यी दुबै पक्षहरुका भूमिकाहरु महत्वपूर्ण हुनुका साथै यी पक्षहरु धेरै हदसम्म एक अर्कामा अन्योन्याश्रित पनि छन्। यी पक्षहरुका हितहरु एक अर्कासंग जोडिएका पनि देखिनाले दुबै पक्षहरु एक अर्काको प्रतिपक्षी वा प्रतिस्पर्धीका रुपमा नरही एक आपसमा समन्वयकारी भूमिकामा रही सद्भावपूर्ण व्यवहार राख्नु राम्रो हुन्छ।

५. नेपाल विद्युत प्राधिकरणका यी सबै औद्योगिक ग्राहकहरुले, उद्योगहरुलाई नियमित लाग्ने सबै सामान्य (Normal) शुल्कहरु सामान्यतया समय भित्रै बुझाई सकेका छन्। विवादमा रहेका अर्थात बक्यौता भनिएका सबै छुट बिलहरु लोडसेडिङका अवस्थामा आपूर्ति गर्ने भनिएका डेडिकेटेड लाइन (Dedicated Line) र ट्रंक लाइन (Trunk Line) सम्बन्धी मात्र हुन।

६. विवादसंग सम्बन्धित सबै ग्राहकहरु ग्राहक वर्गीकरणमा औद्योगिक ग्राहकहरुका रुपमा रहेका छन्।

७. डेडिकेटेड लाइन (Dedicated Line) को बारेमा र सोको महसुल निर्धारण सम्बन्धमा स्थापित मापदण्डहरु समेतबाट मुख्यतया तीनवटा तत्वहरू अनिवार्यरुपले समाहित भएका देखिन्छन्। ती तत्वहरु (a) लोडसेडिङ (b) निरन्तरता र (c) विद्युत आपूर्ति हुन। तसर्थ डेडिकेटेड लाइनमा लोडसेडिङको बेलामा पनि निरन्तररुपले विद्युत आपूर्ति हुनु पर्ने देखिन्छ, तर यसलाई व्यवहारिक एवं न्यायसंगतरुपले हेर्दा काबु बाहिरका परिस्थितिहरु अर्थात मरम्मत सुधारका लागि आपुर्ति नहुन सक्ने अनिवार्य परिस्थितिहरु बाहेक, लोडसेडिङको बेलामा समेत निरन्तररुपले विद्युत आपूर्ति हुनु पर्ने भनी बुझ्नु पर्ने हुन्छ।

८. ट्रंक लाइन (Trunk Line) सम्बन्धी तत्वहरु यस प्रकारका छन् (a) लोडसेडिङ कम्तीमा ६ घण्टा हुनै पर्ने (b) कम्तीमा २० घण्टा विद्युत आपूर्ति हुनै पर्ने, अवस्था हुनु पर्दछ। तसर्थ प्रस्तुत विवाद सम्बन्धमा ट्रंक लाइनबाट सम्बन्धित औद्योगिक ग्राहकहरुलाई लोडसेडिङ कम्तीमा ६ घण्टा रहेको बेलामा कम्तीमा २० घण्टा विद्युत आपूर्ति हुनै पर्ने देखिन्छ।

९. ट्रंक लाइनको महसुल सम्बन्धमा समेत महसुल निर्धारण गर्ने अधिकार तत्कालिन कानूनी व्यवस्था अर्थात विद्युत ऐन, २०४९ को दफा १७ अनुसार महसुल निर्धारण आयोगको नै

हुँदा, सो आयोगद्वारा ऊल्लिखित मापदण्डहरु अर्थात लोडसेडिङका अवधिहरुमा कम्तीमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा समेत कम्तीमा २०घण्टा विद्युत आपूर्ति भएको अवस्थामा मात्र त्यस आयोगले मिति २०७३/०३ /१६ मा निर्धारित गरेको महसुल लाग्ने कुरा नै कानून सम्मत हुन सक्छ।

१०.डेडिकेटेड लाइन र फिडरका परिभाषाहरु प्राधिकरणले आफ्नो विनियमावलीहरुमा पटक-पटक परिवर्तन गर्न चाहेको र गरेको देखिन आउँछ। प्राधिकरणले पटक-पटक परिवर्तन गरेका ती परिभाषाहरुबाट डेडिकेटेड लाइन र फिडरका महसुल सम्बन्धमा ती परिवर्तनहरु आकर्षित हुन सक्ने होइन, किनभने महसुल निर्धारण गर्ने अधिकार प्राधिकरण स्वयंको नभै, महसुल निर्धारण गर्ने सक्षम रहेको निकाय अर्थात महसुल निर्धारण आयोगको भएकोले, सो आयोगले जुन मापदण्डहरुलाई मध्यनजर राखी महसुलहरु निर्धारण गरेका छन्, महसुल लाग्ने कुरा ती मापदण्डहरु अनुसार नै हुन्छ।।

११.ऊर्जामापक (Meter) ऊर्जामापन सम्बन्धमा विद्युत नियमावली, २०५०, विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महसुल संकलन विनियमावली, २०६९ का व्यवस्थाहरु अनुसार ग्राहकहरुले खपत गरेका विद्युत ऊर्जामापक यन्त्र (Meter) ले देखाउने हुनाले सोको रेकर्ड आवश्यक नै हुन्छ।

१२. ऊर्जामापकको छुट बिलिङ सम्बन्धमा, विद्युत वितरण विनियमावली, २०६९ को विनियम २० मा कुनै ग्राहकको बिलिङ गर्दा छुट भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा छुट बिल गरिनेछ भन्ने व्यवस्था हुनुको साथै उक्त विनियमावलीको २०(१) मा कुनै ग्राहकको मिटर रिडिङ्ग गरी बिलिङ गर्दा गणितीय त्रुटी भएमा हिसाब मिलान गरी छुट भए वापतको रकमको छुट बिल गरिनेछ भन्ने व्यवस्था समेत रहेको छ।

१३. विद्युत महसुल संकलन विनियमावली, २०७३ का व्यवस्थाहरुबाट माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथि) र मझौला भोल्टेज (३३ के.भी र ११ के.भी) का ग्राहकहरुमा अनिवार्यरुपमा TOD मिटर जडान गरी बिलिङ गरिनेछ भन्ने व्यवस्था रहेको र TOD मिटर जडान भएका ग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय वि.ग्रा.से.नि.(वितरण तथा ग्राहक सेवा निर्देशनालय) मा पठाउनु पर्नेछ भनी व्यवस्था गरी, उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइने व्यवस्था समेत गरेको पाइएको साथै TOD टि.ओ.डी. मिटरको लोड प्रोफाइल (Load Profile) सहितको डाटा एवं डाउनलोड रिपोर्ट सम्बन्धी प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने समेतमा जोड दिइएको देखिन आउँछ।

१४.यस सम्बन्धमा उच्च अदालत पाटनबाट मिति २०७६/०६/०५ मा अर्घाखाँची सिमेन्ट प्रा. लि. समेतका मुद्दाहरुमा फैसला हुँदा विनियममा व्यवस्था भए बमोजिम २० घण्टा वा सो भन्दा बढी समय विद्युत आपूर्ति भए नभएको विषय विद्युत खपतको अभिलेख देखिने Time of Day (TOD) मिटर वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकीन हुने

विषय हो भनी भनिएको समेतले TOD मिटरको रिडिङ र रेकर्डको आवश्यकता अनिवार्य नै रहेको देखिन्छ।

१५. कानुनद्वारा महसुल निर्धारण गर्ने अधिकारप्राप्त निकायबाट डेडिकेटेड लाइन (Dedicated Line) को मापदण्ड र सो अनुसारका निर्धारित महसुललाई, सो निर्णय गर्न सक्ने सम्बन्धित निकाय अर्थात तत्कालिन महसुल निर्धारण आयोगले मात्र परिवर्तन गर्न सक्ने हुँदा, विद्युत उत्पादक र वितरण गर्ने एउटा पक्ष, नेपाल विद्युत प्राधिकरणले कुनै निर्णय गरी वा महसुल निर्धारण गर्ने सक्षम निकायको स्वीकृति र निर्णय विना विनियमावलीमा परिवर्तन गरी सो कुरालाई आफ्नो स्वार्थ साधनको निमित्त प्रभावित गर्न सक्ने कुरा कानून सम्मत र न्याय संगत हुन सक्दैंन।

१६.त्यसकारण प्रस्तुत विवाद महसुल सम्बन्धमा भएको र महसुल निर्धारण सम्बन्धी अधिकार नेपाल विद्युत प्राधिकरणको नभै विद्युत महसुल निर्धारण सम्बन्धी सबै अधिकार तत्कालिन विद्युत ऐन, २०४९ को दफा १७ अनुसार, विद्युत महसुल निर्धारण आयोगको नै हुन्छ भन्ने कुरामा विवाद गर्ने ठाउँ छैन।

१७.डेडिकेटेड फिडर लाइन सम्बन्धमा विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं र मिति २०७२।१०।१० को १०४ औं बैठकका निर्णयहरु र सो सम्बन्धमा मिति २०७२।१०।१२ मा महसुल निर्धारण आयोगबाट गोरखापत्रमा प्रकाशित सूचना समेतमा, नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार माग भएको बमोजिमको नयाँ महसुल दर आयोगबाट स्वीकृत भएको मात्र भनिएको छ। सो सम्बन्धमा महसुल निर्धारण आयोगबाट मिति २०७२/१०/१४ मा नेपाल विद्युत प्राधिकरणलाई पत्र लेखि अवगत समेत गराएको देखिन्छ। उक्त बैठकहरुबाट निर्धारण भएको महसुल सम्बन्धमा प्रकाशित भएको सूचना र लेखिएको पत्र समेतमा सो महसुल कुनै अघिल्लो मिति देखि लागु हुने भनी भनिएको छैन।

१८.ट्रंक लाइन सम्बन्धमा सो आयोगबाट महसुल निर्धारण सम्बन्धमा भएको मिति २०७३/०३/१६ को १०८ औं बैठकको निर्णय र सो मितिमा लागु हुने भनी भनिएको मिति देखिनै लागु हुने देखिन्छ। अर्को स्मरणीय महत्वपूर्ण कुरा के छ भने यस भन्दा अघि ट्रंक लाइन सम्बन्धमा यस प्रकारका विशेष महसुल निर्धारण सम्बन्धमा कुनै कानूनी व्यवस्था नरहनु को साथै कुनै सक्षम निकायको निर्णय समेत भएको पाइएको छैन।

१९. यसको अतिरिक्त सामान्यतया यस्ता महसुल अघिल्लो मितिदेखि लागु हुँदैन। सो निर्णय समेतमा नयाँ महसुल सम्बन्धमा उक्त निर्णय पूर्व प्रभावी (Retrospective effect) हुने भनी स्पष्ट नभनिएको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत (मुद्दा नं. 073-WO-0024, फैसला मिति २०७५/०७/२०) बाट शिवम सिमेन्टको मुद्दामा समेत महसुल निर्धारण भएको मितिदेखि लागु हुने भनी सिद्धान्त प्रतिपादित भैसकेको हुनाले डेडिकेटेड लाइन समबन्धमा उक्त महसुलहरु विद्युत महसुल निर्धारण आयोगको निर्णय भएको मिति अर्थात २०७२।०९।२९ को निर्णय पछि नै लागु हुने कानून सम्मत हुन्छ।

२०. विद्युत महसुल सम्बन्धमा महसुल निर्धारण सम्बन्धी अधिकार प्राप्त विद्युत महसुल निर्धारण आयोगबाट विद्युत उपभोग गरे वापत ग्राहकले प्राधिकरणलाई प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क हो। महसुल निर्धारण सम्बन्धमा सक्षम निकायको निर्णय विना नेपाल विद्युत प्राधिकरण स्वयंले निर्धारण गरी महसुल लिने कुरा कानून सम्मत हुने देखिदैंन।

२१. महसुल छुट (Discount) र थप महसुल सम्बन्धमा उल्लिखित व्यवस्थाहरुलाई मध्यनजर गर्दा ग्राहकहरुले तोकिएका समय भित्र विद्युत बिलको भुक्तानी गरेमा महसुलमा छुट (Discount) पाउने र तोकिएका केही समय पछि भुक्तान गर्दा थप महसुल बुझाउनु पर्ने देखिन्छ। थप महसुल लिनु पर्ने अवस्थामा तोकिएको अधिकतम सीमा अर्थात २५ प्रतिशत भन्दा बढी थप लिन नहुने व्यवस्था रहेको देखिन्छ।

२२. उद्योगीहरुको छुट बिलको रकम र थप दस्तुर बढ्दै गएको देखिन्छ। यसै सम्बन्धमा ग्राहकहरुको चित्त नबुझ्ने गरी बिलिङ गरेको पाइन्छ। प्रस्तुत विवाद सम्बन्धमा सम्बन्धित ग्राहकहरुले बुझाएका महसुल विनियमावली अनुसार छूट (Discount) दिनु पर्ने भए दिई र थप दस्तुर लिनु पर्ने अवस्थामा लिई महसुल बुझ्नु पर्ने हो, विवादमा रहेका महसुल र सामयिकरुपले बुझाउनु पर्ने महसुलको सन्दर्भलाई एकै ठाउँमा जोडी हिसाब गर्न मिल्दैंन।

२३. सम्बन्धित औद्योगिक ग्राहकहरुले बुझाएका महसुलहरु जुन प्रयोजनका लागि बुझाएका छन् सोही सम्बन्धमा हिसाब गरी बुझ्नु पर्ने हुन्छ। विवादास्पद महसुलका विवादका रकमलाई, त्यससंग जोड्न मिल्दैंन। सो सम्बन्धमा कानून सम्मत रुपले लाग्ने नलाग्ने महसुल छुट्याई पुन: हिसाब गर्नु पर्ने देखिनाले सो रकमलाई लिनु पर्ने अवस्थामा लिने गरी एक ठाउँमा थाती राखी, उपभोक्ता ग्राहकहरुले जुन प्रयोजनका लागि महसुलहरु बुझाएका छन् सोही हिसाबमा बुझ्नु पर्ने गरी मिलान गर्नु पर्ने हुन्छ।

२४. निजहरुले छुट पाउने भए छुट दिई वा थप महसुल लाग्ने अवस्था भए सो समेत लिने गरी हिसाब गर्नु पर्ने हुनाले कानून सम्मतरुपले सो सबै अवस्थाहरुको विचार गरी यस सम्बन्धमा प्राधिकरण स्वयंले त्यस्ता छुट महसुल सम्बन्धमा पुन: हिसाब गरी लिनु पर्ने महसुल लिन हुन्छ।

२५. प्राधिकरणले कानून र न्याय सम्मतरुपले महसुल सम्बन्धमा बिलिङ नगर्ने परिपाटी कायमै राखेमा, यस सम्बन्धमा प्राधिकरणको विश्वसनीयता सम्बन्धित औद्योगिक ग्राहकहरुको बिच मात्र गुम्ने नभै, यसको नराम्रो प्रभाव समस्त ग्राहकवर्गमा फैलिने खतरा उत्पन्न हुन्छ।

२६. नेपाल विद्युत प्राधिकरण र नियमन आयोग समेतका माथि उल्लिखित जवाफहरुबाट ग्राहकहरु तर्फबाट परेका निवेदनहरुमा मनासिव माफिकको समय भित्र उपचार प्रदान गर्न नसकिएको समेत देखिन आउँछ।

२७. ती निकायहरु खास गरेर विद्युत नियमन आयोगले सशक्तरुपले त्यसतर्फ उपचार दिन नसकेको अवस्थामा, महसुल सम्बन्धी विवाद बढदै जानुको साथै ती निकायहरुको कानुनका व्यवस्था अनुसार विवाद समाधान गर्ने क्षमता माथि पनि प्रश्न उत्पन्न हुनु

**स्वाभाविक हुन्छ, त्यसकारण विवाद सम्बन्धमा विद्युत नियमन आयोग समक्ष परेका निवेदनहरुका समाधान मुनासिब माफिकको समय भित्रै सो आयोगबाट सक्षमता पूर्वक हुनु आवश्यक देखिन आउँछ।**

२८.**विद्युत नियमन आयोग नियमावली २०७५ को नियम १७ मा सेवा शुल्क तोक्ने भनी उपनियम (१) मा आयोगले ऐनको दफा २० बमोजिम देहायका विषयमा देहाय बमोजिमको सेवा शुल्क लगाउन सक्नेछ भनी उल्लिखित गरेको देखिन्छ र सोही उपनियमको देहाय (ङ) मा ऐनको दफा १८ बमोजिम विवाद समाधान गर्दा दावी मूल्य खुलेको विवाद भएमा, त्यस्तो दावी मूल्यको पाँच प्रतिशत र दावी मूल्य नखुलेको विवाद भएमा आयोगले तय गरेको मूल्य सेवा शुल्क लिन पाउने देखिएका छन्।**

२९.**यसबाट विद्युत नियमन आयोग ऐन, २०७४ अनुसारका उक्त उपचार औद्योगिक ग्राहकहरुका लागि अत्यन्त महगो हुने भै, तीनीहरु अदालतको असाधारण अधिकार क्षेत्रका माध्यमले उपचार पाउन चेष्टा गर्न बाध्य भएका देखिन्छन्। कानून बमोजिमको पुनरावलोकनको उपचार महगो हुनुको अर्थ उपचार दिनबाट इन्कार गर्नु बराबर हुन जान्छ।**

३०.**निवेदकहरुबाट दायर रिट निवेदनहरुमा, (अनुसूची-६) मा उल्लिखित भए अनुसार फैसलाहरुका सारांश रहेको देखिन्छ। उक्त फैसलाहरु मध्येका केही फैसलाहरुमा पुनरावलोकन र दोहराई पाऊँ भन्ने माग गरी सर्वोच्च अदालत समक्ष परेका निवेदनहरु र अन्य यस्तै मुद्दाहरु समेत अदालतहरु समक्ष हाल विचाराधीन अवस्थामा रहेका देखिन्छन्।**

**९. नेपाल सरकार समक्ष प्रस्तुत गरिने राय सुझावहरु निम्न लिखित अनुसार छन्:**

- नेपाल सरकारको मिति २०८०।०९।०२४ को निर्णयले यस आयोगले पाएको कार्यादेश अनुसार प्राधिकरण र प्राधिकरणका सम्बन्धित औद्योगिक ग्राहकहरु बिच निम्नलिखित अवधिहरुका छुट महसुल सम्बन्धमा विवाद रहेका देखिन्छन्।
- (क) डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल निर्धारण भएको अवधिः २०७२ साउनदेखि २०७२ पुस सम्म।

  (ख) नेपालमा लोडसेडिङ अन्त्य हुनुअघिको अवधिः २०७२ माघदेखि २०७५ वैशाख सम्म।

  (ग) नेपालमा लोडसेडिङ अन्त्य भएपछिको अवधिः २०७५ जेठदेखि २०७७ असार सम्म।

  (Note: यसको खण्ड (क) मा उल्लिखित अवधि महसुल निर्धारण आयोगबाट विद्युत महसुल निर्धारण नभै सकेको अवधि हो)

- **यस सम्बन्धमा विवादरहित कुरा के छ भने, नेपाल विद्युत प्राधिकरणका यी सबै औद्योगिक ग्राहकहरुले, उद्योगहरुलाई नियमित लाग्ने सबै सामान्य (Normal) शुल्कहरु सामान्यतया समय भित्रै बुझाई सकेका छन्।**

- यी विवादहरु प्राधिकरणले सम्बन्धित औद्योगिक ग्राहकहरुलाई निजहरुले सामान्य बिलहरु बुझाई सके पछि, प्राधिकरणले आपूर्ति गरेका भनिएका डेडिकेटेड (Dedicated line) र ट्रंक लाइन (Trunk line) सम्बन्धमा महसुल लिन छुट भएका भनी, सम्बन्धित ग्राहकहरुसंग लिनु पर्ने भनी पठाएका छुट बिलहरु हुन।
- यस सम्बन्धमा मुख्यतया अध्ययन गर्नु पर्ने विषयहरु बारे, यस प्रतिवेदनको प्रकरण (७) सम्ममा आवश्यक विवेचनाहरु गरी, त्यसका सारांशहरु पुन: प्रकरण (८) मा संक्षिप्तरुपमा उल्लिखित गरिएका छन्।
- **विवाद महसुल सम्बन्धमा भएको र महसुल निर्धारण सम्बन्धी अधिकार नेपाल विद्युत प्राधिकरणको नभै विद्युत महसुल निर्धारण सम्बन्धी सबै अधिकार तत्कालिन विद्युत ऐन, २०४९ को दफा १७ अनुसार, विद्युत महसुल निर्धारण आयोगको नै हुन्छ भन्ने कुरामा विवाद गर्ने ठाउँ छैन।**
- **डेडिकेटेड लाइन र फिडरका परिभाषाहरु प्राधिकरणले आफ्नो विनियमावलीहरुमा पटक-पटक परिवर्तन गर्न चाहेको र गरेको देखिन आउँछ। प्राधिकरणले पटक-पटक परिवर्तन गरेका ती परिभाषाहरुबाट डेडिकेटेड लाइन र फिडरका महसुल सम्बन्धमा ती परिवर्तनहरु आकर्षित हुन सक्ने होइन, किनभने महसुल निर्धारण गर्ने अधिकार प्राधिकरण स्वयंको नभै, महसुल निर्धारण गर्ने सक्षम रहेको निकाय अर्थात महसुल निर्धारण आयोगको भएकोले, सो आयोगले जुन मापदण्डहरुलाई मध्यनजर राखी महसुलहरु निर्धारण गरेका छन्, महसुल लाग्ने कुरा ती मापदण्डहरु अनुसार नै हुन्छ।।**
- **ट्रंक लाइनको महसुल सम्बन्धमा समेत महसुल निर्धारण गर्ने अधिकार तत्कालिन कानूनी व्यवस्था अर्थात विद्युत ऐन, २०४९ को दफा १७ अनुसार महसुल निर्धारण आयोगको नै हुँदा, सो आयोगद्वारा ऊल्लिखित मापदण्डहरु अर्थात लोडसेडिङका अवधिहरुमा कम्तीमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा समेत कम्तीमा २०घण्टा विद्युत आपूर्ति भएको अवस्थामा मात्र त्यस आयोगले मिति २०७३/०३ /१६ मा निर्धारित गरेको महसुल लाग्ने कुरा नै कानून सम्मत हुन सक्छ।**

❖ **विवादमा रहेको प्रथम अवधि अर्थात (क) डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत महसुल निर्धारण नभै सकेको अवधि: २०७२ साउन देखि २०७२ पुस सम्म बारे;**

- प्रस्तुत विवादहरु विद्युत महसुल सम्बन्धमा रहेका छन्। उक्त महसुल निर्धारण सम्बन्धी अधिकार नेपाल विद्युत प्राधिकरणको नभै, विद्युत ऐन, २०४९ को तत्कालिन दफा १७ अनुसार, सो सम्बन्धी सबै अधिकार तत्कालिन विद्युत महसुल निर्धारण आयोगमा रहेको थियो।
- ती महसुलहरु सम्बन्धमा, महसुल निर्धारण सम्बन्धी अधिकार प्राप्त विद्युत महसुल निर्धारण आयोगबाट, निर्धारित भए अनुसारका प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क इत्यादिका महसुलहरु यी ग्राहकहरुले प्राधिकरणलाई सामान्यतया समय भित्रै बुझाई सकेका छन् भन्ने कुरामा विवाद छैन।
- विवादका **डेडिकेटेड फिडर लाइनहरुका विशेष महसुल सम्बन्धमा**, नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को ७१० औं बैठकको निर्णय अनुसारको महसुल निर्धारण गरी दिन बारेमा, प्राधिकरणबाट त्यसको ६ महिना भन्दा पनि पछि अर्थात प्राधिकरणको मिति २०७२।०९।२० र मिति २०७२।०९।२६ को क्रमश: ७२२ औं र ७२३ औं बैठकहरुका निर्णय अनुसार मिति २०७२।०९।२२ र मिति २०७२/०९/२८ मा तत्कालिन विद्युत महसुल निर्धारण आयोगलाई Dedicated Feeder को विशेष व्यवस्था मार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि संचालक समितिको उक्त मिति २०७२।०३।१२ को निर्णय अनुसार लागु गरिएको विद्युत महसुल दर मिति २०७२/०४/०१ गते देखि नै प्राधिकरणबाट लागु भै रहेको सन्दर्भमा, सोही

बमोजिम महसुल लिने गरी विद्युत महसुल निर्धारण गरी दिन विद्युत महसुल निर्धारण आयोग समक्ष अनुरोध गर्ने भनी पत्रहरु लेखिएका छन्।

- सो बारेमा, सो आयोगबाट भएको मिति २०७२ पौष २९ गतेको १०३ औं र मिति २०७२।१०।१० को १०४ औं बैठकहरुको निर्णय बेहोराहरुबाट, डेडिकेटेड फिडरको महसुल दर कायम नहुँदा सम्म सरकारी अस्पताल बाहेकका, **डेडिकेटेड फिडरका उपभोक्ताहरुको हकमा ने.वि.प्रा. संचालक समितिले २०७२।३।१२ मा गरेको निर्णय (संलग्न) लाई स्वीकृत गर्ने निर्णय भयो भनी मात्र भनिएको देखिन्छ। ज्ञातव्य के छ भने महसुल निर्धारण आयोगको सो निर्णयहरुमा, सो महसुल प्राधिकरणले माग गरे अनुसार कुनै अघिल्लो मिति अर्थात मिति २०७२।०४।०१ गते देखिनै लागु हुने भनी वा पूर्व प्रभावी (Retrospective effect) हुने भनी भनिएको छैन।**
- **डेडिकेटेड फिडर लाइन सम्बन्धमा विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं र मिति २०७२।१०।१० को १०४ औं बैठकका निर्णयहरु र सो सम्बन्धमा मिति २०७२।१०।१२ मा महसुल निर्धारण आयोगबाट गोरखापत्रमा प्रकाशित सूचना समेतमा, नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार माग भएको बमोजिमको नयाँ महसुल दर आयोगबाट स्वीकृत भएको मात्र भनिएको छ। सो सम्बन्धमा महसुल निर्धारण आयोगबाट मिति २०७२/१०/१४ मा नेपाल विद्युत प्राधिकरणलाई पत्र लेखि अवगत समेत गराएको देखिन्छ। उक्त बैठकहरुबाट निर्धारण भएको महसुल सम्बन्धमा प्रकाशित भएको सूचना र लेखिएको पत्र समेतमा सो महसुल कुनै अघिल्लो मिति देखि लागु हुने भनी भनिएको छैन।**
- सामान्य दृष्टिकोणले हेर्दा समेत पहिले निर्धारण भए बमोजिमका महसुल उपभोक्ताहरुले बुझाई फर-फारक गरी सकेका अवस्थामा, अघि बुझाई सकेका अवधिहरुका महसुलहरु सम्बन्धमा पुन: थप महसुल लाग्ने कुरा गर्नु कुनै प्रकारले व्यवहारिक पनि हुन सक्दैन।
- यसको साथै सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट शिवम सिमेन्टको (मुद्दा नं. 073-WO-0024, फैसला मिति २०७५/०७/२०) मुद्दामा त्यस्ता महसुल सम्बन्धमा, महसुल निर्धारण आयोगबाट निर्धारण भएको मिति देखि लागु हुने भनी सारांश सहितको सिद्धान्त प्रतिपादित भऐको समेतबाट, उक्त महसुलहरु विद्युत महसुल निर्धारण आयोगको निर्णय भएको मिति अर्थात् २०७२।०९।२९ देखि पछि नै लागु हुने कानून र न्याय सम्मत हुने देखिन आउँछ।
- **ट्रंक लाइन सम्बन्धमा** हेर्दा मिति २०७३।०३।१६ भन्दा पहिले, त्यसका महसुल निर्धारण सम्बन्धमा त्यस सम्बन्धी सक्षम निकायबाट कुनै निर्णय भएको देखिदैंन। त्यसकारण सो सम्बन्धमा तत्कालिन महसुल निर्धारण आयोगबाट भएको मिति २०७३/०३/१६ को १०८ औं बैठकको निर्णय अनुसारका त्यस्ता महसुलहरु लागु हुनु पर्ने देखिन्छ।

**तसर्थ डेडिकेटेड फिडर लाइनको महसुल सम्बन्धमा, विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं बैठकको निर्णय भएको मिति पछि र ट्रंक लाइनको महसुल सम्बन्धमा सोही आयोगबाट मिति २०७३/०३/१६ को १०८ औं बैठकबाट भएको निर्णय पछि ती महसुलहरु लागु हुनु पर्ने मुनासिब देखिन आउँछ।**

**❖ विवादमा रहेको दोश्रो अवधि अर्थात (ख) नेपालमा लोडसेडिङ अन्त्य हुनु अघिको अवधि: २०७२ माघ देखि २०७५ वैशाख सम्मका बारे;**

- यो अवधि नेपालमा विद्युतको आपूर्तिमा अत्यधिक लोडसेडिङ हुने समय थियो। त्यसकारण उद्योगहरुमा लोडसेडिङको प्रतिकूल असर नपर्न दिनको लागि डेडिकेटेड र ट्रंक लाइन बारे केही मापदण्ड (Criteria) हरु कायम गरी विद्युत आपूर्ति गर्ने केही विशेष व्यवस्थाहरु गरिएका थिए। त्यसता व्यवस्थाहरुमा डेडिकेटेड र ट्रंकलाइन सम्बन्धमा विशेष मापदण्डहरु निर्धारित गरी सम्बन्धित उद्योगहरुमा त्यस्ता व्यवस्था अनुसार विद्युत आपुर्ति गर्ने प्रयास गरिएको र त्यसका लागि सम्बन्धित ग्राहकहरुले निर्धारित भए अनुसारको विशेष शुल्क बुझाउनु पर्ने व्यवस्था गरिएको हो।
- सामान्य शुल्कको अतिरिक्त पनि विशेष शुल्क दिनु पर्ने डेडिकेटेड लाइनका ती मापदण्ड (Criteria) हरुमा, नेपाल विद्युत प्राधिकरण र तत्कालिन महसुल निर्धारण आयोगका तत्सम्बन्धी निर्णयहरुबाट, डेडिकेटेड लाइनको सन्दर्भमा लोडसेडिङको बेलामा पनि निरन्तररुपले (२४ घण्टा) विद्युत आपूर्ति हुनु पर्ने देखिन्छ भने ट्रंक लाइन को सन्दर्भमा कम्तीमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा कम्तीमा २० घण्टा निरन्तर विद्युतको आपूर्ति हुनै पर्ने व्यवस्था रहेको देखिन आउँछ।
- यस सम्बन्धमा निजी क्षेत्रबाट सञ्चालित प्रतिष्ठान उद्योग, अस्पताल तथा नर्सिङ्ग होम आदिलाई डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति दिने कार्य स्थगित गरिएको भनी मिति २०७२/११/१० मा गोरखापत्रमा प्रकाशित सूचनामा, अर्को निर्णय नभए सम्मका लागि, निजी क्षेत्रबाट सञ्चालित प्रतिष्ठान/उद्योग/अस्पताल तथा नर्सिङ्गहोम आदिलाई डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति दिने कार्य स्थगित गरिएको र डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति लिइरहेका निजी औद्योगिक/प्रतिष्ठान/अस्पताल लगायतका ग्राहकहरुलाई मिति २०७२।११।११ देखि लागु हुने गरी लोडसेडिङ तालिका भित्र रहने गरी विद्युत आपूर्ति गर्ने व्यवस्था मिलाइने व्यहोरा समेत सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ भनी उल्लिखित गरिएको छ। सो सूचनाका बेहोराहरु समेत महत्वपूर्णरुपले विचारणीय हुन आउँछ। उक्त सूचना अनुसार डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति लिइरहेका सम्बन्धित ग्राहकहरुका विद्युत आपूर्ति समेत अवरुद्ध हुने भएको देखिन्छ। उक्त सूचना पछि सम्बन्धित औद्योगिक ग्राहकहरुका लागि डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति पुन: हुने भनी कुनै सूचना नेपाल विद्युत प्राधिकरणबाट प्रकाशित भएको देखिदैंन।

  **तसर्थ उक्त समयावधिहरु भित्र नेपाल विद्युत प्राधिकरणबाट, सम्बन्धित औद्योगिक ग्राहकहरुलाई लोडसेडिङको समयमा समेत काबु बाहिरका परिस्थितिहरु अर्थात मरम्मत सुधारका लागि आपुर्ति नहुन सक्ने अनिवार्य परिस्थितिहरु बाहेक, महसुल निर्धारणको लागि, महसुल निर्धारण आयोग र प्राधिकरण स्वयंले निर्धारित गरेका डेडिकेटेड लाइनका मापदण्डहरुमा निरन्तर अर्थात २४ घण्टा आपूर्ति हुनु पर्नेमा कायम रही, निरन्तर विद्युत आपूर्ति भएका दिन तथा अवधिहरु यकीन गरी, सो दिनहरुका डेडिकेटेड लाइनका महसुल लिन छुट भएका महसुल लिन पाउने देखिन्छ। यस सम्बन्धमा प्राधिकरण स्वयंले जारी गरेका लोडसेडिङ सम्बन्धी सूचनाहरु समेत ध्यानमा राखी डेडिकेटेड लाइन मार्फत सम्बन्धित ग्राहकहरुलाई विद्युत आपूर्ति भएका दिन तथा अवधिहरु यकीन गरी पुन: हिसाब गरी छुट महसुल लिनु पर्दछ।**

- यसै गरी, मिति २०७३/०७/२४ गतेको गोरखापत्रमा, नेपाल विद्युत प्राधिकरणबाट प्रकाशित सूचना अनुसार मिति २०७३।०७।२५ गते बिहीबार देखि अर्को सूचना प्रकाशित नभए सम्मको लागि सम्पूर्ण औद्योगिक ग्राहकहरुको लोडसेडिङ १६:३० बजे देखि २०:३० बजेसम् (४ घण्टा) मात्र हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराएको

देखिन्छ। त्यस्तै नेपाल विद्युत प्राधिकरणबाट प्रकाशित अर्को सूचना अनुसार सूर्यास्तको समय परिवर्तन भएको हुँदा मिति २०७४।११।१० गते विहिबार देखि अर्को सूचना प्रकाशित नभए सम्मको लागि सम्पूर्ण औद्योगिक ग्राहकहरुको साबिकमा भएको लोडसेडिङ समय ढल्केबर देखि भरतपुर सम्मका औद्योगिक ग्राहकहरुको लोडसेडिङ हरेक दिन १८:०० बजेदेखि २१:०० बजेसम्म (३ घण्टा) र ढल्केबरबाट पूर्व क्षेत्रका, भरतपुरदेखि पश्चिम क्षेत्रका तथा नेपाल सरकारको औद्योगिक क्षेत्रका ग्राहकहरुको लोडसेडिङ हरेक दिन १७:३० बजेदेखि २०:३० बजेसम्म (३ घण्टा) मात्र हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराएको देखिन्छ।

- उपरोक्त मिति २०७३।०७।२४ गते तथा मिति २०७४।११।१० गतेका सूचनाहरु अनुसार ती अवधिहरु पछि लोडसेडिङको अवधि स्वत: ६ घण्टा भन्दा कम हुन गै ट्रंकलाइन अनुसारका मापदण्ड कायम रहन नसक्ने अवस्था भएको देखिन्छ।

**त्यसकारण ट्रंक लाइन सम्बन्धमा समेत नेपाल विद्युत प्राधिकरण र तत्कालिन महसुल निर्धारण आयोग समेतले ट्रंक लाइनका मापदण्डहरु अर्थात कम्तीमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा समेत कम्तीमा निरन्तर २० घण्टा विद्युत आपूर्ति भएका अवस्थाहरुलाई कायम गरेको देखिनाले, त्यसरी आपूर्ति भएका दिन तथा अवधिहरुहरुलाई यकीन गरी, सो समयावधिहरुमा भएका विद्युत आपूर्तिलाई ट्रंक लाइनका मापदण्डका अनुसार विद्युत आपूर्ति भएको मानी, छुट महसुल लिन पाउने देखिन्छ। यस सम्बन्धमा समेत प्राधिकरण स्वयंले जारी गरेका लोडसेडिङ सम्बन्धी सूचनाहरुलाई ध्यानमा राखी सम्बन्धित ग्राहकहरुलाई ट्रंकलाइनको मापदण्ड अनुसार विद्युत आपूर्ति भएका दिन तथा अवधिहरु यकीन गरी पुन: हिसाब गरी छुट महसुल लिनु पर्दछ।**

❖ **विवादमा रहेको तेश्रो अवधि अर्थात (ग) नेपालमा लोडसेडिङ अन्त्य भए पछिको अवधि: २०७५ जेठ देखि २०७७ असार सम्म बारे;**

- नेपाल विद्युत प्राधिकरण स्वयंले **२०७५** बैशाख ३१ गते देखि औद्योगिक ग्राहकहरुको समेत लोडसेडिङ अन्त्य गरिएको सूचना मिति २०७५।०१।३० गतेको गोरखापत्रमा प्रकाशित गरी नेपालमा लोडसेडिङ अन्त्य भएको भनेको छ।

  यस सम्बन्धमा हेर्दा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को प्रस्तावना अनुसार **नेपाल विद्युत प्राधिकरणको स्थापना** विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्ने व्यवस्था गर्न र सञ्चालन गर्नको लागि भएको हो। उक्त ऐनको दफा ३(१) मा विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्तिको समुचित व्यवस्था गर्नको लागि नेपाल विद्युत प्राधिकरण स्थापना गरिएको छ भनी स्पष्ट भनिएको छ।

- यी आपूर्ति हुने भनिएका विशेष व्यवस्थाहरु अनुसारका डेडिकेटेड लाइन र ट्रंक लाइन सम्बन्धी सबै कुराहरुको अपरिहार्य सम्बन्ध लोडसेडिङसंग रहेको छ। लोडसेडिङताका नै त्यस्ता विशेष व्यवस्थाहरु मिलाउन आवश्यक भएको थियो। लोडसेडिङ नभएको अवस्थामा त्यस्ता विशेष आपूर्तिको आवश्यकता पनि हुँदैन। डेडिकेटेड लाइन र ट्रंक लाइनका मापदण्डहरुमा लोडसेडिङ अनिवार्य तत्वको रुपमा रहेको हुँदा लोडसेडिङ नभएको अवस्थामा त्यसका अस्तित्व सिद्धिएको कुरा मान्नु नै पर्ने हुन्छ।

**त्यसकारण ती अवधिहरुका नियमित महसुलहरु यी ग्राहकहरुले बुझाई सकेका देखिनाले, लोडसेडिङको विशेष परिस्थितिमा गरिएका विशेष अवस्थाका महसुलहरु लगाउन जारी राख्न खोज्नु, कुनै कारणले पनि औचित्यपूर्ण एवं कानून सम्मत हुन सक्दैंन। तसर्थ सो अवधिका त्यस्ता महसुल लिनु मुनासिब देखिदैंन।**

❖ **नेपाल विद्युत प्राधिकरणले विवादसंग सम्बन्धित छुट महसुलको निर्धारण गर्दा;**

- ऊर्जामापन सम्बन्धमा विद्युत नियमावली, २०५०, विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महसुल संकलन विनियमावली, २०६९ का व्यवस्थाहरु अनुसार ग्राहकहरुले खपत गरेका विद्युत ऊर्जामापक यन्त्र (Meter) ले देखाउने हुनाले विद्युत महसुल सम्बन्धमा सोको रेकर्ड आवश्यक नै हुन्छ। ऊर्जामापकको छुट बिलिङ सम्बन्धमा, विद्युत वितरण विनियमावली, २०६९ को विनियम २० मा कुनै ग्राहकको बिलिङ गर्दा छुट भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा छुट बिल गरिने छ भन्ने व्यवस्था हुनुको साथै उक्त विनियमावलीको २०(१) मा कुनै ग्राहकको मिटर रिडिङ्ग गरी बिलिङ गर्दा गणितीय त्रुटी भएमा, हिसाब मिलान गरी छुट भए वापतको रकमको छुट बिल गरिने छ भन्ने व्यवस्था रहेको छ।
- TOD (Time of day) सम्बन्धमा विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(१०) ले TOD मिटर जडान भएका ग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त, अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय, विद्युत ग्राहक सेवा निर्देशनालयमा पठाउनु पर्नेछ र उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाईने छ भनी व्यवस्था समेत गरेको छ।
- यसको साथ साथै थप महसुल लिनु पर्ने अवस्थामा विद्युत महसुल संकलन विनियमावली २०६९ को ७(३) र विद्युत महसुल संकलन विनियमावली २०७३ को ८(३) मा भएका व्यव्यवस्थाहरु अनुसार तोकिएको अधिकतम सीमा अर्थात २५ प्रतिशत भन्दा बढी थप लिन नहुने रहेको समेत देखिन्छ।
- तसर्थ सम्बन्धित ग्राहकहरुले बुझाएका महसुल नियमानुसार छूट (Discount) दिनु पर्ने भए दिई र थप दस्तुर लिनु पर्ने अवस्थामा लिई बुझ्नु पर्ने हो, विवादमा रहेका महसुल र सामयिकरुपले बुझाउनु पर्ने महसुलको सन्दर्भलाई एकै ठाउँमा जोडी हिसाब गर्न मिल्दैंन। औद्योगिक ग्राहकहरुले बुझाएका महसुलहरु जुन प्रयोजनका लागि बुझाएका छन्, सोही सम्बन्धमा हिसाब गरी बुझ्नु पर्ने देखिन्छ। विवादास्पद छुट महसुलका रकमलाई त्यससंग जोड्न मिल्दैंन।

**अतएव सम्बन्धित औद्योगिक ग्राहकहरुले बुझाएका महसुलहरु जुन प्रयोजन र जुन अवधिका लागि बुझाएका छन् सोही सम्बन्धमा हिसाब गरी बुझ्नु पर्ने हुन्छ। विवादास्पद महसुलका विवादका रकमलाई, त्यससंग जोड्न मिल्दैंन। सो सम्बन्धमा कानून सम्मत रुपले लाग्ने नलाग्ने महसुल छुट्याई पुन: हिसाब गर्नु पर्ने देखिनाले सो रकमलाई लिनु पर्ने अवस्थामा लिने गरी एक ठाउँमा थाती राखी, उपभोक्ता ग्राहकहरुले जुन प्रयोजन र अवधिका लागि महसुलहरु बुझाएका छन् सोही हिसाबमा बुझ्नु पर्ने गरी मिलान गर्नु पर्ने हुन्छ।**
**निजहरुले छुट पाउने भए छुट दिई वा थप महसुल लाग्ने अवस्था भए सो समेत लिने गरी हिसाब गर्नु पर्ने हुनाले कानून सम्मतरुपले सो सबै अवस्थाहरुको विचार गरी यस सम्बन्धमा प्राधिकरण स्वयंले त्यस्ता छुट महसुल सम्बन्धमा पुन: हिसाब गरी लिनु पर्ने महसुल लिन हुन्छ।**

**प्राधिकरणले कानून र न्याय सम्मतरुपले महसुल सम्बन्धमा बिलिङ नगर्ने परिपाटी कायमै राखेमा, यस सम्बन्धमा प्राधिकरणको विश्वसनीयता सम्बन्धित औद्योगिक ग्राहकहरुको बिच मात्र गुम्ने नभै, यसको नराम्रो प्रभाव समस्त ग्राहकवर्गमा फैलिने खतरा उत्पन्न हुन्छ।**

❖ **विवाद सम्बन्धी उपचारका सम्बन्धमा सुझाव:**

- नेपाल विद्युत प्राधिकरण र नियमन आयोग समेतका जवाफहरुबाट ग्राहकहरु तर्फबाट परेका निवेदनहरुमा मनासिव माफिकको समय भित्र उपचार प्रदान गर्न नसकिएको समेत देखिन आउँछ।
- ती निकायहरु खास गरेर विद्युत नियमन आयोगले सशक्तरुपले त्यसतर्फ उपचार दिन नसकेको अवस्थामा, महसुल सम्बन्धी विवाद बढदै जानुको साथै ती निकायहरुको कानुनका व्यवस्था अनुसार विवाद समाधान गर्ने क्षमता माथि पनि प्रश्न उत्पन्न हुनु स्वाभाविक हुन्छ, त्यसकारण विवाद सम्बन्धमा विद्युत नियमन आयोग समक्ष परेका निवेदनहरुका समाधान मुनासिब माफिकको समय भित्रै सो आयोगबाट सक्षमता पूर्वक हुनु आवश्यक देखिन आउँछ।
- विद्युत नियमन आयोग नियमावली २०७५ को नियम १७ मा सेवा शुल्क तोक्ने भनी उपनियम (१) मा आयोगले ऐनको दफा २० बमोजिम देहायका विषयमा देहाय बमोजिमको सेवा शुल्क लगाउन सक्नेछ भनी उल्लिखित गरेको देखिन्छ र सोही उपनियमको देहाय (ङ) मा ऐनको दफा १८ बमोजिम विवाद समाधान गर्दा दावी मूल्य खुलेको विवाद भएमा, त्यस्तो दावी मूल्यको पाँच प्रतिशत र दावी मूल्य नखुलेको विवाद भएमा आयोगले तय गरेको मूल्य सेवा शुल्क लिन पाउने देखिएका छन्।

**यसबाट विद्युत नियमन आयोग ऐन, २०७४ अनुसारका उक्त उपचार औद्योगिक ग्राहकहरुका लागि अत्यन्त महगो हुने भै, तीनीहरु अदालतको असाधारण अधिकार क्षेत्रका माध्यमले उपचार पाउन चेष्टा गर्न बाध्य भएका देखिन्छन्। कानून बमोजिमको पुनरावलोकनको उपचार महगो हुनुको अर्थ उपचार दिनबाट इन्कार गर्नु बराबर हुन जान्छ। यस तर्फ समेत नेपाल सरकारले विचार गर्नु पर्ने आवश्यकता रहेको छ।**

| **श्री सरिता दवाडी** | **श्री दिनेश कुमार घिमिरे** | **श्री गिरीश चन्द्र लाल** |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |
| सचिव-जलस्रोत तथा सिंचाइ | सचिव-वाणिज्य तथा आपूर्ति | पूर्व न्यायाधीश |
| (ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय) | (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) | (सर्वोच्च अदालत) |

● ● ● ● ●

# अनुसूचीहरु

## अनुसूची-१ : सम्बन्धित कानुनी व्यवस्थाहरु

| क्र.सं. | (ऐन/नियमावली/विनियमावली) को विवरण | कैफियत |
|---|---|---|
| १ | विद्युत नियमन आयोग ऐन, २०७४ | |
| २ | विद्युत ऐन, २०४९ | |
| ३ | नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ | |
| ४ | विद्युत नियमन आयोग नियमावली, २०७५ | |
| ५ | विद्युत नियमावली, २०५० | |
| ६ | विद्युत महसुल निर्धारण नियमावली, २०५० | |
| ७ | विद्युत महसुल संकलन विनियमावली, २०७३ | |
| ८ | विद्युत महसुल संकलन विनियमावली, २०६९ | |
| ९ | विद्युत वितरण विनियमावली, २०६९ | |

### विद्युत नियमन आयोग ऐन, २०७४

दफा २ को खण्डः-

(छ) "महसुल" भन्नाले विद्युत सेवा उपभोग गरे बापत उपभोक्ताले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनु पर्ने विद्युत मूल्य, महसुल, शुल्क तथा अन्य दस्तुर सम्झनु पर्छ।

दफा ३ आयोगको स्थापना : (१) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई नियमन गर्ने नियमनकारी निकायको रुपमा नियमन आयोगको स्थापना गरिएको छ।

दफा १२ को खण्डः-

(क) विद्युत सेवा सम्बन्धी ग्रिड संहिता र वितरण संहिता बनाई कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने।

(ङ) विद्युत सेवा बन्द गर्न सक्ने अवस्था, त्यसको आधार र प्राथमिकता निर्धारण गर्ने।

दफा १३. महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने : १) आयोगले महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने सम्बन्धमा देहाय बमोजिमको कार्य गर्नेछ:-

क) सञ्चालन खर्च, ह्रासकट्टी दर, सावाँ व्याजको भुक्तानी, मर्मत सम्भार खर्च, विद्युत संरचनाको निर्माण, पननिर्माण, पुनस्थापना तथा शेयर लगानी बापत वार्षिक रुपमा प्राप्त हुने प्रतिफल लगायत  विद्युत खरिद सम्झैता समेतलाई विचार गरी विद्युत महसुल दर निर्धारणका शर्त तथा आधार निर्धारण गरी त्यसको आधारमा उपभोक्ताले बुझाउनु पर्ने महसुल निर्धारण गर्ने।

ख) विद्युत खरिद बिक्रीको थोक बजार स्थापना नभए सम्म वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको सङ्गगठित संस्थाबीच हुने विद्युत खरिद बिक्री दर र प्रक्रिया निर्धारण गर्ने।

ग) उत्पादित विद्युत खरिद बिक्री गर्न अनुमतिपत्र प्राप्त व्यक्रिहरुबीच विद्युत खरिद सम्झैता गर्न सहमति दिने।

घ) विद्युत मूल्यको लागत न्यूनतम बनाउन आवश्यक उपायको पहिचान गरी लागु गराउने।

ङ) प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ् चार्ज) निर्धारण गर्ने।

च) विशेष परिस्थितिमा विद्युत सेवासंग सम्बन्धित विषयमा निश्चित समयको लागि विद्युत महसुलमा अतिरिक्त महसुल (सरचार्ज) निर्धारण गर्ने।

(२) आयोगले उपदफा (१) बमोजिम महसुल निर्धारण सम्पूर्ण कागजात प्राप्त भएको मितिले साठी दिनभित्र गरीसक्नु पर्नेछ।

(३) आयोगले उपदफा (१) बमोजिम महसुल निर्धारण गरेपछि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम महसुल निर्धारण भएको मितिले एक वर्षभित्र पुन: विद्युत महसुल निर्धारण गरिने छैन।

दफा १८. विवाद समाधान गर्ने : (१) देहायको विषयमा उत्पन्न विवाद समाधान गर्ने अधिकार आयोगलाई हुनेछ:–

(क) अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच उत्पन्न विद्युत सम्बन्धी विवाद,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट आफुलाई मर्का परेको कुरा उल्लेख गरी त्यस बापतको क्षतिपूर्तिको दावी गरेको विषय।

(२) उपदफा (१) बमोजिमको विवाद वा विषयका सम्बन्धमा अनुमति प्राप्त व्यक्ति वा उपभोक्ताले आयोग समक्ष उजूरी दिन सक्नेछ र त्यस्तो उजूरी परेमा आयोगले नब्बे दिनभित्र सुनुवाई गरी निर्णय गर्नु पर्नेछ।

(३) आयोग समक्ष परेको उजूरीको कारबाही र किनारा गर्दा आयोगलाई प्रचलित कानून बमोजिम अदालतलाई भए सरह देहाय बमोजिमको कार्य गर्ने अधिकार हुनेछ :–

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय वा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेश गर्न आदेश दिने,

(घ) स्थलगत निरीक्षण गर्ने, गराउने तथा दसी प्रमाण पेश गर्न आदेश दिने।

(४) उपदफा (२) बमोजिम आयोगले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैँतीस दिनभित्र उच्च अदालत, पाटनमा पुनरावेदन गर्न सक्नेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी विषयमा अनुमति प्राप्त व्यक्तिहरूबीच भएको सम्झौतामा विवाद समाधानको छुट्टै व्यवस्था गरिएको रहेछ भने त्यस्तो विवादको समाधान सोही सम्झौता बमोजिम हुनेछ।

२१. सार्वजनिक सुनुवाई गर्नु पर्ने : (१) आयोगले दफा १३ बमोजिम महसुल निर्धारण गर्नुपूर्व तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(२) आयोगले आफ्नो काम कारबाहीसंग सम्बन्धित अन्य विषयमा समेत आवश्यकता अनुसार सार्वजनिक सुनुवाईको व्यवस्था गर्न सक्नेछ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिम गरेको सार्वजनिक सुनुवाईको अभिलेख राख्नु पर्नेछ।

दफा २२. पुनरावलोकन सम्बन्धी व्यवस्था : (१) कुनै व्यक्ति वा संस्थाले आयोगको निर्णय पुनरावलोकन हुनुपर्ने ठानेमा त्यस्तो निर्णयको जानकारी भएको मितिले पन्ध्र दिनभित्र पुनरावलोकनको लागि आवश्यक कागजातसहित आयोगमा निवेदन दिन सक्नेछ।

तर आयोगले दफा १९ बमोजिम जरिबाना गर्ने गरी गरेको निर्णयको हकमा यो व्यवस्था लागु हुने छैन।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा आयोगले पन्ध्र दिनभित्र साबिकको निर्णय कायम राख्ने वा संशोधन गर्ने निर्णय गरीसक्नु पर्नेछ।

(३) आयोगले उपदफा (२) बमोजिम साबिकको निर्णय संशोधन गर्ने निर्णय गरेमा साबिकको निर्णय कार्यान्वयन नगर्न आदेश दिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिले गलत कागजात पेश गरेको वा कुनै कागजात लुकाएको जानकारी कुनै स्रोतबाट प्राप्त हुन आएमा वा थप कागजात प्राप्त हुन आएमा आयोगले त्यस्तो विषयमा पुनः निर्णय गर्न सक्नेछ।

दफा ४४. संशोधन, खारेजी र बचाउ : विद्युत ऐन, २०४९ को : (१) दफा १६ मा रहेका "दफा १७ बमोजिम" भन्ने शब्दहरुको सट्टा "विद्युत नियमन आयोग सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १७ र १८ खारेज गरिएका छन्।

(३) दफा १७ र १८ बमोजिम निर्धारण भएको विद्युत महसुल यसै ऐन बमोजिम निर्धारण भए गरेको मानिनेछ।

## विद्युत ऐन, २०४९

दफा २ को खण्ड:

(ङ) "महसुल" भन्नाले यस ऐन बमोजिम विद्युत सेवा उपलब्ध गराए बापत ग्राहकबाट लिइने शुल्क सम्झनु पर्छ।

दफा १६. विद्युत महसुल र अन्य दस्तूर लिन सक्ने (१) नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा उपलब्ध गर्ने व्यक्तिसंग दफा १७ बमोजिम निर्धारण गरिएको महसुल र अन्य दस्तूर लिन सक्नेछ।

दफा २८. विशेष अवस्था :

(१) कुनै विशेष अवस्था परी कुनै क्षेत्रको विद्युत उत्पादन, प्रसारण वा वितरण बन्द गर्नु परेमा वा कुनै क्षेत्रमा विद्युत सेवा तत्काल पुऱ्याउनु पर्ने भएमा नेपाल सरकारले सम्बन्धित विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नेलाई आवश्यक आदेश दिन सक्नेछ र त्यस्तो आदेश पालन गर्नु निजको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको आदेश पालन गर्दा पर्न गएको हानि नोक्सानीको क्षतीपूर्ति नेपाल सरकारले व्यहोर्नेछ।

दफा ४०. नियम बनाउने अधिकार

(१) यस ऐनको उद्येश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकारले खास गरी देहायका विषयहरुमा नियम बनाउन सक्नेछः—

(क) अनुमतिपत्रको लागि दिइने दरखास्तको ढाँचा र त्यस्मा खुलाउनु पर्ने कुराहरु, अनुमतिपत्रको ढाँचा, अवधि, शर्तहरु, दस्तूर वा शुल्क र अन्य आवश्यक कुराहरु,

(ख) विद्युत भोल्टको स्तर तथा वितरण गरिने विद्युत सेवाको गुणस्तर र अन्य आवश्यक प्राविधिक कुराहरु,

(ग) विद्युतसंग सम्बन्धित कुनै संरचनाको निर्माण कार्य र सो को स्तर,

(घ) विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्दा उपयोग गरिने उपकरण र सामानहरुको स्तर तथा उपयोगका तरीका,

(ङ) निरीक्षकको योग्यता तथा काम, कर्तव्य र अधिकार,

(च) विद्युतको उत्पादन, प्रसारण तथा वितरण गर्दा अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्थाहरु,

(छ) ग्राहक वा उपभोक्ताहरुले पालन गर्नु पर्ने कुराहरु,

(ज) दुर्घटना तथा त्यसको जाँचबुझ,

(झ) अन्य आवश्यक कुराहरु।

दफा विद्युत नियमन आयोग ऐन २०७४ ले खारेज भईसकेका दफा १७ र १८ यस प्रकार थिए:

१७. विद्युत महसुल र अन्य दस्तुरको निर्धारण : (१) विद्युत महसुल र अन्य दस्तुरहरु निर्धारण गर्नका लागि नेपाल सरकारले एउटा महसुल निर्धारण आयोग गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको आयोगमा नेपाल सरकारको प्रतिनिधि, अर्थविज्ञ, विद्युतको उत्पादन, प्रसारण र वितरणकर्ता तथा ग्राहकहरुमध्येबाट कम्तीमा पाँचजना व्यक्तिहरु रहने छन्।

(३) उपदफा (१) बमोजिमको आयोगले विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा ह्रास कट्टी दर, उपयूक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिर्वतन, रोयल्टी इत्यादीको आधारमा निर्धारण गर्नेछ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (३) बमोजिम निर्धारण भएको विद्युत महसुल र अन्य दस्तुर भन्दा बढी वा सो बाहेक अन्य कुनै महसुल वा दस्तुर लिन पाउने छैन।

(५) उपदफा (१) बमोजिमको आयोगले आफ्नो काम सम्पन्न गर्नका लागि सम्बन्धित कम्पनी, व्यक्ति, निकाय वा संस्थासित आवश्यक जानकारी एवं कागजपत्र माग्न सक्नेछ र सो दिनु निजहरुको कर्तव्य हुनेछ।

(६) उपदफा (१) बमोजिमको विद्युत महुसल र अन्य दस्तुर निर्धारण गर्दा उपदफा (१) बमोजिमको आयोगले ग्राहकहरुको किसिम र किसिम अनुसारको महसुल निर्धारण गर्न सक्नेछ।

(७) उपदफा (१) बमोजिम गठित आयोगको कार्यविधि तोकीए बमोजिम हुनेछ।

१८. छुट्टै महसुल र दस्तुर निर्धारण गर्न सकिने : (१) दफा १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय ग्रिडबाट असंलग्न रही विद्युतको वितरण गर्ने भएका त्यसरी वितरण हुने विद्युतको महसुल र अन्य दस्तुर विद्युत वितरण गर्ने आफैले निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा विद्युत उत्पादन, प्रसारण वा वितरणमा लगाएको सम्पूर्ण लगाएको समपूरण लगानी औंसत पच्चीस वर्षमा फिर्ता हुने गरी ह्रास कट्टी हुने र शेयर पूँजीमा पच्चीस प्रतिशत लाभाश प्राप्त हुने गरी निर्धारण गर्न सक्नेछ।

## नेपाल विद्युत प्राधिकरण ऐन, २०४१

**प्रस्तावना :** विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्ने व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरण स्थापना र सञ्चालन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,
श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

दफा २ को खण्डः-

(घ) "महसुल" भन्नाले प्राधिकरणले विद्युत उपलब्ध गराए वापत ग्राहकबाट लिइने विद्युत महसुल सम्झनु पर्छ।

दफा ३. प्राधिकरणको स्थापना :(१) विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्तिको समुचित व्यवस्था गर्नको लागि नेपाल विद्युत प्राधिकरण स्थापना गरिएको छ।

दफा १६. व्यापारिक सिद्धान्त अनुसरण गर्ने : समितिले प्राधिकरणको कार्य सम्पादन गर्दा सर्वसाधारण जनताको सुविधा समेतको ख्याल राखी व्यापारिक सिद्धान्त अनुसरण गर्नेछ।

दफा १९

(क१) प्रचलित कानून बमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरण गरी विद्युत आपूर्ति गर्ने।

(ख) विद्युत उत्पादन, प्रसारण र वितरण प्रणाली तथा तत्सम्बन्धी अन्य कार्यको योजना तर्जुमा गर्ने र तर्जुमा भएको योजनाको कार्यान्वयन गर्न आवश्यक विद्युत उत्पादन केन्द्र, रुपान्तर केन्द्र (सबस्टेशन ), वितरण केन्द्र, प्रसारण र वितरण लाइन  तथा तत्सम्बन्धी सुविधाहरुको निर्माण, सञ्चालन, संरक्षण र सम्बद्र्धन गर्ने।

(ग) औद्योगिक तथा कृषि विकास तथा जनताको सुविधाको लागि आर्थिक दृष्टिले उपयुत्तः क्षेत्रमा उपयुक्त स्तरको विद्युत उत्पादन, प्रसारण र वितरणको व्यवस्था गर्ने,

(घ) विद्युत महसुल बाहेक ग्राहकबाट मिटर जडान, मिटर ठाउँसारी, नामसारी, क्षमता वृद्धि लगायतका सेवा शुल्क निर्धारण गर्ने,

(यो केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०७५को दफा ८ बाट संशोधन भै यसरुपमा आएको)

दफा २० को उपदफा १ को खण्डः-

(ग) ग्राहकबाट विद्युत महसुल र सेवा शुल्क उठाउने,

(ङ1) प्राधिकरणले वितरण गरेको विद्युतको अनाधिकार उपभोग नियन्त्रण गर्ने,

(छ) आफ्नो काम र कर्तव्य पूरा गर्नको लागि अपरिहार्य र आवश्यक सबै काम गर्ने।

दफा २३ विद्युत लाइन काट्न सकिने : (१) कुनै ग्राहकले प्राधिकरणलाई बुझाउनु पर्ने महसुल जरीवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क, अन्य शुल्क तथा तिर्न बुझाउनु पर्ने अन्य रकम तोकिएको समयभित्र नबुझाएमा वा विद्युतको अनाधिकार प्रयोग गरेमा प्राधिकरणले त्यस्तो ग्राहकलाई दिइराखेको विद्युत लाइन काट्न सक्नेछ।

दफा २३क. क्षतिपूर्ति, अतिरिक्त महसुल तथा जरिवाना लिन सकिने : ग्राहक वा अन्य कसैले विद्युतको अनाधिकार उपभोग गरेमा वा ग्राहकले निर्धारित समयभित्र विद्युत महसुल नतिरेमा प्राधिकरणले त्यस्तो ग्राहक वा विद्युतको अनाधिकार उपभोग गर्नेसंग तोकिए बमोजिमको जरिवाना, क्षतीपूर्ति तथा अतिरिक्त महसुल लिन सक्नेछ।

दफा ३२क. सरकारी बाँकी सरह असुल उपर गर्न सकिने : प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेका विनियमहरु बमोजिम ग्राहक वा अन्य कुनै व्यक्तिसित लिनु पर्ने महसुल, जरिवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क सरकारी बाँकी सरह असुल उपर गरी लिन सक्नेछ।

दफा ३९. मुद्दा हेर्ने अधिकारी: प्राधिकरण वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।

४०. अरु प्रचलित कानून बमोजिम: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

## विद्युत नियमन आयोग नियमावली, २०७५

दफा ६ ग्रीड संहित र वितरण संहिता: (१)आयोगले ऐनको दफा १२ को खण्ड (क) बमोजिम विद्युत सेवा सम्बन्धी ग्रीड संहिता र वितरण संहिता बनाउँदा अन्तरदेशीय वितरण प्रणालीमा आबद्ध ग्रीड र अन्तराष्ट्रियस्तरको ग्रीडसंग तादात्म्यता हुने गरी बनाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आयोगले ग्रीड संहिता र वितरण संहिता बनाउँदा सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसंग परामर्श गर्न सक्नेछ।

(३) उपनियम (१)बमोजिम आयोगले बनाएका ग्रीड संहिता र वितरण संहिताको कार्यान्वयनको विषयमा आयोगले सरोकारवालाहरु समेत रहेको अनुगमन समिति गठन गरी अनुगमन गर्न वा गराउन सक्नेछ।

दफा ८ विद्युत महसुल निर्धारणको लागि निवेदन दिने: (१) वितरण अनुमति प्राप्त व्यक्रिले अपभोक्तालाई विद्युत वितरण गर्नु अघि महसुल निर्धारण गर्न ऐनको दफा १३ को उपदफा (१) को खण्ड (क) का आधारहरु खुलाई आयोग समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन सम्बन्धमा जाँचबुझ गर्दा आयोगले आवश्यक ठानेमा वितरण अनुमतिप्राप्त व्यक्तिसंग थप विवरण तथा कागजात माग गर्न सक्नेछ र यसरी माग गरेको विवरण तथा कागजात उपलब्ध गराउनु वितरण अनुमतिपत्रप्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

(३) उपनियम (१)बमोजिम परेको निवेदन तथा उपनियम (२) बमोजिमका विवरण तथा काजात समेतका आधारमा आयोगले ऐनको दफा १३ को उपदफा (१)को खण्ड (क) बमोजिम उपभोक्ताले बुझाउनु पर्ने महसुल निर्धारण गर्नेछ।

(४) उपनियम (१) बमोजिम दिइने निवेदनको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि वितरण अनुमतिपत्रप्राप्त व्यक्तिको दरखास्त नपरेकै कारणले आयोगले विद्युत महसुल निर्धारण गर्न बाधा पर्ने छैन।

दफा १७ सेवा शुल्क तोक्ने : (१) आयोगले ऐनको दफा २० बमोजिम देहायका विषयमा देहाय बमोजिमको सेवा शुल्क लगाउन सक्नेछ :-

(क) विद्युतको थोक खरिद बिक्री दर निर्धारण गर्दा सात हजार पाँचसय रुपैयाँ,

(ख) विद्युत खरिद सम्झौतामा सहमति दिँदा देहाय बमोजिम :-

१)एकसय किलोवाटदेखि एक मेगावाटसम्म  एक लाख रुपैया,

२)एक मेगावाटभन्दा माथि एकहजार मेगावाटसम्म प्रति मेगावाट दश हजार रुपैयाँका दरले, र

३)सो भन्दामाथि एममुष्ट बीसलाख रुपैयाँ।

(ग) प्रसारण तथा वितरण दस्तुर (व्हीलिङ चार्ज) लगायत यस्तै अन्य महसुल वा दस्तुर निर्धारण गर्दा पच्चीस हजार रुपैयाँ,

(घ) अनुमति प्राप्त व्यक्तिहरु आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिसन) वा ग्रहण (टेक ओभर) गर्न सहमति दिंदा त्यस्तो संरचना वा संख्याको आधार मूल्यको आधारमा दश करोडसम्मको आधार मूल्यको लागि एक लाख रुपैयाँ र सोभन्दा माथी प्रत्येक दश करोडसम्मको लागि पचास हजार रुपैयाँ,

(ङ) ऐनको दफा १८ बमोजिम विवाद समाधान गर्दा दावी मूल्य खुलेको विवाद भएमा त्यस्तो दावी मूल्यको पाँच प्रतिशत र दावी मूल्य नखुलेको विवाद भएमा आयोगले तय गरेको मूल्य,

(च) आयोगले तोकेका अन्य विषयमा आधार मूल्य खुलेकोमा त्यस्तो मूल्यको आधारमा खण्ड (घ) बमोजिमको रकम र आधार मूल्य नखुलेकोमा आयोगले तय गरेको मूल्य।

(२) उपनियम (१) बमोजिम आयोगले सेवा शुल्क लगाउँदा सेवा शुल्क लगाउने विषय र अनुमति प्राप्त व्यक्ति वा संख्थाको नाम आफ्नो वेबसाइट र राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत सार्वजनिक गर्नु पर्नेछ।

## विद्युत नियमावली, २०५०

नियम २ को खण्ड:-

(झ) "ऊर्जामापक यन्त्र" भन्नाले विद्युतको खपत भएको यूनिट देखाउने यन्त्र (मिटर) सम्झनु पर्छ।

नियम २८ विद्युत लाइन जडान गर्न दरखास्त दिनु पर्ने: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले वितरण गर्ने विद्युत शक्तिको उपभोग गर्न चाहने व्यक्तिले निजको कार्यालयमा निजले तोकेको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएका अनुमतिपत्र प्राप्त व्यक्तिले दरखास्तावालाको वायरिङ्ग जाँच गराउन लगाई प्राविधिक तथा सुरक्षात्मक दृष्टिकोणले ठीक देखिएमा विद्युत लाइन उपलब्ध गराउने आवश्यक प्रबन्ध मिलाउनु पर्छ र वायरिङ्ग ठीक नदेखिएमा सो सुधार गर्न सूचना दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँच भएपछि विद्युत लाइन उपलब्ध गराउने विषयमा अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहकको बीचमा विवाद उठ्न गएमा सम्बन्धित पक्षले प्रमुख विद्युत निरीक्षक समक्ष निवेदन दिनु पर्नेछ।त्यस्तो निवेदन उपर निरीक्षकले जाँचबुझ गरी आवश्यक आदेश दिनेछ र त्यस्तो आदेशको पालन गर्नु अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक दुबैको कर्तवय हुनेछ।

(४) दरखास्तवालालाई विद्युत लाइन प्रदान गर्ने सूचना दिनुभन्दा अगावै अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहक हुन इच्छुक व्यक्तिसंग विद्युत लाइन लैजाने तथा ऊर्जा मापक यन्त्र राख्ने सम्बन्धमा छलफल गरी उपयुक्त ठाउँको निर्धारण गर्नु पर्नेछ।

(५) अनुमातिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई विद्युत लाइन जडान गरी दिंदा र आफ्नो तर्फबाट सामान जडान गर्दा लाग्ने खर्च समेत खुलाइएको लगत इष्टिमेटको प्रति ग्राहक हुन इच्छुक व्यक्रिलाई दिनु पर्नेछ।

६) ग्राहक हुन इच्छुक व्यक्तिले उपनियम (५) बमोजिम प्राप्त भएको लगत इष्टिमेटको साथमा लाग्ने रकम अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यालयमा बुझाएपछि विद्युत लाइन जडान गरिनेछ र त्यस्तो विद्युत लाइन उपर अनुमतिपत्र प्राप्त व्यक्तिको नियन्त्रण रहनेछ।

नियम २९ अनुमतिपत्र प्राप्त व्यक्तिले ऊर्जामापक यन्त्र जडान गरी दिनु पर्ने: (१) ग्राहक कहाँ विद्युत शक्तिको खपतको नाप गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो तर्फबाट ऊर्जामापक यन्त्र राखी सो बापत मुनासिब माफिकको धरौटी लिन सक्नेछ।

(२) ग्राहक कहाँ विद्युत लाइन बहाल नरहेमा उपनियम (१) बमोजिम लिएको धरौटी त्यस्तो ग्राहकलाई फिर्ता दिनु पर्नेछ।

(३) उपनियमा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा वा सरलीकरणको लागि विद्युत उपभोग गर्ने ग्राहक तथा अनुमतिपत्र प्राप्त व्यक्ति बीच आपसी समझदारी भएमा ऊर्जामापक यन्त्र नराखीकन पनि अनुमनतिपत्र प्राप्त व्यक्तिले विद्युत वितरण गर्न सक्नेछ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहक कहाँ राखिएको ऊर्जामापक यन्त्र समय समयमा प्राविधिक जाँच गरानउ पर्नेछ र सञ्चालनको कारणले गर्दा ऊर्जामापक यन्त्र बिग्रेको देखिएमा बिना मूल्य अर्को फेरी दिनु पर्नेछ।तर ग्राहकले जानी जानी वा निजको लापरवाहीको कारणबाट ऊर्जामापक यन्त्र बिग्रेमा वा चोरी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसंग सो बापतको मोल लिई नयाँ ऊर्जामापक यन्त्र जडान गर्नु पर्नेछ।

(५) ऊर्जामापक यन्त्र बिग्रेको वा साधारणा: घुम्नु पर्ने भन्दा बढी घुमेको भनी ग्राहकले दरखास्त दिएमा अनुमतिपत्र प्राप्त व्यक्तिले यस्तो ऊर्जामाक यन्त्र बढिमा १५ दिन भित्र जाँच्न लगाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम जाँच गर्दा ऊर्जामापक यन्त्र साधारणा: घुम्नु पर्ने भन्दा बढी घुमेको देखिएमा अनुमतिपत्र प्राप्त व्यक्तिले बिना मूल्यमा मर्मत सुधार वा अर्को फेरिदिनु पर्नेछ।

(७) ग्राहकको दावी अनुसार ऊर्जामापक यन्त्र बिग्री वा वढी घुमी निजलाई नोक्सान परेको देखिएमा ग्राहकले निवेदन दएको मिति भन्दा एक महिना अगाडीसम्मको नोक्सानीको पूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले गर्नु पर्नेछ।

(८) अनुमतिपत्र प्राप्त व्यक्रिले प्राप्त व्यक्तिले प्रत्येक महिनाको विद्युत खपत र सो बापत लाग्ने दस्तुर तिरेको समेत देखिने गरी ग्राहकलाई एक कार्ड उपलब्ध गराउनु पर्नेछ।

(९) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकको घर जग्गामा जडान गर्ने ऊर्जामापक यन्त्र तथा तत्सम्बन्धी अन्य मालसामानमा आवश्यक सङ्ख्यामा सिल लगाउन सक्नेछ।

(१०) उपनियम (९)बमोजिम लगाइएको सिल अनुमतिपत्र प्राप्त व्यक्ति वा निजले खटाएको व्यक्तिले बाहेक अरु कसैले बिगार्न, फेर्न वा कुनै प्रकारले नष्ट गर्न हुँदैन।

(११) कुनै ग्राहक कहाँ अगाडि जडान भैसकेको विद्युत लाइन तथा ऊर्जामापक यन्त्र पायक पर्दो अन्य ठाउँमा ग्राहकले सार्न चाहेमा नियम ३४ बमोजिको दस्तुर लिई अनुमतिपत्र प्राप्त व्यक्रिले ग्राहकको विद्युत लाइन  तथा ऊर्जामापक यन्त्र सार्न पर्नेछ।

(१२) ग्राहकले अनुमतिपत्र प्राप्त व्यक्रिको विद्युत लाइन, ऊर्जामापक यन्त्र, कट-आउट वा सर्किटब्रेकर बिगार्नु हुँदैन

नियम ३० ग्राहकको विवरण तथा सूची तयार गर्ने (१)अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई विद्युत लाइन उपलब्ध गराउने सम्बन्धमा तयार पारेको विवरण  सुरक्षितसाथ राख्नु पर्नेछ र निरीक्षकले आफ्नो जाँचबुझको सिलसिलामा उक्त विवरण हेर्न चाहेमा देखाउनु पर्नेछ।

दफा ३३ महसुल तथा अन्य दस्तुर बुझाउनु पर्ने : विद्युत सेवा उपभोग गरे बापत ऐनको अनुसार गठित महसुल निर्धारण आयोगले निर्धारण गरेको विद्युत महसुल तथा अन्य दस्तुर बुझाउनु प्रत्येक ग्राहकको दायित्व हुनेछ।

(२) उपनियम (१)बमोजिमको महसुल बुझाउनु पर्ने म्याद अनुमतिपत्र प्राप्त व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ। यसरी म्याद निर्धारण गर्दा निर्धारित समय भन्दा अगाडी महसुल बुझाउने ग्राहकद्ये पाउन सक्ने छुट र निर्धारित समय भित्र महसुल नबुझाउने ग्राहकले तिर्नु पर्ने अतिरिक्त महसुल दर समेत स्पष्ट रुपमा खुलाई दिनु पर्नेछ।

## विद्युत महसुल निर्धारण नियमावली, २०५०

नियम २. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

ग) "महसुल" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको विद्युत सेवा उपभोग गर्ने ग्राहकबाट लिइने शुल्क सम्झनु पर्छ।

नियम ४.आयोगको काम, कर्तव्य र अधिकार: (१) ऐनमा लेखिएदेखि बाहेक आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

क) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विद्युत महसुल र अन्य दस्तुरहरु निर्धारण गर्ने,

ख) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत सेवा उपलब्ध गराए बापत ग्राहकहरुसंग लिने गरेको विद्युत महसुल तथा अन्य दस्तुरहरुमा पुनरावलोकन गर्ने,

ग) आयोगले आफ्नो कार्य सम्पादनको लागि आवश्यकतानुसार आयोगको कुनै सदस्य, कर्मचारी वा विशेषज्ञलाई नेपाल ........को कुनै पनि स्थानमा खटाउने।

२) आयोगले आफ्नो क्षेत्राधिकारसंग सम्बन्धित कुनै विषयमा अध्ययन प्रतिवेदन पेश गर्न आयोगकै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ। त्यस्तो समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

नियम ६. विद्युत महसुल र अन्य दस्तुरहरुको निर्धारण:- (१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तुरहरु निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको संचालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन, रोयल्टी, विद्युत विकासको सम्बन्धमा नेपाल सरकारले अपनाएको नीति आदिको आधारमा निर्धारण गर्नेछ। यसरी निर्धारण गर्दा आयोगले विद्युत उत्पादनको सीमान्त लागत (मार्जिनल कष्ट), परिवत्र्य विदेशी मुद्राको विनियम दर, विद्युत उत्पादनको लागि प्रयोग हुने इन्धनको मूल्य तथा अनुमतिपत्र प्राप्त व्यक्ति र सम्बन्धित विद्युत आयोजनामा ऋण प्रदान गर्ने वा पुँजी लगानी गर्ने वित्तीय संस्था बीच भएको वित्तीय सम्झौता समेतलाई आधार लिनेछ।

तर नेपाल सरकार आफैले वा नेपाल सरकारको पचास प्रतिशतभन्दा बढी शेयर पुँजी लगानी भएको संगठित संस्थाले विद्युत सेवा उपलब्ध गराए बापत लिने विद्युत महसुल तथा अन्य दस्तुर निर्धारण गर्दा आयोगले नेपाल सरकार तथा त्यस्तो संस्थाले सम्बन्धित विद्युत आयोजनाको लागि वित्तीय संस्थासित गरेको वित्तीय सम्झौताको पालना हुने गरी विद्युत महसुल तथा अन्य दस्तुर निर्धारण गर्नेछ। विद्युत उत्पादनको लागि प्रयोग हुने इन्धनको मूल्यमा *वा उपभोक्ता मूल्य सूचीमा परिवर्तन भएमा नेपाल सरकार वा त्यस्तो संस्था आफैले सो अनुरुप विद्युत महसुलमा परिर्वतन गर्ने गरी आयोगले त्यस्तो इन्धनको मूल्य * वा उपभोक्ता मूल्य सूचीमा भएको परिवर्तनको अनुपातमा विद्युत महसुलको दर परिवर्तन गर्ने उपयुक्त सूत्र (फर्मुला) समेत निर्धारण गरी दिनेछ। *यसरी विद्युत महसुल परिवर्तन गर्दा साबिकमा कायम रहेको विद्युत महसुलमा पाँच प्रतिशतमा नबढने गरी र बर्षमा एकएटक मात्र परिवर्तन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तुरहरु निर्धारण गर्दा ग्राहकहरुको किसिम, सामाजिक दायित्व, अन्तर अनुदान (क्रस सवसिडिज) तथा विद्युत माग व्यवस्थापनको सम्भावना (पोटेन्सियल फर डिमाण्ड साईड म्यानेजमेण्ट ) समेतलाई ध्यान दिई महसुल तथा अन्य दस्तुर निर्धारण गर्न सक्नेछ।

(३) आयोगले उपनियम (१) र (२) बमोजिम विद्युत महसुल र अन्य दस्तुरहरु निर्धारण वा पुनरावलोकन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिको संगठनात्मक कौशलता (अर्गनाइजेशनल इफिसियन्सी )लाई पनि ध्यान दिन सक्नेछ।

नियम ७. विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्न दरखास्त दिने: विद्युत वितरण गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकबाट लिइने विद्युत महसुल र अन्य दस्तुर निर्धारण गराउन देहायका विवरणहरु खुलाइ अनुसूचि बमोजिमको ढाँचामा आयोग समक्ष दरखास्त दिनु पर्नेछ :-

क) प्रस्तावित विद्युत महसुल निर्धारण गर्नु पर्ने आधारहरु (ती आधारहरुको औचित्य पुष्टयाई हुने आर्थिक एवं प्राविधिक विश्लेषण सहितको प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात),

ख) विद्युत महसुल दरमा परिवर्तन गर्नु पर्ने भए त्यसको आधारहरु (ती आधारहरुको औचित्य पुष्टयाई हुने आर्थिक एवं प्राविधिक विश्लेषण सहितको प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात),

ग) साबिकमा लिई आएको विद्युत महसुल, प्रस्तावित वा परिवर्तित विद्युत महसुल स्पष्ट देखिने सूचि (गार्हस्थ, व्यापारिक, औद्योगिक तथा अन्य प्रयोजनको लागि विद्युत प्रयोग गर्ने ग्राहकहरुलाई लगाउन खोजिएको विद्युत महसुल र प्रस्तावित परिवर्तनको प्रतिशत),

घ) अनुमतिपत्र प्राप्त व्यक्तिले वित्तीय संस्थाहरुसित सहमती जनाएको वित्तिय शर्त (फाइनान्सियल कोभनेण्टेस्) जस्ता अन्य सम्बद्ध कुराहरु।

नियम ८. दरखास्त उपर जाँचबुझ: (१) नियम ७ बमोजिम महसुल र अन्य दस्तुर निर्धारणको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले दरखास्त दिएपछि दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँजबूझ गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबूझ गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न आयोगले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई मनासिव म्याद तोकी दरखास्त दर्ता भएको मितिले ३५ दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न आयोगले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै दरखास्त परेको मिति मानिनेछ।

नियम ९.विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्ने: (१) नियम ७ बमोजिम परेको दरखास्त उपर नियम ८ बमोजिम आयोगले जाँचबूझ गरेपछि दरखास्तवालाले प्रस्तावित गरेको दर अनुसार वा आवश्यक भए त्यस्तो दरमा संशोधन समेत गरी आयोगले दरखास्त परेको मितिले साठी दिन भित्र विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा निर्धारित वा परिवर्तित दर लागु हुने मिति समेत तोकिदिनु पर्नेछ।

(३) नियम ८ बमोजिम आयोगले जाँचबुझ गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले प्रस्तावित गरेको विद्युत महसुल र अन्य दस्तुर परिवर्तन गर्न आवश्यक नदेखेमा आयोगले सो कुराको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई दरखास्त परेको मितिले साठी दिन भित्र दिनु पर्नेछ।

९क. अनुमति प्राप्त नगरेसम्म निर्धारण गराउनु नपर्ने: नियम ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ हुनु अघिदेखि विद्युत वितरण गरीरहेको व्यक्ति वा संगठित सस्थाले ऐनको दफा ४ को उपदफा (३) बमोजिम अनुमतिपत्र प्रप्त नगरेसम्म ग्राहकबाट लिइने विद्युत महसुल वा अन्य दस्तुरमा परिवर्तन गर्न आयोगबाट निर्धारण गराउनु पर्ने छैन।

१०. सूचना प्रकाशित गर्नु पर्ने : नियम ९ बमोजिम आयोगले निर्धारण गरेको विद्युत महसुल दर र अन्य दस्तुरहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ।

## विद्युत महसुल संकलन विनियमावली, २०७३

विनियम २: परिभाषाको खण्ड

(ख) ग्राहक
"ग्राहक" भन्नाले यस विनियमावलीको विनियम ३ अन्तर्गत तोकिएका विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ। सो शब्दले ट्रक लाइन (Trunk Line) र डेडिकेटेड फिडर (Dedicated Feeder) वाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई समेत जनाउनेछ।

(ग) ट्रंक लाइन (Trunk Line)
ट्रंक लाइन (Trunk Line) भन्नाले प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन सम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाइनलाई सम्झनुपर्छ।"

(घ) डेडिकेटेड फिडर (Dedicated Feeder)
डेडिकेटेड फिडर (Dedicated Feeder) भन्नाले ने.वि.प्रा. को स्वस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई बुझाउनेछ।

*उपरोक्त विनियम २(घ) लाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट संशोधन भई सोको सट्टामा देहाय बमोजिमको व्यवस्था भएको।*

"डेडिकेटेड फिडर/डेडिकेटेड लाइन भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाइन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्रहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई सम्झनुपर्छ।"

(ङ) डेडिकेटेड लाइन (Dedicated Line)
डेडिकेटेड लाइन (Dedicated Line) भन्नाले ग्राहक स्वयम् वा अन्य निकायको श्रोत बाट छुट्टै निर्माण भएको वितरण लाइनलाई बुझाउनेछ।

*उपरोक्त विनियम २(ङ) लाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट हटाइएको।*

(ट) महसुल

*"महसुल " भन्नाले विद्युत उपभोग गरे वापत ग्राहकले प्राधिकरणलाई प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने अनूसुचि १ र अनुसूची १ क मा उल्लिखित मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्कलाई सम्झनु पर्छ।*

(ड) मिटर

"मिटर" भन्नाले विद्युतको खपत नाँप गर्ने जडित यन्त्र सम्झनुपर्छ।

विनियम ३: ग्राहक वर्गीकरण :

विद्युत महसुल दर निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम ग्राहक वर्गीकरण गरिएको छ

३(२) औद्योगिक

(क)उत्पादनमुलक उद्योगः कोरामाल, अर्ध प्रशोधन वा उत्पादनमुलक उद्योगहरु जस्तैः चामल, दाल, पिठो, तेल, चिनी, खांडसारी, दुध, घ्यु, दुग्ध पदार्थ, पाउरोटी, विस्कुट, चिया, कपडा, जुत्ता, चप्पल, साबुन, सलाई, कागज, स्टेशनरी सामान, औंषधी उत्पादन कपास स्पिनिंग, गार्मेण्ट उद्योग, कोरामाल रंगाउने (डाइंग) उद्योग आदि।

(ख) खनिज उत्खनन् उद्योग।

(ग) कृषिमा आधारित उद्योग: पशुपालन, कुखुरा पालन, मौरी पालन, मत्स्यपालन, रेशम खेती, शीत भण्डार आदि।

(घ) संचार व्यवसाय बाहेकका छापाखाना।

(ङ) यन्त्रशाला, वर्कसप आदि।

(च) निर्माण सामाग्री उत्पादन गर्ने उद्योग जस्तै- सिमेण्ट, आईरन तथा स्टील आदि, र

(छ)घरेलु तथा साना उद्योग कार्यालय / विकास समिति, उद्योग विभाग तथा कम्पनि रजिष्टारको कार्यालयमा दर्ता भएका अन्य उद्योगहरु।

स्पष्टिकरण: तल्लो भोल्टेज स्तर (४००/२३०भोल्ट) मा जडित १० कि.वा. वा सो भन्दा कम जडित क्षमता भएका औद्योगिक ग्राहकहरु ग्रामीण एवं घरेलु उद्योग वर्गभित्र पर्नेछन्। सो भन्दा वढी क्षमता भएका उद्योगहरु साना उद्योग अर्न्तगत पर्नेछन्।

विनियम ५: विद्युत महसुल, अन्य दस्तुर तथा सेवा शुल्क र बिलिङ सम्बन्धी व्यवस्था

५(२) प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत अनुसूची १ क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्ने

५(५) ३३ के.भि. ट्रंक लाइन तथा ११ के.भि. रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्नेछन्। यस्तो सेवा लिन स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह प्राधिकरण संचालक समितिबाट स्वीकृति लिनु पर्नेछ।यदि कुनै ग्राहकले स्वीकृति नलिई ने.वि.प्रा.ले निर्धारण गरेको लोडसेडिङ समय कट्टा गरी विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाइन कट्टा गरी दफा ११ बमोजिम बिल रकम र सो बराबरको क्षतिपूर्ति रकम समेत तिर्नु पर्नेछ। यस्तो अवस्थामा विद्युतको बिल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महसुल लगाइने छ। यसरी कायम भएको विद्युत महसुल तथा क्षतिपूर्ति रकम नतिरेसम्म विद्युत लाइन जोडिने छैन।

*उपरोक्त उप-विनियम ५(५) लाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट हटाइएको।*

५(१०) TOD मिटर जडान भएकाग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित सान्दर्भिक कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय वि.ग्रा.से.नि. मा पठाउनु पर्नेछ। उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेहि बनाईनेछ।

५(११) माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथि) र मझौला भोल्टेज (३३ के.भी र ११ के.भी) का ग्राहकहरुमा अनिवार्यरुपमा TOD मिटर जडान गरी बिलिङ गरिनेछ" भन्ने व्यवस्था रहेको।

छुट बिलिङ सम्बन्धी व्यवस्था

५(१३) प्राधिकरणले ग्राहकलाई बिलिङ गर्दा कुनै कारण वश छुट भएमा सो को जानकारी भएपश्चात जुनसुकै समयमा पनि विद्युत उपभोग गरी छुटेको खपत बापत छुट्टै बिलिङ गरिनेछ। यसरी बिलिङ गरिएकोमा ग्राहकले जानकारी प्राप्त गरेको मितिले ३५ दिन भित्र बिलिङ गरिएको रकम बुझाउनु पर्नेछ। छुट बिलिङ गरिएको निर्णयमा चित्त नबुझ्ने ग्राहकले ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ मा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी पुनरावेदन समिति समक्ष निवेदन पेश गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको।

विनियम ७. विद्युत महसुल भुक्तानी गर्दा ग्राहकले पाउने छुट तथा सुविधा सम्बन्धी व्यवस्था

७(१) नेपाल सरकारले तोकेको औद्योगिक क्षेत्र भित्रका ग्राहकले मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाएमा बिल रकमको १० प्रतिशत रकम छुट दिइनेछ।

७(२) नेपाल सरकार अर्न्तगतका शवदाह गृह, सरकारी अस्पताल तथा स्वास्थ्य चौकिहरु (आवास गृह बाहेक) लाई मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाएमा बिल रकमको २० प्रतिशत रकम छुट दिइनेछ।

७(३) मिटर रिडिङ गरेको ७ दिन भित्र महसुल बुझाउने उपविनियम (१) र (२) मा उल्लिखित ग्राहक बाहेकका अन्य वर्गका ग्राहकलाई बिल रकमको ३ प्रतिशत छुट दिईनेछ। मिटर रिडिङ्ग गरेको ८औं दिन देखि २२औं दिन भित्र बिल अनुसारको महसुल लाग्नेछ।

विनियम ८. विद्युत महसुलमा थप दस्तुर सम्बन्धी व्यवस्थाः

८(१) विनियम ७ को उपविनियम (१) र (२) मा उल्लिखित ग्राहक बाहेक अन्य वर्गका ग्राहकले मिटर रिडिङ्ग गरेको २३औं दिन देखि ३०औं दिनसम्म विद्युत महसुल बुझाएमा ५ प्रतिशत थप दस्तुर लाग्नेछ।

८(२) मिटर रिडिङ्ग गरेको ३१औं दिन देखि ४०औं दिन सम्म विद्युत महसुल बुझाएमा १० प्रतिशत थप दस्तुर लाग्नेछ।

८(३) मिटर रिडिङ्ग गरेको ४१औं दिन देखि माथि विद्युत महसुल बुझाएमा २५ प्रतिशत थप दस्तुर लाग्नेछ।

विनियम १०: विद्युत लाइन काट्ने सम्बन्धी व्यवस्था

मिटर रिडिङ गरेको ६० औं दिनसम्म विद्युत महसुल नबुझाएमा विना सूचना जुनसुकै समयमा पनि विद्युत लाइन काटिनेछ।

## विद्युत महसुल संकलन विनियमावली, २०६९

विनियम २. परिभाषा:

(ङ) “ग्राहक" भन्नाले विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ।

(च) “महसुल" भन्नाले विद्यूत उपभोग गरे वापत प्राधिकरणलाई तिर्नु वा बुझाउनु पर्ने विद्युतको महसुल सम्झनु पर्छ।

(झ) “मिटर” भन्नाले विद्युतको खपत नाप गर्ने जडित यन्त्र सम्झनु पर्छ।

विनियम ३. ग्राहक वर्गीकरण :

विद्युत महसुल दर निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम ग्राहक वर्गीकरण गरिएको छ।

३(३) औद्योगिक

(क) उत्पादन मूलक उद्योग: कोरामाल, अर्ध प्रशोधन वा उत्पादनमूलक उद्योगहरु जस्तैः चामल, दाल, पिठो, तेल, चिनी, खाँडसारी, दूध, घ्यू, दूग्ध पदार्थ, पाउरोटी, विस्कुट, चिया, कपडा, जुत्ता, चप्पल, साबुन, सलाई, कागज, स्टेशनरी सामान, औषधी उत्पादन गर्ने, कपास स्पिनिंग, गार्मेट उद्योग, कोरामाल रंगाउने (डाइनिङ) उद्योग आदि।

(ख) खनिज उत्खनन् उद्योग।

(ग) कृषिमा आधारित उद्योग: पशुपालन, कुखुरा पालन, मौरी पालन, मत्स्यपालन, रेशम खेती, शीत भण्डार आदि।

(घ) छापाखाना।

(ङ) यन्त्रशाला, वर्कसप आदि।

(च) निर्माण सामाग्री उत्पादन गर्ने उद्योग जस्तै - सिमेण्ट, आईरन तथा स्टी आदि।

(छ) स्पष्टिकरणः २० कि.वा. वा सो भन्दा कम जडित क्षमता भएका औद्योगिक ग्राहकहरु ग्रामीण एवं घरेलु उद्योग वर्गभित्र पर्नेछन।

विनियम ४. विद्युत महसुल र अन्य दस्तुर तथा सेवा शुल्क सम्बन्धी व्यवस्था:

४(१) प्राधिकरणको सम्पूर्ण ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत अनूसुची - १ मा उल्लेख भए बमोजिमको विद्युत महसुल रकम (डिमाण्ड शुल्क र इनर्जी शुल्क) प्राधिकरणबाट मिटर रिडिङ्ग गरी बिलिङ गरिएको मितिले २२ औं दिनभित्र बुझाउनु पर्नेछ।

४(२) अन्य दस्तुर तथा सेवा शुल्क अनुसूचि - २ मा उल्लेख भए अनुसार हुनेछ।

विनियम ५. डिमाण्ड शुल्क निर्धारण सम्बन्धी विशेष ब्यवस्था:

५(१) कुनै पनि ग्राहकको स्वीकृत लोड ४० कि. वा. वा ५० के. भि.ए. वा सो भन्दा वढी भएमा डिमाण्ड मिटर लगाउनु पर्नेछ। स्वीकृत लोड भन्दा डिमाण्ड मिटरले देखाएको डिमाण्ड ५० प्रतिशत भन्दा कम भएमा स्वीकृत लोडको ५० प्रतिशतले हुने रकम ग्राहकले डिमाण्ड शुल्क वापत बुझाउनुपर्नेछ। डिमाण्ड मिटर जडान नभएको ग्राहकहरुकोमा स्वीकृत लोडको ८० प्रतिशतले हुन आउने रकम डिमाण्ड शुल्क कायम गरिनेछ। सो बमोजिमको हुन आउने डिमाण्ड शुल्क ग्राहकले बुझाउनुपर्नेछ।

विनियम ६. विद्युत महसुलमा छुट सम्बन्धी व्यवस्था:

६(१) मिटर रिडिङ गरेको ७ दिनभित्र महसुल बुझाउने न्यूनतम २० युनिटसम्मको विद्युत खपत गर्ने ग्राहस्थ वर्गका ग्राहकहरुलाई रु ४। - छुट दिईनेछ।

६(२) मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाउने नेपाल सरकारले तोकेको औद्योगिक क्षेत्रभित्रका ग्राहकहरुलाई १० प्रतिशत र नेपाल सरकार अर्न्तगतका अस्पताल तथा स्वास्थ्य चौकिहरुलाई २० प्रतिशतले हुने आउने रकम छुट दिइने छ। मिटर रिडिङ्ग गरेको दिन बाट २२ देखि ३० औं दिनसम्म भुक्तानी हुने अवस्थामा तोकिएको महसुल नै लागु हुने र रकम छुट पाउने छैन। ३० औं दिनपछि भुक्तानी हुने अवस्थामा विनियम ७ अनुसार हुनेछ।

६(३) उपविनियम (२) मा उल्लिखित ग्राहक बाहेक अन्य वर्गका ग्राहकहरुलाई मिटर रिडिङ्ग गरेको ७ दिन भित्र महसुल बुझाएमा ३ प्रतिशतले हुन आउने रकम छुट दिईनेछ।

विनियम ७. विद्युत महसुलमा थप दस्तुर लाग्ने सम्बन्धी व्यवस्था:

७(१) मिटर रिडिङ गरेको २३ औं दिन देखि ३० औं दिनसम्म विद्युत महसुल वुझाएमा ५ प्रतिशत थप दस्तुर लाग्नेछ।

७(२) मिटर रिडिङ गरेको ३१ औं दिन देखि ४० औं दिन सम्म विद्युत महसुल बुझाएमा १० प्रतिशत थप दस्तुर लाग्नेछ।

७(३) मिटर रिडिङ गरेको ४१ औं दिन देखि माथि विद्युत महसुल बुझाएमा २५ प्रतिशत थप दस्तुर लाग्नेछ।

विनियम ८. विद्युत लाइन काट्ने सम्बन्धी व्यवस्था:

मिटर रिडिङ गरेको ६० औं दिनसम्म विद्युत महसुल नबुझाएमा विना सूचना जनुसुकै समयमा पनि विद्युत लाइन काटिनेछ।

## विद्युत वितरण विनियमावली, २०६९

विनियम २. परिभाषा:

(ङ) "ग्राहक" भन्नाले प्राधिकरणबाट बिक्री वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ। सो शब्दले विद्युत लाइन लिन आवेदन दिई प्राधिकरणबाट मिटर जडान गर्न स्वीकृति प्रदान गरेको व्यक्ति वा संस्था समेतलाई जनाउनेछ।

*विद्युत वितरण विनियमावली, २०६९ मा नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट विनियम २: परिभाषाको खण्ड (ङ) संशोधन भई देहाय बमोजिम कायम भएको।*

*(ङ) "ग्राहक" भन्नाले प्राधिकरणबाट बिक्री वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ। सो शब्दले डेडिकेटेड फिडर/डेडिकेटेड लाइन , ट्रंक लाइन , औद्योगिक फिडर/लाइन, औद्योगिक क्षेत्र लाइन , विशेष आर्थिक क्षेत्र लाइन र ११ के.भि. रिंगमेनबाट विद्युत आपूर्ति लिएका ग्राहक समेतलाई सम्झनु पर्छ।*

*विद्युत वितरण विनियमावली, २०६९ मा नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट विनियम २: परिभाषाको खण्ड (ङ) पछि देहाय बमोजिम थप भएको।*

(ङ१) "ट्रंक लाइन (Trunk Line)" भन्नाले प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन सम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाइनलाई सम्झनुपर्छ।

(ङ२) "डेडिकेटेड फिडर/डेडिकेटेड लाइन" भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाइन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्रहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई सम्झनुपर्छ।

(च) "मिटर" भन्नाले प्राधिकरणले विद्युतको खपत/उच्चतम माग वा दुबै नाप गर्न ग्राहकको घरमा जडान गरेको यन्त्र सम्झनु पर्छ।

(त) "मिटर रिडिङ्ग" भन्नाले ग्राहकको घरमा जडान गरिएको मिटरमा देखिएको विद्युत शक्तिको उपभोगको खपत / उच्चतम माग वा दुबै मापन गर्ने कार्य सम्झनु पर्छ।

(फ) "बील" भन्नाले ग्राहककोमा जडान गरिएको मिटरले देखाएको विद्युत खपतको आधारमा प्रचलित महसुल दर बमोजिम हुन आउने र आवश्यकता अनुसार अन्य सम्बन्धित दस्तुर लगायत ग्राहकले प्राधिकरणलाई तिर्नु बुझाउनुपर्ने हिसावको विवरण लेखिएको प्राधिकरणको आधिकारीक कागजलाई सम्झनु पर्छ।

(ब) "महसुल" भन्नाले प्राधिकरणले विद्युत सेवा उपलब्ध गराए वापत प्राधिकरणको विद्युत महसुल संकलन विनियमावली ०६९ को अनुसूचि १ र २ मा उल्लिखित ग्राहकबाट लिइने रकमलाई सम्झनु पर्छ।

(भ) "सेवा शुल्क" भन्नाले प्राधिकरणको पोल भाडामा लिई संचालन गरिएको केबुल टेलिभिजन, होडिङ्ग बोर्ड राख्ने फर्म, संघ/संस्थाले बुझाउनुपर्ने रकम र अनूसुचि १३ मा उल्लिखित रकम समेतलाई बुझाउनेछ।

(श) “ग्राहक बर्गिकरण” भन्नाले प्राधिकरणको विद्युत महसुल संकलन विनियमावली, ०६९ को विनियम ३ को उपविनियम (१) देखि (१०) सम्म उल्लिखित ग्राहक वर्गीकरण लाई जनाउनेछ।

विनियम ३. विद्युत लाइन जडान गर्न आवेदन दिनु पर्ने :

३(१) प्राधिकरणद्वारा बिक्री वितरण गरिने विद्युत शक्तिको उपभोग गर्न चाहने व्यक्ति/ संस्थाले अनुसूची-१ बमोजिमको विद्युत आवेदन फारम भरी देहायको कागजातहरु संलग्न गरी प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयमा पेश गर्नु पर्नेछ। यस्तो आवेदनको निर्धारित दस्तुर लिई प्राधिकरणबाट उपलब्ध गराइनेछ।

आवेदन फारमसाथ देहायका कागजात बुझाउनु पर्नेछ:-

(क) ग्राहस्थ प्रयोजनको लागी आवेदकका फोटो तथा नागरीकता प्रमाणपत्रको प्रतिलिपि।

(ख) जुन घरमा विद्युत लाइन जडान गर्ने हो सो घरजग्गाको जग्गा धनी प्रमाणपुर्जा वा जग्गा धनी प्रमाणपुर्जा नभएको अवस्थामा अनुसूची - २ बमोजिमको ढाँचामा सम्बन्धित नगर- पालिका वा गाउँ विकास समितिको सिफारिश।

(ग) अशंबण्डा गर्न मुद्दा परी अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेका आवेदकको हकमा सम्बन्धित अदालतले दिएको तारेखपर्चाको प्रमाणित प्रतिलिपी वा फैसला भईसकेको हकमा फैसलाको प्रमाणित प्रतिलिपी।

(घ) घरको नक्सा पास गराउने नियम लागु भइसकेको तर नक्सा पास प्रमाण पत्र नभएको घरको हकमा अनुसूची - २ बमोजिमको ढाँचामा सम्बन्धित नगरपालिका अथवा गाउँ विकास समितिको सिफारिश।

(ङ) औद्योगिक, व्यापारिक, यातायात वर्गका आवेदकहरुको हकमा उद्योग वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र प्रोपाइटर / संचालकहरुको नागरीकता प्रमाणपत्रको प्रतिलिपि। अन्य वर्गको आवेदकहरुको हकमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

(च) सरकारी कार्यालय तथा सार्वजनिक संस्थाको हकमा संस्थाको आधिकारिक पत्र समेत।

(छ) अन्य कसैको घर जग्गा भाडामा लिई उद्योग/व्यवसाय संचालन गरेको वा संस्था वा कार्यालय स्थापना गरेको भएमा अनूसूची ४ बमोजिमको ढाँचामा सम्बन्धित घर जग्गा धनीले गरीदिएकोमंजुरीनामा र निजको नागरीकता प्रमाणपत्रको प्रतिलिपी।

(ज) औद्योगिक, व्यापारिक, गैह्र ब्यापारिक समेतको वर्गका आवेदकले विद्युत मिटर जडान गर्ने समयमा आवश्यक पर्ने CT/PT प्राधिकरणले उपलब्ध गराउन नसकेमा प्राधिकरणको स्वीकृति लिई ग्राहक आफैले खरिद गरी ल्याएको CT/PT को उत्पादनकर्ताले प्रमाणित गरीदिएको CT/PT को Ratio सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपी।

३(२) जुन घरमा विद्युत लाइन जडान गर्ने हो सो घर जग्गाको स्वामित्व भएको व्यक्ति वा संस्थाको नाउमा मात्र विद्युत लाइन जडान गरिने छ। आवेदन फाराममा त्यस्तो व्यक्ति वा संस्थाको आधिकारीक व्यक्तिले हस्ताक्षर गरी आफ्नो संस्थाको छाप लगाई आवेदन दिनुपर्नेछ। तर माथि जे सुकै उल्लेख भएतापनि संस्था वा कार्यालयले भाडामा लिई उद्योग/व्यवसाय संचालन गर्ने भएमा सो को आधिकारीक व्यक्तिले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित घर जग्गाधनीको मंजुरीनामा सहित आवेदन गरेमा त्यस्तो उद्योग/व्यवसाय, संस्था वा कार्यालयको नाममा पनि विद्युत लाइन जडान गर्न सकिने छ।

३(३) आवेदकले घर/उद्योगमा मिटर जडान गर्न अन्य व्यक्तिको स्वामित्वमा रहेको घर जग्गा भएर विद्युत लाइन लग्नुपर्ने भएमा आवेदकले अनुसूची- ५ बमोजिमको ढाँचामा सो व्यक्तिलाई स्थानीय कार्यालयमा उपस्थित गराई मन्जुरीनामामा सनाखत गराई पेश गरेपछि मात्र विद्युत लाइन जडान गरिनेछ।

३(४) आवेदक वा ग्राहकले पेश गरेको कागजातको बैधता वा आधिकारिकताको जिम्मेवारी निज माथि नै रहने छ।

विनियम ८. मिटर जडान गर्नु पर्ने :

८(१) ग्राहकले उपभोग गरेको विद्युत खपत वा उच्चतम माग वा दुबै नाप गर्न प्राधिकरणले तोकिएको रकम लिई ग्राहकको घर जग्गामा मिटर जडान गर्ने छ।

८(२) प्राधिकरणका कर्मचारीले सजिलै निरीक्षण तथा मिटर रिडिङ्ग गर्न जान सक्ने र प्रष्ट देखिने ठाउँमा घरको भुई तल्लामा बाहिर मिटर जडान गरिने छ। भुई तल्लामा मिटर जडान गर्न नसकिने अवस्था भएमा पर्याप्त र समुचित कारण जनाई कार्यालय प्रमुखको स्वीकृति लिई माथिल्लो तल्लामा मिटर जडान गर्न सकिनेछ।

८(३) मिटर जडान गर्दा सामान्यतया जमीनबाट १.५ मिटरको उचाईमा गरिने छ।

८(४) विनियम ३ को उपविनियम (२) बमोजिम एउटै व्यक्तिको स्वामित्व भएको सोही घर जग्गामा एक भन्दा बढी विद्युत मिटर जडान गर्नु पर्ने अवस्था भएमा उपविनियम (२) र (३) बमोजिमको प्रक्रिया पुरा गरी मिटर जडान गरिनेछ।

८(५) प्राधिकरणले एच.टी. मिटरिङ्ग जडान गर्दा ग्राहकबाट यस्तो मिटरिङ्ग युनिटलाई बन्द (Off) वा अलग (Isolate) गर्न नसकिने गरी निजले जडान गरेको आइसोलेटर अथवा कटआउट फ्युज भन्दा अगाडि पट्टी (मेन लाइन तर्फ) जडान गर्नु पर्नेछ।

८(६) २०० के.भी.ए. वा सो भन्दा बढी क्षमताको ट्रान्सफरमर जडान गर्ने ग्राहकको‍मा एच.टी. मिटरिङ युनिट र सो भन्दा कम क्षमताको ट्रान्सफर जडान गर्ने ग्राहकको‍मा आवश्यकता अनुसार एल.टी मिटर जडान गर्नुपर्नेछ। २५ के.भी.ए. वा सो भन्दा माथिको स्वीकृत लोडमा Demand मिटर जडान गरिनेछ।

८(७) ५ एम भी ए वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहकको‍मा अनिवार्य रुपले छुट्टाछुट्टै ०.५ Accuracy Class को मिटरिङ्ग यूनिट र ०.२ Accuracy Class को Main तथा Check मिटर जडान गर्नु पर्नेछ।

८(८) प्राधिकरण वा ग्राहकले बनाएको छुट्टै विद्युत लाइन  मा पनि मिटर वा मिटरिङ्ग युनिट ग्राहकको घर कम्पाउण्डमा जडान गर्नु पर्नेछ।

८(९) मिटर र सो भन्दा अगाडि (मेन लाइन तर्फको) जडान भएको विद्युत लाइन प्राधिकरणको नियन्त्रणमा रहने छ।

विनियम १६. विद्युत लाइन तथा मिटर जडान गर्न प्रतिबन्ध

१६(६) प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन जोड्ने Trunk Line र Ringmain बाट ग्राहकलाई विद्युत लाइन दिइने छैन।

*नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट विनियम १६ मा देहाय बमोजिमको व्यवस्था थप भएको।*

विनियम १६ क. निरन्तरविद्युत आपूर्ति गर्ने सम्बन्धी विशेष व्यवस्था

१६क.(१) डेडिकेटेड फिडर/डेडिकेटेड लाइन , ट्रंक लाइन , औद्योगिक फिडर/लाइन, औद्योगिक क्षेत्र लाइन , विशेष आर्थिक क्षेत्र लाइन र ११ के. भि. रिंगमेनबाट विद्युत आपूर्ति लिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१६क.(२) डेडिकेटेड फिडर/डेडिकेटेड लाइन र ट्रंक लाइन बाट विद्युत आपूर्ति लिने ग्राहकलाई प्राविधिक, प्राकृतिक र काबू बाहिरको व्यवस्था थप गर्न आवश्यक परिस्थिति बाहेक निरन्तर गुणस्तरीय विद्युत आपूर्ति गरिनेछ।

१६क.(३) उपविनियम (१) बमोजिम विद्युत आपूर्तिको सेवा लिने ग्राहकले तोकिए बमोजिमको छुट्टै विद्युत महसुल तिर्नु/बुझाउनु पर्नेछ।

विनियम १८: सी.टी./पी.टी. जडान भएको मिटर निरीक्षण सम्बन्धी व्यबस्था

१८(१) प्राधिकरणको स्थानीय कार्यालयको प्रमुखबाट २०० के भी ए भन्दा कम क्षमताको सी.टी./पी.टी. जडान हुने मिटर जडान गर्दा अनिवार्य रुपमा कमिशनिङ रिपोर्ट तयार गरी पेश गर्नुका साथै प्रत्येक ६/६ महिनामा सी. टी. जडान भएको मिटरको निरीक्षण गरी अनुसुची-२८ अनुसार सी. टी./पी. टी. र मिटर समेतको निरीक्षण प्रतिवेदन भर्नुपर्नेछ।

१८(२) उपविनियम (१) मा जे सुकै उल्लेख भएतापनि २०० के. भि.ए. वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहकको ३/३ महिनामा सी. टी./पी. टी. र मिटर समेतको निरीक्षण गरी अनुसूचि २८ अनुसार अनिवार्य रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

*उपरोक्त विनियम १८(२) लाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट संशोधन भई सोको सट्टामा देहाय बमोजिमको व्यवस्था भएको।*

१८(२) उपविनियम (१) मा जेण सुकै उल्लेख भएतापनि २०० के. भि.ए. वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहकको प्रत्येक महिना मिटर रिडिङ गर्दा सी. टी./पी. टी. र मिटर समेतको निरीक्षण गरी टि.ओ.डी. मिटरको लोड प्रोफाइल (Load Profile) सहितको डाटा डाउनलोड रिपोर्ट र अनुसूचि २८ अनुसार अनिवार्य रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

१८(३) उपविनियम (१) र (२) मा उल्लेख भए अनुसार तोकिएको समयभित्र सी. टी./पी. टी., मिटर निरीक्षण नभएमा सो बाट हुन सक्ने हानी नोक्सानीको दायित्व सम्बन्धित कार्यालय प्रमुख, मिटिर रिडिङ्ग तथा निरीक्षण गर्ने ईन्जिनियर र लेखा प्रमुखको हुनेछ।

विनियम १९ मिटर रिडिङ्ग र बिलिङ सम्बन्धी व्यवस्था :

१९(१) प्राधिकरणबाट प्रत्येक महिना ग्राहकको घरमा जडान भएको मिटरमा ग्राहकले खपत गरेको विद्युत शक्तिको नियमित रुपमा मिटर रिडिङ्ग गरी ग्राहकलाई विद्युत खपतको बिल दिइने छ।

१९(२) विनियम ८ को उपविनियम (७) बमोजिम Main Meter र Check Meter जडान भएका ग्राहकहरुको रिडिङ्ग Main Meter बाट गर्नुपर्नेछ। Main Meter मा कुनै कैफियत भेटीएमा मात्र Check Meter बाट रिडिङ्ग गरी बिलिङ गरिने छ।

१९(३) कुनै महिना ग्राहकको घर कम्पाउण्डको ढोका बन्द भएको वा ताल्चा लगाइएको वा अन्य अवस्था परी मिटर रहेको ठाउंसम्म पुग्न नसकेको कारणले मिटर रिडिङ्ग गर्न नसकिएमा त्यस्तो महिनाको लागि न्युनतम विद्युत खपत वापतको मासिक महसुलको न्यूनतम मासिक बिल दिईनेछ र अर्को महिना मिटर रिडिङ्ग गर्दा देखिएको जम्मा विद्युत खपतको अंङ्कमा उक्त न्युनतम मासिक महसुलको खपत अङ्क वापतको हुन आउने रकम घटाई बिल दिईनेछ।

१९(४) मिटर रिडरले उपविनियम (३) मा उल्लिखित कारणले मिटर रिडिङ्गगर्न नसकेमा अनुसूची - १७ अनुसारको प्रतिवेदन कार्यालय प्रमुख समक्ष अनिवार्य रुपमा दिनु पर्नेछ।

१९(५) मिटर रिडिङ्ग गर्ने कर्मचारीले मिटर रिडिङ्ग गर्दा मिटर नचलेको, मिटर उल्टो घुमेको, मिटर बक्साको शिल नभएको वा चुँडिएको, मिटर वा मिटर बक्साको सिसा फुटेको वा झरेको, मिटरमा गत महिनाको तुलनामा ३० प्रतिशत युनिट घटी वा बढी खपत भएको मिटर बक्सा टेढो रहेको वा अन्य अनियमितता फेला परेमा सो को प्रतिवेदन अनुसूची - १७ बमोजिमको ढाँचामा अनिवार्य रुपमा कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

१९(६) उप विनियम (५) अनुसार प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले सो उपर अबिलम्ब आवश्यक कारवाही गर्नु पर्नेछ।

१९(७) उपविनियम (५) बमोजिमको प्रतिवेदन पेश नगर्ने मिटर रिडिङ्ग गर्ने कर्मचारी र उपविनियम (६) बमोजिम मिटर रिडरले प्रतिवेदन पेश गरेको अवस्थामा सो विषयमा कारवाहि नगर्ने कार्यालय प्रमुखलाई कर्मचारी सेवा विनियमावली ०६२ (सं.स) अनुसार विभागीय कारवाहि गरिनेछ।

विनियम २०: छुट बिलिङ सम्बन्धी व्यवस्था

कुनै ग्राहकको बिलिङ गर्दा छुट भएमा अनूसुचि २९ मा उल्लेख भएका अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा देहाय अनुसार छुट बिल गरिनेछ।

२०(१) कुनै ग्राहकको मिटर रिडिङ्ग गरी बिलिङ गर्दा गणितीय त्रुटी भएमा हिसाब मिलान गरी छुट भए वापतको रकमको छुट बिल गरिनेछ।

२०(२) टि.ओ.डी. मिटर जडान भएका ग्राहकहरुको प्राविधिक कारणले गर्दा मिटरले वास्तविक खपत नदेखाई बिलिङ छुट भएमा त्यस्तो छुट खपत यूनिट र डिमाण्ड चार्ज वापत मिटरको डाउनलोड डाटा विश्लेषण गर्दा यकीन भए अनुसारको रकम छुट बिल गरिनेछ।

२०(३) कुनै ग्राहकको डाउनलोड हुने मिटर प्राविधिक कारणबस डाउनलोड हुन नसकेको अवस्थामा निजको स्वीकृत क्षमता अनुसार वा औंषत बिलमा जुन बढि हुन्छ सोही अनुसार छुट बिल गरिनेछ।

२०(४) टि.ओ.डी. मिटर जडान भएका ग्राहक बाहेकका अन्य सी. टी. / पि.टी. जडान भएका कुनै ग्राहकको सी. टी., पि.टी. जली वा विग्री कैफियत भेटिएमा सो को मिति यकीन भएमा सोही मिति देखि र मिति यकीन नभएमा यसअघि निरीक्षण भएको मितिदेखिको युनिट गणना गरी छुट बिल गरिनेछ।

२०(५) उपविनियम (४) मा उल्लेख गरेको अवस्थादेखि बाहेक सि.टि. / पि.टि. जडान भएका ग्राहकको घर जग्गामा मिटर, सि.टि. / पि.टि. जडान गर्दा भूलबस मिटर, सि.टि./पि.टि.को अनुपात (रेसियो) छुट भई सो को अवधि किटानी भएमा सोही अवधिदेखिकै छुट बिल गरिनेछ।

२०(६) प्राधिकरणको स्थानिय कार्यालयले उपविनियम (१), (२), (३), (४) र (५) अनुसार छुट बिल गरिएको रकम ३५ दिनभित्र बुझाउन सम्बन्धित ग्राहकलाई अनूसुचि ३० बमोजिमको सूचना दिनु पर्नेछ।

*विद्युत वितरण विनियमावली, २०६९ मा नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट विनियम(२०) पछि देहाय बमोजिम थप भएको।*

२०(क) किस्ताबन्दी सम्बन्धी व्यवस्था:

(१) प्राधिकरणले ग्राहकलाई बिलिङ गर्दा कुनै कारणबाट बिलिङ छुट हुन गई पछि छुट बिलिङ गरिएको अवस्थामा वा ग्राहकले नियमित विद्युत महसुल भुक्तानी गर्न नसकि लाइन काटिएको अवस्थामा ग्राहकले किस्ताबन्दीमा महसुल बुझाउन आवेदन गरेको खण्डमा मुख्य प्रशासकिय अधिकृतको स्वीकृतिमा किस्ताबन्दीको सुविधा दिन सकिने छ। यस्तो सुविधा दिंदा जति महिनाको महसुल बुझाउन बाँकी छ बढीमा त्यती महिनाको किस्ता कायम गर्न सकिनेछ।

(२) छुट बिल बापतको महसुल नियमित रुपमा किस्ताबन्दीमा भुक्तानी गर्दा थप दस्तुर लाग्ने छैन। तर तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा नियमानुसार थप दस्तुर लाग्ने छ।

(३) नियमित विद्युत महसुल नबुझाई लाइन काटिएको ग्राहकले किस्ताबन्दीको सुविधा प्राप्त गरी महसुल बुझाउदा किस्ता रकमको अतिरिक्त नियमानुसार थप दस्तुरसमेत लाग्ने छ।

विनियम २१. विद्युत महसुल र अन्य शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था:

२१(१) प्राधिकरणका ग्राहकहरुले विद्युत खपत गरे वापत विद्युत महसुल संकलन विनियमावली, २०६९ को अनूसुचि-१ मा तोकिए अनुसारको महसुल बुझाउनु पर्नेछ।

२१(२) उप-विनियम (१) बमोजिमको महसुल बुझाउनु पर्ने म्याद विद्युत महसुल संकलन विनियमावली,२०६९ मा तोकिए बमोजिम हुनेछ।

२१(३) प्राधिकरणको विद्युत महसुल संकलन विनियमावली, २०६९ मा तोकिएको म्यादभित्र महसुल नबुझाई एक पटक विद्युत लाइन काटिएका ग्राहकको लाइन पुनः जोड्नु परेमा उक्त लाइन काट्दा र जोड्दा लाग्ने दस्तुर सहित अन्य सम्पुर्ण बांकी बक्यौता भुक्तानी गर्नु पर्नेछ।

२१(४) प्राधिकरणले विद्युत सेवा उपलब्ध गराउने सिलसिलामा विद्युत लाइन जडान गर्दा, विद्युत क्षमता घटबढ गर्दा, एक ठाउंबाट अर्को ठाउंमा मिटर ठाऊँसारी गर्दा, एक पटक जडान भएको विद्युत लाइन काटी पुनः विद्युत लाइन जडान गर्दा, मिटर रहेको बाकस भित्रको फ्युज बदल्दा, सिल टुटेकोमा नयां सिल लगाउंदा, ग्राहक नामसारी गर्दा, ग्राहकको लगत खारेजी गर्दा, मिटर जांच गर्दा, प्रतिलिपि बिल वा रसीद उपलब्ध गराउंदा र ग्राहक कार्ड उपलब्ध गराउंदा ग्राहकले महसुल संकलन विनियमावली, २०६९ को अनुसूचि-२ मा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

२१(५) ग्राहकले कुनै काम कारवाही गर्दा लापरवाही वा त्रुटि वा गल्तीले निजको घरमा जडान गरिएको प्राधिकरणको विद्युत लाइन, उपकरण वा यन्त्र वा अन्य सम्पति विग्रेमा वा हराएमा सो वदल्न, बनाउन वा मर्मत गर्दा लागत स्टिमेट अनुसार हुने खर्च र नियमानुसार अन्य शुल्क लाग्ने भए सो समेत सम्बन्धित ग्राहकले प्राधिकरणलाई बुझाउनु पर्नेछ।

विनियम २२. अन्य रकम सम्बन्धी व्यवस्था :

२२(१) कुनै ग्राहकको लाइन जडान वा अन्य कार्य गर्नको लागि विद्युत लाइन वन्द (सट डाउन) गर्नु परेमा सो वापत अनूसूची - १३ मा उल्लेख भए बमोजिमको रकम ग्राहकले बुझाउनु पर्नेछ।

२२(२) कुनै पनि व्यक्ति/संस्थाले कुनै कार्य गर्दा वा मोटर, ट्रक, बस वा अन्य कुनै पनि साधनले ठक्कर दिई वा रुख काट्दा प्राधिकरणको पोल, तार, ट्रान्सफरमर आदिमा क्षती पुग्न गई विद्युत अवरोध भएमा प्राधिकरणले सम्बन्धित व्यक्तिबाट अनुसूची - १३ मा उल्लेख भए बमोजिमको रकम हर्जाना स्वरुप असुलउपर गरी लिईनेछ।

२२(३) प्राधिकरणको पोलहरुमा होडिङ्ग बोर्ड राख्न तथा केबुल टेलिभिजन प्रशारण सम्बन्धी कार्यका लागि व्यक्ति वा संस्थाले भाडामा लिँदा अनुसूचि - १३ मा उल्लेख भए बमोजिमको रकम बुझाउनुपर्नेछ।

विनियम २३. विद्युत लाइन काट्न सकिने सम्बन्धी व्यवस्था:

२३(१) प्राधिकरणले देहायको अवस्थामा ग्राहकको विद्युत लाइन काट्न सक्ने छ।

(क) प्राधिकरणलाई तिर्नु पर्ने महसुल, दस्तुर, भाडा, क्षतिपूर्ति, अतिरिक्त महसुल वा अन्य रकम निर्धारित समयमा नबुझाएमा।

(ख) घर जग्गा खरीद बिक्री वा अंश बण्डा भई स्वामित्व परिवर्तन भएतापनि साबिकको घर जग्गाधनीको समयको विद्युत महसुल र अन्य रकम नतिरी बांकी रहेमा।

(ग) प्राधिकरणको स्वीकृति नलिई ग्राहकले आफ्नो घरमा जडान भएको विजुलीको वायरिङ्ग विस्तार (Extension) गर्दा सो घरले चर्चेको कम्पाउण्ड भन्दा वाहिर गरेमा।

(घ) ग्राहकले विद्युत चोरी नियन्त्रण ऐन, २०५८ र विद्युत चोरी नियन्त्रण नियमावली, २०५९ अनुसारविद्युत चोरीको कसुर गरेमा।

(ङ) शन्ट क्यापासिटर राख्नुपर्ने ग्राहकले निर्धारित शन्ट क्यापासिटर नराखेमा।

(च) स्वीकृत लोड भन्दा बढी विद्युत शक्ति प्रयोग गरेमा।

(छ) घरको विस्तार गर्दा प्रचलित नियमानुसार घर र प्रशारण तथा वितरण लाइनको विचमा हुनु पर्ने दुरी कायम नगरेमा।

(ज) विद्युत महसुल संकलन विनियमावली, २०६९ मा तोके अनुसार स्वीकृत ग्राहक वर्गीकरण अनुसार विद्युत उपभोग नगरी अन्य वर्गमा उपभोग गरेमा वा एक किसिमको कामको लागि विद्युत लाइन लिई अन्य किसिमको काममा विद्युत शक्ति प्रयोग गरेमा। तर उद्योग व्यवसायको लागि दिएको विद्युत शक्ति सो उद्योग व्यवसायले चर्चेको जग्गाको कम्पाउण्डभित्र रहेको उद्योग/व्यवसायको सम्बन्धित कार्यालय र घरमा बत्ती तथा अन्य सबै घरायसी प्रयोजनको लागि समेत प्रयोग गर्न सकिनेछ।

(झ) विद्युत चोरीको कसुरमा वा विद्युतको अनाधिकार उपभोगमा कारवाहि भई वा अन्य कारणबाट विद्युत लाइन काटिएका कुनै ग्राहकलाई विद्युत लाइन प्रयोग गर्न दिएमा।

(ञ) ग्राहकको घर कम्पाउण्डको ढोका बन्द भएको वा ताल्चा लगाइएको वा अन्य अवस्था परी मिटर रहेको स्थानसम्म प्राधिकरणको कर्मचारी पुग्न नसकेको कारणले लगातार तीन पटक सम्म मिटर रिडिङ्ग गर्न नपाइएमा वा ग्राहकको घर कम्पाउण्डभित्र प्राधिकरणबाट खटाइएको कर्मचारीलाई विद्युत सप्लाइसंग सम्बन्धित विषयमा निरीक्षण र जांचबुझ गर्न नदिइएमा।

(ट) खतरा वा नोक्सानी हुन नदिन वा विद्युत सुरक्षाका सम्बन्धमा प्रचलित ऐन, नियम वा विनियमको आधारमा प्राधिकरणले दिएको निर्देशनको पालना नगरेमा।

(ठ) ग्राहकले प्राधिकरणसंग भएको अनुबन्ध बमोजिमको शर्तको पालना नगरेमा।

(ड) यो विनियमावलीमा उल्लेख भएको अन्य कुनै कुराको उल्लंघन गरेमा।

२३(२) एउटैको स्वामित्वमा रहेको घर कम्पाउण्डमा एक भन्दा बढी विद्युत लाइन प्रयोग गरी कुनै एक विद्युत लाइनबाट खपत गरेको विद्युत शक्ति वापत प्राधिकरणलाई बुझाउनु पर्ने महसुल वा अन्य रकम नबुझाएको कारणले वा विद्युतको अनाधिकार उपभोग वा विद्युत चोरीको कारणले लाइन काटिई रकम नबुझाई बाँकी बक्यौता रहन गएमा सो बांकी बक्यौता घर धनीबाट असुल उपर गरिने छ। सो रकम नतिरेमा अर्को विद्युत लाइन पनि काट्न सकिने छ।

२३(३) कुनै ग्राहकले विद्युत महसुल समेत नबुझाई बाँकी बक्यौता भएका ग्राहक वा निजको परीवारको सदस्यको नाममा नेपाल भित्रको कुनै स्थानमा रहेको अन्य घरजग्गा, उद्योग व्यवसायमा जडान भएको विद्युत साईन समेत काट्न सकिनेछ।

२३(४) ग्राहकको घरको बायरिङ्ग वा विद्युत प्रणालीसंग जोडिएको उपकरण वा मालसामानमा कुनै दोष वा त्रुटी देखिएमा वा ग्राहकको घरको वायरिङको कुनै सर्किट वा उपकरण वा मालसामानमा करेन्ट लिक (Current Leak) भएको पाईएमा। तर सो को मर्मत सुधार गरेपछि लाइन जोड्ने दस्तुर बुझाउन लगाई लाइन जोडिनेछ।

२३(५) उपविनियम (१), (२), (३) र (४) बमोजिम काटिएको विद्युत लाइन सम्बन्धमा प्राधिकरणबाट ग्राहकले प्राप्त गरेको सूचना बमोजिमको काम पुरा नगरे सम्म वा प्राधिकरणलाई तिर्नु बुझाउनुपर्ने रकम नबुझाएसम्म पुनः लाइन जोडिने छैन।

२३(६) विनियम २० को उपविनियम (६) बमोजिम ग्राहकलाई छुट बिल वापत बिलिङ गरी रकम बुझाउन दिईएको म्यादभित्र रकम नबुझाउने ग्राहकको लाइन काटिनेछ।

२३(७) आवेदक वा ग्राहकले विनियम ३ मा उल्लेख भए बमोजिम पेश गरेका कागजात नक्कली भएको पुष्टी भएमा।

२३(८) कुनै ग्राहकले घरजग्गा भाडामा लिई आफ्नो नाममा साईन लिएकोमा सम्बन्धित घरजग्गाधनीले त्यस्तो लाइन कट्टा गर्न निवेदन दिएमा लाइन कट्टा गर्न सकिनेछ।

२३(९) ग्राहकले अन्य तेस्रो व्यक्ति/संस्थालाई लाइन दिएमा।

विनियम ४५. पुनरावेदन सम्बन्धी व्यवस्था:

४५(१) यो विनियमावली बमोजिम भएको कुनै कारवाही तथा निर्णय उपर कुनै ग्राहक वा व्यक्ति वा संस्थालाई चित्त नबुझेको खण्डमा निर्णय कारवाहीको सूचना प्राप्त भएको मितिले ३५ दिनभित्र स्थानीय कार्यालय मार्फत वा सोझै विनियम ४६ बमोजिम गठित पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ।

४५(२) प्राधिकरणबाट छुट बिलिङ सम्बन्धमा गरिएको निर्णय उपर पुनरावेदनको निवेदन दायर गर्ने ग्राहकले छुट बिलिङ वापतको सम्पुर्ण रकम धरौटी स्वरुप जम्मा गर्नुपर्नेछ।

४५(३) उप-विनियम (१) बमोजिम दायर भएको पुनरावेदन उपर पुनरावेदन समितिले ३५ दिन भित्र निर्णय गरी पुनरावेदकलाई लिखित जानकारी दिनु पर्नेछ। पुनरावलोकन समितिबाट भएको निर्णय अन्तिम हुनेछ।

विनियम ४६. पुनरावेदन समितिः

४६(१) ग्राहकले विनियम ४५ बमोजिम पुनरावेदनको निवेदन दायर गरेमा सो को प्रयोजनको लागि समितिले देहाय बमोजिमको पुनरावेदन समिति गठन गर्नेछ।

४६(२) पुनरावेदन समितिमा देहायको सदस्य रहने छन् :

| | |
|---|---|
| (क)समितिले तोकेको संचालक | - अध्यक्ष |
| (ख) मुख्य प्रशासकीय अधिकृत वा निजले तोकेको उप-कार्यकारी निर्देशक/महाप्रबन्धक | - सदस्य |
| (ग) ऊर्जा मन्त्रालय वा विद्युत विकास विभागका एक जना विशेषज्ञ | - सदस्य |
| (घ) प्राधिकरणको कानून विभागको निर्देशक | - सदस्य सचिव |

४६(३) पुनरावेदन समितिको कार्यविधि पुनरावेदन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४६(४) पुनरावेदन समितिको सचिवालयको कार्य कानून विभागले गर्नेछ।

## विद्युत महसुल संकलन विनियमावली, २०७३ मा भएका व्यवस्थाहरु

विनियम २: परिभाषाको खण्ड

(ख) ग्राहक
"ग्राहक" भन्नाले यस विनियमावलीको विनियम ३ अन्तर्गत तोकिएका विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ। सो शब्दले ट्रक लाइन (Trunk Line) र डेडिकेटेड फिडर (Dedicated Feeder) वाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई समेत जनाउनेछ।

(ग) ट्रंक लाइन (Trunk Line)
ट्रंक लाइन (Trunk Line) भन्नाले प्राधिकरणको एक सबस्टेशन  बाट अर्को सबस्टेशन  सम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाइनलाई सम्झनुपर्छ।"

(घ) डेडिकेटेड फिडर (Dedicated Feeder)
डेडिकेटेड फिडर (Dedicated Feeder) भन्नाले ने.वि.प्रा. को स्वस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई बुझाउनेछ।

*उपरोक्त विनियम २(घ) लाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट संशोधन भई सोको सट्टामा देहाय बमोजिमको व्यवस्था भएको।*

"डेडिकेटेड फिडर/डेडिकेटेड लाइन भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाइन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्रहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई सम्झनुपर्छ।"

(ङ) डेडिकेटेड लाइन (Dedicated Line)
डेडिकेटेड लाइन (Dedicated Line) भन्नाले ग्राहक स्वयम् वा अन्य निकायको श्रोत बाट छुट्टै निर्माण भएको वितरण लाइनलाई बुझाउनेछ।

*उपरोक्त विनियम २(ङ) लाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट हटाइएको।*

(ट) महसुल

*"महसुल " भन्नाले विद्युत उपभोग गरे वापत ग्राहकले प्राधिकरणलाई प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने अनूसुचि १ र अनुसूची १ क मा उल्लिखित मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्कलाई सम्झनु पर्छ।*

(ड) मिटर

"मिटर" भन्नाले विद्युतको खपत नाँप गर्ने जडित यन्त्र सम्झनुपर्छ।

विनियम ३: ग्राहक वर्गीकरण :

विद्युत महसुल दर निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम ग्राहक वर्गीकरण गरिएको छ

३(२) औद्योगिक

(ज) उत्पादनमुलक उद्योगः कोरामाल, अर्ध प्रशोधन वा उत्पादनमुलक उद्योगहरु जस्तैः चामल, दाल, पिठो, तेल, चिनी, खांडसारी, दुध, घ्यु, दुग्ध पदार्थ, पाउरोटी, विस्कुट, चिया, कपडा, जुत्ता, चप्पल, साबुन, सलाई, कागज, स्टेशनरी सामान, औंषधी उत्पादन कपास स्पिनिंग, गार्मेण्ट उद्योग, कोरामाल रंगाउने (डाइंग) उद्योग आदि।

(झ) खनिज उत्खनन् उद्योग।

(ञ) कृषिमा आधारित उद्योग: पशुपालन, कुखुरा पालन, मौरी पालन, मत्स्यपालन, रेशम खेती, शीत भण्डार आदि।

(ट) संचार व्यवसाय बाहेकका छापाखाना।

(ठ) यन्त्रशाला, वर्कसप आदि।

(ड) निर्माण सामाग्री उत्पादन गर्ने उद्योग जस्तै- सिमेण्ट, आईरन तथा स्टील आदि, र

(ढ) घरेलु तथा साना उद्योग कार्यालय / विकास समिति, उद्योग विभाग तथा कम्पनि रजिष्टारको कार्यालयमा दर्ता भएका अन्य उद्योगहरु।

स्पष्टिकरण: तल्लो भोल्टेज स्तर (४००/२३०भोल्ट) मा जडित १० कि.वा. वा सो भन्दा कम जडित क्षमता भएका औद्योगिक ग्राहकहरु ग्रामीण एवं घरेलु उद्योग वर्गभित्र पर्नेछन्। सो भन्दा वढी क्षमता भएका उद्योगहरु साना उद्योग अर्न्तगत पर्नेछन्।

विनियम ५: विद्युत महसुल, अन्य दस्तुर तथा सेवा शुल्क र बिलिङ सम्बन्धी व्यवस्था

5(२) प्राधिकरणका डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत अनुसूची १ क मा उल्लेख भए बमोजिमको मासिक सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जी शुल्क बुझाउनु पर्ने

५(५) ३३ के.भि. ट्रंक लाइन तथा ११ के.भि. रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्नेछन्। यस्तो सेवा लिन स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह प्राधिकरण संचालक समितिबाट स्वीकृति लिनु पर्नेछ।यदि कुनै ग्राहकले स्वीकृति नलिई ने.वि.प्रा.ले निर्धारण गरेको लोडसेडिङ समय कट्टा गरी विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाइन कट्टा गरी दफा ११ बमोजिम बिल रकम र सो बराबरको क्षतिपूर्ति रकम समेत तिर्नु पर्नेछ। यस्तो अवस्थामा विद्युतको बिल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महसुल लगाइने छ। यसरी कायम भएको विद्युत महसुल तथा क्षतिपूर्ति रकम नतिरेसम्म विद्युत लाइन जोडिने छैन।

*उपरोक्त उप-विनियम ५(५) लाई नेपाल विद्युत प्राधिकरणको संचालक समितिको २०७६/०७/१७ को ८१० औं बैठकबाट हटाइएको।*

५(१०) TOD मिटर जडान भएकाग्राहकहरुको हकमा हरेक वर्षको चैत्र महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रुपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित सान्दर्भिक कार्यालय र उप-कार्यकारी निर्देशकको कार्यालय वि.ग्रा.से.नि. मा पठाउनु पर्नेछ। उल्लिखित कार्य गरे गराएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई जवाफदेहि बनाईनेछ।

५(११) माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथि) र मझौला भोल्टेज (३३ के.भी र ११ के.भी) का ग्राहकहरुमा अनिवार्यरुपमा TOD मिटर जडान गरी बिलिङ गरिनेछ" भन्ने व्यवस्था रहेको।

छुट बिलिङ सम्बन्धी व्यवस्था

५(१३) प्राधिकरणले ग्राहकलाई बिलिङ गर्दा कुनै कारण वश छुट भएमा सो को जानकारी भएपश्चात जुनसुकै समयमा पनि विद्युत उपभोग गरी छुटेको खपत बापत छुट्टै बिलिङ गरिनेछ। यसरी बिलिङ गरिएकोमा ग्राहकले जानकारी प्राप्त गरेको मितिले ३५ दिन भित्र बिलिङ गरिएको रकम बुझाउनु पर्नेछ। छुट बिलिङ गरिएको निर्णयमा चित्त नबुझ्ने ग्राहकले ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ मा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी पुनरावेदन समिति समक्ष निवेदन पेश गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको।

विनियम ७. विद्युत महसुल भुक्तानी गर्दा ग्राहकले पाउने छुट तथा सुविधा सम्बन्धी व्यवस्था

७(१) नेपाल सरकारले तोकेको औद्योगिक क्षेत्र भित्रका ग्राहकले मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाएमा बिल रकमको १० प्रतिशत रकम छुट दिइनेछ।

७(२) नेपाल सरकार अन्तर्गतका शवदाह गृह, सरकारी अस्पताल तथा स्वास्थ्य चौकिहरु (आवास गृह बाहेक) लाई मिटर रिडिङ गरेको २१ दिन भित्र महसुल बुझाएमा बिल रकमको २० प्रतिशत रकम छुट दिइनेछ।

७(३) मिटर रिडिङ गरेको ७ दिन भित्र महसुल बुझाउने उपविनियम (१) र (२) मा उल्लिखित ग्राहक बाहेकका अन्य वर्गका ग्राहकलाई बिल रकमको ३ प्रतिशत छुट दिईनेछ। मिटर रिडिङ्ग गरेको ८औं दिन देखि २२औं दिन भित्र बिल अनुसारको महसुल लाग्नेछ।

विनियम ८. विद्युत महसुलमा थप दस्तुर सम्बन्धी व्यवस्थाः

८(१) विनियम ७ को उपविनियम (१) र (२) मा उल्लिखित ग्राहक बाहेक अन्य वर्गका ग्राहकले मिटर रिडिङ्ग गरेको २३औं दिन देखि ३०औं दिनसम्म विद्युत महसुल बुझाएमा ५ प्रतिशत थप दस्तुर लाग्नेछ।

८(२) मिटर रिडिङ्ग गरेको ३१औं दिन देखि ४०औं दिन सम्म विद्युत महसुल बुझाएमा १० प्रतिशत थप दस्तुर लाग्नेछ।

८(३) मिटर रिडिङ्ग गरेको ४१औं दिन देखि माथि विद्युत महसुल बुझाएमा २५ प्रतिशत थप दस्तुर लाग्नेछ।

विनियम १०: विद्युत लाइन काट्ने सम्बन्धी व्यवस्था

मिटर रिडिङ गरेको ६० औं दिनसम्म विद्युत महसुल नबुझाएमा विना सूचना जुनसुकै समयमा पनि विद्युत लाइन काटिनेछ।

## अनुसूची-२ : सम्बन्धित निर्णयहरु

| क्र.स. | निकाय | बैठक नं: | मिति |
|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | ६९९ | २०७१/१०/२५ |
| २ | नेपाल विद्युत प्राधिकरण | ७१० | २०७२/०३/१२ |
| ३ | नेपाल विद्युत प्राधिकरण | ७२२ | २०७२।०९।२० |
| ४ | नेपाल विद्युत प्राधिकरण | ७२३ | २०७२/०९/२६ |
| ५ | विद्युत महसुल निर्धारण आयोग | १०३ | २०७२ ०९/२९ |
| ६ | विद्युत महसुल निर्धारण आयोग | १०४ | २०७२ १०/१० |
| ७ | विद्युत महसुल निर्धारण आयोग | १०८ | २०७३/०३/१६ |
| ८ | नेपाल विद्युत प्राधिकरण | ७३४ | २०७३/०४/१२ |
| ९ | नेपाल विद्युत प्राधिकरण | ७४३ | २०७३/०९/०४ |
| १० | नेपाल विद्युत प्राधिकरण | ७४४ | २०७३/०९/२१ |
| ११ | नेपाल विद्युत प्राधिकरण | ७५७ | २०७४/०३/२९ |
| १२ | नेपाल विद्युत प्राधिकरण | ७६८ | २०७५/०१/३१ |
| १३ | नेपाल विद्युत प्राधिकरण | ७९३ | २०७५/१२/२९ |
| १४ | नेपाल विद्युत प्राधिकरण | ८०७ | २०७६/०६/२४ |
| १५ | नेपाल विद्युत प्राधिकरण | ८०९ | २०७६/०७/१६ |
| १६ | नेपाल विद्युत प्राधिकरण | ८१० | २०७६/०७/१७ |
| १७ | विद्युत नियमन आयोग | ५७ | २०७७/०३/०१ |
| १८ | नेपाल विद्युत प्राधिकरण | ८५९ | २०७७/१०/११ |
| १९ | नेपाल विद्युत प्राधिकरण | ८७० | २०७८/०१/२६ |
| २० | नेपाल विद्युत प्राधिकरण | ८७४ | २०७८/०४/०६ |
| २१ | विद्युत नियमन आयोग | १३३ | २०७८/०५/२२ |
| २२ | नेपाल विद्युत प्राधिकरण | ९०३ | २०७८/१२/१६ |
| २३ | विद्युत नियमन आयोग | २१८ | २०८०/०९/१६ |

**मिति २०७१/१०/२५ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ६९९ औं बैठकको निर्णय:**
नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट निर्वाधरुपमा निरन्तर विद्युत सेवा लिन चाहने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहक उद्योग/प्रतिष्ठानहरुलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको पदाधिकारी रहने गरी उपसमिति गठन गर्ने:

१) श्री मनोज कुमार मिश्र, निर्देशक, ने.वि.प्रा. - संयोजक
२) श्री निर्देशक/प्रमुख, योजना र प्रविधि सेवा विभाग, ने.वि.प्रा. - सदस्य
३) श्री बज्रभूषण चौधरी, प्रमुख, ग्रिड सञ्चालन विभाग, ने.वि.प्रा. - सदस्य सचिव

**मिति २०७२।३।१२ को नेपाल वद्यिुत प्राधकिरण संचालक समतिको ७१० औ बैठकको निर्णय:**
६. Dedicated Feeder सम्बन्धमा गठित उपसमितिबाट प्राप्त प्रतिवेदनबारे ।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७१।१०।१६ को ६७१औं बैठक पूर्व ओम.नर्भिक लगायतका १० वटा निजी अस्पतालहरुलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गरिएको छ । यसैगरी अन्य निजी तथा सामुदायिक अस्पतालहरु तथा जनताहरुसँग सरोकार राख्ने उद्योग एवं सरकारी निकायहरुले Dedicated Feeder मार्फत विद्युत आपूर्तिका लागि माग गरेका छन् । यस सम्बन्धमा समितिको विगतको निर्णय समेतलाई मध्यनजर गरी आवश्यक निर्णय लिनुपर्ने भएको छ ।
नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७१।१०।२५ को ६९९ औं बैठकबाट Dedicated Feeder बारे देहाय बमोजिम निर्णय भएको थियो :
नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट निर्वाधरुपमा निरन्तर विद्युत सेवा लिने चाहने औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक वर्गका ग्राहक उद्योग/प्रतिष्ठानहरुलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई राय सिफारिस सहितको प्रतिवेदन पेश गर्ने देहाय वमोजिमको पदाधिकारी रहने गरी उपसमिति गठन गर्ने:

१. श्री मनोज कुमार मिश्र, सञ्चालक, ने.वि.प्रा संयोजक
२. श्री निर्देशक/प्रमुख, योजना तथा प्राविधिक सेवा विभाग, ने.वि.प्रा. सदस्य
३. श्री ब्रजभूषण चौधरी, प्रमुख, ग्रीड सञ्चालक विभाग, ने.वि.प्रा. सदस्य सचिव

Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिको प्राप्त प्रतिवेदन स्वीकृत हुन समिति समक्ष कार्यकारी निर्देशकले प्रस्ताव गर्नु हुँदा निम्नानुसार गर्ने निर्णय भयो:
निर्णय:
Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्नेबारे सञ्चालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उपसमितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने ।

**मिति २०७२/९/२० को नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७२२औं बैठक:**

विद्युत महसुल निर्धारण आयोगबाट लेखि आएको Dedicated Feeder को महसुलका सम्बन्धमा देहाय बमोजिम गर्नेः

क) Dedicated Feeder को विशेष व्यवस्थामार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि संचालक समितिको मिति २०७२।०३।१२ को निर्णयानुसार लागु गरिएको विद्युत महसुल लिन पाउने गरी विद्युत महसुल दर निर्धारण गर्न विद्युत महसुल निर्धारण आयोगमा अनुरोध गरी पठाउने।

ख) प्रकरण (क) बमोजिम आयोगबाट निर्णय नभए सम्मका लागि मिति २०७२।३।१२ भन्दा अगाडि कायम रहेको विद्युत महसुल दर बमोजिम नै महसुल लिने।

ग) प्राप्त भइसकेको विद्युत महसुलको हकमा आयोगबाट निर्णय भए बमोजिम नियमित गर्न र आयोगबाट महसुल वृद्धिको अनुमति प्राप्त भएमा सो बमोजिमको महसुल बुझाउनु पर्ने जानकारी सम्बन्धित ग्राहकहरुलाई गराउने ।

**मिति २०७२/९/२६ को नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७२३ औं बैठकको निर्णय:**

व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको मिति २०७२।९।२३ को निर्णयहरु कार्यान्वयनका लागि देहायबमोजिम गर्नेः

क) व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको २०७२/९/२६ को पत्रसाथ प्राप्त प्रकरण (१) को निर्णय/निर्देशनलाई तोकिएको अवधिभित्रै कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देश गर्ने।

ख) संचालक समितिको मिति २०७२।३।१२ को ७१० औं बैठकको निर्णयानुसार लागु भइरहेको Dedicated Feeder का ग्राहकहरुको विद्युत महसुल दरको परिपेक्ष्यमा व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको मिति २०७२/९/२६ को पत्रसाथ प्राप्त निर्णय/निर्देशनका आधारमा संचालक समितिको मिति २०७२।९।२० को ७२२औं बैठकबाट उक्त ग्राहकको विद्युत महसुल बारे भएको प्रकरण (ख) र (ग) को निर्णय कार्यान्वयन गर्न आवश्यक नभएकोले सोही बमोजिम व्यवस्थापन गर्ने।

ग) Dedicated Feeder को विशेष व्यवस्था मार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि संचालक समितिको मिति २०७२।३।१२ को निर्णयानुसारको विद्युत महसुल दर मिति २०७२।४।१ देखि नै लागु भइरहेको सन्दर्भमा सोही बमोजिम महसुल लिने गरी विद्युत महसुल निर्धारण गरीदिन विद्युत महसुल निर्धारण आयोगसमक्ष पुनः अनुरोध गर्ने।

घ) Dedicated Line वितरण गर्नेसम्बन्धी विद्यमान नीति र मापदण्ड उपर देहायको उपसमितिले पुनरावलोकन गरी १५ दिनभित्र राय सिफारिस सहितको पतिवेदन पेश गर्नेः

| | |
|---|---|
| संचालक, श्री लक्ष्मण प्रसाद अग्रवाल | - संयोजक |
| प्रतिनिधि, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | - सदस्य |
| निर्देशक, काठमाडौं क्षेत्रीय कार्यालय, वितरण तथा ग्राहक सेवा निर्देशनालय | - सदस्य सचिव |

**मिति २०७२ पौष २९ गते विद्युत महसुल निर्धारण आयोगको १०३ औं बैठकको निर्णय :**

आयोगको तर्फबाट पत्राचार भएको विषयमा आयोगबाट स्वीकृत दर भन्दा बढी दस्तुर नलिन र लिएको भए फिर्ता गर्ने विषय महसुल छुट दिने निर्णय नभै अधिकार प्राप्त संस्थाबाट स्वीकृत नगराई कसैले पनि कुनै महसुल उठाउन नहुने बिषय विद्युत ऐन, २०४९ पालना गर्ने विषय भएको व्यहोरा श्री सार्वजनिक लेखा समितिलाई अनुरोध गर्ने।

विद्युत महसुल निर्धारण आयोगबाट दररेट नै निर्धारण नभैसकेको Dedicated feeder का ग्राहकहरुको महसुलदरमा सार्वजनिक लेखा समितिबाट नेपाल विद्युत प्राधिकरणलाई ने.वि.प्रा वोर्डले गरेको निर्णयलाई आयोगको निर्णय विना कार्यान्वयन गराउन निर्देशन भैसकेको विषय आयोगमा निर्णय गरी रहनु परेन।

नेपाल सरकारको पूर्ण दायित्वमा संचालित सरकारी अस्पतालहरुले लिएको डेडिकेटेड फिडरको हकमा डेडिकेटेड फिडरको महसुल दर आयोगबाट कायम नहुँदासम्म २०६९ सालमा स्वीकृत भएको दरमा कुनै पनि थप दस्तुर नलिई महसुल उठाउन ने.वि.प्रा. लाई निर्देशन दिने र सोही व्यहोराको जानकारी सार्वजनिक लेखा समितिलाई अनुरोध गर्ने।

सरकारी अस्पताल बाहेकका अन्य Dedicated feeder लिएका ग्राहकलाई आयोगबाट स्वीकृत महसुल दर तोक्न र कायम गर्नको लागि सरकारको नीति, प्राधिकरणमा उपलब्ध ऊर्जाको कति प्रतिशत ऊर्जा Dedicated feeder ग्राहकको हकमा वितरण गर्ने देशमा ऊर्जा अभाव भैरहेको अवस्थामा अत्यावश्यक सेवा बाहेक अन्य सेवाग्राहीहरुलाई Dedicated सेवा दिन उपयुक्त हुन्छ, हुँदैन बिषयमा नेपाल सरकारको नीति आएपछि मात्र आयोगले Dedicated सेवा महसुल दरबारे अध्ययन र निर्णय गर्ने छ। डेडिकेटेड फिडरको महसुल दर कायम नहुँदासम्म सरकारी अस्पताल बाहेकका डेडिकेटेड फिडरका उपभोक्ताहरुको हकमा ने.वि.प्रा. संचालक समितिले २०७२।३।१२ मा गरेको निर्णय (संलग्न) लाई स्वीकृत गर्ने निर्णय भयो।

**मिति २०७२ माघ १० गते विद्युत महसुल निर्धारण आयोगको १०४ औं बैठकको निर्णय :**

१०३ औं वैठकको निर्णयसंग सम्बन्धित देहाय बमोजिम व्यहोरा समाबेश गरी संलग्न बमोजिमको सार्वजनिक सुचना प्रकाशित गर्ने र विज्ञापन शुल्क ने.वि.प्रा.बाट भुक्तानी हुन अनुरोध गर्ने।

त्रि.वि.शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान लगायत सरकारी अस्पताल, सरकारी पूर्ण स्वमित्वमा संचालित खानेपानी मन्दिर/शव दाह विद्युतीय र इलेक्ट्रिक सवारी साधन चार्जिङ स्टेशनका डेडिकेटेड लाइनबाट आपूर्ति भएका ग्राहकका लागि साबिक दर २०६९ सालको महसुल कायम रहेको।

**मिति २०७३ असार १६ गतेको विद्युत महसुल निर्धारण आयोगको १०८ औं बैठकको निर्णय**

आयोगको विभिन्न बैठकहरुमा भएको छलफलहरु, उपसमितिको प्रतिवेदन समेत र सार्वजनिक सूचनाबाट प्राप्त सुझाव, सरोकारवालाहरु वीच भएको छलफल आदि समेतलाई मध्यनजर गरी आयोगले देहायको निर्णय गर्यो।

नेपाल विद्युत प्राधिकरण अन्तर्गतका समस्त ग्राहकहरुको २०७३ साल श्रावण महिनादेखि अनुसुची १ बमोजिमको विद्युत महसुल दर तथा अनुसुची २ बमोजिमको अन्य सेवा शुल्क दर कायम गर्ने निर्णय भयो।

बुटवल पावर कम्पनी अन्तर्गतका आँधीखोला वितरण प्रणालीका समस्त ग्राहकहरुलाई २०७३ साल श्रावण महिनादेखि लागु हुने गरी अनुसुची ३ बमोजिमको विद्युत महसुल दर तथा अनुसुची ४ बमोजिमको अन्य सेवा शुल्क दर कायम गर्ने निर्णय भयो।

भूकम्प प्रभावित जिल्लाका पूर्णक्षति भएका पिडितको कार्ड पाएका ग्राहस्थ वर्गका ग्राहकको लागि नयाँ दर लागु भएको मितिबाट २०७५ साल असार मसान्तसम्म सेवा शुल्क नराखी इनर्जि शुल्कको दर कायम हुने निर्णय भयो।
लोडसेडिङ ६ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै Trunk line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महसुल Dedicated ग्राहकको सरह दर कायम गर्ने निर्णय भयो।
नेपाल विद्युत प्राधिकरण र बुटवल पावर कम्पनीले तीन महिने मिटर रिडिङ गर्न चाहेमा तिन महिनाको खपतलाई औसत गरी प्रति महिना खपत निकाली शुल्क लिनुपर्ने निर्णय भयो।
राष्ट्रिय ग्रिडमा संलग्न हुने विद्युतको खरिद दर फेरवदल गर्नुपूर्व यस आयोगको स्विकृति लिनुपर्ने निर्णय कार्यान्यवन गर्न पुन: निर्देशन दिने निर्णय भयो।
प्राधिकरणको प्रणालीमा हुने विद्युत चुहावटको कार्यलाई कडाईका साथ नियन्त्रण गर्न निर्देशन दिने र नेपाल सरकारलाई आवश्यक सहयोग प्रदान गर्न पुन: अनुरोध गर्ने निर्णय भयो।
अनुसुची ५ र ६ बमोजिमको प्रेस विज्ञप्ति जारी गर्ने।
नेपाल विद्युत प्राधिकरणलाई देहायका शर्तहरु अनिवार्य रुपमा पालना गर्न निर्देशन दिने निर्णय भयो।

क) नेपाल विद्युत प्राधिकरणले चुहावट घटाउने वार्षिक कार्ययोजना तयार गरी वार्षिक २% ले चुहावट घटाई कार्य प्रगति बिवरण नियमित ६/६ महिनामा जानकारी दिने।

ख) विद्युत चुहावट सम्बन्धी जानकारी दिने व्यक्ति र जरिवाना गराउने कार्यक्रममा संलग्न हुने कर्मचारीलाई जरिवाना रकमको केही प्रतिशत दामासाहीले प्रोत्साहन स्वरुप दिइने नियम ने.वि.प्रा.वोर्डबाट ३ महिना भित्र पास गराई जानकारी गराउने।

ग) ६ महिना समयसम्म पनि बक्यौता रकम नतिर्ने ग्राहकको विद्युत कटौती नगर्ने सम्बन्धित कार्यालय प्रमुख र कर्मचारीहरुलाई चेतावनी स्वरुप बक्यौता रकमको वार्षिक सयकडा १०% ले हुन आउने रकम निज सम्बन्धित कर्मचारीहरुको तलब बाट दामासाहीले कट्टा गरी ने.वि.प्रा.को आम्दानीमा राख्ने नियम ने.वि.प्रा.वोर्डबाट ३ महिना भित्र पास गराई जानकारी गराउने।

घ) नेपाल विद्युत प्राधिकरणको प्रशासनिक तथा कर्मचारी सम्बन्धी खर्च वृद्धि हुँदै गईरहेको देखिएकोले उक्त वृद्धिमा नियन्त्रण गरी संगठनात्मक कुशलता बढाउने सम्वन्धमा विस्तृत कार्ययोजना बनाउने। खर्चको हिसावले मितव्ययी तथा व्यवस्थापनको हिसावले प्रभावकारी एवं चुस्त दुरुस्त हुने गरी गर्ने।

ङ) वर्तमान लोडसेडिङ कम गर्न संचालनमा रहेका विद्युत केन्द्रहरुलाई प्रभावकारी ढंगले संचालन गर्ने, निर्माणाधीन आयोजनाहरुलाई समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने तथा सम्भाव्य सबै वैकल्पिक व्यवस्थाहरुबाट ऊर्जा उपलब्ध गराउन आवश्यक कदम चाल्ने।

च) माथि उल्लिखित कुराहरुको प्रगति विवरण प्राधिकरणले आयोगमा ३।३ महिनामा नियमित रुपमा पेश गर्ने।

**मिति २०७३।४।१२ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७३४ औं बैठकको निर्णय**:
विद्युत महसुल निर्धारण आयोगबाट स्वीकृत भएको विद्युत महसुल दर र सोसंग सम्बन्धित अन्य विषयमा देहाय बमोजिम गर्ने:

क) विद्युत महसुल निर्धारण आयोगबाट २०७३ श्रावण महिना देखिको खपतमा लागु हुने गरी स्वीकृत विद्युत महसुल दर कार्यान्वयन गर्ने।

ख) आयोगबाट प्राप्त निर्देशन एवं संलग्न विद्युत महसुल सङ्कलन विनियमावली,२०७३ को मस्यौदा उपर विस्तृत अध्ययन गरी राय सिफारिस सहितको प्रतिवेदन यथाशीघ्र पेश गर्न निम्न उपसमिति गठन गर्ने :

१. श्री मनोज कुमार मिश्र, सञ्चालक, ने.वि.प्रा. - संयोजक

२. श्री दीर्घायुकुमार श्रेष्ठ, निर्देशक, ने.वि.प्रा. - सदस्य

३. श्री प्रमुख, कानून विभाग, ने.वि.प्रा. - सदस्य-सचिव

**मिति २०७३।०९।०४ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७४३ औ बैठकको निर्णय**:

१५· विद्युत महसुल संकलन विनियमावली, २०७३ उपर व्यवस्थापनले अध्ययन गरी पेश गरेको प्रतिवेदन बारे ।

विद्युत महसुल निर्धारण आयोगले २०७३ श्रावण देखिको खपतमा लागू हुने गरी स्वीकृत गरेको विद्युत महसुल दर र आयोगको निर्देशन कार्यान्वयन गर्नेबारे सञ्चालक समितिको मिति २०७३।४।१२ को ७३४ औं बैठकबाट सञ्चालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन भएको थियो ।

उल्लिखित उपसमितिले मिति २०७३।५।८ मा पेश गरेको विद्युत महसुल संकलन विनियमावली, २०७३ स्वीकृतिका लागि सञ्चालक समितिको मिति २०७३।६।७ को ७३७ औं बैठकमा प्रस्तुत हुँदा उक्त विनियमावली उपर व्यवस्थापनले थप अध्ययन गरी पेश गर्ने निर्णय भउको थियो ।

उपसमितिले पेश गरेको विद्युत महसुल संकलन विनियमावली, २०७३ उपर व्यवस्थापनले थप अध्ययन गरी पेश गरेको संलग्न राय सुझाव सहित प्रतिवेदनमा उल्लिखित बुँदाहरु समेत समावेश गरी विद्युत महसुल संकलन विनियमावली, २०७३ स्वीकृत गर्नुपर्ने भएको छ ।

प्राधिकरणको संगठनात्मक कुशलताको अभिवृद्धि गरी विद्युत चुहावट घटाउन खर्चमा मितव्ययीता अपनाउन विद्युत महसुल बक्यौता जिन्सी मौज्दात तथा वित्तीय व्यवस्थापनमा आवश्यक सुधार गर्न र सम्भाव्य सबै उपायहरु अवलम्वन गरी लोडसेडिङ् न्यूनीकरण गर्ने लगायतका विषयमा विद्युत महसुल निर्धारण आयोगबाट प्राप्त निर्देशनहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने भएको छ ।

व्यवस्थापनले राय सुझाव सहित पेश गरेको प्रतिवेदन बमोजिम हुने गरी विद्युत महसुल संकलन विनियमावली, २०७३ स्वीकृतिका लागि समिति समक्ष कार्यकारी निर्देशकले प्रस्ताव गर्नुहुँदा निम्नानुसार निर्णय भयो:

निर्णय

सञ्चालक समितिको मिति २०७३।४।१२ को ७३४ औं बैठकबाट गठित उपसमितिले पेश गरेको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ मा व्यवस्थापनले पेश गरेको संलग्न व्यवस्थाहरु समेत समावेश हुने गरी ने. वि. प्रा. विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ स्वीकृत गर्ने ।

**मिति २०७३/९/२१ को नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७४४ औं बैठकको निर्णय**:
विद्युत महसुल निम्नानुसार निर्धारण गरीदिने व्यवस्थाका लागि विद्युत महसुल निर्धारण आयोगसमक्ष अनुरोध गर्ने:

**क)** औद्योगिक ग्राहकतर्फको महसुल
प्राधिकरणको वित्तीय अवस्था सुधार नहुन्जेलसम्म संलग्न अनुसूची १ बमोजिम २०% महसुल वृद्धि समायोजन गर्ने। साथै TOD ग्राहकका हालको Off Peak हिउँद समय (पौष देखि चैत्र) को महसुल दर अन्य समयसरह नै लागु भइरहेकोले सोही बमोजिम गर्ने।

ख) सामुदायिक विद्युतीकरणको महसुल
प्राधिकरणको र सामुदायिक वितरक संस्थाको महसुलबीच तादम्यता राख्दै निम्नानुसार समायोजन गर्ने:
सामुदायिक थोक ग्राहक:

| भोल्टेज स्तर | इनर्जी शुल्क रु / प्रति युनिट |
|---|---|
| मझौला भोल्टेजस्तर ११ के· भि· / ३३ के·भि· | |
| Nx२० युनिटसम्म खपत | ४·२५ (हालको दर यथावत) |
| Nx२१ युनिटभन्दा माथि खपत | ७·५० |
| तल्लो भोल्टजस्तर २३०/४०० भोल्ट | |
| Nx२० युनिटसम्म खपत | ४·२५ (हालको दर यथावत) |
| Nx२१ युनिटभन्दा माथि खपत | ७·७० |

(घ) सालबसाली रुपमा स्वतः विद्युत महसुल निर्धारण हुने गरी विद्युत महसुल सुत्र निर्धारण गरी लागु गर्न अनुरोध गर्ने।

**मिति २०७४/३/२९ गतेको नेपाल विद्युत प्राधिकरण संञ्चालक समितिको ७५७औं बैठकको निर्णय**
मिति २०७४।४।१ देखिको विद्युत खपतको बिलिङमा लागु हुनेगरी नेपाल विद्युत प्राधिकरण, विद्युत महसुल विनियमावली, २०७३ को विनियम ७ (३) को सट्टा देहाय बमोजिम हुने गरी संशोधन गर्नेः
(३) मिटर रिडिङ्ग गरेको ७ दिनभित्र महसुल बुझाउने उपविनियम (१) र (२) मा उल्लिखित ग्राहकबाहेकका अन्य वर्गका ग्राहकलाई बिल रकमको २ प्रतिशत छुट दिइनेछ। मिटर रिडिङ्ग गरेको ८औं दिनदेखि २२औं दिनभित्र बिलअनुसारको महसुल लाग्नेछ।

**मिति २०७५/१/३१ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७६८औं बैठकको निर्णय**
नेपाल विद्युत प्राधिकरणले औद्योगिक र व्यापारिक वर्गका ग्राहकलाई डेडिकेटेड फिडर मार्फत भरपर्दो, नियमित र गुणस्तरीय विद्युत आपूर्ति गर्ने र सो बापत Premium Tariff लिनेगरी संचालक समितिबाट स्वीकृत प्रतिवेदनबमोजिम २०७२ श्रावण देखिको खपतमा सो महसुल लागु गरिएको विद्युत महसुल निर्धारण आयोगबाट समेत उक्त महसुल दर अनुमोदन भएको देखिन्छ।

मिति २०७३/४/१ देखि लागु भएको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ मा डेडिकेटेड फिडर लाइन तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकका लागि अनुसूची १ क बमोजिमको महसुल दर लागु हुने व्यवस्था छ। यसैविच मिति २०७५ वैशाख ३१ गते देखि मुलुकभर लोडसेडिङ अन्त्य भई सबै ग्राहकलाई निरन्तर विद्युत आपूर्ति हुने भएकोले मुलुकमा लोडसेडिङ अन्त्य भएको मिति अघि र पछि डेडिकेटेड फिडर तथा ट्रंक लाइनमार्फत् विद्युत आपूर्ति हुँदा उपलब्ध हुने सुविधाका अतिरिक्त यस्तो लाइनको आवश्यकता र औचित्यता समेतलाई दृष्टिगत गरी उक्त लाइनबाट विद्युत आपूर्ति हुने ग्राहकहरुको विद्युत महसुलबारे निम्न विषयहरुमा अध्ययन गरी तदनुरुप आवश्यक निर्णय गर्नुपर्ने देखियो।

१. डेडिकेटेड फिडर लाइनमार्फत आपूर्ति लिएका ग्राहकहरुका लागि २०७२ श्रावणको खपत देखि लागु भएको महसुल दर र विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ मा उल्लिखित महसुलसम्बन्धी व्यवस्थासमेतका आधारमा मिति २०७२/४/१ को खपतदेखि डेडिकेटेड फिडरलाइन तथा ट्रंक लाइनमार्फत विद्युत आपूर्ति भएका ग्राहकलाई लागु गरिएको महसुल दरको कार्यान्वयनको यथार्थ अवस्था, सम्बन्धित ग्राहकहरुबाट प्राप्त गुनासो र असुल हुनुपर्ने महसुल।

२. मिति २०७५/२/१ देखि डेडिकेटेड फिडर तथा ट्रंक लाइनमार्फत विद्युत आपूर्ति लिने ग्राहकलाई कायम गर्नुपर्ने विद्युत महसुल दर।

उल्लिखित विषयहरुमा विस्तृत अध्ययन विश्लेषण गरी रायसिफारिस सहितको प्रतिवेदन यथासिघ्र पेश गर्न निम्न उपसमिति गठन गर्नेः

| | | |
|---|---|---|
| १. | श्री भक्त बहादुर पुन, संचालक ने.वि.प्रा. | - संयोजक |
| २. | श्री हरराज न्यौपाने उपकार्यकारी निर्देशक, वी.ग्रा.से. | - सदस्य |
| ३. | श्री तुलाराम गिरी, निर्देशक, कानून विभाग, ने.वि.प्रा. | - सदस्य |
| ४. | श्री जयराज भण्डारी, सह-निर्देशक, आ.वि. विभाग, ने.वि.प्रा. | - सदस्य-सचिव |

**मिति २०७५।१२।२९ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ७९३ औ बैठकको निर्णय**

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुका विद्युत महसुल दरबारे तत्कालिन विद्युत महसुल निर्धारण आयोगबाट स्वीकृत महसुल दर, विद्युत महसुल संकलन विनियमावलीमा उल्लेखित व्यवस्था, कार्यान्वयनको अवस्था, डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट आपूर्ति लिएका ग्राहकहरुले अतिरिक्त महसुल दर कायम हुन नहुने भनि गरेको लिखित निवेदन जिकिरको औचित्यता समेतलाइ दृष्टिगत गर्नुपर्ने देखिन्छ।

समितिको मिति २०७५।०१।३१ को ७६८ औ बैठकबाट संचालक श्री भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले उल्लिखित विषयमा पेश गरेको संलग्न प्रतिवेदन उपर विस्तृत छलफल गर्दा केही कैफियतहरु बारे थप आधार प्रमाणसहित उल्लेखित समग्र पक्षहरुको विश्लेषण गरी निर्णय लिनु उपयुक्त हुने देखिएकोले सो सम्बन्धमा देहाय बमोजिम गर्ने:

१. निम्न विषयहरुमा थप अध्ययन गरी एक महिना भित्र राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न तल प्रकरण(२)मा उल्लेखित उप समिति गठन गर्ने ।

क) सम्वत २०७२ श्रावण देखि २०७३ असारसम्म र तत्पश्चात ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुले प्रति दिन उद्योग सञ्चालन गरेको अवधिको खपत विवरण, त्यस्ता ग्राहकहरुबाट नियमानुसार लिनुपर्ने महसुल, हाल लिइएको महसुल तथा यस्ता ग्राहकहरुको निवेदन दावी।

ख) नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर लाइन तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने प्रक्रिया र यस्ता ग्राहकहरुलाई लाग्ने महसुल दरबारे विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महसुल संकलन विनियमावली, २०७३ मा भएका व्यवस्थाहरुको पुनरावलोकन गरी सो विनियमावलीहरुमा संशोधन गर्नुपर्ने देखिए सो को संशोधन मस्यौदा।

ग) डेडिकेटेड तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका र लिने ग्राहकहरुको नयाँ विद्युत महसुल दरको प्रस्ताव।

२) उपसमिति:

श्री भक्तबहादुर पुन, संचालक, ने.वि.प्रा. -

संयोजक

श्री तोयानाथ अधिकारी सहसचिव-, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय - सदस्य

श्री हरराज न्यौपाने, उप कार्यकारी निर्देशक, वि.ग्रा.से. - सदस्य

श्री तुलाराम गिरी, निर्देशक, जनसाधन विभाग - सदस्य

श्री जयराज भण्डारी, सह-निर्देशक, आर्थिक विश्लेषण विभाग

- सदस्य सचिव

**३)** संचालक श्री भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएबमोजिम डेडिकेटेड लाइनबाट विद्युत आपूर्ति लिई महसुल नतिरेका ग्राहकसंग व्यवस्थापनले बाँकी विद्युत महसुल असूल उपर गर्ने र उक्त प्रतिवेदन अनुसार डेडिकेटेड लाइन लिएका ग्राहकहरुलाई नियमानुसार बिलिङ नहुनु र नगर्नुको कारणबारे सम्बन्धित जिम्मेवार कर्मचारीलाई स्पष्टिकरण सोध्ने।

**मिति २०७६/०६/२४ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ८०७औं बैठकको निर्णय**

सम्पूर्ण संचालकहरुलाई श्री भक्तबहादुर पुन, संचालक, ने.वि.प्रा.को संयोजकत्वमा गठित उपसमितिले पेश गरेको पूर्ण प्रतिवेदन वितरण गर्ने र सोउपर विस्तृत छलफल गरी आवश्यक निर्णय लिन पुनः पेश गर्ने।

**मिति २०७६।०७।१६ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ८०९औं बैठकको निर्णय**

संचालक समितिको मिति २०७५।१२।२९ को ७९३औं बैठकबाट डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट आपूर्ति लिएका ग्राहकहरुको विद्युत महसुल दरसमेतका उपर अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले पेश गरेको संलग्न राय सिफारिस सहितको प्रतिवेदन समेतका आधारमा देहाय बमोजिम गर्ने:

१. डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट आपूर्ति लिएका ग्राहकहरुसंग २०७२ श्रावणदेखि नै लागु हुने गरी ने.वि.प्रा. विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) तथा अनुसूचि -१ क मा उल्लेख भएबमोजिमको विद्युत महसुल लिने।

२. बिभिन्न ग्राहकले बिभिन्न अदालतमा मुद्दा दायर गरी सोउपर अन्तरिम आदेश जारी भई मुद्दा बिचाराधिन रहेको हुँदा त्यस्ता ग्राहकका हकमा मुद्दा फैसला भएपश्चात सोही बमोजिम हुने गरी महसुल लिने।

३. भैरहवा वितरण केन्द्र अन्तर्गतका १५ वटा ग्राहकहरुले साबिकको ३३ के.भी.औद्योगिक फिडरबाट ट्रंक लाइनमा परिवर्तन भई मिति २०७४।१२।१२ देखि नियमित विद्युत आपूर्ति लिएको देखिँदा त्यस्ता ग्राहकहरुसंग पनि २०७५ बैशाख देखि लागु हुने गरी विद्युत महसुल महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) तथा अनुसूति-१क मा उल्लेख भएबमोजिमको महसुल दर कारयम गरी सोही बमोजिम बाँकी महसुल लिने।

४. डेडिकेटेड फिडर/ लाइन, औद्योगिक फिडर/लाइन, ट्रंक लाइन, औद्योगिक क्षेत्र लाइन, विशेष आर्थिक क्षेत्र लाइन र ११ के.भि. रिङ्ग मेनबाट विद्युत आपूर्ति लिने ग्राहकलाई अर्को जुनसुकै लाइनमा परिवर्तन (Shift) गर्ने सम्बन्धमा व्यवस्थापनले छुट्टै कार्यविधि तर्जुमा गरी समितिसमक्ष पेश गर्ने।

५. नेपाल विद्युत प्राधिकरणको विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महसुल संकलन विनियमावली, २०७३ मा संशोधन गर्न प्रतिवेदनमा प्रस्ताव गरिएका र अन्य आवश्यक देखिएका व्यवस्थाहरु सहितको संशोधन प्रस्ताव तयार गरी समिति समक्ष पेश गर्ने।

**मिति २०७६।०७।१७ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ८१०औं बैठकको निर्णय**

संलग्न संशोधन प्रस्ताव बमोजिम हुने गरी समयसापेक्ष विद्युत वितरण विनियमावली,२०६९ र विद्युत महसुल संकलन विनियमावली, २०७३ मा संशोधन गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले समिति समक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्न अनुसार निर्णय भयो।

निर्णय:

संलग्न संशोधन प्रस्ताव बमोजिम हुने गरी विद्युत वितरण विनियमावली,२०६९ र विद्युत महसुल संकलन विनियमावली, २०७३ मा संशोधन गर्ने ।

नेपाल विद्युत प्राधिकरण

संचालक समितिको मिति २०७५।१२।२९ को ७९३औं बैठकबाट गठित पुनरावलोकत उपसमितिको सिफारिस समेतको आधारमा "विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महसुल संकलन बिनियमावली, २०७३" मा संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था

**(क) नेपाल विद्युत प्राधिकरण, विद्युत महसुल संकलन विनियमावली, २०७३:**

| **सि.नं.** | **बिनियम** | **विद्यमान व्यवस्था** | **प्रस्तावित व्यवस्था** | **कारण** |
|---|---|---|---|---|
| **१** | **२(ख)** | "ग्राहक" भन्नाले विनियम ३ बमोजिम विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ । सो शब्दले ट्रंक लाईन (Trunk Line) र | "ग्राहक " भन्नाले विनियम ३ बमोजिम तोकिएको विद्युत उपभोग गर्ने प्राकृति व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई | प्राधिकरणका विभिन्न प्रकारका लाइनहरुबाट विद्युत सेवा लिने |

| सि.नं. | बिनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | डेडिकेटेड फिडर ( Dedicated Feeder) बाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई समेत जनाउनेछ। | सम्झनु पर्छ। सो शब्दले डेडिकेटेड फिडर /डेडिकेटेड लाईन, ट्रंक लाईन, औधोगिक फिडर/ लाइन औद्योगिक क्षेत्र लाईन, विशेष आर्थिक क्षेत्र लाईन र ११ के. भि. रिंगमेनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई समेत सम्झनु पर्छ। | ग्राहकहरुलाई समेत परिभाषामा समेटन उपयुक्त भएकोले। |
| २ | २(घ) | "डेडिकेटेड फिडर (Dedicated Feeder)" भन्नाले ने.वि.प्र. को सवस्टेशनबाट ग्राहकको घर/कम्पाउण्ड सम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई बुझाउनेछ। | " डेडिकेटेड फिडर /डेडिकेटेड लाइन" भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाईन निर्माण भई प्राधिकरणको सवस्टेशनबाट ग्राहकको घर/ कम्पाउण्डसम्म विद्युत आपूर्तिका लागि निर्माण गरिएको लाईनलाई सम्झनु पर्छ। | "डेडिकेटेड फिडर /डेडिकेटेड लाइन" को परिभाषा गर्न उपयुक्त भएकोले। |
| ३ | २(ङ) | "डेडिकेटेड लाईन (Dedicated Line)" भन्नाले ग्राहक स्वयम् वा अन्य निकायको श्रोतबाट छुट्टै निर्माण भएको वितरण लाइनलाई बुझाउनेछ। | विनियम २ (ङ) हटाउने। | विनियम २ (घ) मा परिसकेकोले आवश्यक नभएको। |
| ४ | ५(५) | ३३ के.भि.ट्रंक लाइन तथा ११ के.भि. रिंगमेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन । अर्को व्यवस्था नभएसम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाईनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरको महशुल तिरी लिन सक्नेछन । | बिनियम ५(५) हटाउने। | लोडसेडिङ्ग अन्त भई मुलुकभर नियमित विद्युत आपूर्ति भएको परिप्रेक्ष्यमा विनियमहरुमा द्बिविधा र परस्पर बाझिने वाक्यांसहरु राख्न उपयुक्त नहुने। |

| सि.नं. | बिनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | यस्तो सेवा लिने स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाईन सरह ने.वि.प्रा. संचालक समितिबाट स्वीकृती लिनुपर्ने छ । यदि कुनै ग्राहकले स्वीकृती नलिइ ने.वि.प्रा.ले निर्धारण गरेको लोडसेडिंगको समय कट्टा गरि विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाईन कट्टा गरी दफा ११ बमोजिम विल रकम र सो वरावरको क्षतिपूर्ति रकम समेत तिर्नु पर्नेछ । यस्तो अवस्थामा विद्युतको विल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महशुल लगाइनेछ। यसरी कायम भएको विद्युत महशुल तथा क्षतिपूर्ति रकम नतिरेसम्म विद्युत लाईन जोडिने छैन । | | |

नेपाल विद्युत प्राधिकरण

संचालक समितिको मिति २०७५।१२।२९ को ७९३औं बैठकबाट गठित पुनरावलोकन उपसमितिको सिफारिस समेतको आधारमा "विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महसुल संकलन **वि**नियमावली, २०७३" मा संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था

### (ख) नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९

| सि.नं. | बिनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | २(ङ) | "ग्राहक" भन्नाले प्राधिकरणबाट बिक्री वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ । सो शब्दले विद्युत लाईन लिन आवेदन दिई प्राधिकरण बाट मिटर जडान गर्न | (ङ) " ग्राहक " भन्नाले प्राधिकरणबाट बिक्रि वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ । सो शब्दले डेडिकेटेड फिडर / डेडिकेटेड लाईन, ट्रंक लाईन, औद्योगिक फिडर/ लाइन, औद्योगिक क्षेत्र लाईन, विशेष आर्थिक क्षेत्र लाईन र ११ के.भि. रिंगमेनबाट विद्युत आपूर्ति लिएका ग्राहक | ग्राहकको परिभाषामा थप गरी संशोधन गर्न आवश्यक भएको |

| सि.नं. | बिनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | स्वीकृति प्रदान गरेको व्यक्ति वा संस्था समेतलाई जनाउनेछ। | समेतलाई सम्झनु पर्छ। | |
| २ | २(ङ १) | नभएको। | **विनियम २ (ङ) पछि देहायबमोजिम थप गर्ने:**<br><br>(ङ१) ट्रंक लाइन भन्नाले प्राधिकरणको एक सवस्टेशनबाट अर्को सवस्टेशन सम्म जोड्ने ३३ के.भि. वा सो भन्दा माथिको लाइनलाई सम्झनु पर्छ। | ट्रंक लाइनको परिभाषा थप गर्न आवश्यक भएको। |
| | २(ङ २) | | (ङ २) " डेडिकेटेड फिडर /डेडिकेटेड लाईन" भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाईन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्राहकको घर/ कम्पाउण्डसम्म विद्युत आपूर्तिका लागि निर्माण गरिएको लाईनलाई सम्झनु पर्छ। | "डेडिकेटेड फिडर तथा डेडिकेटेड लाइनको परिभाषा थप गर्न आवश्यक भएको। |
| ३ | १६(क) | नभएको। | **१६ क. निरन्तर विद्युत आपूर्ति गर्ने सम्बन्धी विशेष व्यवस्था:**<br><br>(१) डेडिकेटेड फिडर/ डेडिकेटेड लाईन, ट्रंक लाईन,औधोगिक फिडर /लाइन, औद्योगिक क्षेत्र लाईन, विशेष आर्थिक क्षेत्र लाईन र ११ के.भि. रिंगमेनबाट विद्युत आपूर्ति लिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ। | विशेष प्रकृतिका लाइनबाट नियमित विद्युत आपूर्ति पाउने ग्राहकहरुका हकमा नयाँ व्यवस्था थप गर्न आवश्यक भएको। |
| | | | (२) डेडिकेटेड फिडर/डेडिकेटेड लाईन र ट्रंक लाईनबाट विद्युत आपूर्ति लिने ग्राहकलाई प्राविधिक, प्राकृतिक र काबू बाहिरको परिस्थिति बाहेक निरन्तर गुणस्तरीय विद्युत आपूर्ति गरिनेछ। | |
| | | | (३) उप विनियम (१) बमोजिम विद्युत आपूर्तिको सेवा लिने ग्राहकले तोकिए बमोजिमको छुट्टै विद्युत महशुल तिर्नु | |

| सि.नं. | बिनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | | /बुझाउनु पर्नेछ। | |
| ४ | १८(२) | उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि २०० के.भि.ए.वा सो भन्दा वढी लोड स्वीकृत भएका ग्राहकको ३/३ महिनामा सि.टी/पी.टी. र मिटर समेतको निरीक्षण गरी अनुसूची २८ अनुसार अनिवार्य रुपमा प्रतिवेदन पेश गर्न् पर्नेछ। | उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि २०० के.भि.ए. वा सो भन्दा वढी लोड स्वीकृत भएका ग्राहकको प्रत्येक महिना मिटर रिडिङ्ग गर्दा सि.टी./ पी.टी. र मिटर समेतको निरीक्षण गरी टि.ओ.डि.मिटरको लोड प्रोफाईल (Load Profile ) सहितको डाटा डाउनलोड रिर्पोट र अनुसूचि २८ अनुसारको प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। | समयावधी कम गरी थप व्यवस्थासहित संसोधन गर्न आवश्यक भएकाले |
| ५ | **२०(क) थप गर्ने** | | **२०(क) किस्ताबन्दी सम्बन्धी व्यवस्था**: | |
| | **१** | नभएको। | (१) प्राधिकरणले ग्राहकलाई बिलिङ्ग गर्दा कुनै कारणबाट बिलिङ्ग छुट हुन गई पछि छुट बिलिङ्ग गरिएको अवस्थामा वा ग्राहकले नियमित विद्युत महशुल भुक्तानी गर्न नसकि लाइन काटिएको अवस्थामा ग्राहकले किस्तावन्दीमा महशुल बुझाउन आवेदन गरेको खण्डमा मुख्य प्रशासकिय अधिकृतको स्वीकृतिमा किस्ताबन्दीको सुविधा दिन सकिने छ। यस्तो सुविधा दिँदा जति महिनाको महशुल बुझाउन बाँकी छ बढीमा त्यती महिनाको किस्ता कायम गर्न सकिनेछ। | विविध कारणबाट छुट बिल वा विद्युत महशुल तिर्न नसकि किस्ताबन्दीमा महशुल तिर्न चाहने ग्राहकलाई किस्ताबन्दी सुविधा दिने सम्बन्धमा विनियमावलीमा समावेश गर्न आवश्यक भएको। |
| | | | (२) छुट बिल बापतको महशुल नियमित रुपमा किस्ताबन्दीमा भुक्तानी गर्दा थप दस्तुर लाग्ने छैन। तर तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा नियमानुसार थप दस्तुर लाग्ने छ। | |
| | | | (३) नियमित विद्युत महशुल नबुझाई लाइन काटिएको ग्राहकले किस्ताबन्दीको | |

| सि.नं. | बिनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | | सुविधा प्राप्त गरी महशुल बुझाउदा किस्ता रकमको अतिरिक्त नियमानुसार थप दस्तुरसमेत लाग्ने छ। | |
| ६ | २ | यस विनियमावलीमा साविकको विद्युत महशुल संकलन बिनियमावली,२०६९ उल्लेख भएको तर हाल सो विनियमावलीलाई विद्युत महशुल संकलन बिनियमावली, २०७३ ले प्रतिस्थापन गरी लागू भई रहेको हुँदा साबिकको विनियमावली उल्लेख भएको स्थानमा हालका विद्युत महशुल संकलन बिनियमावली, २०७३ रहने गरी संशोधन गर्ने | | हाल प्रचलित विद्यूत महशुल संकलन बिनियमावली, २०७३ राखी संसोधान गर्न आवश्यक भएको। |

**मिति २०७७/०३/०१ मा भएको विद्युत नियमन आयोगको ५७ औं बैठकको सम्बन्धित निर्णय छलफलको विषय**

**क) विद्युत प्राधिकरणबाट पेश भएको विद्युत उपभोक्ता महसुल निर्धारण सम्बन्धमा।**

**निर्णय:**

**उल्लेखित विषयमा देहाय बमोजिमको निर्णयहरु गरियो।**

१) यस आयोगको मिति २०७६/११/०१ को एकचालीसौं बैठकको निर्णयानुसार विद्युत महसुल निर्धारणको सम्बन्धमा नेपाल विद्युत प्राधिकरणबाट पेश भएको निवेदन तथा विवरणहरु उपर विस्तृत अध्ययन गर्नको लागि गठन गरिएको उपसमितिबाट सोको अध्ययन भई मिति २०७६/०२/२८ मा पेश भएको नेपाल विद्युत प्राधिकरणका उपभोक्ता (सामुदायिक थोक उपभोक्ता संस्था अन्तर्गत रहेका उपभोक्ता समेत) को विद्युत महसुल दर निर्धारण प्रतिवेदन उपर विस्तृत छलफल पश्चात परिमार्जन सहित विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा १ (क) को व्यवस्था बमोजिम स्वीकृत गरियो। स्वीकृत निर्णयको पूर्ण पाठ अनुसूची क मा संलग्न गरियो।

२) स्वीकृत भएको विद्युत उपभोक्ता महसुल दर सम्बन्धमा विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा ३ को व्यवस्था बमोजिम संलग्न अनुसूची ख सहितको सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने निर्णय गरियो।

३) यस स्वीकृत पूर्ण पाठ, सूचना तथा निर्धारण गरिएको महसुल सम्बन्धी विवरणहरु यस आयोगको वेभसाइट www.erc.gov.np मा उपलब्ध गराउने निर्णय गरियो।

**मिति २०७७।१०।११ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ८५९औं बैठकको निर्णय**

ट्रङ् लाइन र डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिएका सम्बन्धित ग्राहकहरुसंगको बक्यौता विद्युत महसुलबारे संचालक समितिको मिति २०७२।१२।२९ र २०७६।७।१६ को बैठकबाट भएका निर्णय नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७७।४।१९ मा भएको निर्णय एवम् सम्मानित अदालतबाट भएका फैसलासमेतका आधारमा देहायबमोजिम गर्न व्यवस्थापनलाई निर्देशन दिने:

१. मिति २०७२ श्रावणदेखि २०७७ असार महिनासम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सम्बन्धित उपभोक्ताहरुबाट असुल उपर गर्ने। तर कुनै ग्राहकको हकमा सम्मानित अदालतबाट अवधि किटान गरी महसुल लिने गरी फैसला/ आदेश भएकोमा सोही बमोजिमको रकम असुल उपर गर्ने।

२. डेडिकेटेड /ट्रंक विद्युत महसुलका सम्बन्धमा केही उपभोक्ताहरुले विभिन्न अदालतमा मुद्दा दायर गरेका र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाई नेपाल विद्युत प्राधिकरणमा समेत लेखी आएकोमा सो सम्बन्धमा अदालतको फैसला/आदेश र विद्युत नियमन आयोगको निर्णयबमोजिम हुनेगरी कार्यान्वयन गर्ने।

३. विद्यमान कोभिड-१९ बाट समग्र उद्योग व्यवसायमा परेको असरलाई मध्यनजर गरी प्रकरण(१) मा उल्लेख भएबमोजिमको बक्यौता रकम किस्तावन्दीमा बुझाउन पाउँ भनी २०७८ असार मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धी उपभोक्तालाई नियमानुसारको किस्ताबन्दी कायम गरी बक्यौता महसुल बुझाउने सुविधा दिने।

**मिति २०७८।०१।२६ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ८७० औं बैठकको निर्णय**

संघीय संसद् प्रतिनिधी सभा, सावर्जनिक लेखा समितिको मिति २०७७।१२।२२ गतेको बैठकले गरेको निर्णय आवश्यक कार्यान्वयनको लागि ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयको च.नं. २९९ मिति २०७७।१२।२७ को पत्रको सन्दर्भमा डेडिकेटेड र ट्रंक लाइन बाट विद्युत आपूर्ति लिएका ग्राहकहरुवाट बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी एक महिना भित्र जानकारी गराउन प्राधिकरणलाई दिएको निर्देशन अवगत भयो। सावर्जनिक लेखा समितिको उल्लिखित मितिको निर्देशन पश्चात देशमा कोभिड-१९ महामारी पुनः व्यापकरुपमा फैलिई सम्पूर्ण उद्योग व्यवसाय सञ्चालनमा समेत प्रतिकुल प्रभाव परेको र देशका विभिन्न स्थानमा निशेधाज्ञासमेत लागु भएको अवस्थामा समितिको उक्त निर्देशन पूर्णरुपमा पालना गर्न हाललाई कठिन हुने देखिएको र मिति २०७२ आवण देखि २०७७ असार मसान्तसम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सम्बन्धित उपभोक्ताबाट असुल उपर गर्ने विद्युत महसुलका सम्बन्धमा अदालती प्रकृयामा गएका कुनै ग्राहकको हकमा अदालतको फैसला/आदेश वमोजिम विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाईएका ग्राहकको हकमा आयोगको निर्णय बमोजिम हुने गरी कार्यान्वयन गर्ने र बक्यौता विद्युत महसुल किस्तावन्दीमा बुझाउन पाऊँ भनी २०७८ असार मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसारको किस्ताबन्दी कायम गरी बक्यौता महसुल बुझाउने सुविधा दिने गरी प्राधिकरण संचालक समितिको मिति २०७७।१०।११ गतेको ८५९औं बैठकबाट निर्णय भएको र उक्त निर्णय कार्यान्वयनको लागि नेपाल विद्युत प्राधिकरण प्रतिबद्ध रहेको व्यहोरा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमार्फत संघिय संसद प्रतिनिधी सभा सार्वजनिक लेखा समिति समक्ष अनुरोध गरी पठाउने।

**मिति २०७८।०४।०६ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ८७४ औ बैठकको निर्णय**

सूर्य नेपाल प्रा.लि. बाट किस्तावन्दीमा बक्यौता विद्युत्त महसुल बुझाउने विषयको मिति २०७८।०३।२८ को निवेदनमा उल्लिखित व्यहोराको सम्बन्धमा प्राधिकरण व्यवस्थापन र सूर्य नेपाल प्रा.लि. का प्रतिनिधिहरु बीच छलफल गरी उक्त प्रा.लि, को बाँकी बक्यौता रकम असुल गर्ने बारे दुई पक्ष बीच भएको सहमतिको आधार सहित व्यवस्थापनबाट आवश्यक निर्णयार्थ प्रस्ताव तयार गरी अर्को बैठकमा पेश गर्ने।

**मिति २०७८।०५।२२ गतेको विद्युत नियमन आयोगको १३३ औं बैठकको निर्णय**

विविध प्रस्ताव नं. क माथि छलफल गर्दा नेपाल उद्योग वाणिज्य महासंघको प स १६१७ मिति २०७८।०३।२८ र नेपाल उद्योग परिसंघको मिति २०७८।०३।२८ को प्राप्त पत्रबाट विद्युत महसुल निर्धारण आयोगको १०३ औं र १०८ औं बैठकको निर्णय कार्यान्वयन नभएको भनी सो निर्णय कार्यान्वयन गर्न नेपाल विद्युत प्राधिकरणलाई आवश्यक निर्देशन जारी गरी पाउँ भन्ने निवेदन पेश भएको सन्दर्भमा विद्युत नियमन आयोग ऐन २०७४ को दफा ४४ को उपदफा ३ बमोजिम विद्युत ऐन, २०४९ को दफा १७ र १८ बमोजिम निर्धारण भएको महसुल विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम नै निर्धारण भएको मानिने कानूनी प्रावधान रहेको छ। तत्कालिन विद्युत महसुल निर्धारण आयोगले गरेको निर्णय विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४ को उपदफा १ अनुसार आयोग अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था भएको हुनाले यस आयोगको कार्यक्षेत्रभित्र पर्ने भई विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं र मिति २०७३।०३।१६ को १०८ औं बैठकको निर्णय कार्यान्वयन नभएको भए उपरोक्त निर्णय कार्यान्वयन गर्न विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३७ अनुसार नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने निर्णय गरियो।

**मिति २०७८।१२।१६ गतेको नेपाल विद्युत प्राधिकरण संचालक समितिको ९०३ औं बैठकको निर्णय**

डेडिकेटेड तथा ट्रंक लाइन उपभोक्ताहरुको पुरानो बक्यौता नियमानुसार थप दस्तुरसहित तिराउने गरी छुट्टै लेखाङ्कन गर्न सकिने वा नसकिने एवम् चालु महिनाको बिल रकम पुरानो बक्यौतामा मिलान नगरी भुक्तानी गर्न सकिने/नसकिने सम्बन्धमा कानूनी राय लिई आगामी बैठकमा पेश गर्ने।

**डेडिकेटेड फिडर तथा ट्रंक लाइन सम्बन्धी मिति २०८०।०९।१६ को विद्युत नियमन आयोगको २१८ औं बैठकको निर्णय सम्बन्धी प्रेस विज्ञप्ति**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगद्धारा गरिएको प्रथम पटकको महसुल निर्धारण उपर पुनरावलोकनको लागि ने.वि.प्रा. तथा अन्य सरोकारवालाहरुबाट निवेदन नपरेको तथा सोही ऐनको दफा १८ बमोजिम विवाद समाधानको निमित्त कुनै उजुरीसमेत नपरेको अवस्था रहेको छ। तसर्थ, डेडिकेटेड फिडर तथा ट्रंक लाइन सम्बन्धी महसुलको बक्यौता उठाउनु पर्ने परिपेक्ष्यमा सम्मानित अदालत,लेखा, समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालय तथा ने.वि.प्रा. मा गठित समितिहरुबाट बक्यौता उठाउने भनी निर्णय तथा निर्देशन प्राप्त भएकोमा विद्युत नियमन आयोगको यस सम्बन्धमा अन्यथा धारणा हुन नमिल्ने हुँदा तत्कालिन विद्युत महसुल निर्धारण आयोगको १०३ औं, १०४ औं तथा १०८ औं बैठकको निर्णय "लोडसेडिङ छ घण्टा वा सो भन्दा वढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइन बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महसुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय भएकोमा" सोको यकीन मिटर रिडिङ्बाट ने.वि.प्रा. ले गर्नु पर्ने तथा यस आयोगद्धारा मिति २०७८।०५।२२ गते बसेको १३३औ बैठकको निर्णय कार्यान्वयन गर्न गराउन नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिइसकेको अवस्थामा विद्युत महसुल निर्धारण आयोगले २०७२ सालमा गरेका निर्णयहरुमा अतित प्रभावीरुपले अन्यथा निर्णय गर्न कानुनत: नमिल्ने भएको तथा सम्मानित अदालतद्धारा विभिन्न समयमा भएका फैसला तथा आदेशहरुको परिपालना समेत हुने गरी काम कारवाही गर्न नेपाल विद्युत प्राधिकरणलाई पुन: निर्देशन दिने निर्णय आयोगको मिति २०८०।०९।१६ गते बसेको २१८ औं बैठकबाट भएको व्यहोरा अनुरोध छ।

## अनुसूची-३ : सम्बन्धित पत्रहरु

| क्र.सं | पत्र संख्या/चलानी नं. | पत्रको मिति | विषय | प्रेषक निकायको नाम | प्रापक निकायको नाम |
|---|---|---|---|---|---|
| १ | प.सं. २०७२/७३ यो.प्रा.से.वि., च.नं. १५५ | २०७२/०७/१५ | संचालक समितिको२०७२।०३।१२(७१० औं)को Dedicated Feeder सम्बन्धी निर्णय कार्यान्वियन गर्ने सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरणको योजना तथा प्राविधिक सेवा विभाग। | श्री सान्दर्भिक कार्यालयहरु ( विराटनगर, जनकपुर, हेटौडा, काठमाडौं, बुटवल, पोखरा, नेपालगञ्ज, अत्तरिया) |
| २ | प.सं. ०७२/७३ का.नि.स., च.नं. ५६३ | २०७२/०९/२२ | Dedicated Feeder Line को महसुल बारे। | नेपाल विद्युत प्राधिकरण | विद्युत महसुल निर्धारण आयोग |
| ३ | प.सं. ०७२/७३ का.नि.स., च.नं. ५९३ | २०७२/०९/२८ | विद्युत महसुल बारे। | नेपाल विद्युत प्राधिकरण | विद्युत महसुल निर्धारण आयोग |
| ४ | प.सं. ०७२/७३ च.नं. १४ | २०७२/१०/१४ | नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दरमा परिवर्तन सम्बन्धमा। | विद्युत महसुल निर्धारण आयोग | नेपाल विद्युत प्राधिकरण |
| ५ | प.सं. ०७२/७३ च.नं. १३ | २०७२/१०/१७ | नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दर बारे। | विद्युत महसुल निर्धारण आयोग | सार्वजनिक लेखा समिति |
| ६ | प.सं. ०७२/७३ च.नं. ४०७ | २०७२/११/१२ | नयाँ Tariff विद्युत महसुल भुक्तानि गर्ने सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरणको परासी वितरण केन्द्र, नवलपरासी। | बुटवल सिमेन्ट प्रा.लि. |
| ७ | प.सं. २०७२/७३ च.नं. ४५३ | २०७२/१२/०५ | नयाँ ट्यारिफ अनुसार थप बिल सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, महेन्द्रनगर वितरण केन्द्र। | श्री एभरेष्ट पेपर मिल प्रा.लि., धनुषा। |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | प.सं. ०७२/७३ च.नं. | २०७३/०३/१३ | बाँकी बक्यौता रकम बुझाउने बारे। | नेपाल विद्युत प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय, हेटौडा, मकवानपुर। | शिवम् सिमेन्ट प्रा.लि. |
| ९ | प.सं. २६/०७२/७३ | २०७३/०३/२४ | नेपाल विद्युत प्राधिकरण मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दरमा परिवर्तन सम्बन्धमा। | विद्युत महसुल निर्धारण आयोग। | नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय। |
| १० | प.सं. ०७३/७४ च.नं. १३७४ | २०७४/०२/२६ | लोड सेडिङ्गको समयमा उद्योग नचलाउने बारे। | नेपाल विद्युत प्राधिकरणको परासी वितरण केन्द्र, नवलपरासी। | श्री बुटवल सिमेन्ट प्रा.लि. |
| ११ | प.सं. २०७४/७५ च.नं. २६२२ | २०७४/१२/१४ | उद्योग संचालन नगरीदिने सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्र। | श्री पञ्चकन्या पलाष्टिक/पञ्चकन्या स्टिल्स,रुपन्देही। |
| १२ | प.सं. २०७४/७५ च.नं. २६२२ | २०७४/१२/१४ | उद्योग संचालन नगरीदिने सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्र। | श्री एस.आर.स्टिल्स प्रा.लि.,रुपन्देही। |
| १३ | प.सं. २०७६/७७ च.नं. ९२४ | २०७६/०८/२६ | विद्युत महसुल भुक्तानी तथा छुट बिल सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्र। | श्री सोना पोलिमर्स। |
| १४ | प.सं. २०७५/७६ च.नं. ३३ | २०७७/०४/१४ | छुट रकम बुझाउने बारेको सूचना। | नेपाल विद्युत प्राधिकरण, नयाँमिल वितरण केन्द्र। | श्री गोयनका फुडस, ति.न.पा.९। |
| १५ | प.सं. ५/०७७/७८ | २०७७/०४/३० | विद्युत महसुल निर्धारणका | अख्तियार दुरुपयोग | श्री ऊर्जा, जलस्रोत |

| | | | | | |
|---|---|---|---|---|---|
| | CIAA 7775-२७८७ | | सम्बन्धमा। | अनुसन्धान आयोग | तथा सिंचाइ मन्त्रालय<br>श्री विद्युत नियमन आयोग<br>श्री नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय। |
| १६ | प.सं. २०७७/०७८ च.नं. २२८७ | २०७८/०३/११ | डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्र। | श्री  ए.जी. हेल्थ इन्डष्ट्रिज, रुपन्देही। |
| १७ | प.सं. २०७७/७८ च.नं. २२९१ | २०७८/०३/११ | डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्र। | श्री पञ्चकन्या पलाष्टिक इन्डष्ट्रिज,रुपन्देही। |
| १८ | प.सं. २०७७/०७८ च.नं. २२८९ | २०७८/०३/११ | डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्र। | श्री नव नेपाल प्लाष्टिक इन्डष्ट्रिज, रुपन्देही। |
| १९ | प.सं. २०७७/७८ च.नं. २३१५ | २०७८/०३/१३ | डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्र। | श्री सिद्धार्थ पेंटप्लाष्ट इन्डष्ट्रिज, रुपन्देही। |
| २० | प.सं. २०७७/०७८ च.नं. २३१७ | २०७८/०३/१३ | डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्र। | श्री एस.आर.फुड्स प्रा.लि., रुपन्देही। |
| २१ | प.सं. २०७७/७८ च.नं. २३१६ | २०७८/०३/१३ | डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्र। | श्री घराना फुड्स, रुपन्देही। |
| २२ | प.सं. २०७८/७९ | २०७८/०४/२० | विद्युत महसुल बक्यौता रकम यथासिघ्र बुझाउने बारे। | नेपाल विद्युत प्राधिकरणको इटहरी वितरण | श्री रिलायन्स स्पिनिङ्ग मिल्स लि. |

| | | | | | |
|---|---|---|---|---|---|
| | च.नं. ९२ | | | केन्द्र, सुनसरी। | |
| २३ | प.सं. २०७८/७९ च.नं. २९१ | २०७८/०५/०१ | जानकारी गराईएको सम्बन्धमा। | नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्र। | श्री नव नेपाल प्लाष्टिक प्रा.लि., रुपन्देही। |
| २४ | प.सं. ०८०/८१ च.नं. २५३ | २०८०/०९/१६ | डेडिकेटेड फिडर तथा ट्रंक लाइन सम्बन्धमा। | विद्युत नियमन आयोग | श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार। |
| २५ | प प.सं. ०८०/८१ च.नं. १०४४ | २०८०/१२/०२ | विवरण सहितको कागजात पठाईएको सम्वन्धमा। | नेपाल विद्युत प्राधिकरण | विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग २०८० |
| २६ | प.स.०८०।८१ चं.न ३६२ | २०८०/१२/०५ | विवरण / कागजात पठाईएको सम्वन्धमा। | विद्युत नियमन आयोग | विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग २०८० |
| २७ | प.सं. ०८०/८१ च.नं. १०८४ | २०८०/१२/०२ | विवरण सहितको कागजात पठाईएको सम्वन्धमा। | नेपाल विद्युत प्राधिकरण | विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग २०८० |

**सम्बन्धित निकायहरु बीच भएका पत्राचार :**

**१) नेपाल विद्युत प्राधिकरणको योजना तथा प्राविधिक सेवा विभागको प.सं. २०७२/७३ यो.प्रा.से.वि., च.नं. १५५ मिति २०७२/०७/१५ मा क्षेत्रीय कार्यालयहरु ( विराटनगर, जनकपुर, हेटौंडा, काठमाडौं, बुटवल, पोखरा, नेपालगञ्ज, अत्तरिया) लाई प्रेषित नेपाल विद्युत प्राधिकरण संचालक समितिको२०७२।०३।१२ (७१० औं बैठक) को Dedicated Feeder सम्बन्धी निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा विषयक पत्रको व्यहोरा :**

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७२।०३।१२ को ७१० औं बैठकबाट भएको Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने बारेको निर्णय र उपसमितिको स्वीकृत प्रतिवेदनको आधारमा कार्यान्वयन गर्न पटक पटक जानकारी गराईएको विदितै होला । Dedicated Feeder लाइनमा निरन्तर रुपमा विद्युत आपूर्ति भइरहेको विद्यमान ग्राहकहरु र अब उपरान्त Dedicated Feeder बाट २४सै घण्टा औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका कनेक्सन भएका ग्राहकहरुलाई संचालक समितिको निर्णय प्रतिवेदनको बूँदा नं. ४.१४ अनुसार Annex र १२(क) बमोजिम नयाँ Tariff (शुल्क)को प्रस्ताव स्वीकृत भए अनुसार कार्यान्वयन गरेको विवरण उक्त निर्णय भएको मिति देखि हाल सम्म कुन कुन ग्राहकबाट के कति रकम नयाँ Tariff अनुसार प्राप्त भएको छ सो को विवरण अबिलम्व उपलब्ध गराउन हुन समेत ताकेता गरिएको छ। साथै Trunk Line बाट विद्युत आपूर्ति भइरहेका ६६, ३३ के.भी. लाइनमा ग्राहकहरुको पनि TOD Data

Download गरी २४ सै घण्टा विद्युत आपूर्ति भएको अवस्था रहेमा सोही अनुसारको Tariff (शुल्क) लगाई बिलिङ गर्न समेत जानकारीको लागि अनुरोध छ।

**२) नेपाल विद्युत प्राधिकरणको प.सं. ०७२/७३ का.नि.स., च.नं. ५६३ मिति २०७२/०९/२२ को विद्युत महसुल निर्धारण आयोगलाई प्रेषित Dedicated Feeder Line को महसुल बारे विषयक पत्रको व्यहोरा :**

तहाँको मिति २०७२।०९।१९, च· नं· १०२८ को पत्रको सन्दर्भमा नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७२।०९।२० को ७२२ औं बैठकबाट निम्नानुसार निर्णय भएको व्यहोरा अनुरोध छ:

Dedicated Feeder को विशेष व्यवस्था मार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार लागु गरिएको विद्युत महसुल लिन पाउने गरी विद्युत महसुल दर निर्धारण गर्न विद्युत महसुल निर्धारण आयोगमा अनुरोध गरी पठाउने।

Dedicated Feeder मार्फत विद्युत सेवा लिने ग्राहकहरु संग हाल लिइएको महसुल दरले नेपाल विद्युत प्राधिकरणको वित्तीय अवस्थामा थोरै भए पनि सुधार आउन सक्ने देखिएकोले सोही बमोजिम नै हुनेगरी विद्युत महसुल निर्धारण आयोगबाट Dedicated Feeder को महसुल दर निर्धारण गरीदिने व्यवस्थाका लागि अनुरोध छ।

**३) नेपाल विद्युत प्राधिकरणको प.सं. ०७२/७३ का.नि.स., च.नं. ५९३ मिति २०७२/०९/२८ मा विद्युत महसुल निर्धारण आयोगलाई प्रेषित विद्युत महसुल बारे विषयक पत्रको व्यहोरा :**

नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिको मिति २०७२।०९।२६ को ७२३ औं बैठकबाट भएको देहाय बमोजिमको निर्णयानुसार विद्युत महसुल निर्धारण गरिदिने व्यवस्थाका लागि पुन: अनुरोध गर्दछु।

निर्णय:

"Dedicated Feeder को विशेष व्यवस्था मार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि संचालक समितिको मिति २०७२।०३।१२ को निर्णयानुसारको विद्युत महसुल दर मिति २०७२/०४/०१ गते देखि नै लागू भैरहेको सन्दर्भमा सोही बमोजिम महसुल लिने गरी विद्युत महसुल निर्धारण गरीदिन विद्युत महसुल निर्धारण आयोग समक्ष पुन: अनुरोध गर्ने।"

संलग्न:

१· व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिको मिति २०७२।९।२६ को पत्रको फोटोकपी।

२· सञ्चालक समितिको मिति २०७२।३।१२ को बैठकबाट भएको निर्णयको फोटोकपी।

३· सञ्चालक समितिको मिति २०७२।३।१२ को बैठकबाट स्वीकृत Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड तर्जुमा गर्न गठित उपसमितिको प्रतिवेदन २०७२ को फोटोकपी।

**४) विद्युत महसुल निर्धारण आयोगको प.सं. ०७२/७३ च.नं. १४ मिति २०७२/१०/१४ मा नेपाल विद्युत प्राधिकरणलाई प्रेषित नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दरमा परिवर्तन सम्बन्धमा जानकारी गराएको विषयक पत्रको व्यहोरा :**

उपरोक्त विषयमा तहाँबाट डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रुपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुका लागि मिति २०७२।०९।२० को पत्र अनुसार माग भएको महसुल दर आयोगको मिति २०७२/०९/२९ को १०३ औं र मिति २०७२/१०/१० को १०४ औं बैठकबाट स्वीकृत भएकोले सोही बमोजिम कार्यान्वयनको लागि निर्देशानुसार जानकारी गराईन्छ।

संलग्न: नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाईन मार्फत विद्युत सेवा लिएका ग्राहकको स्वीकृत महसुल दर - २ पाना

**५) विद्युत महसुल निर्धारण आयोगको प.सं. ०७२/७३ च.नं. १३ मिति २०७२/१०/१७ मा सार्वजनिक लेखा समितिलाई नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दर बारेमा प्रेषित पत्रको व्यहोरा :**

उपरोक्त विषयमा डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रुपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि मिति २०७२।०९।२० को पत्र अनुसार माग भएको महसुल दर आयोगको मिति २०७२ /०९/२९ को १०३ औं र मिति २०७२/१०/१० को १०४ औं बैठकबाट स्वीकृत भएको जानकारी गराईन्छ। साथै डेडिकेटेड फिडर लाइन मार्फत सेवा प्राप्त ग्राहकको लागि ने.वि.प्रा.बाट एकतर्फी रुपमा महसुल दर तोकिएको विषयमा निम्नानुसारको व्यहोरा जानकारी गराउने निर्णय भएको व्यहोरा अनुरोध छ।

- आयोगको तर्फबाट पत्राचार भएको विषयमा आयोगबाट स्वीकृत दर भन्दा बढी दस्तुर नलिन र लिएको भए फिर्ता गर्ने विषय महसुल छुट दिने निर्णय नभइ अधिकार प्राप्त संस्थाबाट स्वीकृत नगराइ कसैले पनि कुनै महसुल उठाउन नहुने विषय विद्युत ऐन, २०४९ पालना गर्ने विषय भएको व्यहोरा श्री सार्वजनिक लेखा समितिलाइ अनुरोध गर्ने।
- नेपाल सरकारको पूर्ण दायित्वमा संचालित सरकारी अस्पतालहरुले लिएको Dedicated Feeder को हकमा Dedicated Feeder को महसुल दर आयोगबाट कायम नहुँदा सम्म २०६९ सालमा स्वीकृत भएको दरमा कुनै पनि थप दस्तुर नलिइ महसुल उठाउन ने.वि.प्रा. लाइ निर्देशन दिने र सोही व्यहोराको जानकारी सार्वजनिक लेखा समितिलाइ अनुरोध गर्ने।
- सरकारी अस्पताल बाहेकका अन्य Dedicated Feeder लिएका ग्राहकलाइ आयोगबाट स्वीकृत महसुल दर तोक्न र कायम गर्नको लागि सरकारको नीति, प्राधिकरणमा उपलब्ध ऊर्जाको कति प्रतिशत ऊर्जा Dedicated Feeder ग्राहकको हकमा वितरण गर्ने, देशमा ऊर्जा अभाव भै रहेको अवस्थामा अत्यावश्यक सेवा बाहेक अन्य सेवाग्राहीहरुलाइ Dedicated सेवा दिन उपयुक्त हुन्छ/हुँदैन विषयमा नेपाल सरकारको नीति आएपछी मात्र आयोगले Dedicated सेवा महसुल बारे अध्ययन र निर्णय गर्नेछ। Dedicated Feeder को महसुल दर कायम नहुँदा सम्म सरकारी अस्पताल बाहेकका Dedicated Feeder का उपभोक्ताहरुको हकमा ने.वि.प्रा. संचालक समितिले मिति २०७२।०३।१२ मा गरेको निर्णय (संलग्न) लाई स्वीकृत गर्ने निर्णय भयो।

  संलग्न: नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाईन मार्फत विद्युत सेवा लिएका ग्राहकको स्वीकृत महसुल दर -२ पाना

**६) नेपाल विद्युत प्राधिकरणको परासी वितरण केन्द्र, नवलपरासीको प.सं. ०७२/७३ च.नं. ४०७ मिति २०७२/११/१२ मा बुटवल सिमेन्ट प्रा.लि. लाई गरेको नयाँ Tariff विद्युत महसुल भुक्तानी गर्ने सम्बन्धमा जानकारी सहित प्रेषित पत्रको व्यहोरा :**

उपरोक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समिति मिति२०७२।०३।१२ को ७१० औं बैठकबाट भएको Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने बारेको निर्णय र उप-समितिको स्वीकृत प्रतिवेदनको बुँदा नं. ३.१२(क) बमोजिम नयाँ Tariff शुल्क गर्नुपर्ने साथै ने.वि.प्रा. योजना तथा प्राविधिक सेवा विभागको मिति २०७२/०७/१५ को पत्रानुसार ६६, ३३ के.भि. लाइनका ग्राहकहरुको पनि TOD Data Download गरी २४ सै घण्टा विद्युत आपूर्ति भएमा सोही अनुसारको Tariff (शुल्क) लगाइ बिलिङ गर्नैपर्ने जानकारी प्राप्त भए अनुसार तपाईं कहाँ जडित TOD Data Download Report को विश्लेषण गर्दा श्रावण १९ देखि मंसिर १८ सम्ममा कात्तिक र मंसिरमा २४ सै घण्टा विद्युत आपूर्ति भएको देखिएको हुँदा संलग्न नयाँ Tariff (शुल्क) अनुसारको बिल रकम रु ८०,९०,८३१।१ अक्षरेपी रु. असी लाख नब्बे हजार आठ सय एकतिस रुपैया र दश पैसा मात्र भुक्तानी गर्नु हुन निर्देशानुसार जानकारी गराईन्छ।

**७) नेपाल विद्युत प्राधिकरण, महेन्द्रनगर वितरण केन्द्रको प.सं. २०७२/७३ च.नं. ४५३ मिति २०७२/१२/०५ मा एभरेष्ट पेपर मिल प्रा.लि., धनुषा लाई प्रेषित नयाँ ट्यारिफ अनुसार थप बिल तिर्ने सम्बन्धी पत्रको व्यहोरा :**

उपरोक्त सम्बन्धमा ने.वि.प्रा. वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबारमार्ग, काठमाडौंको प.सं. २०७२/०७३ च.नं. ४८७ को पत्रानुसार Dedicated Feeder/Trunk Line सम्बन्धी भएको निर्णय बमोजिम श्री एभरेष्ट पेपर मिल प्रा.लि.मा जडित TOD मिटरको Data Download Report तथा खपत अनुसार २४ घण्टा लोड लिएको कारण श्री एभरेष्ट पेपर मिल लाई मिति २०७२ श्रावण देखि २०७२ माघ सम्मको बिलमा ने.वि.प्रा. को नयाँ Tariff अनुसार थप बिल गरी हुन आउने बिल अनुसारको रकम, यूनिट बापतको रकम रु १,४४,४७,२५०।०० र डिमाण्ड बापतको रकम रु ८,५२,६४०।०० गरी जम्मा रु १,५२,९९,८९०।०० तिर्नुहुन जानकारी गराईन्छ।

**८) नेपाल विद्युत प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय, हेटौडा, मकवानपुरको प.सं. ०७२/७३ च.नं. मिति २०७३/०३/१३ मा शिवम् सिमेन्ट प्रा.लि. लाई बाँकी बक्यौता रकम बुझाउने बारे प्रेषित पत्रको व्यहोरा :**

उपरोक्त सम्वन्धमा यस केन्द्रबाट प्रेषित मिति २०७२।८।१८ प· स· ०७२· ०७३ (प्राविधिक) च·न· ८६२ को पत्र सम्बन्धमा लेखिँदैछ। नेपाल विद्युत प्राधिकरण संचालक समिति मिति२०७२।०३।१२ को ७१० औं बैठकबाट भएको Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने बारेको निर्णय र उप-समितिको स्वीकृत प्रतिवेदनको बुँदा नं. ३.१२(क) बमोजिम नयाँ Tariff शुल्क गर्नुपर्ने साथै ने.वि.प्रा. योजना तथा प्राविधिक सेवा विभागको मिति २०७२/०७/१५ को च.नं. १५५ अनुसार Tariff शुल्क लगाइ बिलिङ गर्न निर्देशन, विद्युत महसुल निर्धारण आयोगको मिति २०७२/१०/१२ गते प्रकाशित सूचना २०७२ श्रावण महिना देखि २०७२ मंसिर महिना सम्म २४ सै घण्टा विद्युत Supply (Data Download बाट यकीन गरिएको) बापतको तपशिल अनुसारको रकम यथाशिघ्र बुझाउन ताकेता गरिएको छ।

पुनश्च त्यस उद्योगले ने.वि.प्रा. पुनरावलोकन समितिमा दायर गरेको पुनरावेदन सम्बन्धमा पुनरावेदन समितिको मिति २०७२/११/११ को निर्णय अनुसार ने.वि.प्रा.को कार्यालयमा धरौटी स्वरुप जम्मा गर्नुपर्ने रकम जम्मा नगरी विनियमावलीमा तोकिएको बिधि एवं प्रक्रिया पुरा गरेको नपाइएकोले सो पुनरावेदन जिकिर खारेज भएको छ।

सो सम्बन्धमा यस केन्द्रबाट मिति २०७२।१।२२ प· स· ०७२/०७३ (प्रशासन) च नं २०९१ बाट जानकारी समेत गराई सकिएको।

**तपसिल**

२०७२ श्रावण देखि २०७२ मंसिर सम्मको
रकम रु. १२,४२,२६,९२९।६०
जरिवाना रु. ३,१०,५६,७३२।४०
जम्मा रु. १५,५२,८३,६६२।००

**९) विद्युत महसुल निर्धारण आयोगको प.सं. २६/०७२/७३ मिति २०७३/०३/२४ मा नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयलाई नेपाल विद्युत प्राधिकरण मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दरमा परिवर्तन सम्बन्धमा प्रेषित गरिएको पत्रको व्यहोरा :**

उपरोक्त विषयमा तहाँबाट विद्युत आपूर्ति हुने सम्पूर्ण वर्गका ग्राहकहरुको लागि माँग भएको महसुल समायोजन सम्बन्धमा यस आयोगको मिति २०७३/०३/१६ को १०८ औं बैठकबाट २०६९ देखि लागु भएको विद्यमान विद्युत महसुल दरमा फेरबदल गरी नयाँ विद्युत महसुल दर र अन्य सेवा दस्तुर २०७३ श्रावण देखिको खपतमा लागु हुनेगरी निर्धारण गरिएको छ । साथै, सोही बैठकको निर्णयानुसार प्राधिकरणको संगठनात्मक कुशलता अभिबृद्धि गरी विद्युत चुहावट घटाउन, खर्चमा मितब्ययीता अपनाउन, विद्युत महसुल बक्यौता, जिन्सी मौज्दात तथा वित्तीय व्यवस्थापनमा आवश्यक सुधार गर्न र सम्भाव्य सबै उपाय अवलम्बन गरी लोडसेडिङ लाइ न्यूनिकरण गर्ने लगायतका निर्देशनहरु कार्यान्वयन गर्न अनुरोध छ।

संलग्न: आयोगको १०८ औं बैठकबाट भएका प्राधिकरणसँग सम्बन्धित निर्णयको प्रतिलिपि र स्वीकृत महसुल दर (अनुसूची १ र २)

**१०) नेपाल विद्युत प्राधिकरणको परासी वितरण केन्द्र, नवलपरासीको प.सं. ०७३/७४ च.नं. १३७४ मिति २०७४/०२/२६ मा बुटवल सिमेन्ट प्रा.लि. लाई लोड सेडिङ्गको समयमा उद्योग नचलाउने बारे जानकारी गराएको पत्रको व्यहोरा :**

उपरोक्त सम्बन्धमा शितल नगरको स/स स्थित ३३/११ के.भि. पावर ट्रान्सफरमरको क्षमता बृद्धि नहुन्जेल सम्मको लागि चारपाला, दशकठ्ठा आदी क्षेत्रमा परासी स /स बाट विद्युत आपूर्ति गर्न/गराउनका लागि बुटबल ३३ के.भि. लाइनबाट सप्लाई लिनुपर्ने र सो हुँदा त्यस उद्योगले निरन्तर विद्युत पाउने भएकोले तोकिएको लोडसेडिङ समयमा उद्योग सञ्चालन नगर्न/नगराइ दिनुहुन जानकारी गराउँदै सो समयमा चलाएको पाईएमा नियमानुसार भइजाने व्यहोरा अनुरोध छ।

**११) नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्रको प.सं. २०७४/७५ च.नं. २६२२ मिति २०७४/१२/१४ मा पञ्चकन्या पलाष्टिक/पञ्चकन्या स्टिल्स, रुपन्देहीलाई उद्योग संचालन नगरीदिने सम्बन्धमा प्रेषित पत्रको व्यहोरा :**

उपरोक्त सम्बन्धमा यस वितरण केन्द्र अन्तर्गतको भरौलिया सब स्टेशनको ३३ के.भि. औद्योगिक फिडर जसमा तपाईंको उद्योग रहेको छ, आज मिति २०७४/१२/१४ गते बाट ट्रंक लाइनमा परिवर्तन हुने भएकोले तपाईको उद्योगमा २४सै घण्टा विद्युत आपूर्ति रहने छ त्यसैले पिक समय बिहान ५:३० देखि ७:३० सम्म र साँझ ५:०० देखि ११:०० सम्म ने.वि.प्रा. को सप्लाई बाट उद्योग संचालन नगरीदिनुहुन जानकारी गराइन्छ। यदि उक्त समयमा उद्योग सञ्चालन गरेको पाइएमा नियमानुसार कार्वाही गरिनेछ।

**१२) नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्रको प.सं. २०७४/७५ च.नं. २६२२ मिति २०७४/१२/१४ मा एस.आर.स्टिल्स प्रा.लि., रुपन्देही लाई उद्योग सञ्चालन नगरीदिने सम्बन्धमा प्रेषित पत्रको व्यहोरा :**

उपरोक्त सम्बन्धमा यस वितरण केन्द्र अन्तर्गतको भरौलिया सब स्टेशनको ३३ के.भि. औद्योगिक फिडर जसमा तपाईंको उद्योग रहेको छ, आज मिति २०७४/१२/१४ गते बाट ट्रंक लाइनमा परिवर्तन हुने भएकोले तपाईको उद्योगमा २४ सै घण्टा विद्युत आपूर्ति रहने छ त्यसैले पिक समय बिहान ५:३० देखि ७:३० सम्म र साँझ ५:०० देखि ११:०० सम्म ने.वि.प्रा. को सप्लाईबाट उद्योग संचालन नगरीदिनुहुन जानकारी गराइन्छ। यदि उक्त समयमा उद्योग सञ्चालन गरेको पाइएमा नियमानुसार कार्वाही गरिनेछ।

**१३) नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्रको प.सं. २०७६/७७ च.नं. ९२४ मिति २०७६/०८/२६ मा सोना पोलिमर्सलाई विद्युत महसुल भुक्तानी तथा छुट बिल सम्बन्धमा विषयक पत्रको व्यहोरा :**

प्रस्तुत विषयमा ने.वि.प्रा. विद्युत महसुल संकलन विनियमावली, २०७३ को अनुसूची १(क) बमोजिम बिलिङ गर्दा मिति २०७५ बैशाख देखि मिति २०७६ कात्तिक सम्मको बाँकी छुट बिलिङ बापत रकम जम्मा रु ९०,९३,४६१।९० (अक्षरुपी नब्बे लाख त्रियानब्बे हजार चार सय एकसाठी र पैसा नब्बे मात्र) हाल सम्म निर्णयको क्रममा रहेकोले निर्णय पश्चात जानकारी गराइनेछ। हाल भइरहेको बिल बमोजिमको विद्युत महसुल समयमा नै बुझाउनु हुन जानकारीका लागि अनुरोध छ।

**१४) नेपाल विद्युत प्राधिकरण, नयाँमिल वितरण केन्द्रको प.सं. २०७५/७६ च.नं. ३३ मिति २०७७/०४/१४ मा गोयनका फुड्स, ति.न.पा.९ लाई छुट रकम बुझाउने बारेको सूचना विषयक पत्रको व्यहोरा :**

नेपाल विद्युत प्राधिकरण विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) तथा अनुसूची १(क) मा उल्लेख भए बमोजिम तपाईंले उद्योगमा २०७२ भाद्र महिना देखि २०७६ पौष महिना सम्म उपभोग गर्नु भएको खपत विवरण अनुसार जम्मा रु. २,३५,११,०१८।१० को छुट बिल भएकोले मिति २०७७/०१/३० को निर्णय अनुसार जम्मा रु. २,३५,११,०१८।१० (अक्षरेपी रु दुई करोड पैतिस लाख एघार हजार अठार रुपैया र पैसा दश मात्र) ३५ दिनभित्र छुट रकम बुझाउन ल्याउनुहुन यो सूचना दिइएको छ। उक्त

निर्णयमा चित्त नबुझेमा विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ को उपविनियम १ बमोजिम ३५ दिनभित्र यसै कार्यालय मार्फत वा सिधै पुनरावेदन समिति समक्ष पुनरावेदन पत्रको निवेदन दिन सक्नुहुनेछ।

१· छुट बिल गर्नुपर्ने कारण:- ग्राहक वर्गीकरण फरक परेकोले

२· छुट बिलको विवरण:-

(क) जम्मा छुट रकम रु. २,३५,११,०१८।१०  (अक्षरेपी रु दूई करोड पैतिस लाख एघार हजार अठार रुपैया र पैसा दश मात्र)

**१५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ५/०७७/७८ CIAA 7775-२७८७ मिति २०७७/०४/३० मा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत नियमन आयोग र नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालयलाई  विद्युत महसुल निर्धारणका सम्बन्धमा प्रेषित पत्रको व्यहोरा :**

शिवम् सिमेन्टस लिमिटेड नेपाल समेतका उद्योगहरुबाट विद्युत महसुल निर्धारण आयोगको निर्णयबाट निर्धारित दर र शर्त विपरितको विद्युत महसुल रकम बाट निजहरुलाइ मर्का परेको भन्ने समेतका विषयमा आयोगमा परेको उजुरीको अनुसन्धान तथा सरोकारबाला निकायहरुसंग भएको छलफल समेतका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख) बमोजिम नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत नियमन आयोग र नेपाल विद्युत प्राधिकरण लाइ तपशिल अनुसारका सुझावहरु लेखि पठाइएको व्यहोरा आयोगको मिति २०७७/०४/२६ को निर्णय अनुसार अनुरोध छ।

**तपसिल**

१) सम्मानित सर्वोच्च अदालतबाट शिवम् सिमेन्ट लिमिटेडको हकमा महसुल निर्धारण सम्बन्धमा मिति २०७५/०७/२० मा भएको फैसलालाई मार्गदर्शनको रुपमा ग्रहण गरी अन्य उद्योगहरुका हकमा  समेत महसुल निर्धारण गर्न उपयुक्त हुने।

२) विद्युत महसुल निर्धारण आयोगको मिति २०७२/०९/२९ को १०३औं बैठक र मिति २०७३/०३/१६ को १०८ औं बैठकका निर्णय अनुसार सो समय देखि विद्युत लोडसेडिङ अन्त्य भएको आधिकारिक घोषणा हुनु अघिको समय सम्म Dedicated तथा Trunk Line मार्फत विद्युत आपूर्ति लिएका उद्योगहरुको विद्युत उपभोगको परिमाण यकीन गरी सो को आधारमा निर्धारित महसुल असुल उपर गर्न उपयुक्त हुने। यसका लागि अन्य विषयका अलावा TOD मिटरको Data Download का अध्ययन प्रतिवेदन एवं सो को विश्लेषणलाई मुख्य आधार बनाउन सकिने।

३) विद्युत लोडसेडिङ अन्त्य भएको घोषणा पश्चात सर्वसाधारणले समेत विद्युत्को नियमित उपभोग गर्न पाएको अवस्थामा उद्योग व्यवसायको प्रवद्धन समेतलाई दृष्टिगत गर्दै Dedicated तथा Trunk Line मार्फत भएको विद्युत्को वास्तविक उपयोग यकीन गरी कानुनत: अधिकार प्राप्त निकायले न्यायोचित महसुल निर्धारण तथा सहजीकरण गर्न उपयुक्त हुने।

**१६) नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्रको प.सं. २०७७/०७८ च.नं. २२८७ मिति २०७८/०३/११ मा ए.जी. हेल्थ इन्डष्ट्रिज, रुपन्देही लाई प्रेषित डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा विषयक पत्रको व्यहोरा :**

उपर्युक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७८/०२/२६ को ८७०औं बैठकबाट २०७२ श्रावण देखि २०७७ आषाढ सम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सहित तिर्न/बुझाउन निर्णय भएकोले २०७७ आषाढ सम्मको त्यस उद्योगको बाँकी बक्यौता रु. १९,३२,७३५।४३ साथै २०७८ जेष्ठ सम्मको बाँकी बक्यौता रु. ४७,१२,३५०।७६ र त्यसमा लाग्ने नियमानुसार थप दस्तुर २०७८ असार मसान्त भित्र तिर्न/बुझाउन सूचित गरिन्छ। किस्ताबन्दी लिन इच्छुक भएमा नियमानुसारको किस्ताबन्दीका लागि आवेदन दिनुहुन जानकारी गराइन्छ। तोकिएको समय अवधि भित्र बाँकी बक्यौता नबुझाएमा नेपाल विद्युत प्राधिकरणको प्रचलित नियमानुसार कार्वाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**१७) नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्रको प.सं. २०७७/७८ च.नं. २२९१ मिति २०७८/०३/११मा पञ्चकन्या पलाष्टिक इन्डष्ट्रिज, रुपन्देही लाई प्रेषित डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा विषयक पत्रको व्यहोरा :**

उपर्युक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७८/०२/२६ को ८७०औं बैठकबाट २०७२ श्रावण देखि २०७७ आषाढ सम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सहित तिर्न/बुझाउन निर्णय भएकोले २०७७ आषाढ सम्मको त्यस उद्योगको बाँकी बक्यौता रु. ४,३२,५९,१५५।७९ साथै २०७८ जेष्ठ सम्मको बाँकी बक्यौता रु. ९,६४,५९,६४६।२३ र त्यसमा लाग्ने नियमानुसार थप दस्तुर २०७८ असार मसान्त भित्र तिर्न/बुझाउन सूचित गरिन्छ। किस्तावन्दी लिन इच्छुक भएमा नियमानुसारको किस्ताबन्दीका लागि आवेदन दिनुहुन जानकारी गराइन्छ। तोकिएको समय अवधि भित्र बाँकी बक्यौता नबुझाएमा नेपाल विद्युत प्राधिकरणको प्रचलित नियमानुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**१८) नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्रको प.सं. २०७७/०७८ च.नं. २२८९ मिति २०७८/०३/११ मा नव नेपाल प्लाष्टिक इन्डष्ट्रिज, रुपन्देहीलाई प्रेषित डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा विषयक पत्रको व्यहोरा :**

उपर्युक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७८/०२/२६ को ८७०औं बैठकबाट २०७२ श्रावण देखि २०७७ आषाढ सम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सहित तिर्न/बुझाउन निर्णय भएकोले २०७७ आषाढ सम्मको त्यस उद्योगको बाँकी बक्यौता रु. ३७४७१३७।४५ साथै २०७८ जेष्ठ सम्मको बाँकी बक्यौता रु. ७५२४५३५।२८ र त्यसमा लाग्ने नियमानुसार थप दस्तुर २०७८ असार मसान्त भित्र तिर्न/बुझाउन सूचित गरिन्छ। किस्तावन्दी लिन इच्छुक भएमा नियमानुसारको किस्तावन्दीका लागि आवेदन दिनुहुन जानकारी गराइन्छ। तोकिएको समय अवधि भित्र बाँकी बक्यौता नबुझाएमा नेपाल विद्युत प्राधिकरणको प्रचलित नियमानुसार कार्वाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**१९) नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्रको प.सं. २०७७/७८ च.नं. २३१५ मिति २०७८/०३/१३ मा सिद्धार्थ पेंटप्लाष्ट इन्डष्ट्रिज, रुपन्देही लाई प्रेषित डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा विषयक पत्रको व्यहोरा :**

उपर्युक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७८/०२/२६ को ८७०औं बैठकबाट २०७२ श्रावण देखि २०७७ आषाढ सम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सहित तिर्न/बुझाउन निर्णय भएकोले २०७७ आषाढ सम्मको त्यस उद्योगको बाँकी बक्यौता रु. ३,३४,२८,८४४।५३ साथै २०७८ जेष्ठ सम्मको बाँकी बक्यौता रु. ४,३५,७३,५४२।५४ र त्यसमा लाग्ने नियमानुसार थप दस्तुर २०७८ असार मसान्त भित्र तिर्न/बुझाउन सूचित गरिन्छ । किस्तावन्दी लिन इच्छुक भएमा नियमानुसारको किस्तावन्दीका लागि आवेदन दिनुहुन जानकारी गराइन्छ । तोकिएको समय अवधि भित्र बाँकी बक्यौता नबुझाएमा नेपाल विद्युत प्राधिकरणको प्रचलित नियमानुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**२०) नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्रको प.सं. २०७७/७८ च.नं. २३१७ मिति २०७८/०३/१३ मा एस.आर.फुड्स प्रा.लि., रुपन्देही लाई प्रेषित डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा विषयक पत्रको व्यहोरा :**

उपर्युक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७८/०२/२६ को ८७०औं बैठकबाट २०७२ श्रावण देखि २०७७ आषाढ सम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सहित तिर्न/बुझाउन निर्णय भएकोले २०७७ आषाढ सम्मको त्यस उद्योगको बाँकी बक्यौता रु. २,२५,५३,९८३।४५ साथै २०७८ जेष्ठ सम्मको बाँकी बक्यौता रु. ३,१०,२१,८७४।३१ र त्यसमा लाग्ने नियमानुसार थप दस्तुर २०७८ असार मसान्त भित्र तिर्न/बुझाउन सूचित गरिन्छ । किस्तावन्दी लिन इच्छुक भएमा नियमानुसारको किस्ताबन्दीकालागि आवेदन दिनुहुन जानकारी गराइन्छ । तोकिएको समयावधि भित्र बाँकी बक्यौता नबुझाएमा नेपाल विद्युत प्राधिकरणको प्रचलित नियमानुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**२१) नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्रको प.सं. २०७७/७८ च.नं. २३१६ मिति २०७८/०३/१३ मा घराना फुड्स, रुपन्देहीलाई प्रेषित डेडिकेटेड/ट्रंक लाइन तथा हालसम्मको बक्यौता सम्बन्धमा विषयक पत्रको व्यहोरा:**

उपर्युक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७८/०२/२६ को ८७०औं बैठकबाट २०७२ श्रावण देखि २०७७ आषाढ सम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महसुल सहित तिर्न/बुझाउन निर्णय भएकोले २०७७ आषाढ सम्मको त्यस उद्योगको बाँकी बक्यौता रु. ३,२५,८९,२१२।९७ साथै २०७८ जेष्ठ सम्मको बाँकी बक्यौता रु. ४,१८,०६,२०१।७९ र त्यसमा लाग्ने नियमानुसार थप दस्तुर २०७८ असार मसान्त भित्र तिर्न/बुझाउन सूचित गरिन्छ । किस्तावन्दी लिन इच्छुक भएमा नियमानुसारको किस्तावन्दीका लागि आवेदन दिनुहुन जानकारी गराइन्छ । तोकिएको समय अवधि भित्र बाँकी बक्यौता नबुझाएमा नेपाल विद्युत प्राधिकरणको प्रचलित नियमानुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**२२) नेपाल विद्युत प्राधिकरणको इटहरी वितरण केन्द्र, सुनसरीको प.सं. २०७८/७९ च.नं. ९२ मिति २०७८/०४/२० मा रिलायन्स स्पिनिङ्ग मिल लि. लाई प्रेषित विद्युत महसुल बक्यौता रकम यथाशीघ्र बुझाउने बारे विषयक पत्रको व्यहोरा:**

प्रस्तुत विषयमा त्यहाँ कार्यालय श्री रिलायन्स स्पिनिङ्ग मिल्स लि· ग्राहक नं. १००.२४.५०१(आई.डि.नं. ७०१९) को हाल सम्मको विद्युत महसुल रकम (जरिवाना बाहेक) रु. १,६१,१२,७३,१६२।६५ (अक्षरेपी रु. एक अर्ब एकसठ्ठी करोड बाह्र लाख त्रिहत्तर हजार एक सय बैसठ्ठी र पैसा पैसठ्ठी मात्र) बक्यौता रहेको हुँदा सात दिन भित्र उक्त विद्युत महसुल बक्यौता रकम बुझाउनु हुन अनुरोध गरिन्छ।

**२३) नेपाल विद्युत प्राधिकरण, भैरहबा वितरण केन्द्रको प.सं. २०७८/७९ च.नं. २९१ मिति २०७८/०५/०१ मा नव नेपाल प्लाष्टिक प्रा.लि., रुपन्देही लाई प्रेषित जानकारी गराईएको सम्बन्धमा विषयक पत्रको व्यहोरा:**

उपरोक्त विषयमा उक्त उद्योगले यस भैरहवा वितरण केन्द्रमा क्षमता बृद्धिको लागि दिएको आवेदनमा कार्यवाही गर्दा सो उद्योगको २०७८ श्रावण सम्मको बाँकी बक्यौता विद्युत महसुल रकम रु. ६९,४८,४६३.०९ रहेकोले ने.वि.प्रा. संचालक समितिको मिति २०७७/११/०६ को ८६०औं बैठकको निर्णय अनुसार बक्यौता रकम जम्मा रु. ६९,४८,४६३.०९ को एक वर्षको बैंक ग्यारेन्टीको पत्र यस कार्यालयको नाममा बुझाए पश्चात क्षमता थपको आवश्यक कार्य गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

**२४) विद्युत नियमन आयोगको प.सं. ०८०/८१ च.नं. २५३ मिति २०८०/०९/१६ मा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार लाई प्रेषित डेडिकेटेड फिडर तथा ट्रंक लाइन सम्बन्धमा विषयक पत्रको व्यहोरा:**

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) र उद्योगी /व्यवसायीहरु बीच डेडिकेटेड फिडर तथा ट्रंक लाइन सम्बन्धमा विभिन्न मितिहरुमा प्रधानमन्त्री निवास बालुवाटारमा मिति २०८०।०५।१४, २०८०।०५।२०, २०८०।०५।२८ तथा २०८०।०८।०७ गतेका दिन छलफल भएको थियो। मिति २०८० मंसिर ०७ मा सम्मानीय प्रधानमन्त्री ज्यू, माननीय उप-प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यू, माननीय अर्थ मन्त्रीज्यू, माननीय ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रीज्यू, माननीय उद्योग मन्त्रीज्यू, विद्युत नियमन आयोगका अध्यक्ष, नेपाल सरकारका मुख्य सचिवज्यू, विद्युत नियमन आयोगका सदस्यहरु तथा ने.वि.प्रा.का कार्यकारी निर्देशकलगायतको उपस्थितिमा प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा ने.वि.प्रा.र उद्योगी/ व्यवसायीहरु बीचको डेडिकेटेड फिडर तथा ट्रंक लाइनसम्बन्धी विवादका सन्दर्भमा विद्युत नियमन आयोगको मिति २०७८ भाद्र २२ मा बसेको १३३ औ बैठकको निर्णयानुसार ने.वि.प्रा.लाई तत्कालिन विद्युत महसुल निर्धारण आयोगको १०३ औ तथा १०८ औ बैठकको निर्णय कार्यान्वयन गर्नु गराउनु भनी निर्देशन दिईसकेको अवस्थामा सो निर्देशन कार्यान्वयन गर्ने गराउने दायित्व ने.वि.प्रा.कै रहेको व्यहोरा उपस्थित सबैमा आयोगका तर्फबाट जानकारी गराइएको थियो।

यसै विषयमा ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय (मन्त्रालय) द्धारा मिति २०८०।०८।१३ मा ‘‘कार्यान्वयन सम्बन्धमा ‘‘विषयक पत्र विद्युत नियमन आयोगलाई प्राप्त भएअनुसार ‘‘लोडसेडिङ अन्त्य भएपछिको अवस्थाका सम्बन्धमा सम्मानित उच्च अदालत पाटनबाट मिति २०७६।०६।०५ मा जारी गरेको रिट निवेदन खारेजको फैसलामा ‘‘हाल मुलुकमा लोडसेडिङ अन्त्य भइसकेको अवस्थामा विनियमावली बमोजिमको महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै

भएकोले त्यसतर्फ थप विवेचना गर्नु नपर्ने " व्याख्या गरिएको छ।यस परिपेक्ष्यमा लोडसेडिङ अन्त्य भएको अवधिमा डेडिकेटेड तथा ट्रंक लाइनबाट विद्युत उपभोग गरेका ग्राहकहरुको लागि डेडिकेटेड महसुल सम्बन्धमा आवश्यक निर्णय गर्नु पर्ने भएकोले आवश्यक कारवाही हुन माननीय मन्त्रीस्तरको मिति २०८०।०८।१२ को निर्णयानुसार अनुरोध छ" भनी उल्लेख गरिएको थियो।

तथापी, मन्त्रालयद्धारा गरिएको पत्राचारमा केही आवश्यक जानकारी अपुग हुन गएकोमा सो सम्बन्धमा आयोगद्धारा मन्त्रालय मार्फत ने.वि.प्रा. संचालक समितिको मिति २०७७।१०।११ को ८५९ औ बैठक तथा मिति २०७८।०१।२६ को ८७० औं बैठकले डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गरेका ग्राहकहरुबाट थप दस्तुरसहितको डेडिकेटेड महसुल दरअनुसार विद्युत महसुल उपभोक्ताबाट असुल उपर गर्ने निर्णयको प्रमाणित प्रतिलिपि माग गर्ने निर्णय मिति २०८०।०८।१८ को २१५ औ बैठकद्धारा गरी आयोगद्धारा मन्त्रालयमा पत्राचार गरिएको थियो। उक्त पत्रको जवाफ मिति २०८०।०८।२१ मा आयोगलाई प्राप्त भएअनुसार डेडिकेटेड फिडर तथा ट्रंक लाइनसम्बन्धी विवाद समाधानसम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७६।०९।२१ को निर्णय ,ने.वि.प्रा. संचालक समितिको निर्णयसम्बन्धी मिति २०८०।०८।२१ को पत्र तथा ने.वि.प्रा. संचालक समितिको ८५९ र ८७० औ बैठकको निर्णयको प्रतिलिपिसमेत अध्ययन गर्दा उल्लिखित विवाद समाधानका सम्बन्धमा निम्न कानूनी जटिलता देखिन आएको अवस्था छ :

(क) **शिवम सिमेन्टले ने.वि.प्रा. विरुद्ध सम्मानित सर्वोच्च अदालत समक्ष दायर गरेको मुद्दामा मिति २०७५।७।२० मा भएको फैसला र पुन: ने.वि.प्रा.ले दायर गरेको पुनरावलोकनका सम्बन्धमा :**

शिवम सिमेन्टले ने.वि.प्रा विरुद्ध सम्मानित सर्वोच्च अदालतसमक्ष २०७३ सालमा दिएको रिटउपर मिति २०७५।०७।२० मा फैसला भएको उक्त मुद्दामा सम्मानित सर्वोच्च अदालतद्धारा निम्नबमोजिमका फैसला गरिएको छ:

"विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।९।२९ र २०७२।१०।१० को निर्णयपश्चात मात्र वृद्धि भएको महसुल लागु गर्न मिल्ने हुँदा २०७२ साल श्रावणदेखि मंसिरसम्मको अवधिको थप महसुल बुझाउनु भनी निवेदकलाई पठाएको नेपाल विद्युत प्राधिकरणको मिति २०७२।८।२८ को पत्र, सोउपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट मिति २०७२।११।११ मा भएको निर्णय, एवं मिति २०७३।३।१३ को पत्रसमेत उत्प्रेषणको आदेशद्धारा वदर गरिएको",

विद्युत महसुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२।०९।२९ वाट मात्र वृद्धि भएको महसुल निवेदकबाट असुल गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको थियो भने सो फैसला उपर चित्त नबुझी ने.वि.प्रा.द्धारा पुनरावलोकनको अनुमति पाउँ भनी निवेदन गरेकोमा मिति २०७७।१०।१५ मा सम्मानित सर्वोच्च अदालतद्धारा पुनरावलोकन अनुमति प्रदान गरिएको अवस्थामा अदालतमा विचारधीन रहेको मुद्दामा विद्युत नियमन आयोग वा अन्य कुनै निकायको कानुनत: अन्यथा निर्णय गर्न नमिल्ने र यस विषयमा अदालतले नै निर्णय गर्ने हुँदा आयोगद्धारा थप निर्णय वा विवेचना गर्नुपर्ने अवस्था देखिदैंन।

(ख) **विद्युत खपत गरेको तर संचालक समितिबाट स्वीकृति नलिएको भन्ने आधारमा डेडिकेटेड फिडर सरह महसुल सम्बन्धमा**: डेडिकेटेड फिडर तथा ट्रंककलाइनका सम्बन्धमा सम्मानित उच्च अदालत पाटनमा उद्योगी तथा व्यवसायीहरुले समग्रमा नै (९) वटा रिट दायर गरिएको देखिन्छ जसमध्ये ९ वटै रिट खारेज भएको अवस्था छ। उच्च अदालत पाटनद्धारा मिति २०७६।०६।०५ मा गरिएको फैसलाको प्रकरण २२ बमोजिम "हाल ट्रंक लाइनबाट आपूर्ति भइरहेका ग्राहकहरुले डेडिकेटेड फिडर सरह आपूर्ति लिन संचालक समिति समक्ष निवेदन दिइ स्वीकृति लिनु पर्देमा आफुले निवेदन नदिएको र संचालक समिति बाट समेत कुनै निर्णय नभएको भन्ने निवेदन दाबी भए तापनि निवेदकले ट्रंक लाइनबाट विद्युत आपूर्ति नै नलिएको भन्ने दाबी लिन सकेको अवस्था देखिँदैन।तसर्थ,ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ बमोजिम "ट्रंक लाइनमार्फत विद्युत उपभोग गर्ने

ग्राहकहरुलाई डेडिकेटेड फिडर सरह नै महसुल लाग्ने "भनी फैसलामा उल्लेख भएको हुँदा ने.वि.प्रा.संचालक समितिबाट स्वीकृति नलिएको भन्ने आधारमा डेडिकेटेड फिडर सरह महसुल नलाग्ने भन्ने देखिन नआउने फैसला उच्च अदालत पाटनको मिति २०७६।०६।०५ गतेको संयुक्त इजलासद्धारा गरिएको हुँदा सोहीबमोजिम काम कारवाही हुनु पर्ने देखिन्छ।

(ग) **विद्युत खपत गरे/ नगरेको प्राविधिक विश्लेषणबाट जानकारी हुने**: तत्कालिन विद्युत महसुल निर्धारण आयोगको २०७२।०९।२९ को १०३ औ बैठक तथा २०७३।०३।१६ मा बसेको १०८ औ बैठकद्धारा "लोडसेडिङ छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढि समय छुट्टै ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकको महसुल डेडिकेटेड फिडर सरह दर कायम गर्ने निर्णय भएको थियो। त्यसरी निर्वाधरुपमा निरन्तर विद्युत आपूर्ति लिए नलिएको भन्ने विषय विद्युत खपतका अभिलेखमा देखिने मिटर या Time of the Day (TOD) वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकीन हुने विषय रहेको भनी सम्मानित उच्च अदालत पाटनको आदेशमा समेत उल्लेख गरिएकोमा त्यससम्बन्धी जानकार जिम्मेवार तथा कार्यान्वयन गर्ने निकाय ने.वि.प्रा.आफै रहेको उक्त फैसलाले प्रष्ट दर्शाएको हुनाले सोको निर्क्यौल स्वयम् ने.वि.प्रा.बाट हुनुपर्ने र सोहीबमोजिमका काम कारबाहि हुनुपर्ने देखिन्छ।

(घ) **दोस्रो अवधि तथा लोडसेडिङ अन्त्य अघिको अवधिका सम्बन्धमा**: २०७२ साल माघ देखि २०७५ साल वैशाखसम्म अर्थात लोडसेडिङ अन्त्य हुनु अघिसम्मको अवधिका सम्बन्धमा भने मन्त्रालयको समितिले दिएको सुझावमा "ने.वि.प्रा विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ बमोजिम सम्पूर्ण महसुल निजहरुबाट असुल गर्नु" भनी उल्लेख गरिएको छ। यस अवधिको विवादका सम्बन्धमा भने उक्त प्रतिवेदनमा विद्युत नियमन आयोगको भूमिका हुने बारे उल्लेख गरिएको छैन। यद्यपि, उक्त प्रतिवेदनमा ने.वि.प्रा. द्धारा उद्योगी/ व्यवसायीहरुलाई उक्त महसुल दर किस्ताबन्दीमा बुझाउन मिल्ने गरी व्यवस्था गरीदिन उल्लेख गरिएको छ।

(ङ) **आयोगद्धारा डेडिकेटेड फिडर तथा ट्रंक लाइनसम्बन्धी गरिएको निर्णय सम्बन्धमा**: सम्मानित उच्च अदालत पाटनद्धारा मिति २०७६ असोज ५ मा गरिएको फैसलामा "डेडिकेटेड फिडर तथा ट्रंक लाइनसम्बन्धी महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै भएकोले त्यसम्बन्धी विवेचना गर्नु परेन" भनी उल्लेख भएकोमा विद्युत नियमन आयोगद्धारा २०७७।०३।०१ गतेबाट लागु हुने गरी नयाँ महसुल दर कायम गरी तत्कालिन डेडिकेटेड फिडर तथा ट्रंक लाइनसम्बन्धी सम्पूर्ण व्यवस्थालाई पूर्णरुपमा हटाएको थियो। त्यसै सम्बन्धमा विद्युत नियमन आयोग ऐन २०७४ को दफा २२ मा पुनरावलोकनसम्बन्धी व्यवस्था बमोजिम यदि आयोगले गरेको कुनै निर्णयमा चित्त नबझे त्यस्तो पक्षलाई उल्लिखित व्यवस्थाबोजिम १५ दिन भित्र पुनरावलोकन गर्न पाउने प्रावधान रहेको छ। तथापी, तोकिएको समय र प्रक्रिया बमोजिम हालसम्म ने.वि.प्रा.वा अन्य कुनै सेवाग्राही/ सरोकारवालाद्धारा पुनरावलोकनसम्बन्धी निवेदन दिएको अवस्थासमेत छैन। अत:यस विषयमा आयोगले अब केहि बोल्नु पर्ने देखिदैंन।

मिति २०७६।०६।०५ मा उच्च अदालत पाटनद्धारा गरिएको फैसला बमोजिम "हाल मुलुकमा लोडसेडिङ अन्त्य भइसकेको भन्ने दाबीका सम्बन्धमा विनियमावली बमोजिमको महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुरनावलोकन गर्न सक्ने नै भएकोले त्यसतर्फ थप विवेचना गर्नु परेन भनी उल्लेख भएकोमा विद्युत नियमन आयोगले आफ्नो स्थापना पश्चात पहिलोपटक ने.वि.प्रा. द्धारा नयाँ महसुल दर निर्धारणका सम्बन्धमा पेश गरेको निवेदनउपर मिति २०७७ असार ०१ देखि लागु हुने गरी "हालसम्म ने.वि.प्रा. ले डेडिकेटेड तथा ट्रंक लाइन फिडर वा अन्य कुनै माध्यमबाट लिइरहेको ६५ प्रतिशतसम्म अतिरिक्त शुल्कलाई पुर्णरुपमा हटाइएको छ" भन्ने निर्णय समेत गरिसकेको छ।

यसका अतिरिक्त, २०७७।०३।०१ मा विद्युत महसुल निर्धारण गर्नु अघि विद्युत नियमन आयोग उपभोक्ता विद्युत महसुल निर्धारण निर्देशिका,२०७६ बमोजिम आयोगले सम्पूर्ण सरोकारवालाहरुको राय तथा सुझावका लागि गोरखापत्र राष्ट्रिय दैनिक, विभिन्न अनलाइन पत्रिकाहरु तथा आयोगको वेबसाइटसमेतमा सूचना प्रकाशन तथा सार्वजानिक सुनुवाई गरेकोमा उपरोक्त सम्बन्धमा कुनै पनि सरोकारवाला निकाय वा संस्थाबाट राय /सुझाव प्राप्त नभएकोले आवश्यकता, औचित्यता एवं ऐनले निर्देश गरेअनुसार नयाँ महसुल लागु हुने गरी आयोगद्धारा निर्णय गरिएको थियो। नियामक निकायले रितपूर्वक नयाँ महसुल लागु नगरेसम्म पुरानै महसुल लागु हुने सर्वमान्य सिद्धान्त हुँदा २०७७।०३।०१ भन्दा अधिको अवधिका सम्बन्धमा तत्कालिन विद्युत महसुल निर्धारण आयोगद्धारा मिति २०७२।०९।२९ को १०३ औ बैठक तथा २०७३।०३।१६ को १०८ औ बैठकद्धारा निर्धारण गरिएको महसुल नै कायम तथा लागु हुने भई उक्त निर्णयलाई आठ वर्ष पछि आएर परिवर्तन/ व्याख्या/ अपव्याख्या वा प्रस्टयाउन नमिल्ने मात्र नभई सम्मानित सर्वोच्च अदालतद्धारा मिति २०७५।०७।२० मा शिवम सिमेन्ट बिरुद्ध ने.वि.प्रा. को मुद्दामा "पश्चातदर्शी असर हुने गरी निर्णय गर्न नमिल्ने" समेत फैसला गरिएको छ। साथै सम्मानित सर्वोच्च अदालतको आदेश परिपालना गर्ने दायित्व र जिम्मेवारी आयोगको समेत रहेको हुनाले सो विषयमा आयोगद्धारा तत्कालिन विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औ बैठक तथा २०७३।०३।१६ को १०८ औ बैठकद्धारा गरिएको निर्णयक कार्यान्वयन गर्न गराउन आयोग द्धारा मिति २०७८।०५।२२ को १३३ औ बैठकको नर्िणयानुसार प्राधरिकिणलाई नर्िदेशन दइिसकेको हुनाले हालसम्म आयोगद्धारा यस विवादका सम्बन्धमा सोहीअनुसार तत्कालिन विद्युत महसुल निर्धारण आयोगको उल्लिखित निर्णय कार्यान्वयन गर्न गराउन प्राधिकरणलाई यसै पत्रमार्फत पुन : निर्देश गरिन्छ।

(च) **असाधारण क्षेत्रको प्रयोगका सम्बन्धमा**: ने.वि.प्रा. ले गरेको काम कारवाही उपर चित्त नबुझेमा ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०७८ तथा विद्युत महसुल सङ्कलन विनियमावली, २०७८ मा उल्लेख गरिएको प्रक्रिया अवलम्बन गरी ने.वि.प्रा.को पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न पाउने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ। नियमावलीको उल्लिखित व्यवस्था प्राधिकरणको निर्णय एवम् काम कारवाहीमा चित्त नबुझेमा सोको विरुद्ध कानूनी उपचारको रुपमा राखिएको व्यवस्था देखिदाँ सो समितिले नै निवेदकले के कति विद्युत खपत गरेको हो, निवेदकलाई के कुन दरको के कति शुल्क लाग्ने हो भन्ने लगायतका निवेदकले उठाएका सबै प्रश्नहरुको निरुपण गर्नसक्ने अवस्था विद्यमान रहेको छ।

तथापी, उद्योगी /व्यवसायीहरुले कानुनले प्रदान गरेको वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सोझै रिट क्षेत्राधिकारको माध्यमबाट अदालत प्रवेश गरेकोमा मिति २०७६।०६।०५ मा सम्मानित उच्च अदालत पाटनबाट रिट खारेज भएको थियो। तसर्थ, यदि विद्युत उपभोगकर्ताले सो प्रक्रिया वमोजिम पुनरावलोकनमा गई त्यसको निर्णयमा समेत चित्त नबुझेमा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम पुन: अदालतमा मुद्दा दायर गर्न पाउने सुविधा विद्यमान नै रहेको हुँदा यस विषयमा आयोगले थप विवेचना एंव निर्णय गर्नु नपर्ने देखियो।

(छ) **तेस्रो अवधि अर्थात लोडसेडिङ अन्त्य पश्चातको समयका सम्बन्धमा**: नयाँ महसुल निर्धारण नभएको अवस्थामा पुर्व निर्धारित महसुल नै लागु हुने सिद्धान्तलाई महसुल निर्धारणको मान्य सिद्धान्तको रुपमा लिने गरिएको छ। यस सम्बन्धमा, तत्कालिन विद्युत महसुल निर्धारण आयोगद्धारा मिति २०७२ पौष २९ गतेको १०३औ, २०७२ माघ १० गतेको १०४औ तथा २०७३ असार १६ गतेको १०८औ बैठकद्धारा निर्धारण गरिएको महसुल दर तथा आधार नै लागु हुने हुन्छ।

यद्यपि, आयोगले आफ्नो स्थापना पश्चात २०७७ साल असार महिनामा नयाँ विद्युत महसुल निर्धारण गरी औद्योगिक तथा व्यावसायक ग्राहकहरुबाट लिईदै आइएको अतिरिक्त सर्चार्ज तथा इनर्जी शुल्क लगायतका महसुल लिन नपाउने गरी निर्णय गरिसकेको छ। तथापी, यो निर्णयमा चित्त नबुझेमा आयोगमा पुनरावेदन गर्न पाउने व्यवस्था विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २२ मा त्यस्तो निर्णयको जानकारी पाएको १५ दिन भित्र

आयोगमा निवेदन दिन सक्ने व्यवस्था गरिएको छ। तर सो विषयमा कसैबाट पनि पुनरावेदनको माग नगरिएको हुनाले यस विषयमा आयोगले कुनै थप निर्णय गर्नु नपर्ने देखिन्छ।

(ज) **विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिमको कार्यविधि अनुरुप विवाद निरुपणको निमित्त हालसम्म कुनै उजुरी वा निवेदन नपरेको**: विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ बमोजिम २०७६ साल बैशाखमा आयोग स्थापना भएको हो। ऐ ऐन को दफा १८(३) तथा नियमावलीले यस आयोगलाई अदालत सरह उजुरीको कारवाही तथा किनारा गर्ने अधिकार प्रदान गरेको छ। तथापी, हालसम्म आयोगसमक्ष विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम निर्धारित दस्तुर, तोकिएको प्रक्रिया तथा कागजातसहित विवाद समाधानको निमित्त कुनै उजुरी नपरेको अवस्थामा आयोगले विवाद समाधान गर्ने कुनै कार्य नगरेको भन्न मिलेन।

साथै, डेडिकेटेड फिडर तथा ट्रंक लाइनसम्बन्धी विवादका सम्बन्धमा तपशिलबमोजिमका निकाय तथा संसदीय समितिहरुबाट तपशिल बमोजिम प्राप्त सुझाव तथा निर्देशन:

**(१) मिति २०७७ चैत्र २२ को सार्वजनिक लेखा समितिको निर्देशन:**

ने.वि.प्रा. संचालक समितिको बैठकको मिति २०७२।०३।१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महसुल दर कायम गरेको र सोको अनुमोदन महसुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिई रहेका ग्राहकहरुको हकमा पनि २०७३।०३।१६ मा विद्युत महसुल निर्धारण आयोगले डेडिकेटेड लाइन सरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोहीबमोजिम विद्युत नियमावलीमा उल्लेख भएको बिल विजक छुट बिल जारी गर्ने।

छुट बिल जारी भएपछि ३५ दिन भित्र ग्राहकले उक्त महसुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ भएको ६० दिन भित्र ग्राहकले विद्युत महसुल नबुझाएमा उक्त ग्राहकहरुको लाइन काटी बक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ मा हुँदा हुँदै प्राधिकरण व्यवस्थापकले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो कार्यन्वयन १(एक) महिना भित्र गराउने।

(२) **मिति २०७७।०३।१८ मा मन्त्रालयद्धारा गठित समितिले पेश गरेको प्रतिवेदन र सिफारिश:**

(क) २०७२ साउनदेखि २०७२ पौषसम्मको हकमा: महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।०२।२६ को पत्रानुसार यस विवादित विषयमा निर्णय गर्ने अधिकार यस समितिलाई नभएको र उपभोक्ता तथा प्राधिकरण बीच भएका महसुलसम्बन्धी विवाद समाधान गर्ने विषय विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने" भन्ने लेखिएकोमा माथि प्रकरण (ज) मा उल्लेख गरीएअनुसार ने.वि.प्रा तथा अन्य सरोकारवालाहरु कसैको उजुरी नपरेको हुनाले तत् सम्बन्धी निर्णय आयोगद्धारा गर्नु नपरेको।

(ख) लोडसेडिङ अन्त्य हुनु अघिसम्मको अवस्था: मिति २०७२ माघ देखि २०७५ बैशाख मसान्तसम्मको अवधिमा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका उद्योगीहरुबाट ने.वि.प्रा.को स्वीकृति नलिई लोडसेडिङ तालिकामा तोकिएको समय भन्दा बढी अवधि विद्युत सेवा लिएकोले विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम (५)को उपविनियम (५) बमोजिम डेडिकेटेड महसुल लिने निर्णय मिति २०७६।०७।१६ गते ने.वि.प्रा.संचालक समितिबाट निर्णय भएको आधारमा सबै उद्योगीबाट प्राधिकरणका संचालक भक्त बहादुर पुनको संयोजकत्वमा गठित समितिको प्राविधिक प्रतिवेदनका आधारमा "ने.वि.प्रा. विद्युत महसुल संङ्कलन विनियमावली २०७३ बमोजिम सम्पूर्ण महसुल निजहरु बाट ने.वि.प्रा.ले असुल उपर गर्नु पर्ने। यसरी असुल उपर गर्नुपर्ने रकम प्राधिकरणको नगद प्रवाहको अवस्थामा प्रतिकूल असर नपर्ने गरी उद्योगीहरले किस्ताबन्दीमा बुझाउन सक्ने व्यवस्था प्राधिकरणले गरीदिनु पर्ने" भन्ने उल्लेख भएकोले सोहीबमोजिम हुनु पर्ने ।

(३) **समितिको राय/ सुझाव तथा सिफारिशमा मन्त्रिपरिषद्को निर्णय र निर्देशन**: "ट्रंक लाइन तथा डेडिकेटेड फिडरबाट भएको विद्युत आपूर्ति सम्बन्धमा विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र विद्युत प्राधिकरण वीच देखिएको विवाद लगायतका समस्याको समाधान मन्त्रालय र मातहतका निकायहरुबाट समन्वयात्मकरुपमा गर्ने गरी प्रतिवेदन कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई निर्देशन दिने" भन्ने रहेकोमा मन्त्रालय तथा मातहतका निकायबाट नै कार्यान्वयन हुनुपर्ने भई यसमा विद्युत नियमन आयोगको हस्तक्षेप हुन उचित नभएको।

(४) **मिति २०७७/०४/३० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव:**

(क) "विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औ बैठक र मिति २०७३।३।१६ को १०८ औ बैठकका निर्णयअनुसार सो समयदेखि विद्युत लोडसेडिङ अन्त्य भएको आधिकारीक घोषणा हुनु अघिसम्मको डेडिकेटेड तथा ट्रंक लाइनमार्फत विद्युत आपूर्ति लिएका उद्योगहरुको विद्युत उपभोग परिमाण यकीन गरी सोको आधारमा निर्धारित महसुल असुलउपर गर्न उपयुक्त हुने। यसका लागि अन्य विषयका अलवा टि.ओ.डी.मिटरको डाटा डाउनलोडका अध्ययन प्रतिवेदन एवं सोको विश्लेषणलाई मुख्य आधार बनाउन सकिने" भन्ने उल्लेख भएकोमा सो कार्य ने.वि.प्रा. ले नै गर्नुपर्ने हुन्छ।

(ख) "विद्युत लोडसेडिङ अन्त्य भएको घोषणापश्चात सर्वसाधारणले समेत विद्युतको नियमित उपभोग गर्न पाएको अवस्थामा उद्योग व्यवसायको प्रवर्धन समेतलाई दृष्ट्रिगत गर्दै डेडिकेटेड तथा ट्रंक लाइनमार्फत भएको विद्युतको वास्तविक उपयोग यकीन गरी कानुनत:अधिकार प्राप्त निकायले न्यायोचित महसुल निर्धारण तथा सहजीकरण गर्न उपयुक्त हुने" भन्ने रहेकोमा माथि प्रकरण (ङ) मा उल्लेख भएअनुसार आयोगले निर्णय गरीसकेको अवस्थामा सोहीअनुरुप कार्यान्वयन हुनुपर्ने।

अत: विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगद्धारा गरिएको प्रथम पटकको महसुल निर्धारणउपर पुनरावलोकनको लागि ने.वि.प्रा. तथा अन्य सरोकारवालाहरुबाट निवेदन नपरेको तथा सोही ऐनको दफा १८ बमोजिम विवाद समाधानको निमित्त कुनै उजुरीसमेत नपरेको अवस्था रहेको छ। तसर्थ, डेडिकेटेड फिडर तथा ट्रंक लाइनसम्बन्धी महसुलको बक्यौता उठाउनु पर्ने परिपेक्ष्यमा सम्मानित अदालत,लेखा, समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालय तथा ने.वि.प्रा. मा गठित समितिहरुबाट बक्यौता उठाउने भनी निर्णय तथा निर्देशन प्राप्त भएकोमा विद्युत नियमन आयोगको यस सम्बन्धमा अन्यथा धारणा हुन नमिल्ने हुँदा तत्कालिन विद्युत महसुल निर्धारण आयोगको १०३ औ, १०४औ तथा १०८औ बैठकको निर्णय "लोडसेडिङ छ घण्टा वा सो भन्दा वढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महसुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय भएकोमा" सोको यकीन मिटर रिडिङ्बाट ने.वि.प्रा. ले गर्नु पर्ने तथा यस आयोगद्धारा मिति २०७८।०५।२२ गते बसेको १३३औ बैठकको निर्णय कार्यान्वयन गर्न गराउन नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिइसकेको अवस्थामा विद्युत महसुल निर्धारण आयोगले २०७२ सालमा गरेका निर्णयहरुमा अतित प्रभावीरुपले अन्यथा निर्णय गर्न कानुनत: नमिल्ने भएको तथा सम्मानित अदालतद्धारा विभिन्न समयमा भएका फैसला तथा आदेशहरुको परिपालनासमेत हुने गरी काम कारवाही गर्न नेपाल विद्युत प्राधिकरणलाई पुन: निर्देशन दिने निर्णय आयोगको मिति २०८०।०९।१६ गते बसेको २१८ औं बैठकबाट भएको व्यहोरा अनुरोध छ ।

## (२५) नेपाल विद्युत प्राधिकरणको प.स.०८०।८१ च.नं १०४४ मिति २०८०।१२।२ मा विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग २०८० लाई प्रेषित पत्रको व्यहोरा

उपरोक्त सम्बन्धमा आयोगको प.सं. २०८०।८१ च.नं. ०८ मिति २०८०।११।२९ को पत्रबाट माँग भएको कागजातहरु मध्य डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरुको विद्युत महसुल

सम्बन्धी विवादमा नेपाल विद्युत प्राधिकरण विद्युत वितरण विनियमावली,२०६९ र ऐ. विनियमावली, २०७८ बमोजिम गठित प्रशासकीय पुनरावलोकन समिति समक्ष पेश हुन आएका जम्मा ४ थान पुनरावलोकन निवेदन मध्ये श्री शिवम् सिमेन्ट (ग्राहक नं. ००९.०२.५८१) को मिति २०७२।११।११ गते, पुनरावलोकन निवेदन मध्ये श्री डाबर नेपाल प्रा.लि. (ग्राहक नं. १५.१३.५७३) को मिति २०७८।०६।३१ गते र पुनरावलोकन निवेदन श्री युनाइटेड सिमेन्ट प्रा.लि.(ग्राहक नं. २५.२५.५७०) को मिति २०७८।०६।२४ गते निर्णय भई सोको जानकारी सम्बन्धित ग्राहकहरुलाई दिइसकिएको र बाँकी रहेका पुनरावलोकन निवेदन मध्ये श्री अर्घाखाँची सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. (ग्राहक नं. ००३.१०.५७१) को निवेदन उपर प्रशासकीय पुनरावलोकन समितिको मिति २०८०।११।११ गते बैठक बसी प्रारम्भिक छलफल भई निर्णय हुन बाँकी रहेको छ।

प्रशासकीय पुनरावलोकन समितिबाट भएका निर्णय, निर्णय हुन बाँकी निवेदनको कागजातहरु र नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७६।०७।१७ को ८१०औ बैठकको निर्णय यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ।

**(२६) विद्युत नियमन आयोगको प.सं. ०८०।८१ च.नं. ३६२ मिति २०८०।१२।०५ को विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग, २०८० लाई प्रेषित पत्रको व्यहोरा**

उपरोक्त विषयमा त्यस आयोगबाट च.नं. ०९, प.सं. २०८०।०८१, मिति २०८०।११।२९ को पत्रको सन्दर्भमा लेखिदैछ। डेडिकेटेड तथा ट्रंक लाइन उपभोग गर्ने औद्योगिक ग्राहकहरुको हाल सम्म विद्युत नियमन आयोग समक्ष परेका निवेदनहरुको विवरण तल उल्लिखित तथा संलग्न छन्। विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरिएको उजुरी नआएकाले उक्त निवेदन उपर आयोगद्धारा कुनै कारवाही गर्न नसकिएको जानकारी समेत गर्दछु। यसै सन्दर्भमा विद्युत नियमन आयोगले प्रथम पटक २०७७।०३।०१ मा विद्युत महसुल निर्धारण गरेको जसमा डेडिकेटेड तथा ट्रंक लाइन को व्यवस्था नै खारेज गरेको थियो। त्यस्तै दोश्रो पटक मिति २०७८।०७।०८ मा विद्युत महसुल निर्धारण गरेकोमा दुबै पटक कुनै व्यक्ति /निकाय/ संस्थाबाट विद्युत नियमन आयोग ऐन २०७४ को दफा २२ बमोजिमको आयोगका निर्णय पुनरावलोकन हुनु पर्ने भनी निवेदन नदिइएको व्यहोरा अनुरोध गर्दछु। साथै तहाँको पत्रमा माग गरिएको विद्युत नियमन आयोगको १३३ औं बैठकको निर्णयको प्रमाणित प्रतिलिपि यसै साथ संलग्न गरी आदेशानुसार पठाईएको व्यहोरा अनुरोध छ।

| क्र.स. | ग्राहक | आयोगमा प्राप्त निवेदनको मिति |
|---|---|---|
| १ | हामा आइरन एण्ड स्टील | २०८०।०९।२४ |
| २ | बाबा जुट मिल्स प्रा.लि. | २०८०।०९।२४ |
| ३ | रिलायन्स स्पिन्निंग मिल्स लिमिटेड | २०८०।०९।२३ |
| ४ | सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड | २०८०।०९।२३ |
| ५ | अर्घाखाँची सिमेन्टस् | २०८०।०९।२० |
| ६ | अशोक स्टील इन्ड्रस्ट्रिज प्रालि. | २०८०।०९।२२ |
| ७ | त्रिवेणी सिन्थेटिक यार्न इन्ड्रस्ट्रिज प्रा. लि. | २०८०।०९।२० |

| क्र.स. | ग्राहक | आयोगमा प्राप्त निवेदनको मिति |
|---|---|---|
| ८ | बुटवल उद्योगहरु १९ भैरहवा राजमार्गमा संचालित- | २०८०।०९।२० |
| ९ | सर्वोत्तम सिमेन्ट लिमिटेड | २०८०।०९।२० |
| १० | लक्ष्मी स्टीलस् लिमिटेड | २०८०।०९।२० |
| ११ | त्रिवेणी स्पिन्निंग मिल्स लिमिटेड | २०८०।०९।२० |
| १२ | शिवम सिमेन्टस् | २०८०।०९।१८ |
| १३ | निगाले सिमेन्टस् प्रा.लि. | २०७८।०४।२७ |
| १४ | बुटवल भैरहवा औद्योगिक कोरिडोरका औद्योगिक- प्रतिष्ठान | २०७८।०४।१८ |
| १५ | सिद्धार्थ उद्योग वाणिज्य संघ | २०७८।०४।१८ |

**(२७) नेपाल विद्युत प्राधिकरणको प.स.०८०।८१, चं.न १०८४, मिति २०८०।१२।१४ मा विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग,२०८० लाई प्रेषित पत्रको व्यहोरा**

उपरोक्त सम्बन्धमा आयोगको प.सं. २०८०/८१ च.नं. ११ मिति २०८०/१२/०६ को पत्रबाट माग भएको कागजातहरू यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ।

१. तपसिल १) मा माग भएको विवरण सम्बन्धमा तत्कालिन विद्युत महसुल निर्धारण आयोगले यसका सरोकार पक्ष बीच छलफल गरी Dedicated Feeder मार्फत निरन्तर विद्युत आपूर्ति (Uninterrupted Power Supply) लिन ईच्छुक औद्योगिक, व्यापारिक तथा गैर व्यापारिक ग्राहकहरूको माँग सम्बन्धमा सम्भावना बुझी ने.वि.प्रा.लाई आसय पत्र (Expression of Interest) को सूचना प्रकाशन गरेर त्यसको विवरण तयार गरी पेश गर्न आयोगबाट निर्देशन भए बमोजिम मिति २०७०/०७/०३ गतेको गोरखापत्रबाट आसयपत्र सम्बन्धी सूचना प्रकाशित गर्दा नेपाल राज्यभरबाट १३३ वटा ग्राहकहरूले जम्मा २३२.८४ मे.वा. वरावर माग भएको विवरण पाना-२१ यसैसाथ संलग्न रहेको छ।

२. तपसिल २) मा माग भएको विवरणका सम्बन्धमा माथि तपसिल १) मा उल्लिखित १३३ वटा ग्राहकहरूबाट निरन्तर विद्युत आपूर्तिका (Uninterrupted Power Supply) लागि निवेदन दिएको देखिन्छ। तसर्थ नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी ने.वि.प्रा. संचालक समितिबाट स्वीकृत भई लागु भएको ने.वि.प्रा.विद्युत वितरण विनियमावली, २०६९ को विनियम ३ (१) र सोही विनियमावलीको अनुसूची १ तथा ऐ. विनियम ९(२) बमोजिम कायम भएको तथा कायम हुने ने.वि.प्रा.का सम्पूर्ण ग्राहकहरुले तत्कालिन विद्युत महसुल निर्धारण आयोग तथा हालको विद्युत नियमन आयोगले तोके बमोजिमको विद्युत महसुल तिर्नु बुझाउनु पर्ने व्यवस्था बमोजिम निजहरूलाई ट्रंक लाइन मार्फतनै विद्युत आपूर्ति गरेको र कुनै पनि ग्राहक वर्गमा आफू पर्नु नपर्ने भन्ने लागेमा नियमानुसार ऐ. विनियमावलीको विनियम २६ बमोजिम ग्राहक वर्गीकरण परिवर्तन गरी पाउँ भनी ने.वि.प्रा.को सम्बन्धित वितरण केन्द्रमा निवेदन गर्न सकिने व्यवस्था भए तापनि ट्रक लाइन मार्फत विद्युत आपूर्ति भएका ग्राहकहरूले ग्राहक वर्ग परिवर्तनको लागि निवेदन नगरेको व्यहोरा समेत अनुरोध छ।

*NEPAL ELECTRICITY AUTHORITY*

*PLANNINING, MONITORING AND INFORMATION TECHNOLOGY, ECONOMIC ANALYSIS DEPARTMENT*

| S.N. | Name of firm/Industry | Installed Capacity (KVA) | Supply Voltage | Feeder Name | Expected Continuous Supply Period | | Current sources of Power/Rate in Rs. | | | Expected Price in RS. | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 1-3 Year | Above 3 year | Per unit | Per unit | Total Per | T1 Slab(17:00-23:00) | T2 Slab(23:00- | T3 Slab(05:00-17:00) | |
| *1.Biratnagar* | | | | | | | | | | | | | |
| | *Industrial* | | | | | | | | | | | | |
| 1 | Rijal Tashi Industries pvt.Ltd. (Itahari-Sunsari Industrial) | 100 | 360 Volt | | | Above 3 year | 18.75 | 1.17 | 19.92 | | | | |
| 2 | Pashupati Synpack Industries Pvt Ltd (Biratnagar MT ToD Industrial) | 300 | 400/440 Volts | 33KVA Sonapur | 1 Year | | 23.40 | 0.83 | 24.23 | 12.75 | 6.30 | 10.50 | |
| 3 | Mainabati Steel Industries Pvt Ltd (Duhabi Sunsari | 1500 | KVA | Duhabi 33 KV | | Year | | | | 12.75 | 6.30 | 10.50 | |
| 4 | Jayshree Polymers Pvt Ltd (Duhabi-Sunsari MT ToD Industrial) | 1000 | 11 KVA/400 V | Tarahara 2 | | Above 3 Year | | | | 13.10 | 6.40 | 10.60 | |
| 5 | Estern Cosmos Cement Pvt Ltd (Morang MT ToD Industrial) | 1250 | 11 KV | | 1-3 Year | | 20.00 | 2.00 | 22.00 | 12.00 | 6.00 | 9.25 | |
| 6 | Sivam Plastic Industries (P) Ltd (Morang MT ToD | 2000 | 33 KV | | Year | | 23.05 | 0.05 | 24.00 | 12.05 | 5.90 | 10.05 | |
| 7 | Reliance Spinning Mills Ltd (Sunsari Industrial) | 13000 | 33 KV | 33 KV Reliance | 3 Year | | 24.60 | 2.10 | 26.70 | 12.05 | 5.90 | 10.05 | |
| 8 | K. L. Dugar Group (Swastik Oil Industries (P) Ltd (Biratnagar Morang Industrial) | 2650 | 400 V | Biratnagar 1 | 1 Year | | | | | 9.63 | 1.73 | 7.81 | |
| 9 | K. L. Dugar Group (Swastik Packaging Pvt Ltd (Biratnagar Morang Industrial) | 655 | | Biratnagar 2 | 1 Year | | | | | 9.63 | 1.73 | 7.81 | |
| 10 | Multi Polyver Pvt Ltd (Biratnagar MT ToD | 500 | 305 V | | | Year | | | | 13.00 | 6.00 | 8.00 | |
| 11 | Pashupati Tube Mills Pvt Ltd (Biratnagar MT ToD Industrial) | 500 | 362-410 V | | 1-3 Year | | 22.50 | 0.05 | 22.55 | 10.00 | 5.00 | 8.00 | |
| 12 | Jysmin Hygine Product (Tanke Sinawari Morang MT ToD Industrial) | 400 | 11 KV | | 1-3 Year | | 22.50 | 0.05 | 22.55 | 10.00 | 5.00 | 8.00 | |
| 13 | Pioneer Wires Pvt Ltd (Morang Biratnagar MT ToD Industrial) | 650 | 360-410 V | | 1-3 Year | | 22.50 | 0.05 | 22.55 | 10.00 | 5.00 | 8.00 | |
| 14 | Laminar Pvt Ltd (Biratnagar MT Tod Industrial) | 700 | 905 V | | | Above 3 Year | | | | 13.00 | 6.00 | 8.00 | |
| 15 | Asian Thai Foods (Sunsari MT ToD Industrial) | 15000 | 400/440 Volts | Sonapur | 1 Year | | 22.71 | 0.83 | 23.54 | 12.75 | 10.50 | 36.00 | |
| 16 | Hulash Motors Pvt Ltd (Biratnagar 16 Morang Industrial MT ToD Industrial) | 250 | 400 V | Industrial Feeder BJM | 3 Year | | 22.00 | 4.00 | 26.00 | 10.00 | 10.00 | 10.00 | |
| | **Total 16** | 40455 | | | | | | | | | | | |
| | *Commercial* | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ncell Private Limited - Biratnagar (TOD | 630 | 11 KV | Ncell Feeder | | Year | 20.92 | 1.48 | 22.40 | 21.00 | 11.00 | 18.50 | |
| | **Total 1** | 630 | | | | | | | | | | | |
| *2.Bara-Parsa-Simara-Birjung* | | | | | | | | | | | | | |
| | *Industrial* | | | | | | | | | | | | |
| 1 | Himal Iran Steel pvt Ltd. (Parwanipur, Parsa) | 10000 | 66 KV | 66 kv Hetauda Circuit no 1 | | Above 3 year | 30.00 | 1.50 | 31.50 | 15.50 | 6.60 | 9.40 | |
| 2 | Barun Udhog Company Ltd. (Nitanpur-Bara TOD Industrial) | 320 | 11 KVA | | Upto 3 year | | 35.00 | 5.00 | 40.00 | 17.50 | 8.60 | 14.20 | |
| 3 | Super Lemicots pvt.Ltd. (Hetauda Non-TOD Industrial) | 534.18 | 11 KVA | | Upto 3 year | | 30.00 | 5.00 | 35.00 | 12.00 | 7.80 | 10.60 | |
| 4 | Vinayak Agro Pvt Ltd (Chatpipra Bara MT TOD | 750 | 11 KVA | Parwanipur | Year | | 35.00 | 5.00 | 40.00 | 14.22 | 7.00 | 11.54 | |
| 5 | Jagadamba Steels Pvt. Ltd (Simara-Bara Industrial) | 35000 | 52000-58000V | | | year | | | | 9.35 | 4.90 | 7.85 | |
| 6 | Machapuchhre Herbal Pvt Ltd (Hetauda-Makawanpur Industrial) | 300 | 11000 V | | | Above 3 Year | 30.00 | 1.50 | 31.50 | 13.00 | 6.45 | 10.65 | |
| 7 | MB Petrolube Industries Pvt Ltd (Chatara-Pipara)Bara (Industrial) | 100 | 480 V | | 1-3 Year | | | | | 8.00 | 3.30 | 10.00 | |
| 8 | Hana Iron & Steel Industries Pvt Ltd (Simara-Bara Industrial) | 8000 | 66 KV | 66 KV Circuit No 2 | | Above 3 Year | 11.15 | 0.50 | 11.65 | 15.50 | 3.30 | 9.37 | |
| 9 | Araniko Cement Industries Pvt Ltd (Jitpur Bara Industrial) | 1000 | 11 KV | | 1-3 Year | | | | | | | | |
| 10 | Shiva Shakti Almunium Pvt. Ltd (Chorni 4 Parsa ToD Industrial) | 500 | 11 KV | Jagadamba Feeder | 2 Year | | | | 22.00 | 8.80 | 8.80 | 8.80 | |
| 11 | Shiva Shakti Agro Pvt Ltd (Jitpur Bara Industrial) | 750 | 440 V | Parwanipur Feeder | 2 Year | | | | 22.00 | 8.80 | 8.80 | 8.80 | |
| 12 | Shiva Shakti Oil & Fats Pvt Ltd (Jitpur Bara Industrial) | 500 | 420 V | Parwanipur Feeder | 2 Year | | | | 22.00 | 8.80 | 8.80 | 8.80 | |
| 13 | Shiva Shakti Ghee Udyog Pvt Ltd (Jitpur Bara Industrial) | 1800 | 440 V | Parwanipur Feeder | 2 Year | | | | 22.00 | 8.80 | 8.80 | 8.80 | |
| 14 | Shiva Shakti Packing Pvt Ltd (Simara Bara Industriral) | 800 | 420 V | Hulas Feeder | 2 Year | | | | 22.00 | 8.80 | 8.80 | 8.80 | |
| 15 | Shiva Shakti Chemoplast Pvt Ltd (Chorni 4 Parsa MT ToD Industrial) | 1800 | 11000/400 V | Jagadamba Feeder | 2 Year | | | | 22.00 | 8.80 | 8.80 | 8.80 | |
| 16 | Dabur Nepal Pvt Ltd (Rampur Tokani Bara MT ToD Industrial) | 6000 | 11000 V | Parwanipur Feeder | | Above 3 Year | | | | 10.68 | 5.25 | 8.66 | |
| 17 | KB SAM Aluminium Industries (P) Ltd (Jitpur Bara Industrial) | 1130 | 415 V | Parwanipur Feeder | 1-3 Year | | | | 11.00 | 13.12 | 6.45 | 10.65 | |
| 18 | Nekon KB Plasto Engineering Ind (P) Ltd (Pipara I Bara MT ToD Industrial) | 1250 | 415 V | Jagadamba Feeder | | Above 3 Year | | | 16.00 | 13.12 | 6.45 | 10.65 | |
| 19 | Nandan Ghee & Oil Industries (P) Ltd (Pipara Bara Industrial) | 1000 | 415 V | Dumerbana | | Above 3 Year | | | 10.00 | 13.12 | 6.45 | 10.65 | |
| 20 | K. L. Dugar Group (Saurabh Food Products Pvt Ltd (Bara District MT ToD Industrial) | 1600 | | | 1 Year | | | | | 9.65 | 4.75 | 7.85 | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 21 | Hulash Steel Industries (Simara Bara ToD Industrial) | 7500 | 66 KV | | | Above 3 Year | 14.00 | 0.50 | 14.50 | | 10.10 | 3.30 | 8.25 | |
| 22 | Subhshree Jagadamba Cement Mill Pvt Ltd (Chorni 4 Parsa MT ToD Industrial) | 3500 | 11 KV | Jagadamba Feeder | 3 Year | | 18.45 | 0.55 | 19.00 | | 15.00 | 8.00 | 13.00 | |
| 23 | Narayani Cement Uyog Pvt Ltd (Bara MT ToD Industrial) | 4250 | 11 KV | Himal Feeder | | Above 3 Year | | | | | | | | |
| 24 | Surya Nepal Pvt Ltd (simara 4 Barra MT ToD Industrial) | 4000 | 66 KV | Hetauda-Parwanipur | 1-3 Year | | 26.00 | 1.00 | 27.20 | | 13.18 | 5.61 | 10.63 | |
| 25 | Ashok Steel Industries (P) Ltd (Jitpur Bara Industrial) | | | | | | | | | | | | | |
| 26 | Jagadamba Enterprises Pvt Ltd (Adharsa Naragr Birjung Industrial | 7000 | 11000 V | | | | 28.00 | 2.00 | 30.00 | | 10.00 | 8.00 | 9.00 | |
| | **Total 26** | 99384.18 | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | ***Commercial*** | | | | | | | | | | | | | |
| 1 | Ncell Private Limited (Hetauda) (TOD Commercial) | 500 | 11 KV | | | Above 3 Year | 12.88 | 1.79 | 14.67 | | 21.00 | 11.00 | 18.50 | |
| 2 | Netural Fower & Herbal Pvt Ltd (Hetauda Makawanpur Commercial) | 150 | 400 V | | | | | | | | | | | |
| 3 | Abhinash Hachary Pvt Ltd (Mukundapur-Nawalparasi ToD Commercial) | 500 | 380 V | | | Above 3 Year | | | | | | | | |
| 4 | Fleur Himalayan Ltd (Birjung Commercial) | 100 | 400 V | | | Above 3 Year | 23.00 | 1.00 | 24.00 | | 12.00 | 6.00 | 10.50 | |
| 5 | Matrix Printers Pvt Ltd (Birjung Commercial) | 150 | | | | Above 3 Year | | | | | 11.38 | 5.59 | 9.23 | |
| 6 | Nepal Pharmaceuticals Lab Pvt Ltd (Birjung Commercial) | 200 | | | 1-3 Year | | 25.00 | 1.00 | 26.00 | | 12.00 | 6.00 | 10.50 | |
| | **Total 6** | 1600 | | | | | | | | | | | | |
| | **Others** | | | | | | | | | | | | | |
| 1 | MB Petrolube Industries Pvt Ltd (Head Office) (Bara Domestic 3 Phase) | 18 | 3 Phase/380 V | | 1-3 Year | | | | | | | | | |
| | **Total 1** | 18 | | | | | | | | | 16.00 | 16.00 | 20.00 | |
| *3. Kathmandu Area* | | | | | | | | | | | | | | |
| | ***Industrial*** | | | | | | | | | | | | | |
| 1 | Deurali -Janta Pharmaceuticals pvt.Ltd. | 945 | 11 KV/415 | | | Above 3 | 15.00 | 1.20 | 16.20 | | 13.12 | 6.45 | 10.65 | 50% |
| 2 | Oxitec Nepal pvt. (Kathmandu Industrial) | 250 | 250 KVA | | | Above 3 year | 20.00 | 10.00 | 30.00 | | 9.70 | 5.30 | 8.10 | |
| 3 | Hospitec Farma (Kathmandu Industria) | 37.5 | 37.5 KVA | | | Above 3 year | 20.00 | 10.00 | 30.00 | | 10.70 | 6.30 | 9.10 | |
| 4 | Everest Chicken Nepal PVt.Ltd. (Kathmandu Industrial) | 100 | 11 KV | | | | | | | | 11.00 | 8.00 | 10.00 | ew Consur |
| 5 | C G Electronics P Ltd (Kathmandu LT Industrial) | 50 | 230 V | | 15 Months | | 24.02 | 15.00 | 25.70 | | 10.94 | 6.02 | 9.23 | |
| 6 | Data Hub Pvt Ltd (Kathmandu Industrial) | | | | | | | | 29.75 | | 17.50 | 6.50 | 16.00 | New Cons |
| 7 | Data Hub Pvt Ltd (DRS Site) (Kathmandu Industrial) | | | | | | | | 29.75 | | 17.50 | 6.50 | 16.00 | New Cons |
| 8 | Siyaram Textails (Bhaktapur Industrial) | 200 | 440 V | Industrial Feeder | | | | | | | 9.50 | 5.00 | 7.50 | |
| 9 | Shubhalakshya Developers Pvt Ltd (Kathmandu Commercial) | | | | | | | | | | | | | |
| 10 | Bagmati Paper Industries (Kathmandu Industrial) | 20 | | | | | | | | | | | | |
| 11 | Kiran Shoes Manufactures (Kathmandu Industrial) | 1630 | 11 KV | | | Above 3 Year | 23.00 | 1.00 | 24.00 | | 17.50 | 8.60 | 14.20 | |
| 12 | Dabur Nepal Pvt Ltd (Kavrepalanchwok Industrial) | 250 | 11 KV | Sanga Feeder | | Above 3 Year | | | | | | | | |
| 13 | Bageshwori Polyvers & Pipe Udyog (Kathmandu Industrial) | | | | | Above 3 Year | | | | | 12.60 | 6.60 | 11.10 | New Consumer |
| 14 | Agrviet Pvt Ltd (Dhading TOD Industrial) | 100 | 400 V | | | Above 3 Year | | | | | | | | |
| 15 | Hyland Bevagage Pvt Ltd (Kathmandu MT ToD Industrial | 3000 | 11 KVA | | | Above 3 Year | 11.15 | 0.36 | 11.51 | | 10.55 | 6.10 | 8.90 | |
| 16 | Mount Everest Browery Pvt Ltd (Bharatpur MT ToD Industrial) | 830 | 220 V | | | Above 3 Year | 12.00 | 8.00 | 20.00 | | 18.00 | 4.30 | 7.10 | |
| | **Total 16** | 7412.5 | | | | | | | | | | | | |
| | ***Commercial*** | | | | | | | | | | | | | |
| 1 | Hotel Sangrila (Kathmandu Comercial) | 500 | 11 KVA | | | | | | | | | | | |
| 2 | Hospitec Interprises pvt.Ltd. (Kathmandu Comercial) | 30.7 | 20.7 KVA | | | Above 3 year | 15.00 | 5.00 | 20.00 | | 10.70 | 7.30 | 9.10 | |
| 3 | Worldlink Communication pvt.Ltd. (Lalitpur MT Commercial) | 160 | 3 phase (380 V) | | | 5 year | | | | | | | | |
| 4 | Airport Hotel Pvt Ltd (Kathmandu MT TOD Comercial) | 160 | 440V | | | Above 3 year | 27.50 | 3.00 | 30.50 | | | | | |
| 5 | Shikhar Insurance Co. Ltd (Kathmandu Comercial) | 315 | 11 KV | | 1-3 Year | | | | 29.75 | | 17.50 | 6.50 | 16.00 | |
| 6 | Nepal Bank Limited (Kathmandu ToD Comercial) | 315 | 11 KV | | | Above 3 Year | 32.00 | 5.00 | 37.00 | | 21.00 | 11.00 | 18.50 | |
| 7 | Potala Guest House (Kathmandu Comercial) | 25 | 3 Phase | | | Above 3 Year | 25.00 | | 25.00 | | 12.00 | 12.00 | 12.00 | |
| 8 | Shambala Holdings International Pvt Ltd (Kathmandu Comercial) | 350 | 420 V | | 1 Year | | | | | | 12.00 | 12.00 | 12.00 | New Consumer |
| 9 | Grande International Hospital (Kathmandu Comercial) | 2500 | 11 KV | | | Above 3 Year | 24.75 | 0.87 | 25.62 | | 21.00 | 11.00 | 18.50 | |
| 10 | K.B. Elex Pvt (Kathmandu Comercial) | | | | | Above 15 Year | | | 20.00 | | 15.00 | 12.00 | 12.00 | New Consumer |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 11 | Necell Private Limited (Krishna Towers-New Baneshwor (TOD Commercial) | 315 | 11 KV | | | Above 3 Year | 19.31 | 1.53 | 20.85 | | 21.00 | 11.00 | 18.50 | New Consumer |
| 12 | Ncell Private Limited - Ekantakuna (TOD Commercial) | 1880 | 11 KV | Ncell Feeder | | Above 3 Year | 17.85 | 1.92 | 19.77 | | 21.00 | 11.00 | 18.50 | |
| 13 | Subisu Cablenet (Kathmandu LT Comercial) | 18.75 | 230/400 V | Gairadhar Feeder | | Above 3 Year | 25.00 | 2.00 | 27.00 | | 20.00 | 12.00 | 15.00 | |
| 14 | Grande City Clinic & Diagnostic Services Pvt Ltd (Kathmandu Comercial) | | | | | Above 3 Year | | | | | 21.00 | 11.00 | 18.50 | |
| 15 | Syakar Company Limited (Kathmandu TOD Commercial) | | | | | | | | | | 21.00 | 11.00 | 18.50 | |
| 16 | Jyoti Group (Kathmandu MT ToD Commercial) | | | | | Above 3 Year | | | | | 21.00 | 11.00 | 18.50 | |
| 17 | New Progressive Desiners (Kathmandu Comercial) | 100 | 400 V | | | Above 3 Year | 28.00 | 12.00 | 40.00 | | | | | |
| 18 | C D Developers Pvt Ltd (Tokha) (Kathmandu Comercial) | 100 | 400 V | | | Above 3 Year | | | | | | | | |
| 19 | C D Developers Pvt Ltd (Tripureshwor) (Kathmandu Comercial) | 100 | 400 V | | | Above 3 Year | | | | | | | | |
| 20 | C E Met Electrical Febricaters Pvt Ltd (Kathmandu Comercial) | | | | | | 20.00 | 5.00 | 25.00 | | | | | |
| 21 | C E Concrite Products Pvt Ltd (Kathmandu Comercial) | 35 | 400V | | | Above 3 Year | 20.00 | 5.00 | 25.00 | | | | | |
| 22 | C E Contractor Pvt Ltd (Kathmandu Comercial) | 25 | 400V | | | Above 3 Year | 20.00 | 5.00 | 25.00 | | | | | |
| 23 | Tamrakar Textorium (Kathmandu Comercial) | 38 | | | | Above 3 Year | | | | | 20.00 | | 20.00 | |
| 24 | Tamrakar House (Kathmandu Comercial) | 38 | | | | Above 3 Year | | | | | 20.00 | | 20.00 | |
| 25 | Udaya Tamrakar Trading Co. Pvt Ltd (Kathmandu Comercial) | 38 | | | | Above 3 Year | | | | | 20.00 | | 20.00 | |
| 26 | Sitaram Gokul Milks (k) Ltd (Kathmandu Comercial) | 500 | 440V | | | Above 3 Year | 25.00 | 1.00 | 26.00 | | 11.60 | 4.95 | 9.35 | |
| 27 | Hotel De l Annapurna Pvt Ltd (Kathmandu Comercial) | 1500 | 11 KV | | | Above 3 Year | | | 28.00 | | 21.00 | 11.00 | 18.05 | |
| 28 | Kundalini Diagnostic Center Pvt Ltd (Kathmandu Comercial) | | | | | | | | | | | | | New Consumer |
| 29 | Abhinash Hatchary Pvt Ltd (Bharatpur) (Bharatpur ToD Commercial) | 50 | 390 V | | | Above 3 Year | | | | | | | | |
| 30 | United Builders & Engineers Pvt Ltd (Kathmandu Commercial) | 1000 | 11 KVA | | | Above 3 Year | 22.00 | 6.00 | 28.00 | | 18.00 | 8.50 | 16.00 | |
| 31 | Kist Medical College (Lalitpur Commercial) | 200 | 11 KVA | | | Above 3 Year | 26.91 | 1.74 | 28.65 | | 17.00 | 7.50 | 15.00 | |
| 32 | Soaltee Hotel Limited (Kathmandu MT ToD Commercial) | 1250 | 440 V | | | Above 3 Year | | | 30.00 | | 20.00 | 10.00 | 18.00 | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 33 | Smart Telecom Pvt. Ltd (Kathmandu Commercial) | 200 | 400 KVA | | | Above 3 Year | | | 20.00 | | | | | |
| 34 | Tara Gaon Regency Hotel Ltd (Kathmandu Comercial) | 1600 | | | 1 Year | | 28.24 | 1.91 | 30.15 | | 21.00 | 11.00 | 18.50 | |
| 35 | Everest Hospital Pvt Ltd (Kathmandu Comercial) | | | | | Above 3 Year | 40.00 | 2.50 | 42.05 | | | | | |
| 36 | Jyoti Bikash Bank (Kathmandu Comercial) | | 400V | | | Year | | | 28.50 | | 8.00 | 15.00 | 17.00 | |
| 37 | Adarsa Nagar Business Pvt Ltd (Kathmandu MT ToD Comercial | 630 | 400 V | | | 5 Year | 25.00 | 5.00 | 30.00 | | 20.00 | 10.00 | 15.00 | |
| 38 | K. P. Cement Industries Pvt Ltd (Dhadhing Industrial) | | | | | | | | | | | | | |
| | **Total 38** | 13973.45 | | | | | | | | | | | | |
| | ***Others*** | | | | | | | | | | | | | |
| 1 | Scion Trading (Kathmandu Domestic) | | 380 V | | 1-3 Year | | | | | | | | | |
| | **Total 1** | | | | | | | | | | 16.00 | 16.00 | 20.00 | |
| ***4.Janakpur*** | | | | | | | | | | | | | | |
| | ***Industrial*** | | | | | | | | | | | | | |
| 1 | Kamala Polythene & Plastic Industries Pvt. Ltd (Janakpur 1 Industrial) | 315 | 330 V/400V | | | 15 Years | 20.00 | 1.00 | 21.00 | | 15.00 | 12.00 | 12.00 | |
| 2 | Maruti Cement Ltd (Chandra Udaypur Siraha Industrial) | 12000 | 33 KV | | 1-3 Year | | 24.70 | 0.25 | 24.95 | | 13.25 | 8.50 | 11.25 | |
| 3 | Everest Paper Mills Pvt Ltd (Dhanusha Mahendra Nagar Industrial) | 3 | 33KVA | | 1-3 Year | | | | | | 9.35 | 4.62 | 7.70 | |
| 4 | Himalayan Parentals & Farmulation Pvt Ltd (Janakpur 4 Dhanusha Industiral) | 500 | 11 KV | | 3 Year | | | | | | 9.63 | 4.73 | 7.81 | New consumer |
| 5 | Ram Janki Plastic Industries (Dhanusha Industrial) | 100 | 11 KV | | 3 Year | | | | | | 6.63 | 4.73 | 7.81 | |
| 6 | Everest Plasto Industries (Dhanusha Industrial) | 500 | 440 V | | 3 Year | | | | | | 9.63 | 4.73 | 7.81 | |
| 7 | Cosmos Cement Industries Pvt Ltd (Dhanusha ToD Industrial) | 1000 | 11 KV | Comos Feeder | | Above 3 Year | 20.00 | 2.00 | 22.00 | | 12.00 | 6.00 | 9.25 | |
| | **Total 7** | 14418 | | | | | | | | | | | | |
| | ***Commercial 0*** | | | | | | | | | | | | | |
| | **Others 0** | | | | | | | | | | | | | |
| ***5.Pokhara*** | | | | | | | | | | | | | | |
| | ***Industrial 0*** | | | | | | | | | | | | | |
| | ***Commercial*** | | | | | | | | | | | | | |
| 1 | Ncell Private Limited - Pokhara (TOD Commercial) | 630 | 11 KV | Ncell Feeder | | Above 3 Year | 12.88 | 2.23 | 15.11 | | 21.00 | 11.00 | 18.50 | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | Hotel Landmark Pokhara (Commercial) | 200 | 3 Phase | | | Year | 30.00 | 10.00 | 40.00 | | | | | |
| | Total 2 | 830 | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| 6.Chitawan-Nawalparasi | | | | | | | | | | | | | | |
| | Industrial | | | | | | | | | | | | | |
| 1 | Perfect Blends (Nepal) Pvt. Ltd | 1500 | 11 KV/0.4KV | Industrial Feeder 11 KV | 15 Months | | 24.20 | 1.50 | 25.70 | | 10.94 | 6.02 | 9.23 | |
| 2 | C G Cement Industries Pvt Ltd (Nawalparasi Industrial) | 6000 | 11 KV | | 1-3 Year | | 24.20 | 1.50 | 25.70 | | 10.94 | 6.20 | 9.23 | |
| 3 | Butwal Cement Mills Pvt Ltd (Swati 4 Nawalparasi Industrial) | 5000 | 33KVA | | 1-3 Year | | 24.60 | 0.50 | 25.10 | | 13.00 | 8.60 | 11.20 | |
| 4 | United Liquares Pvt Ltd (Mangalpur Chitawan MT ToD Industiral) | 100 | 420 V | | | Above 3 Year | 11.15 | 0.36 | 11.51 | | 10.55 | 6.10 | 8.90 | |
| 5 | Grihalkchmi Metal E Pvt Ltd (Chitawan ToD Industrial) | 200 | 360 Volt | | | Above 3 Year | | | 20.00 | | 12.00 | 6.00 | 10.00 | |
| 6 | C G Foods (Nepal) Pvt Ltd Dibyapuri 6 Nawalparasi Industrial) | 800 | 11KV/0.04 KV | Industrial Feeder 11 KV | 15 Months | | 24.02 | 15.00 | 25.70 | | 10.94 | 6.02 | 9.23 | |
| | Total 6 | 13600 | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | Commercial | | | | | | | | | | | | | |
| 1 | Hotel Star Banquet Pvt Ltd (Chitawan Commercial) | 900 | 440V | | | 15 Years | 17.70 | 1.30 | 15.00 | | 15.00 | 13.87 | 25.00 | |
| 2 | Abhinash Farms Pvt Ltd (Narayanghat Commercial) | 125 | 390 V | | | Above 3 Year | | | | | | | | |
| 3 | Skylark Agro Pvt Ltd (Chitawan Commercial) | | | | | | | | | | | | | |
| 4 | Landmark Forest Park (Chitawan Commercial) | 100 | | | | Above 3 Year | 40.00 | 10.00 | 50.00 | | | | | |
| | Total 4 | 1125 | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| 7.Butawal-Bairahawa | | | | | | | | | | | | | | |
| | Industrial | | | | | | | | | | | | | |
| 1 | Nepal Hydro & Electric LTD. (Butawall Industrial) | 800 | 3 phase,11000 Volt | | | 5 Year | 22.00 | 6.00 | 28.00 | | 11.00 | 10.00 | 10.50 | |
| 2 | Siddhartha Pest Plast Ind. Pvt Ltd (Bhairahawa-Rupandehi Industrial) | 500 | 33KV | | | Above 3 Year | | | | | | | | |
| 3 | Argakachi Cement Pvt Ltd (Bhairahawa Rupandehi Industrial) | 9000 | 33 Kv | | | Above 3 Year | 21.90 | 2.00 | 23.90 | | 13.50 | 6.50 | 11.00 | |
| 4 | Agni Cement Industries Pvt. Ltd (Rupandehi MT ToD Industrial) | 1500 | 33000 KV | | 1-3 Year | | 30.00 | 3.00 | 33.00 | | 11.05 | 5.46 | 9.10 | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | Ghorahi Cement Industries Pvt Ltd (Dang Industrial) | 22000 | 33 KV | | | Above 3 Year | 24.00 | 2.00 | 26.00 | | | | | |
| 6 | Jagadamba Synthetics Pvt Ltd (Rupandehi Industrial) | 4000 | 33 KV | | 1-3 Year | | | | | | 10.00 | 10.00 | 10.00 | |
| | Total 6 | 37800 | | | | | | | | | | | | |
| | Commercial 0 | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| 8.Nepaljung | | | | | | | | | | | | | | |
| | Industrial | | | | | | | | | | | | | |
| 1 | Mega Electric Cable & Wire Industries (Nepaljung Banke Industrial) | 150 | 11 KVA | | | Above 3 Year | 26.00 | 2.00 | 28.00 | | 17.00 | 8.50 | 14.00 | |
| 2 | K. L. Dugar Group (Vikash Floor Mills (P) Ltd (Nepaljung Banke ToD Industrial) | 625 | 11000 V | Kohalpur Rambha Feeder | 1Year | | | | | | 9.65 | 4.75 | 7.85 | |
| | Total 2 | 775 | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | Commercial | | | | | | | | | | | | | |
| 1 | Loard Buddha Education Academy Ltd (Nepalganj Medical College) (Commercial) | 200 | 11 KV | | 2 Year | | 16.00 | 0.15 | 16.15 | | 14.75 | 7.75 | 13.00 | |
| 2 | Lord Buddha Education Academy (Nepalganj Medical Hospita) (ToD Commercial) | 500 | 11 KV | | 2 Year | | 23.00 | 0.25 | 23.25 | | 14.75 | 7.75 | 13.00 | |
| 3 | Kohalpur Drinking Water Supply & Sanitation Users Committee (Banke Commercial) | 125 | 11 KV | | | Above 3 Year | 3.50 | 0.50 | 4.00 | | 9.00 | 4.50 | 6.00 | |
| | Total 3 | 825 | | | | | | | | | | | | |

जयराम भण्डारी
(निर्देशक)

## अनुसूची-४ : सम्बन्धित सूचनाहरु

| क्र.स. | निकाय | विषय: | सूचना प्रकाशित मिति | लागुहुने मिति |
|---|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | डेडिकेटेड फिडर मार्फत विद्युत माग पेश गर्ने आशय पत्रको आह्वान सम्बन्धी सूचना | २०७०/०७/०३ | २०७०/०७/०३ |
| २ | नेपाल विद्युत प्राधिकरण | लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना | २०७२/०१/१२ | २०७२/०१/१२ |
| ३ | नेपाल विद्युत प्राधिकरण | लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना | २०७२/०८/१८ | २०७२/०८/१८ |
| ४ | नेपाल विद्युत प्राधिकरण | लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना | २०७२/०९/०४ | २०७२/०९/०४ |
| ५ | नेपाल विद्युत प्राधिकरण | लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना | २०७२/०९/१० | २०७२/०९/१० |
| ६ | विद्युत महसुल निर्धारण आयोग | डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दरमा परिवर्तन सम्बन्धी सूचना | २०७२/१०/१२ | २०७२/१०/१२ |
| ७ | नेपाल विद्युत प्राधिकरण | डेडिकेटेड फिडर संग सम्बन्धित अत्यन्त जरुरी सूचना | २०७२/११/१० | २०७२/११/११ |
| ८ | नेपाल विद्युत प्राधिकरण | लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना | २०७२/१२/१६ | २०७२/१२/१६ |
| ९ | नेपाल विद्युत प्राधिकरण | लोडसेडिङ परिर्वतन सम्बन्धी सूचना | २०७३/०७/२४ | २०७३/०७/२५ |
| १० | विद्युत महसुल निर्धारण आयोग | अत्यन्त जरुरी सूचना | २०७४/०४/२२ | - |
| ११ | नेपाल विद्युत प्राधिकरण | नेपाल विद्युत प्राधिकरणको लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना | - | २०७४/११/१० |
| १२ | नेपाल विद्युत प्राधिकरण | औद्योगिक ग्राहकको लोडसेडिङ अन्त्य गरिएको सूचना | २०७५/०१/३० | २०७५/०१/३१ |

**१) गोरखापत्रमा मिति २०७० कात्तिक ०३ गते प्रकाशित सूचना**

नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट Dedicated Feeder
मार्फत् निरन्तर विद्युत लिन चाहने इच्छुक औद्योगिक, व्यापारिक तथा
गैर व्यापारिक वर्गका ग्राहकले
विद्युत माग पेस गर्ने आशयपत्रको आह्वान।
(प्रथमपटक सूचना प्रकाशित मिति: २०७० कात्तिक ३ गते)

विगत लामो समयदेखि बढ्दै गएको लोडसेडिङको कारणले व्यापारिक, औद्योगिक र गैर व्यापारिक ग्राहकहरुले आ-आफ्नो उद्योग/प्रतिष्ठानको विद्युत आवश्यकताको पूर्ति तुलनात्मक रुपमा धेरै महँगो (डिजेल जेनेरेटर) वा अन्य वैकल्पिक व्यवस्थाबाट सम्बोधन गर्ने गरेको पाइन्छ।

यसरी उद्योग/प्रतिष्ठान पिच्छे स्थापना हुने वैकल्पिक व्यवस्था महँगो पर्नुको साथै राष्ट्रको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परी रहेको र वातावरणीय रुपमा पनि अनुकुल नभएको जस्ता विषयलाई मध्यनजर राख्दै तुलनात्मक रुपमा बढी ऊर्जा उपभोग गर्ने व्यापारिक, औद्योगिक र गैर व्यापारिक ग्राहकहरुलाई निर्वाधरुपमा विद्युत सेवा (Dedicated Supply) उपलब्ध गराउनको लागि नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) बाट विद्युत महसुल निर्धारण आयोगको सहमतिमा नीतिगत व्यवस्था गरी Dedicated feeder line भएको Dedicated उपभोक्ताको विद्युत सप्लाईलाई व्यवस्थित बनाउन प्रयास भइरहेको छ। तर सो व्यवस्थाको कारणले बाँकी अन्य उपभोक्ताहरुलाई विद्युत कटौतीमा थप असर नपर्ने गरी गरिनेछ।

तसर्थ नेपाल विद्युत प्राधिकरणको प्रणालीबाट निरन्तर विद्युत आपूर्ति (Dedicated Supply) लिन चाहने औद्योगिक, व्यापारिक एवम् गैर व्यापारिक वर्गका ग्राहकहरुले तोकिएको ढाँचा (Format) मा खामबन्दि प्रस्ताव मिति २०७०।७।१४ गते सम्म कार्यालय समयभित्र नियम अनुसार दर्ता गराइ सक्न आह्वान गरिएको छ।

उपभोक्ताले नेपाल विद्युत प्राधिकरणमा दर्ता गर्नुपर्ने प्रस्तावको ढाँचा ने.वि.प्रा.को वेबसाइट www.nea.org.np मा वा यससम्बन्धी अन्य विस्तृत विवरण निम्न ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिने छ।

प्रस्ताव पेश गर्ने स्थान
नेपाल विद्युत प्राधिकरण, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय,
आर्थिक विश्लेषण विभाग, फोन:- ०१४१५३२०१/४१५३११२
फ्याक्स : ०१४१५३०६७, इमेल : pmit@ntc.net.np,
economicanalysis.nea@gmail.com

**२) नेपाल विद्युत प्राधिकरणको मिति २०७२/०१/१२ देखि लोडसेडिङ परिवर्तन हुने सम्बन्धी सूचना**
कुलेखानी जलासयको पानी सन्चिती अनुकूल रहेकोले साबिकमा हुँदै आईरहेको लोडसेडिङ तालिकामा हेर फेर गरी मिति २०७२।०१।१२ गते शनिबार देखि निम्न परिवर्तित समय तालिका अनुसारको लोडसेडिङ हुने ब्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौ।

१. लम्की लगायत पश्चिम क्षेत्रको लोडसेडिङ यथावत रहेको छ।

२. लगायत पूर्व क्षेत्रको हकमा स्थानीय रुपमा लोडसेडिङ सूचना प्रकाशित गरी लागु हुने छ।

३. कोहलपुर क्षेत्रबाट सप्लाई भएका ग्राहकहरुको लोडसेडिङ निम्नानुसारको तालिका बमोजिम हुने छ।

**क) <u>औद्योगिक ग्राहकहरु</u>**

अ) हेटौँडा, मारुती, सोनापुर, घोराही, उदयपुर शिवम सिमेन्ट तथा एभरेष्ट पेपर मिलको दिन बेलुकी १८:०० बजे देखि बिहान ०५:०० बजेसम्म लोडसेडिङ हुनेछ।

आ) ६६ के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरुको हरेक दिन बिहान १३:०० बजे देखि राती २४:०० बजेसम्म लोडसेडिङ हुनेछ।

इ) ३३ के.भी. भैरहवा पुरानो तथा ३३ के.भी. परासी फिडरबाट सप्लाई भएका औद्योगिक ग्राहकहरुकव हरेक दिन बिहान ११:०० बजे देखि बेलुकी २२:०० बजेसम्म लोडसेडिङ हुनेछ।

ई) ३३ के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरुको हरेक दिन बेलुकी १८:०० बजे देखि बिहान ०५:०० बजे सम्म लोडसेडिङ हुनेछ।

उ) ११ के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरु तथा डेडिकेटेड फिडरबाट सप्लाई भएका ग्राहकहरुको हरेक दिन बेलुकी १८:०० बजे सम्म लोडसेडिङ हुनेछ।

ऊ) नेपाल सरकारको औद्योगिक क्षेत्रको हकमा बेलुकी १८:०० बजे देखि बिहान ०२:०० बजेसम्म लोडसेडिङ हुनेछ।

**३) नेपाल विद्युत प्राधिकरणको मिति २०७२/०८/१८ देखि लोडसेडिङ परिवर्तन हुने सम्बन्धी सूचना**

प्रणालीमा लोड अत्यधिक बृद्धि, भुकम्पबाट क्षति भएको विद्युत गृह समेत हालसम्म संचालन हुन नसकेको तथा नदीहरुमा पानीको जलस्तर घट्ने क्रम तिब्र रहेको हुँदा साबिकमा हुँदै आईसेडिङ्ग तालिकामा हेरफेर गरी मिति २०७२। ०८।१८ गते शुक्रबार देखि निम्न परिवर्तित समय तालिका अनुसारको लोडसेडिङ हुने ब्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौ।

१. कोहलपुर लगायत पश्चिम क्षेत्रको हकमा स्थानीय रुपमा लोडसेडिङ सूचना प्रकाशित गरी लागु गरिने छ।

२. ढल्केबर- अनारमणी क्षेत्रबाट सप्लाई भएका ग्राहकहरुको लोडसेडिङ सूचना पछि प्रकाशित गरिने छ।

३. चपुर - लमही क्षेत्रबाट सप्लाई भएका ग्राहकहरुको लोडसेडिङ निम्नानुसारको तालिका बमोजिम हुनेछ।

क) औद्योगिक ग्राहकहरुको लोडसेडिङ निम्नानुसार रहेको छ।

अ) हेटौँडा, सोनापुर, घोराही, तथा शिवम सिमेन्टको हरेक दिन बेलुकी १७:०० बजे देखि बिहान ०५:०० बजेसम्म लोडसेडिङ हुनेछ।

आ) ६६के.भि. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरुको हरेक दिन दिउँसो १२:०० बजे देखि राती २४:०० बजेसम्म लोडसेडिङ हुनेछ।

इ) ३३ के.भी. भैरहवा पुरानो तथा ३३ के.भी. परासी फिडरबाट सप्लाई भएका औद्योगिक ग्राहकहरुको हरेक दिन दिउसो १०:०० बजे देखि बेलुको २२:०० बजेसम्म लोडसेडिङ हुनेछ।

ई) ३३ के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरु तथा डेडिकेटेड फिडरबाट सप्लाई भएका ग्राहकहरुको हरेक दिन बेलुको १७:०० बजे देखि बिहान ०५:०० बजेसम्म लोडसेडिङ हुनेछ।

उ) ११ के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरु तथा डेडिकेटेड फिडरबाट सप्लाई भएका ग्राहकहरुको हरेक दिन बेलुकी १७:०० बजे देखि बिहान ०५:०० बजेसम्म लोडसेडिङ हुनेछ।

ऊ) नेपाल सरकारको औद्योगिक क्षेत्रको हकमा बेलुकी १७:०० बजे देखि रात्री ०३:०० बजेसम्म लोडसेडिङ हुनेछ।

**४) नेपाल विद्युत प्राधिकरणको मिति २०७२/०९/०४ देखि लोडसेडिङ परिवर्तन हुने सम्बन्धी सूचना**

प्रणालीमा लोड अत्यधिक बृद्धि, भुकम्पबाट क्षति भएको विद्युत गृह समेत हालसम्म हुन नसकेको तथा नदीहरुमा पानीको जलस्तर घट्ने क्रम तिब्र रहेको हुँदा साबिकमा हुँदै आईरहेको लोडसेडिङ तालिकामा हेरफेर गरी मिति २०७२।०९।०४ गते शनिबार देखि निम्न परिवर्तित समय तालिका अनुसारको लोडसेडिङ हुने ब्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौ।

(१) कोहलपुर लगायत पश्चिम क्षेत्रको हकमा स्थानीय रुपमा लोडसेडिङ सूचना प्रकाशित गरी लागु गरिने छ।

(२) ढल्केबर -अनारमणी क्षेत्रबाट सप्लाई भएका ग्राहकहरुको लोडसेडिङ सूचना पछि प्रकाशित गरिने छ।

(३) चपुर-लमही क्षेत्रबाट सप्लाई भएका ग्राहकहरुको लोडसेडिङ निम्नानुसारको तालिका बमोजिम हुनेछ।

(क) औद्योगिक ग्राहकहरुको लोडसेडिङ निम्नानुसार रहेको छ।

(अ) हेटौडा, सोनापुर, घोराही, तथा शिवम सिमेन्टको हरेक दिन बेलुकी १७:०० बजे देखि बिहान ०५:०० बजेसम्म लोडसेडिङ हुनेछ।

(आ) ६६के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरुको हरेक दिन दिउँसो १०:०० बजे देखि राती २४:०० बजेसम्म लोडसेडिङ हुनेछ।

(इ) ३३ के.भी. भैरहवा पुरानो तथा ३३ के.भी. परासी फिडरबाट सप्लाई भएका औद्योगिक ग्राहकहरुको हरेक दिन दिउसो ०८:०० बजे देखि बेलुकी २२:०० बजेसम्म लोडसेडिङ हुनेछ।

(ई) ३३ के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरुको हरेक दिन बेलुकी १७:०० बजे देखि बिहान ०७:०० बजेसम्म लोडसेडिङ हुनेछ।

(उ) ११ के.भी. बाट सप्लाई भएका औद्योगिक ग्राहकहरु तथा डेडिकेटेड फिडरबाट सप्लाई भएका ग्राहकहरुको हरेक दिन बेलुकी १७:०० बजे देखि बिहान ०७:०० बजेसम्म लोडसेडिङ हुनेछ।

(ऊ) नेपाल सरकारको औद्योगिक क्षेत्रको हकमा बेलुकी १७:०० बजे देखि रात्री ०५:०० बजेसम्म लोडसेडिङ हुनेछ।

### ५) नेपाल विद्युत प्राधिकरणको मिति २०७२/०९/१० देखि लोडसेडिङ परिवर्तन हुने सम्बन्धी सूचना

प्रणाली लोड अत्यधिक बृद्धि भुकम्पबाट क्षति भएको विद्युत गृह समेत हालसम्म संचालन हुन नसकेको तथा नदीहरुमा पानीको जलस्तर घट्ने क्रम तिब्र रहेको हुँदा साबिकमा हुँदै आईरहेको लोडसेडिङ तालिकामा हेरफेर गरी मिति २०७२।०९।१० गते शुक्रबार देखि निम्न परिवर्तित समय तालिका अनुसारको लोडसेडिङ हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौ।

१. कोहलपुर लगायत पश्चिम क्षेत्रको हकमा स्थानीय रुपमा लोडसेडिङ सूचना प्रकाशित गरी लागु गरिने छ।

२. चपुर - लमही क्षेत्रबाट सप्लाई भउका ग्राहकहरुको लोडसेडिङ निम्नानुसारको तालिका बमोजिम हुने छ।

**६) विद्युत महसुल निर्धारण आयोगको मिति २०७२/०९/२९ गतेको १०३ औं बैठक र मिति २०७२/१०/१० को १०४ औं बैठकको निर्णय अनुसार मिति २०७२/१०/१२ गते गोरखापत्रमा प्रकाशित सूचना:**

**विद्युत महसुल निर्धारण आयोग**

**नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकको महसुल दरमा परिवर्तन सम्बन्धमा सूचना**

नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रुपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय अनुसार माग भएको देहाय बमोजिमको नयाँ महसुल दर आयोगबाट स्वीकृत भएको व्यहोरा विद्युत महसुल निर्धारण नियमावली, २०५० को नियम १० अनुसार जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) Time of day (TOD) मिटर प्रयोग नगरी आपूर्ति लिने ग्राहकका लागि निम्नानुसार कायम गर्ने।

| ग्राहक वर्गीकरण स्तर | डिमान्ड शुल्क (रु प्रति के.भि.ए प्रति महिना ) | इनर्जी शुल्क( रु प्रति युनिट) |
|---|---|---|
| क· माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथी ) | | |
| १· औद्योगिक | २६५।०० | १२।५० |
| ख. मझौला भोल्टेज (३३ के.भी.) | | |
| १. औद्योगिक | २७५।०० | १४।०० |
| २. व्यापारिक | ३४०।०० | १८।०० |
| ३. गैह्र व्यापारिक | २६५।०० | १९।०० |
| ग. मझौला भोल्टेज (११ के.भी.) | | |
| १. औद्योगिक | २७५।०० | १४।४० |
| २. व्यापारिक | ३४०।०० | १८।५० |
| ३. गैह्र व्यापारिक | २६५।०० | १९।२० |

| | | |
|---|---|---|
| घ. तल्लो भोल्टेज स्तर (२३०/४००)भोल्ट | | |
| १.औद्योगिक | | |
| क. ग्रामीण तथा घरेलु | ७०।०० | १३।०० |
| ख. साना उद्योग | १२०।०० | १६।०० |
| २. व्यापारिक | ३५५।०० | १८।७० |
| ३.गैह्र व्यापारिक | २३५।०० | २०।०० |

(ख)Time of day (TOD) मिटर प्रयोग गरी आपूर्ति लिने ग्राहकका लागि निम्नानुसार कायम गर्ने।

| ग्राहक वर्गीकरण स्तर | डिमान्ड शुल्क (रु प्रति के.भी.ए प्रति महिना ) | इनर्जी शुल्क (रु.प्रति यूनिट) | | |
|---|---|---|---|---|
| | | पिक समय (१७:००-२३:००) | अफ पिक समय (२३:००-०५:००) | अन्य समय (०५:००-१७००) |
| क माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथी ) | | | | |
| १. औद्योगिक | २६५।०० | १५।५० | ६।६० | १२।५० |
| ख. मझौला भोल्टेज ३३ के.भी. | | | | |
| १. औद्योगिक | २७५।०० | १७।०० | ८।४० | १४।०० |
| २. व्यापारिक | ३४०।०० | २०।५० | १०।८० | १८।०० |
| ३. गैह्र व्यापारिक | २६५।०० | २२।०० | ११।२० | २०।०० |
| ग. मझौला भोल्टेज ११ के.भी. | | | | |
| १. औद्योगिक | २७५।०० | १७।५० | ८।६० | १४।२० |
| २.व्यापारिक | ३४०।०० | २१।०० | ११।०० | १८।५० |
| ३. गैह्र व्यापारिक | २६५।०० | २२।५० | ११।४० | २०।४० |

ग) त्रि.वि. शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान लगायत सरकारी अस्पताल, सरकारी पूर्ण स्वामित्वमा संचालित खानेपानी, मन्दिर/ विद्युतीय शवदाह गृह र ईलेक्ट्रिक सवारी साधन चार्जिङ स्टेशनका डेडिकेटेड लाइनबाट आपूर्ति भएका ग्राहकका लागि साबिक दर २०६९ सालकै महसुल कायम रहेको ।

नोट: राष्ट्रिय ग्रिडमा संलग्न रही वितरण गर्ने सबै प्रकारका ग्राहक वर्गका विद्युत खरिद बिक्री हुने विद्युत महसुल दर निर्धारण विद्युत ऐन, २०४९ अनुसार यस आयोगको क्षेत्राधिकार भित्र पर्ने हुँदा यस आयोगबाट स्वीकृत नगरिएका विद्युत महसुल दर भन्दा बढी वा सो बाहेक कुनै महसुल वा दस्तुर लिन नपाइने व्यहोरा सर्वसाधारणको लागि जानकारी गराइन्छ ।

**७) निजी क्षेत्रबाट सञ्चालित प्रतिष्ठान उद्योग, अस्पताल तथा नर्सिङ्ग होम आदिलाई डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति दिने कार्य स्थगित गरिएको मिति २०७२/११/१० गते गोरखापत्रमा प्रकाशित सूचना :**

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
दरबारमार्ग,काठमाडौँ

डेडिकेटेड फिडरसंग सम्बन्धित अत्यन्त जरुरी सूचना

विभिन्न सरकारी, निजी तथा सामुदायिक अस्पताल, सरकारी औद्योगिक/प्रतिष्ठान/निकाय एवं निजी औद्योगिक/प्रतिष्ठानहरु तथा अस्पतालहरुमा समेत नेपाल वद्युत् प्राधिकरणको नीति र मापदण्ड (Criteria)अनुरुप निर्वाधरुपमा विद्युत आपूर्ति हुने गरी डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति गरिँदै आएकोमा यस अवधिमा नदीहरुमा जलस्तर घट्न गई विद्युत उत्पादन केन्द्रहरुबाट न्यून रुपमा विद्युत उत्पादन भइरहेको र इन्धन तथा ग्यासको पर्याप्त आपूर्ति हुन नसकेको कारणले विद्युत शक्तिमा अतिरिक्त भार थपिन गई थप संकट उत्पन्न भइरहेको छ।

यसर्थ उल्लिखित यथार्थ अवस्थालाई मध्यनजर गरी अर्को निर्णय नभए सम्मका लागि नेपाल सरकारका विभिन्न निकाय तथा सरकारी कार्यालय/अस्पताल, सुरक्षा अंग तथ संवेदनशील निकायहरु बाहेक निजी क्षेत्रबाट सञ्चालित प्रतिष्ठान/उद्योग/अस्पताल तथा नर्सिङ्ग होम आदिलाई डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति दिने कार्य स्थगित गरिएको र डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति लिइरहेका निजी औद्योगिक/प्रतिष्ठान/अस्पताल लगायतका ग्राहकहरुलाई मिति २०७२।११।११ गते देखि लागु हुने गरी लोडसेडिङ तालिका भित्र रहने गरी विद्युत आपूर्ति गर्ने व्यवस्था मिलाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यसबाट सम्बन्धित पक्षहरुलाई पर्ने असुविधाका लागि प्राधिकरण क्षमा प्रार्थी छ।

## ८) नेपाल विद्युत प्राधिकरणको मिति २०७२/१२/१६ देखि लोडसेडिङ परिवर्तन हुने सम्बन्धी सूचना

निकट भविष्यमा नै प्रवेशिका परीक्षा सञ्चालन हुन गईरहेको हुँदा सो लाई मध्यनजर गर्दै साबिकमा हुँदै आईरहेको लोडसेडिङ तालिकामा हेरफेर गरी मिति २०७२।१२।१६ गते मंगलबार देखि निम्न परिवर्तित समय तालिका अनुसारको लोडसेडिङ हुने ब्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौ।

१. कोहलपुर लगायत पश्चिम क्षेत्रको हकमा स्थानीय रुपमा लोडसेडिङ सूचना पछि प्रकाशित गरी लागु गरिने छ।

२. ढल्केबर लगायत पूर्व क्षेत्रबाट सप्लाई भएका ग्राहकहरुको लोडसेडिङ सूचना पनि प्रकाशित गरी लागु गरिने छ।

३. भरतपुर - लमही क्षेत्रबाट सप्लाई भएका ग्राहकहरुको लोडसेडिङ निम्नानुसारको तालिका बमोजिम हुनेछ।

क) औद्योगिक ग्राहकहरुको लोडसेडिङ (हाल संचालनमा) यथावत रहेको छ।

**९) नेपाल विद्युत प्राधिकरणको मिति २०७३/०७/२४ गते गोरखापत्रमा प्रकाशित सूचना :**

नेपाल विद्युत प्राधिकरणको

लोडसेडिङ परिवर्तन सम्बन्धी सूचना

मिति २०७३।०७।२५ गते बिहीबार देखि अर्को सूचना प्रकाशित नभए सम्मको लागि सम्पूर्ण औद्योगिक ग्राहकहरुको लोडसेडिङ १६:३० बजे देखि २०:३० बजेसम्म मात्र हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौँ।

**१०) विद्युत महसुल निर्धारण आयोगको मिति २०७४ श्रावण २२ गते गोरखापत्रमा प्रकाशित सूचना :**

विद्युत महसुल निर्धारण आयोगको

अत्यन्त जरुरी सूचना

विद्युत महसुल निर्धारण आयोगद्धारा मिति २०७३ असार १६ गतेबाट निर्धारण गरिएका विद्युत महसुल दर भन्दा बढी दरमा महसुल संकलन नगर्न सबै सरोकार वालाहरुमा अनुरोध गरिन्छ।

पुनश्च: विद्युत महसुल दर यस आयोगको वेभसाईट http://www.etfc.gov.np को Notice बाट हेर्न सकिने छ।

**११) नेपाल विद्युत प्राधिकरणको मिति २०७४/११/१० गते देखि लागु हुनेगरी प्रकाशित सूचना :**

नेपाल विद्युत प्राधिकरणको लोडसेडिङ परिवर्तन सम्बन्धी
सूचना

सूर्यास्तको समय परिवर्तन भएको हुँदा मिति २०७४।११।१० गते विहिबार देखि अर्को सूचना प्रकाशित नभए सम्मको लागि सम्पूर्ण औद्योगिक ग्राहकहरुको साबिकमा भएको लोडसेडिङ समय निम्नानुसारको समयमा मात्र हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौ।

१. ढल्केबरदेखि भरतपुरसम्मका औद्योगिक ग्राहकहरुको लोडसेडिङ हरेक दिन १८:०० बजेदेखि २१:०० बजेसम्म हुनेछ।

२. ढल्केबरबाट पूर्व क्षेत्रका, भरतपुरदेखि पश्चिम क्षेत्रका तथा नेपाल सरकारको औद्योगिक क्षेत्रका ग्राहकहरुको लोडसेडिङ हरेक दिन १७:३० बजेदेखि २०:३० बजेसम्म हुनेछ।

**१२) नेपाल विद्युत प्राधिकरणको मिति २०७५/०१/३० गते गोरखापत्रमा प्रकाशित सूचना :**

नेपाल विद्युत प्राधिकरण
औद्योगिक ग्राहकको लोडसेडिङ अन्त्य गरिएको

सूचना

नेपाल विद्युत प्राधिकरणले बेलुकीको उच्च मागको समयमा औद्योगिक ग्राहकलाई ३ घण्टासम्म लोडसेडिङ गरी अन्य ग्राहकलाई नियमित विद्युत आपूर्ति गर्दै आएकोमा २०७५ बैशाख ३१ गते देखि औद्योगिक ग्राहकको समेत लोडसेडिङ अन्त्य गरिएको व्यहोरा सबैमा जानकारी गराउँदछौं। मौजुदा प्रसारण तथा वितरण संरचनाको क्षमता र अवस्था, उत्पादन केन्द्र तथा प्रसारण/ वितरण प्रणालीमा आउन सक्ने प्राविधिक समस्या, मर्मत- सम्भार एवं विकास निर्माणको कारणले समय समयमा विद्युत आपूर्ति अवरुद्ध हुन गएमा त्यसलाई लोडसेडिङको रुपमा नलिइदिनुहुन अनुरोध छ। बिहान र बेलुकाको पिक समयमा अधिकतम विद्युत खपत हुने विद्यूतीय उपकरणहरुको यथासक्य प्रयोग नगर्न अन्य समयमा पनि ऊर्जा दक्षता भएका उपकरणहरु प्रयोग गरी ऊर्जा बचत गर्ने कार्यमा सदाझैं सहयोग गरी दिनुहुन अनुरोध छ। विद्युत उत्पादन, प्रसारण तथा वितरण संरचना दुरुस्त राखी माग र आपूर्ति व्यवस्थापन गर्ने कठिन समयमा आम उपभोक्ताबाट प्राप्त सहयोगको लागि हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछौं।

# अनुसूची-५ : प्रतिवेदनहरुका सम्बन्धित अंशहरु

| क्र.सं. | समितिको नाम | समिति/उप-समितिका पदाधिकारीहरु | विषय | प्रतिवेदन पेश गरेको मिति |
|---|---|---|---|---|
| १ | ने.वि.प्रा.का संचालक श्री मनोज कुमार मिश्र को संयोजकत्वमा गठित उप-समिति | १) श्री मनोज कुमार मिश्र, संचालक, ने.वि.प्रा. -संयोजक<br>२) श्री निर्देशक/प्रमुख योजना तथा प्राविधिक सेवा विभाग, ने.वि.प्रा. -सदस्य<br>३) श्री ब्रज भूषण चौधरी, प्रमुख, ग्रिड सञ्चालन विभाग, ने.वि.प्रा. -सदस्य सचिव | Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड (Criteria) वनाई पेश गर्न | (नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति२०७२।०३।१२ को ७१० औं बैठकबाट प्रतिवेदन स्वीकृत गर्ने निर्णय भएको) |
| २ | ने.वि.प्रा.का संचालक समितिका सदस्य श्री भक्त बहादुर पूनको संयोजकत्वमा गठित उप-समिति | १ संयोजक, श्री भक्त बहादुर पून, संचालक, ने.वि.प्रा.<br>२ सदस्य, श्री हरराज न्यौपाने, उप-कार्यकारी निर्देशक, ने.वि.प्रा.वि.ग्रा.से.नि<br>३ सदस्य, श्री तुलाराम गिरी, निर्देशक, ने.वि.प्रा. कानून विभाग<br>४ सदस्य सचिव श्री जयराज भण्डारी, प्रमुख, ने.वि.प्रा.आर्थिक विश्लेषण विभाग | डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति हुने ग्राहकको महसुल दरको कार्यान्वयनको अवस्था एवं लोडसेडिङ मुक्त भइसकेपछी लागु गरिने महसुल बारे अध्ययन गर्ने | २०७५।०४।२५ |
| ३ | ने.वि.प्रा.का संचालक समितिका सदस्य श्री भक्त बहादुर पूनको संयोजकत्वमा गठित उप-समिति | १ संयोजक, श्री भक्त बहादुर पून, संचालक, ने.वि.प्रा.<br>२ सदस्य, श्री तोयानाथ अधिकारी, सह-सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय<br>३ सदस्य, श्री हरराज न्यौपाने, उप-कार्यकारी | ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकको अवस्था र डेडिकेटेड एवं ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने प्रक्रिया र महसुल का बारेमा अध्ययन गर्न | २०७६।०६।१३ |

| | | | | |
|---|---|---|---|---|
| | | निर्देशक, ने.वि.प्रा.वि.ग्रा.से.नि<br>४ सदस्य, श्री तुलाराम गिरी, निर्देशक, ने.वि.प्रा. कानून विभाग<br>५ सदस्य-सचिव, श्री जयराज भण्डारी, सह-निर्देशक, आर्थिक विश्लेषण विभाग | | |
| ४ | माननीय मिनेन्द्रप्रसाद रिजालको संयोजकत्वमा गठित उपसमिति | १) माननीय मिनेन्द्रप्रसाद रिजाल - संयोजक<br>२) माननीय तेजुलाल चौधरी - सदस्य<br>३) माननीय प्रदीप यादव - सदस्य<br>४) माननीय पार्वती कुमारी विशुन्के - सदस्य<br>५) माननीय सूर्यप्रसाद पाठक - सदस्य | नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता सम्बन्धमा अध्ययन गर्न | २०७६ फागुन |
| ५ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सह सचिव श्री प्रविण राज अर्यालको संयोजकत्वमा गठित उपसमिति | क) श्री प्रविण राज अर्याल, सह सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय - संयोजक<br>ख) श्री उदयराज सापकोटा, सह सचिव, अर्थ मन्त्रालय - सदस्य<br>ग) श्री शोभाकान्त पौडेल, सह सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य<br>घ) श्री हरराज न्यौपाने, उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण - सदस्य | ट्रंक लाइन तथा डेडिकेटेड फिडरका सम्बन्धमा भएका विवादित विषयहरु तथा सो बारे भएका निर्णयहरु, अदालतका फैसलाहरु र विद्यमान कानूनी प्रावधानहरु अध्ययन गर्न | २०७७/०३/१८ |

| | | | | |
|---|---|---|---|---|
| | | ङ) श्री राजु महर्जन, सि.डि.ई., ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय - सदस्य सचिव | | |
| ६ | ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालयका ऊर्जा सचिवको संयोजकत्वमा गठित समिति | १) सचिव (ऊर्जा), श्री ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय - संयोजक<br>२) सचिव (उद्योग), श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य<br>३) सचिव,श्री अर्थ मन्त्रालय -सदस्य<br>४) कार्यकारी निर्देशक, श्री नेपाल विद्युत प्राधिकरण -सदस्य<br>५) सहसचिव, श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय -सदस्य-सचिव | ट्रंक लाइन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिएका विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र नेपाल विद्युत प्राधिकरण बीच देखिएको विवाद लगायतका विषय अध्ययन गरी सिफारिस सहित प्रतिवेदन पेश गर्न | २०७७/०३/२९ |

**१) मनोज कुमार मिश्रको संयोजकमा गठित उपसमितिको प्रतिवेदन (नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति२०७२।०३।१२ को ७१० औं बैठकबाट प्रतिवेदन स्वीकृत गर्ने निर्णय भएको**

Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड (Criteria) वनाई पेश गर्न नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७१/१०/२५ गतेको ६९९ औं बैठकको निर्णय अनुसार गठित उपसमिति

१) श्री मनोज कुमार मिश्र, संचालक, ने.वि.प्रा. - संयोजक

२) श्री निर्देशक/प्रमुख योजना तथा प्राविधिक सेवा विभाग, ने.वि.प्रा. - सदस्य

३) श्री ब्रज भूषण चौधरी, प्रमुख, ग्रिड सञ्चालन विभाग, ने.वि.प्रा. - सदस्य सचिव

**उपसमितिको राय सिफारिस:**

निर्वाध रुपमा विद्युत आपूर्ति लिने ग्राहकहरुलाई नीतिगत रुपमा व्यवस्थित गर्दा ने.वि.प्रा. ले लोडसेडिङ गर्ने नीति अनुसार लोडसेडिङ हुने Separate Feeder र निर्वाध रुपमा २४ सै घण्टा विद्युत आपूर्ति हुने Dedicated Feeder गरी जम्मा २ प्रणाली (Category) मा विभाजन गर्नु पर्ने हुन्छ। यी फिडरहरुमा सकभर High Voltage Cable /HT ABC Cable प्रयोग गर्दा राम्रो हुने देखिन्छ। Separate/Dedicated फिडर निर्माण गर्दा आवश्यक पर्ने ठाउँ र Right of Way को सर्वेक्षण शुल्क, निर्माण खर्च तथा संचालन संभार खर्च स्वयम् उद्योग/व्यवसायले नै व्यहोर्नु पर्ने र सोको लागि निम्न बमोजिमको समुचित मापदण्ड (Criteria)हरु लागु गर्न उपयुक्त देखिन्छ।

Dedicated Feeder र Separate Feeder बाट विद्युत आपूर्ति हुने ग्राहकहरुको वर्गीकरण:

क) २४ सै घण्टा निरन्तर विद्युत सेवा दिने:

- निजी तथा सामुदायिक अस्पताल, खानेपानी संस्थान, सुरक्षाको दृष्टिकोणले अति सम्वेदनशील स्थान, एयरपोर्ट, कुटनीतिक नियोगलाई विद्युत सेवा दिनु पर्ने।
- नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको जुट उद्योग, शितभण्डार, दुग्ध व्यवसाय, सिमेण्ट कारखाना जस्ता उद्योगहरुको साथै आवश्यकता, माग एवम औचित्य समेतलाई दृष्टिगत गरी अन्य उद्योगहरुलाई पनि विद्युत आपूर्ति गर्ने।

ख) लोडसेडिङमा समावेश हुने: (क) मा उल्लेख भएका ग्राहकहरु बाहेक अन्य व्यापारिक, गैह्र व्यापारिक, औद्योगिक तथा सेवा प्रदायक संस्थानहरुलाई नेपाल विद्युत प्राधिकरणले निती निर्धारण गरे बमोजिम लोडसेडिङ हुने गरी Separate Feeder मार्फत विद्युत सुविधा दिनु पर्ने।

Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने ग्राहकहरुलाई नयाँ महसुल दर लागु हुनुपर्ने: ने.वि.प्रा.मा विद्युत सेवाको लागतमा वृद्धि हुँदै गइरहेको, २०५८ सालमा महसुल समायोजन गरीए पश्चात दश वर्षसम्म विद्युत महसुल वृद्धि नगरिएको र ने.वि.प्रा.को २०६६ सालको विद्युत महसुल

३०% वृद्धि गर्ने प्रस्तावलाई २०६९ श्रावण २०% मात्र विद्युत महसुल समायोजन गरिएको कारण प्राधिकरणको हालको विद्युत सेवाको लागत Break Even मा संचालन हुन सकेको छैन। हालको विद्युत सेवाको प्रति युनिट लागत रु. ९/२७ को तुलनामा विक्री मूल्य रु ८।०४ भएको अवस्थामा प्रति युनिट घाटा रु १।२४ हुने देखिन्छ। जसबाट ने.वि.प्रा.को वार्षिक घाटा वढी रहेको छ। तसर्थ प्राधिकरणको संचालन सम्भारको अतिरिक्त थप लगानीलाई समेत प्राधिकरणले निरन्तर रुपमा घाटा व्यहोर्न सक्ने भएकोले कमसेकम हाल माग हुन सक्ने Dedicated Feeder का ग्राहकहरुलाई विद्युत ऊर्जाको व्यवस्था गर्ने र माग हुने सम्भावित क्षेत्रमा निरन्तर विद्युत आपूर्ति (Uninterrupted Power Supply) गर्ने व्यवस्था मिलाई छुट्टै उच्चदरको नयाँ महसुल दर निर्धारण गर्न आवश्यक देखिएको छ।Dedicated Feeder मार्फत निरन्तर रुपमा दैनिक २४ सै घण्टा विद्युत आपूर्ति हुने औद्योगिक तथा व्यापारिक वर्गका ग्राहकहरुलाई Dedicated Feeder वर्गमा राख्नु पर्दछ। यस प्रकार Dedicated Feeder मार्फत विद्युत आपूर्तिको व्यवस्था भई लोड सेडिङ्को अवधि घटाउने ग्राहकले यस्तो आपूर्ति व्यवस्थाको लागि देहाय बमोजिम विद्युत महसुल बुझाउनु पर्ने हुन्छ।

उक्त प्रतिवेदनलाई नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति२०७२।०३।१२ को ७१० औं बैठकबाट प्रतिवेदन स्वीकृत गर्ने निर्णय भएको।

**२) भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदन २०७५।०४।२५**

डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति हुने ग्राहकको महसुल दरको कार्यान्वयनको अवस्था एवं लोडसेडिङ मुक्त भइसकेपछि लागु गरिने महसुल बारे अध्ययन गर्न ने.वि.प्रा. संचालक समितिको मिति २०७५/०१/३१ को ७६८ औं बैठकको निर्णय अनुसार गठित उपसमितिको प्रतिवेदन:

**समिति:**

| | |
|---|---|
| १ संयोजक, श्री भक्त बहादुर पुन, संचालक | ने.वि.प्रा. |
| २ सदस्य, श्री हरराज न्यौपाने, उप-कार्यकारी निर्देशक | ने.वि.प्रा.वि.ग्रा.से.नि |
| ३ सदस्य, श्री तुलाराम गिरी, निर्देशक | ने.वि.प्रा. कानून विभाग |
| ४ सदस्य सचिव श्री जयराज भण्डारी, प्रमुख | ने.वि.प्रा.आर्थिक विश्लेषण विभाग |

**राय सिफारिश:**

१०.१ उपरोक्त अध्ययन विश्लेषणको आधारमा प्राधिकरणको डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका सबै ग्राहकहरुले विद्युत शक्ति खपत गरे वापत (संचालक समितिको २०७२।०३।१२ को निर्णयमा विद्युत महसुल निर्धारण आयोगबाट अनुमोदित भै लागु भएको) तथा विद्युत महसुल संकलन विनियमावली, २०७३ अनुसूची १ क मा उल्लेख भए बमोजिम सम्पूर्ण महसुल रकम असुल उपर गर्न उपयूक्त हुने।

१०.२ लोडसेडिङ अन्त्य भएपछिको अवस्थामा उपरोक्त अध्ययन विश्लेषणको आधारमा डेडिकेटेड एवं ट्रंक लाइन बाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि तयार गरिएको संलग्न अनुसूची-१ बमोजिम विद्युत महसुल लिन ने.वि.प्रा. संचालक समितिमा निर्णयका लागि पेश गर्ने।

**३) भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदन २०७६।०६।१३**

ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकको अवस्था र डेडिकेटेड एवं ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने प्रक्रिया र महसुल का बारेमा अध्ययन गर्न ने.वि.प्रा. संचालक समितिको मिति २०७५/१२/२९ को ७९३ औं बैठकको निर्णय अनुसार गठित उपसमितिको प्रतिवेदन:

समिति:

१ संयोजक, श्री भक्त बहादुर पुन, संचालक, ने.वि.प्रा.
२ सदस्य, श्री तोयानाथ अधिकारी, सह-सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

३ सदस्य, श्री हरराज न्यौपाने, उप-कार्यकारी निर्देशक, ने.वि.प्रा.वि.ग्रा.से.नि
४ सदस्य, श्री तुलाराम गिरी, निर्देशक, ने.वि.प्रा. कानून विभाग

५ सदस्य-सचिव, श्री जयराज भण्डारी, सह-निर्देशक, आर्थिक विश्लेषण विभाग

**ख) समितिको राय:**

१. नेपाल विद्युत प्राधिकरणले डेडिकेटेड एवं ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई मिति २०७२ श्रावण देखि नै डेडिकेटेड महसुल सरह बिलिङ गरे पश्चात त्यस्ता ग्राहकहरुले उक्त महसुल तिर्नु बुझाउनु नपर्ने भनी उच्च अदालत पाटनमा दिएको रिट निवेदन उपर फैसला हुँदा रिट निवेदकहरुले ने.वि.प्रा. को ट्रंक लाइन एवं डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिएको देखिएको र ने.वि.प्रा. ले नियमानुसार छुट बिल गर्न पाउने समेत देखिएकोले निजहरुले डेडिकेटेड महसुल सरह तिर्नु बुझाउनु पर्ने भनी रिट निवेदन खारेज गरेको,

ने.वि.प्रा., संचालक समितिबाट मिति २०७५।१।३१ मा गठित उपसमितिले मिति २०७५।४।२५ मा दिएको प्रतिवेदनमा समेत मिति २०७२ साल श्रावण महिना देखि नै डेडिकेटेड एवं ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरुबाट डेडिकेटेड तथा ट्रंक लाइन महसुल दर अनुसारको विद्युत महसुल लिनु पर्ने भनी राय दिएको,

ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने सम्पूर्ण सरकारी तथा केही निजी क्षेत्रका ग्राहकहरुले २०७२ श्रावण देखि नै डेडिकेटेड महसुल नियमित रुपमा तिरे बुझाएको देखिएको,

तसर्थ ने.वि.प्रा.को ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरुको हकमा पनि विद्युत महसुल निर्धारण आयोगबाट अनुमोदित निर्णय तथा विद्युत महसुल संकलन विनियमावली, २०७३ को

विनियम ५(२) र अनुसूची-१ (क) वमोजिम २०७२ श्रावण देखि नै डेडिकेटेड तथा ट्रंक लाइनको महसुल दर अनुसारको विद्युत महसुल लिनु पर्ने।

२. नेपाल विद्युत प्राधिकरणका अन्य विभिन्न ग्राहकहरुले विभिन्न सम्मानित अदालत समक्ष ने.वि.प्रा. विरुद्ध मुद्दा दायर गरेको र उक्त मुद्दाहरु विचाराधिन रहेको देखिएकोले त्यस्ता ग्राहकहरुको हकमा सम्मानित अदालतबाट फैसला भए पश्चात सो बमोजिम कार्यान्वयन गर्न उपयुक्त हुने।

ग) **सिफारिस**:

ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकको विद्युत महसुल, प्रदान गरिने सेवा सुविधा र प्राविधिक व्यवस्थापन सम्बन्धमा।

- बुटवल वितरण केन्द्र अन्तर्गतको बुटवल चौराहा देखि तिनाउ पावर हाउससम्म गएको ३.३ के.भि.लाइन ट्रंक लाइनको परिभाषा अन्तर्गत नपरे पनि सेवा सुविधा ट्रंक लाइन सरह हुने भएकाले त्यस अन्तर्गत लाइन जडान भएको मध्ये साकुरा पाईप उद्योग भन्ने निजी उद्योगलाई ११ के.भि.नर्मल फिडर लाइनमा सिफ्ट गर्न उपयुक्त हुने।

- विभिन्न वितरण केन्द्रका औद्योगिक फिडरहरु (जस्तै भैरहवाको ३३ के.भि. १ र २ विरगंज र सिमरा क्षेत्रका ११ के.भि. औद्योगिक फिडर, दुहवीको ३३ के.भि. औद्योगिक फिडर आदि ) औद्योगिक क्षेत्रहरु, विशेष औद्योगिक क्षेत्रहरु (SEZ) डेडिकेटेड फिडर ११ के.भि. रिङ्गमेन तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति हुने उद्योग प्रतिष्ठानहरूलाई प्राविधिक, प्राकृतिक र काबु बाहिरको परिस्थिति बाहेक निरन्तर आपूर्ति सहितको विशेष सेवा सुविधा दिन उपयुक्त हुने ।

- बुँदा नं. २ अनुसारको विशेष सेवा सुविधा सहितको निरन्तर विद्युत आपूर्ति लिने ग्राहकसंग तोकिए बमोजिमको प्रिमियम सहितको विद्युत महसुल लिनु उपयुक्त हुने।

- भैरहवा वितरण केन्द्र अन्तर्गतका विभिन्न १५ वटा औद्योगिक ग्राहकहरु ने. वि. प्रा. का स्थानीय कार्यालयहरुको मिति २०७४।१२।१२ को लोड व्यवस्थापन सम्बन्धी माईन्यूट अफ मिटिङ्ग अनुसार साबिकमा ३३ के.भि. औद्योगिक फिडरमा रहेकोमा उक्त औद्योगिक फिडरबाट भरौलीया ३३।११ के.भि. सबस्टेशनमा विद्युत आपूर्ति गरी लोड व्यवस्थापन गर्दा ट्रंक लाइनमा पर्न गएको पाइयो। यस्तै गरी दुहवी वितरण केन्द्र अन्तर्गतका साबिकमा दुहवी धरान ट्रंक लाइनमा रहेका ग्राहकहरु अरिहन्त मल्टि फाइवर्स र अरिहन्त पोलिप्याकलाई मिति २०७४।१२।२५ देखि लोड व्यवस्थापनको सिलसिलामा ३३ के.भि. दुहवी औद्योगिक फिडरमा सिफ्ट गरेको पाईयो । यसरी डेडिकेटेड वा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएको हटाएको विषयमा ने.वि.प्रा. उच्च व्यवस्थापनबाट अनुमोदन स्वीकृति गराउनु पर्ने र आगामी दिनमा यस्ता विषयहरुलाई नियमन गर्न छुटै कार्यविधि वनाई लागु गर्न

उपयुक्त हुने।

- विद्युत आपूर्तिको व्यवस्थापन गर्ने सन्दर्भमा विद्युत प्रणालीमा विद्युतको माग भन्दा आपूर्ति कम भएमा वा वढी भएमा ने.वि.प्रा. को हित हुने गरी छुट्टै कार्यविधि बनाई आन्तरिक व्यवस्थापन गर्न उपयुक्त हुने तथा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा (घ) बमोजिम विद्युतको आन्तरिक माग भन्दा आपूर्ति बढी भएको अवस्थामा नेपाल सरकारको स्वीकृति लिई विदेशी मुलुकलाई विद्युत बिक्री गर्न प्रवन्ध मिलाउनु उचित हुने।

**४) सार्वजनिक लेखा समितिको प्रतिवेदन (नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिद्वारा गरिएको अध्ययन प्रतिवेदन, २०७६) :**

संघीय संसद
प्रतिनिधि सभा
सार्वजनिक लेखा समिति

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको
बक्यौता सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिद्वारा गरिएको
अध्ययन प्रतिवेदन, २०७६

**प्रस्तुतकर्ता**

| | |
|---|---|
| माननीय मिनेन्द्रप्रसाद रिजाल | -संयोजक |
| माननीय तेजुलाल चौधरी | - सदस्य |
| माननीय प्रदीप यादव | - सदस्य |
| माननीय पार्वती कुमारी विशुन्के | - सदस्य |
| माननीय सूर्यप्रसाद पाठक | - सदस्य |

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरूबाट उठाउनु पर्ने बक्यौता सम्बन्धी अध्ययनबाट उपसमितिले सार्वजनिक लेखा समितिवाट देहाय बमोजिमका निर्देशन तथा सुझावहरू दिन उपयुक्त हुने निष्कर्ष निकालेको छ :

१. नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड लाइनको हकमा प्राधिकरण संचालक समितिले २०७२।०३।१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महसुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महसुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३/३/१६ मा विद्युत महसुल निर्धारण आयोगले डेडिकेटेड लाइन सरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोही बमोजिम विद्युत नियमावलीमा उल्लेख भएका बिल, बिजक, छुट बिल जारी गर्ने, बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी गराई समितिलाई यथाशीघ्र जानकारी गराउन प्राधिकरण संचालक समितिलाई निर्देशन दिने।
२. विद्युत प्राधिकरणको डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत लिई समयमै महसुल नतिर्ने उपभोक्ता तथा ग्राहकलाई विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महसुल संकलन विनियमावली, २०७३ अनुरुप हाल सम्म कुनै कारबाही गरेको नदेखिएको हुँदा आवश्यक कारबाही गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने।

३. छुट बिल जारी भएपछि ३५ दिन भित्र सम्बन्धित ग्राहकले उक्त महसुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ् भएको ६० दिन भित्र ग्राहकले विद्युत महसुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी बक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महसुल संकलन विनियमावली, २०७३ मा भएको हुँदा हुँदै पनि प्राधिकरण व्यवस्थापनले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सोको कार्यान्वयन यथाशीघ्र गर्न गराउन, क्षतिपूर्ति नतिरी विद्युत लाइन नजोड्न संचालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने।

४. मिति २०७३/३/१६ मा विद्युत महसुल निर्धारण आयोगले दिएको लोडसेडिङ् ६ घण्टा वा सो भन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहकको सरह महसुल दर कायम गर्ने निर्णय कार्यान्वयन नगरी राजश्व सम्बन्धी गम्भीर लापरवाही गरेको देखिएकोले सो सम्बन्धमा संचालक समिति, प्रवन्ध निर्देशक वा विभागीय जिम्मेवारी लिएका पदाधिकारीहरू को को दोषी छन् उनीहरू उपर विस्तृत छानविन गरी कारवाही गर्ने प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने।

५. विद्युत महसुल संकलन कार्यलाई व्यवस्थित गराउन गर्नुपर्ने कार्यहरूमा नियमित रूपमा हुनुपर्ने विलिङ्ग गर्ने, महसुल संकलन विनियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम डाटा डाउनलोड गरी सुरक्षित राख्ने, छुट बिल जारी गर्दा प्रक्रिया पुर्याउने, डाटा डाउनलोड गरी हार्ड कपि सुरक्षित राख्ने र ग्राहकको परिसरमा जडान गरिएको TOD मिटरको डाटा सुरक्षित राख्ने, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अबलम्वन गर्ने जस्ता व्यवस्थापकीय कार्यलाई तत्काल व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने।

६. नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महसुल निर्धारण गर्ने, विश्लेषण गर्ने, बिल विजक जारी गर्ने, महसुल उठाउने जस्ता कार्यहरू समयमै नहुँदा महसुल बुझाउनुपर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महसुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलेमतो छैन भन्ने आधार देखिएन, यसका लागि जिम्मेवार पदाधिकारी उपर छानविन गरी आवश्यक कारवाही गर्न प्राधिकरण संचालक समितिलाई निर्देशन दिने।

७. लोडसेडिङ् अन्त्य भएको लामो समय व्यतित भैसकेको अवस्थामा विद्युत महसुल दरमा पुनरावलोकन गर्नुपर्ने स्थिति आएको कुरालाई मध्यनजर गर्दा नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित विद्युत महसुल दरको पुनरावलोकन सम्बन्धी प्रस्ताव उपर तत्काल निष्कर्षमा पुगी कार्यान्वयनमा ल्याउन र समितिलाई जानकारी दिन विद्युत नियमन आयोगलाई निर्देशन दिने।

८. डेडिकेटेड र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धमा विद्युत प्राधिकरणलाई आर्थिक क्षति हुने र आर्थिक दायित्व बढ्ने गरी कुनै निर्देशन नगर्न नगराउन नेपाल सरकारलाई निर्देशन दिने।

**५) ट्रंक लाइन तथा डेडिकेटेड फिडरका सम्बन्धमा भएका विवादित विषयहरु तथा सो बारे भएका निर्णयहरु, अदालतका फैसलाहरु र विद्यमान कानूनी प्रावधानहरु अध्ययन गर्न सह सचिव श्री प्रविण राज अर्यालको संयोजकत्वमा गठित उपसमितिले मिति २०७७/०३/१८ मा पेश गरेको प्रतिवेदन :**

**उपसमिति:**

| | |
|---|---|
| क) श्री प्रविण राज अर्याल, सह सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | -संयोजक |
| ख) श्री उदयराज सापकोटा, सह सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| ग) श्री शोभाकान्त पौडेल, सह सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| घ) श्री हरराज न्यौपाने, उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | - सदस्य |
| ङ) श्री राजु महर्जन, सि.डि.ई., ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | - सदस्य सचिव |

**नेपाल विद्युत प्राधिकरण र उद्योगहरु बीच उत्पन्न समस्याको वस्तुस्थिति**

- नेपाल विद्युत प्राधिकरण विद्युत वितरण विनियमावली, २०६९ को विनियम १६(६) मा प्राधिकरणको सबस्टेशनबाट अर्को सबस्टेशन जोड्ने ट्रंक लाइन रिङ्ग मेनबाट ग्राहकलाई विद्युत लाइन दिइने छैन भन्ने व्यवस्था उल्लेख भएको र सोको कार्यान्वयन गर्ने सम्बन्धमा ३३ के.भि. ट्रंक लाइनबाट विगतदेखि विद्युत आपूर्ति भइरहेका औद्योगिक ग्राहकहरुलाई नजिकको सबस्टेशनबाट तीन महिनाभित्र छुट्टै फिडर निर्माण गरी विद्युत आपूर्ति लिने र सो नलिने औद्योगिक ग्राहकहरुको लाइन काटी विद्युत आपूर्ति बन्द हुने जानकारी गराउन व्यवस्थापनले मिति २०७०।१०।६ मा दिएको निर्देशन पूर्ण रुपमा कार्यान्वयन भएको देखिँदैन। नेपाल विद्युत प्राधिकरणका अनुसार Right of way का कारण पूर्ण कार्यान्वयन हुन नसकेको भन्ने बुझियो।

- नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७१।१०।२५ को ६९९ औं बैठकबाट राष्ट्रिय विद्युत प्रणालीबाट निर्वाध रुपमा निरन्तर विद्युत सेवा लिन चाहने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका उद्योग/प्रतिष्ठानहरुलाई डेडिकेटेड फिडर एवम् ट्रंक लाइनबाट मापदण्ड (Criteria) बनाई नीतिगत रुपमा विद्युतको आपूर्ति गर्न संचालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा मिति २०७१।१०।२५ को उपसमिति गठन गरिएको थियो।

- डेडिकेटेड फिडर मार्फत विद्युत आपूर्ति गर्ने आधार तथा मापदण्ड (Criteria) तर्जुमा गरी राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न संचालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उपसमितिबाट पेश भएको प्रतिवेदन नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।३।१२ को ७१० औं बैठकबाट स्वीकृत भएको। उक्त प्रतिवेदनमा डेडिकेटेड फिडर र सेपरेट फिडर मार्फत

विद्युत आपूर्ति लिने ग्राहकहरुलाई २४ सै घण्टा विद्युत सेवा दिने र लोडसेडिङमा रहने गरी दुई वर्गमा राखिएको । डेडिकेटेड फिडर मार्फत विद्युत सेवा लिने ग्राहकहरुलाई नयाँ महसुल दर समेत स्वीकृत भएकोले नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयको मिति २०७२।५।११ र २०७२।५।२४ को पत्रबाट डेडिकेटेड फिडर लाइनबाट निरन्तर रुपमा विद्युत सेवा लिने ग्राहकहरुलाई नयाँ महसुल दर अनुसारको बिलिङ गर्न/गराउन परिपत्र भएको देखिन्छ ।

- २०७३ श्रावण १ देखि लागु भएको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (२) मा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत सेवा लिने ग्राहकहरुले खपत गरे बापत अनुसूची - १ (क) मा उल्लेख भए बमोजिमको सेवा शुल्क, डिमाण्ड शुल्क र इनर्जि शुल्क बुझाउनु पर्ने व्यवस्था छ। सोही विनियमावलीको विनियम (५) को उपविनियम (५) मा ३३ के.भि. ट्रंक लाइन वा ११ के.भि. रिङ्ग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन उल्लेख भएको छ । अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिनसक्ने समेत प्रावधान रहेको देखिन्छ।

- विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम (५) को उपविनियम (२) र (५) मा उल्लिखित प्रावधानमा अस्पटष्ता रहेको र नयाँ महसुल दर लगाउने अधिकार नेपाल विद्युत प्राधिकरण संचालक समितिलाई नभएको भन्दै ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने केही ठूला उद्योगहरुले डेडिकेटेड महसुल दर अनुसारको विद्युत महसुल नलिन नलगाउन विभिन्न अदालतहरुमा मुद्दा दायर गरेका थिए ।

- मिति २०७२।०९।२० मा प्राधिकरणले तत्कालिन विद्युत महसुल निर्धारण आयोगबाट नयाँ महसुल दर स्वीकृत गरी दिन माग गरेको थियो।

- विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।०९।२९ को १०३ औं बैठक र मिति २०७२।१०।१० को १०४ औं बैठकबाट ऊर्जा अभाव भइरहेको बेलामा अत्यावश्यक सेवा बाहेक अन्य सेवाग्राहीलाई डेडिकेटेड सेवा दिन उपयुक्त हुन्छ हुँदैन सो सम्बन्धमा नेपाल सरकारको नीति आए पछि मात्र डेडिकेटेड सेवा महसुल दर बारे अध्ययन र निर्णय गर्ने भन्ने निर्णय भएको र डेडिकेटेड फिडरको महसुल दर कायम नभए सम्म सरकारी अस्पताल बाहेकका डेडिकेटेड फिडरका ग्राहकहरुका हकमा प्राधिकरण संचालक समितिले २०७२।०३।१२ मा गरेको निर्णयलाई स्वीकृत गरेको देखिन्छ।

- विद्युत महसुल निर्धारण आयोगले मिति २०७२।१०।१२ मा डेडिकेटेड फिडरबाट निरन्तर विद्युत सेवा

लिनेको हकमा सार्वजनिक सूचना प्रकाशित गरी मिति २०७२।१०।१४ मा नेपाल विद्युत प्राधिकरणलाई पत्र लेखी अवगत गराएको देखिन्छ। डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुको महसुल सङ्कलनको अवस्था र लोडसेडिङ अन्त्य भइसकेको परिपेक्ष्यमा यस्ता ग्राहकहरुबाट लिन उचित हुने महसुल दरको अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७५।१।३१ मा तथा ट्रंक लाइनका ग्राहकहरुको महसुल सङ्कलनको अवस्थाको अध्ययन, डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने प्रक्रिया र यस्ता ग्राहकहरुलाई लाग्ने महसुल दर बारे प्रस्ताव गर्न मिति २०७५।१२।२९ मा श्री भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिहरुले पेश गरेका प्रतिवेदनहरुका आधारमा नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७६।७।१६ को ८०१औ बैठकले डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुसँग २०७२ श्रावणदेखि नै लागु हुने गरी नेपाल विद्युत प्राधिकरण विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५(२) तथा अनुसूची -१ (क) मा उल्लेख भए वमोजिम विद्युत महसुल लिने निर्णय गरेको देखिन्छ।

- अधिकांश उद्योगहरुले डेडिकेटेड फिडर सरहको कुनै पनि सुविधा नलिएको र ट्रंक लाइनमा जोडिएको भए पनि उक्त लाइनबाट २० घण्टा वा सोभन्दा बढी अवधि विद्युत सेवा नलिएको जिकिर रहेको छ।

- नेपाल विद्युत प्राधिकरणबाट स्वीकृत नलिई लोडसेडिङ तालिकामा तोकिएको समयभन्दा बढी अवधि विद्युत सेवा लिएमा विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियमा (५) को उपविनियम (५) आकर्षित हुने नेपाल विद्युत प्राधिकरणको जिकिर रहेको छ।

**डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरुको महसुल सङ्कलनको अवस्था**

शिवम् सिमेण्टको हकमा सम्मानित सर्वोच्च अदालतको मिति २०७५।०७।२१ को संयुक्त इजलासबाट तत्कालिन विद्युत महसुल निर्धारण आयोगले डेडिकेटेड महसुल दर स्वीकृत/ अनुमोदन गरेको मिति २०७२।०९।२९ बाट मात्र वृद्धि भएको महसुल असूल गर्नु भनी भएको फैसला र मिति २०७५।०१।३१ देखि औद्योगिक ग्राहकहरुलाई समेत लोडसेडिङ अन्त्य भएको घोषण समेत गरीसकिएकोले सो उपरान्त कुनै पनि उद्योगीहरुलाई डेडिकेटेड महसुल दर लगाउन नमिल्ने उद्योगीहरुको माग समेत रहेको परिप्रेक्ष्यमा २०७७ जेष्ठ महिनासम्मको बिलिङको आधारमा नेपाल विद्युत प्राधिकरणबाट प्राप्त डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरुको महसुल सङ्कलनको अवस्थालाई तीन भागमा विभाजन गरी तयार पारिएको महसुल सङ्कलन सम्बन्धी संक्षिप्त विवरण देहायको तालिका अनुसार हुने देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचि (३) मा राखिएको छ।

**६) ट्रंक लाइन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिएका विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र नेपाल विद्युत प्राधिकरण बीच देखिएको विवाद लगायतका विषय अध्ययन गरी सिफारिस सहित प्रतिवेदन पेश गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव(ऊर्जा)को संयोजकत्वमा गठित समितिको प्रतिवेदन २०७७ आषाढ २९ :**

**समिति**:

१) सचिव (ऊर्जा), श्री ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय -संयोजक

२) सचिव (उद्योग), श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

३) सचिव, श्री अर्थ मन्त्रालय -सदस्य

४) कार्यकारी निर्देशक, श्री नेपाल विद्युत प्राधिकरण -सदस्य

५) सहसचिव, श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय -सदस्य-सचिव

**समितिको राय सुझाव**

नेपाल विद्युत प्राधिकरणको संचालक समितिको मिति २०७५।१२।२९ र २०७६।०७।१६ को निर्णयबाट महसुल उठाउने निर्णय भएको देखिन्छ। उक्त निर्णय कार्यान्वयनको क्रममा विवाद सिर्जना भएको परिप्रेक्षमा देहाय बमोजिमका तीन विषयहरुमा केन्द्रित भई समितिले विवादको समाधानको लागि राय सुझाव पेश गरेको छ।

- **शिवम् सिमेण्ट प्रा.लि. को हकमा सर्वोच्च अदालतको मिति २०७५।०७।२० को फैसलाका सम्बन्धमा**

शिवम् सिमेण्ट प्रा.लि. ले नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड विद्युत महसुल दर विरुद्ध र सो बमोजिम बिलिङ भएको रकम सर्वोच्च अदालतमा दायर गरेको मुद्दा सम्बन्धमा सर्वोच्च अदालतको मिति २०७५।०७।२० गतेको पैसलामा तत्कालिन महसुल निर्धारण आयोगले महसुल अनुमोदन गरेको मिति २०७२।०९।२९ बाट मात्र वृद्धि भएको महसुल असूल गर्न नेपाल विद्युत प्राधिकरणको नाममा परमादेश जारी भएको देखिन्छ। उक्त फैसला अनुसार शिवम् सिमेण्टले उपयोग गरेको विद्युतको हकमा २०७२ साल श्रावण महिना देखि डेडिकेटेड महसुल दर लागु नहुने देखिन्छ। उक्त फैसलामा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १९ (घ) मा प्राधिकरणको काम कर्तव्य अन्तर्गत विद्युत महसुल र विद्युत सेवा सम्बन्धी अन्य शुल्क निर्धारण गर्ने अधिकार प्राधिकरणमा रहेको भएता पनि विद्युत ऐन, २०४९ लागु भए पश्चात स्वदेशी वा विदेशी निजी क्षेत्रलाई पनि प्राधिकरण सरहको विद्युत उत्पादन, प्रसारण र वितरणको अधिकार प्रदान गरेको र प्राधिकरण एक्लै मात्र विद्युत महसुल निर्धारण गर्ने कार्य न्यायोचित नभएको कारण स्वतन्त्र नियको रुपमा विद्युत ऐन,२०४९ को दफा १७(१) मा छुट्टै विद्युत महसुल निर्धारण आयोगको गठन गर्न सम्बन्धी कानूनी व्यवस्था गरेकोले विद्युत महसुल निर्धारण गर्ने अधिकार केवल आयोगलाई रहेको व्याख्या गरिएको देखिन्छ। सोही

फैसलामा विद्युत नियमावली,२०५० को नियम ३३ मा भएको व्यवस्थाबाट आयोगले महसुल निर्धारण गरेपछि मात्र त्यस्तो महसुल बुझाउनु पर्ने दायित्व सिर्जना हुने देखिदा अगाडि देखि लागु हुने गरी महसुल उठाउन मिल्ने नदेखिएको ठहर गरिएको देखिन्छ। यसरी विद्युत महसुल निर्धारण गर्ने विषयमा विद्युत ऐन, २०४९ मा भएको व्यवस्थालाई स्पष्ट ब्याख्या गरेकोले उक्त फैसला शिवम् सिमेण्टको हकमा मात्र लागु नभई अन्य उद्योगीहरुको लागि समेत लागु हुने/नहुने विषयमा द्विविधा भएकोले सो सम्बन्धमा राय परामर्श माँग गर्न समितिको मिति २०७६।११।१५ को बैठकको निर्णयानुसार आवश्यक विवरण सहित ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मार्फत महान्यायाधिवक्ताको कार्यालयमा राय परामर्शको लागि मिति २०७६।११।२१ मा अनुरोध गरी पठाइएको थियो। तर माँग गरिएको कानूनी राय परामर्श विषयमा स्पष्ट कानूनी प्रश्न र विभागीय धारणा खुलाई सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ बमोजिम राय माँग गर्न महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७६।१२।०५ मा पत्र प्राप्त भएको र उक्त पत्रसाथ यसअघि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट संलग्न गरी पठाइएको सबै विवरणहरु समेत फिर्ता पठाइएको थियो। तत्पश्चात् प्रस्तुत विषयमा समितिको मिति २०७६।१२।१० मा बसेको बैठकले गरेको निर्णय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७७।०२।०१ को निर्णयानुसार विभागीय धारणा सहित महान्यायाधिवक्ताको कार्यालयमा पुन: राय परामर्शको लागि लेखी पठाईएको थियो।

साधारणतया अदालतको फैसला रिट निवेदकको पक्षमा मात्र लागु हुने देखिन्छ। सो मान्यता अनुरुप नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७६।०७।१६ को ८०९ औ बैठकले फैसला लागु हुने उपभोक्ता बाहेक अन्य उपभोक्ताबाट सम्पूर्ण महसुल असुल उपर गर्ने निर्णय गरेतापनि शिवम् सिमेण्ट प्रा.लि. को हकमा सर्वोच्च अदालतको मिति २०७५।०७।२० को फैसलाको प्रकृति हेर्दा उक्त फैसलामा प्रचलित कानून र नियमको समेत व्याख्या गरी विद्युत महसुल निर्धारण गर्ने क्षेत्राधिकार नेपाल विद्युत प्राधिकरणको नभई विद्युत ऐन,२०४९ बमोजिम स्वतन्त्र निकायको रुपमा स्थापित तत्कालिन विद्युत महसुल निर्धारण आयोगको भएको स्पष्ट पारेको देखिन्छ। यसबीच महान्यायाधीवक्ताको कार्यालयबाट मिति २०७७।०२।२६ मा प्राप्त कानूनी रायमा " सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ को देहाय खण्ड (क) मा जुन विषयमा राय माँग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माँग गर्ने कार्यालय वा अधिकारीलाई हुनुपर्ने" भन्ने विषय उल्लेख भई आएको छ।महान्यायाधिवक्ताको कार्यालयको सो पत्रानुसार यस विवादित विषयमा निर्णय गर्ने अधिकार यस समितिलाई नभएको र उपभोक्ता तथा प्राधिकरण बीच भएका महसुल सम्बन्धी विवाद समाधान गर्ने विषय विद्युत नियमन आयोग ऐन,२०७४ को दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने देखिन्छ।

- **लोडसेडिङ अन्त्य हुनु अघि सम्मको अवस्थाका सम्बन्धमा**

  समितिबाट २०७२ साल माघ देखि २०७५ साल बैशाख समान्तसम्मको अवधिमा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका उद्योगीहरु सम्बन्धी उपलब्ध भएका विवरणहरुको अध्ययन र विश्लेषण गरिएको छ। अधिकांश उद्योगीहरुले नेपाल विद्युत प्राधिकरणको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम (५) को उपनियम (२)र (५) उल्लिखित प्रावधानमा अस्पष्टता रहेको, डेडिकेटेड फिडर सरहको कुनै पनि सुवीधा नलिएको र ट्रंक लाइनमा जोडिएको भएपनि उक्त

लाइनबाट २० घण्टा वा सो भन्दा बढी अवधि विद्युत सेवा नलिएको जिकिर गरेको देखिन्छ। तर डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई लाग्ने महसुल दर सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नेपाल विद्युत प्राधिकरण संचालक समितिबाट संचालक श्री भक्त बहादुर पुनको संयोजकत्वमा मिति २०७५।१।३१ गठन भई मिति २०७५।१२।२९ मा पुनगर्ठित उपसमितिले ट्रंक लाइनबाट विद्युत आपूर्त लिएका उद्योगीहरुको टि.ओ.डि. मिटरको डाटा डाउनलोड रिपोर्ट लगायतका सम्पूर्ण विवरण संकलनन गरी विज्ञहरुको राय समेतको आधारमा तयार गरी मिति २०७६।६।१३ मा पेश गरेको प्रतिवेदनमा नेपाल विद्युतप्राधिकरणको स्वीकृती नलिइ लोडसेडिङ तालिकामा तोकिएको समय भन्दा बढी अवधि विद्युत अवधि विद्युत सेवा लिएकोले विद्युत महसुल सङ्कलन विनियमावली,२०७३ को विनियम (५) को (५) बमोजिम डेडिकेटेड महसुल लिन सिफारिस गरेको र सोको आधारमा नेपाल विद्युत प्राधिकरण संचालक समितिबाट मिति २०७६।०७।१६ मा ती ग्राहकहरुसंग डेडिकेटेड विद्युत महसुल लिने निर्णय भएको देखिन्छ। तसर्थ, यस अवधिमा डेडिकेटेड तथा ट्रंक लाइन मार्फत विद्युत आपूर्ति लिएका सबै उद्योगीबाट नेपाल विद्युत प्राधिकरण संचालक समितिको निर्णय अनुसार संचालक भक्त बहादुर पुनको संयोजकत्वमा गठित समितिको प्राविधिक प्रतिवेदनका आधारमा नेपाल विद्युत प्राधिकण विद्युत महसुल संकलन विनियमावली, २०७३ बमोजिम सम्पूर्ण महसुल निजहरुबाट नेपाल विद्युत प्राधिकरणले असूल गर्नुपर्ने देखिन्छ।

यसरी असुल उपर गर्नुपर्ने रकम प्राधिकरणको नगद प्रवाहको अवस्थामा प्रतिकूल असर नपर्नेगरी उद्योगीहरुले किस्ता बन्दीमा बुझाउन सक्ने ब्यवस्था प्राधिकरणले गरीदिनु पर्ने देखिन्छ।

- **लोडसेडिङ अन्त्य भएपछिको अवस्थाका सम्बन्धमा**

नेपाल विद्युत प्राधिकरणले मिति २०७५।१।३१ देखि औद्योगिक ग्राहकहरुलाई समेत लोडसेडिङ अन्त्य भएको घोषणा गरेको थियो । तत्पश्चात् कुनै उद्योगीलाई डेडिकेटेड र ट्रंक महसुल दर लगाउन नमिल्ने उद्योगीहरुको जिकिर रहेको छ। लोडसेडिङ अन्त्य घोषणा भएको तत्कालिन अवस्थामा विद्युत नियमन आयोग ऐन, २०७४ लागु भई विद्युत महसुल निर्धारण आयोग खारेज भइसकेको र विद्युत नियमन आयोग नियमावली, २०७५ जारी भइनसकेको अवस्था थियो।त्यसैगरी, विद्युत नियमन आयोग नियमावली, २०७५ मिति २०७५।०५।११ मा जारी भएपश्चात् पनि विद्युत नियमन आयोगका अध्यक्ष सहितको पदाधिकारीहरुको नियुक्तिमा भएको ढिलाईका कारण आयोग स्थापना भई सञ्चालनमा आउन केही वर्ष लागेको थियो। यी विभिन्न कारणले लोडसेडिङ अन्त्य घोषणा भएपछि तत्काल डेडिकेटेड विद्युत महसुल दर पुनरावलोकन गरी नयाँ महसुल दर निर्धारण गर्नुपर्नेमा समयमा सो हुन नसकेको देखिन्छ। उच्च अदालत पाटनबाट मिति २०७६।०६।०५ मा जारी गरेको रिट निवेदन खारेजको फैसलामा “हाल मुलुकमा लोडसेडिङ अन्त्य भइसकेको अवस्थामा विनियामवली बमोजिमको महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुरावलोकन गर्न सक्ने नै भएकाले त्यस तर्फ थप विवेचना गर्नु नपर्ने” व्याख्या गरेको देखिन्छ।तसर्थ सो अदालतको निर्णय बमोजिम हालको अवस्थामा विद्युत नियमन आयोग स्थापना भई पूर्ण रुपमा सञ्चालनमा आइसकेको हुँदा यस विषय विद्युत नियमन आयोग ऐन, २०७४ को विवाद समाधान गर्ने सम्बन्धी दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने देखिन्छ।

समितिले प्रतिवेदन तयार गर्ने क्रममा अध्ययन गरेका देहाय बमोजिमका अन्य प्रतिवेदन तथा कागजात संलग्न छन्

१. उपसमितिको प्रतिवेदन

२. नेपाल विद्युत प्राधिकरण संचालक समितिको निर्णय अनुसार सञ्चालयक भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले मिति २०७६।०६।१३ मा पेश गरेको प्राविधिक प्रतिवेदन

३. विभिन्न अदालतबाट भएका फैसलाहरु।

# अनुसूची-६ : अदालतबाट भएका फैसलाहरूका सम्बन्धित अंशहरु

| क्र.सं. | मुद्दा नं. | रिट निवेदकको नाम | प्रत्यर्थी | फैसला गर्ने अदालत |
|---|---|---|---|---|
| १ | 073-WO-0024 | शिवम् सिमेन्ट्स लिमिटेड | नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाडौँ समेत। | सर्वोच्च अदालत, संयुक्त इजलास। |
| २ | 074-CI-0117, 074-CI-0116, 074-CI-0941 | सर्वोत्तम सिमेन्ट प्रा.लि., लक्ष्मी स्टिल्स प्रा.लि., बुटवल सिमेन्ट | नेपाल विद्युत प्राधिकरण, रत्नपार्क अन्तर्गत परासी वितरण केन्द्र, नवलपरासी। | सर्वोच्च अदालत, संयुक्त इजलास। |
| ३ | 072-WO-0852 | एभरेष्ट पेपर मिल्स प्रा.लि. | विद्युत महसुल निर्धारण आयोग समेत। | सर्वोच्च अदालत, संयुक्त इजलास। |
| ४ | 075-WO-0029 | निगाले सिमेन्ट प्रा.लि. | नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय दरबारमार्ग काठमाडौँ समेत। | उच्च अदालत विराटनगर, धनकुटा इजलास। |
| ५ | 075-WO-0299 | बाबा जुटमिल प्रा.लि. | नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत। | उच्च अदालत विराटनगर। |
| ६ | 075-WO-0506 | मारुती सिमेन्ट लि. | नेपाल विद्युत प्राधिकरण, मिर्चैया वितरण केन्द्र, सिराहा। | उच्च अदालत जनकपुर राजविराज |
| ७ | 075-WO-0297, 075-WO-0270, 075-WO-0277, 075-WO-0279, 075-WO-0280, | सूर्य नेपाल प्रा.लि., जगदम्बा स्टील्स प्रा.लि., हुलास स्टील ईण्डष्ट्रिज, हामा आईरन एण्ड स्टील इण्डष्ट्रिज, सूर्य नेपाल प्रा.लि., अशोक स्टील ईण्डष्ट्रिज | नेपाल विद्युत प्राधिकरण, सिमरा वितरण केन्द्र, सिमरा, बारा समेत। | उच्च अदालत जनकपुर अस्थायी इजलास |

| | | | | |
|---|---|---|---|---|
| | 075-WO-0281, 075-WO-0298, 075-WO-0299, 075-WO-0300, 075-WO-0407 | प्रा.लि., जगदम्बा स्टील्स प्रा.लि., हामा आईरन एण्ड स्टील इण्डष्ट्रिज, अशोक स्टील ईण्डष्ट्रिज प्रा.लि., हुलास स्टील ईण्डष्ट्रिज लिमिटेड | | बीरगंजबाट |
| ८ | 075-WO-0701, 075-WO-0700, 075-WO-0782, 075-WO-0816, 075-WO-0839, 075-WO-0819, 075-WO-0817, 075-WO-0824, 075-WO-0796, 075-WO-0818, 075-WO-0842, 075-WO-1057 | अर्घाखाँची सिमेन्ट प्रा.लि., जगदम्बा सिन्थेटिक प्रा.लि., विशाल सिमेन्ट ईण्डस्ट्रिज प्रा.लि., शिवम सिमेन्ट प्रा.लि., युनाइटेड सिमेन्ट प्रा.लि., अरिहन्त मल्टी फाइवर्स लि., रघुपति जुट मिल्स लि., एभरेष्ट पेपर मिल्स प्रा.लि., रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि., अरिहन्त मल्टी पोलिप्याक्स लि., शुभश्री अग्नी सिमेन्ट उद्योग लि., रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि. | नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाडौँ समेत। | उच्च अदालत पाटन। |
| ९ | 073-WO-0094, 073-WO-0095, 073-WO-0096 | बुटवल सिमेन्ट मिल्स प्रा.लि., सर्वोत्तम सिमेण्ट प्रा.लि., लक्ष्मी स्टील्स | नेपाल विद्युत प्राधिकरण, परासी बितरण केन्द्र नवलपरासी समेत। | उच्च अदालत तुलसीपुर, बुटवल इजलास। |
| १० | 075-WO-0128, 073-WO-0129, 075-WO-00130, 073-WO-0170 | सर्वोत्तम सिमेण्ट प्रा.लि., लक्ष्मी स्टील्स, बुटवल सिमेन्ट मिल्स प्रा.लि., पाल्पा सिमेन्ट ईन्डष्ट्रीज | नेपाल विद्युत प्राधिकरण, परासी बितरण केन्द्र नवलपरासी समेत। | उच्च अदालत तुलसीपुर, बुटवल इजलास। |
| ११ | 075-WO-0037, 075-WO-0043 | घोराही सिमेण्ट इण्डष्ट्री प्रा.लि., सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि. | नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्रहक सेवा, घोराही वितरण केन्द्र दाङ। | उच्च अदालत तुलसीपुर |
| १२ | 076-CP-1515, 076-CP-1516, 076-CP-1580, | अशोक स्टील इण्डस्ट्रिज प्रा.लि. (गौरीशङ्कर श्रीवास्तव), हामा आइरन स्टील प्रा.लि. (सुरेन्द्र | नेपाल विद्युत प्राधिकरण, सिमरा वितरण केन्द्र। | बारा जिल्ला अदालत। |

| | | | | |
|---|---|---|---|---|
| | 076-CP-1600, 077-CP-1858 | प्रसाद), सूर्य नेपाल प्रा.लि. (अभिमन्यू), जगदम्बा स्टील प्रा.लि. (साहिला अग्रवाल), हुलास स्टील इण्डस्ट्रिज बारा सिमरा | | |
| १३ | 076-CP-0374 | युनाइटेड सिमेन्ट प्रा.लि. | नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत। | धादिङ जिल्ला अदालत। |
| १४ | 076-CP-0035 | निगाले सिमेन्ट प्रा.लि. | नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत। | धनकुटा जिल्ला अदालत। |
| १५ | 077-CP-0058, 077-CP-1186 | वुटवल सिमेन्ट मिल्स प्रा.लि., सिद्धि लक्ष्मी स्टिल प्रा.लि. | नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत। | नवलपरासी जिल्ला अदालत। |
| १६ | 078-CP-0238, 076-CP-0880, 076-CP-0910, 078-CP-0246, 078-CP-0245, 078-CP-0224, 078-CP-0243, 078-CP-0242, 078-CP-0241, 078-CP-0240, 078-CP-0239, 078-CP-0253, 078-CP-0255, 078-CP-0248, 078-CP-0252, 078-CP-0251, 078-CP-0250, 078-CP-0254, 078-CP-0249, 078-CP-0247, 078-CP-0686, 078-CP-0761 | जिबी टेक्सटाइल मिल, जगदम्बा सिन्थेटिक प्रा.लि., अर्घाखाँची सिमेन्ट, शुभ लक्ष्मी पोलिमर इन्डस्ट्रीज, पञ्चकन्या स्टिल प्रा.लि., पञ्चकन्या पलास्टीक इन्डस्ट्रीज, नेसनल रबर इन्डस्ट्रीज, सिदार्थ पेट्र पलास्ट इन्डस्ट्रीज प्रा.लि., यशोधा फुड्स प्रा.लि., घराना फुड्स प्रा.लि., सोनी पोलिमरस इन्डस्ट्रीज प्रा.लि., श्याम प्लास्टिक उद्योग, गोयनका फुडस प्रा.लि., एस आर फुडस प्रा.लि., नव नेपाल प्लास्टिक प्रा.लि., एजी हेल्थ इन्डट्रिज प्रा.लि., सोना प्याकेजिङ्ग प्रा.लि., एस आर इस्टिल इस्टलिङ्ग प्रा.लि., भलवारी स्वचालीत चामल मिल, एभर्ष्ट रोलिङ्ग इन्डस्ट्रिज, फेरो इस्टिल प्रा.लि., न्यू नरायण रबर इन्डस्ट्रिज | नेपाल विद्युत प्राधिकरण, भैरहवा वितरण केन्द्र समेत। | रुपन्देही जिल्ला अदालत। |

**श्री सर्वोच्च अदालतबाट भएका सम्बन्धित फैसलाहरूको सारांश**

**रिट निवेदकको नामः** शिवम् सिमेन्ट्स लिमिटेड (मुद्दा नं. 073-WO-0024)
**प्रत्यर्थी**: नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाडौँ समेत।
**फैसला मिति :** २०७५/०७/२०
**फैसला गर्ने अदालत:** **सर्वोच्च अदालत, संयुक्त इजलास।**

निवेदकको माग बमोजिमको आदेश जारी हुन पर्ने हो होईन भन्ने सम्बन्धमा विचार गर्दा निवेदकले मिति २०७२ श्रावण देखि मंसिर सम्मको विद्युत महसुल पुरानै दर रेट अनुसार बुझाई सकेको तथ्यलाई विपक्षीले अन्यथा भन्न सकेको देखिदैंन। उपभोक्ताहरुमा बिक्री वितरण गर्ने विद्युत महसुल दर निर्धारण गर्ने विषय विद्युत महसुल निर्धारण आयोगको क्षेत्राधिकार भित्रपर्ने देखिएको र डेडिकेटेड  फिडर लाइनमार्फत निरन्तर विद्युत आपूर्ति हुने ग्राहकको लागि नयाँ महसुल दर आयोगको मिति २०७२।९।२९ र २०७२। १०।१० को बैठकबाट स्वीकृत भएको अवस्थामा आयोगले विद्युत महसुल दर निर्धारण नगर्दै नेपाल विद्युत प्राधिकरणले स्वयं आफै महसुल दर निर्धारण गरी पश्चातदर्शी रुपमा लागु हुने गरी गरेको प्राधिकरणको निर्णय एवम पत्राचार कानून विपरीत रहेको देखिदा वृद्धि भएको विद्युत महसुल निवेदकको हकमा आकर्षित हुने भन्न मिलेन । तसर्थ विद्युत महसुल निर्धारण आयोगको मिति २०७२।९।२९ र २०७२।१०।१० को निर्णय पश्चात मात्र वृद्धि भएको महसुल लागु गर्न मिल्ने हुँदा २०७२ साल श्रावण देखि मंसिर सम्मको अवधिको थप महसुल बुझाउनु भनी निवेदकलाई पठाएको नेपाल विद्युत प्राधिकरणको मिति २०७२।८।२८ को पत्र सो उपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट मिति २०७२/११/११ मा भएको निर्णय एव मिति २०७३।३।१३ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब विद्युत महसुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२/९/२९ बाट मात्र वृद्धि भएको महसुल निवेदकबाट असूल गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।
(सर्वोच्च अदालतबाट भएको उक्त आदेश अर्थात विद्युत महसुल निर्धारण मिति २०७२।९।२९। र २०७२।१०।१० को निर्णयपश्चात मात्र वृद्धि भएको महसुल लागु गर्न मिल्ने हुँदा २०७२ साल श्रावण देखि मंसिर सम्मको अवधिको थप महसुल बुझाउनु भनी निवेदकलाई पठाएको नेपाल विद्युत प्राधिकरणको मिति २०७२।८।२८ को पत्र, सोउपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट मिति २०७२।११।११ मा भएको निर्णय एवं मिति २०७३।३।१३ को पत्रसमेत उत्प्रेषणको आदेशद्धारा बदर गरिएको" विद्युत महसुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२।९।२९  बाट मात्र वृद्धि भएको महसुल निवेदकबाट असुल गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको सम्बन्धमा, सो फैसला उपर चित्त नबुझी ने.वि.प्रा. द्धारा पुनरावलोकनको अनुमति पाउँ भनी निवेदन गरेकोमा मिति २०७७।१०।१५ मा सम्मानित सर्वोच्च अदालतद्धारा पुनरावलोकन अनुमति प्रदान गरिएको अवस्थामा अदालतमा विचाराधीन रहेको मुद्दामा विद्युत नियमन आयोग वा अन्य कुनै निकायले कानुनत: अन्यथा निर्णय गर्न नमिल्ने र यस विषयमा अदालतले नै निर्णय गर्ने हुँदा आयोगद्धारा थप निर्णय वा विवेचना गर्नुपर्ने अवस्था देखिदैंन भनी यस आयोग समक्ष विद्युत नियमन आयोगले यस आयोग समक्ष पठाएको मिति २०८०-०९-१६ को प्रेस विज्ञप्तिबाट देखिन्छ।)

**निर्णय नं. :- १०८६७**

**फैसला मिति :** २०७९/२/१९

**फैसला गर्ने अदालत:** **सर्वोच्च अदालत, पूर्ण इजलास।**

नेपाल विद्युत प्राधिकरण समावेश भएको प्रस्तुत मुद्दाको सुरू सुनुवाइ काठमाडौं जिल्ला अदालतबाट हुनुपर्ने हो ? वा पुनरावेदन अदालत पाटनबाट नै हुनुपर्ने हो ? भन्ने दोश्रो प्रश्नतर्फ विचार गर्दा, यस मुद्दाको सुरू फिराद काठमाडौं जिल्ला अदालतमा दर्ता भएको कुरामा कुनै विवाद देखिँदैन। साथै प्रस्तुत विवाद काठमाडौ जिल्ला अदालतले सुरू कारबाही र किनारा गर्ने अधिकारक्षेत्र अन्तर्गत रहेको देखिन्छ। अतः काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।०२।२२ मा मुद्दा हेर्ने अधिकारक्षेत्र नभएको भनी खारेज हुने ठहराएको फैसला उल्टी गरी जो जे बुझ्नुपर्ने बुझी कानुनबमोजिम कारबाही किनारा गर्नु भन्ने तत्कालिन पुनरावेदन अदालत पाटनको मिति २०७०।०८।०९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। कानुनबमोजिम कारबाही र किनारा गर्नु भनी दुबै पक्षलाई तारेख तोकी सम्बन्धित मिसिलहरू समेत काठमाडौं जिल्ला अदालतमा पठाइदिनू। पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७०।०८।०९ को फैसला बदर गरीपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन।

**रिट निवेदकको नाम**: सर्वोत्तम सिमेन्ट प्रा.लि., लक्ष्मी स्टिल्स प्रा.लि., बुटवल सिमेन्ट (074-CI-0117, 074-CI-0116, 074-CI-0941)

**प्रत्यर्थी**: नेपाल विद्युत प्राधिकरण, रत्नपार्क अन्तर्गत परासी वितरण केन्द्र, नवलपरासी।

**फैसला मिति :** २०७९/११/१२

**फैसला गर्ने अदालत:** **सर्वोच्च अदालत, संयुक्त इजलास।**

प्रकरणहरुमा विवेचना गरीए बमोजिम विपक्षी नेपाल विद्युत प्राधिकरण समेतबाट विद्युत महसुल परिवर्तन गरी नयाँ निर्धारण गरिएको महसुल दरका सम्बन्धमा भएको निर्णय तथा कामकारवाहीबाट मर्का परेमा त्यस्तो निर्णय वा काम कारबाही उपर पुनरावेदक उद्योगले पुनरावेदन गर्न सक्ने गरी वैकल्पिक कानूनी उपचारको मार्ग रहेको अवस्था देखिएको र उक्त परिवर्तित महसुल कुन मितिबाट लागु हुने भन्ने सन्दर्भमा यस्तै प्रश्न समावेश भएको मुद्दामा यस अघि नै यस अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको समेतको अवस्था देखिंदा पुनरावेदकको माँगबमोजिम आदेश जारी हुन नसक्ने भनी रिट निवेदन खारेज हुने ठहराएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१०।२० को आदेश मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदकका तर्फबाट यस अदालतमा पेश हुन आएको पुनरावेदन जिकीर पुग्न सक्दैन भनी सर्वोच्च अदालतबाट भएको फैसलाको सारांश रहेका छन्।

**रिट निवेदकको नाम**: एभरेष्ट पेपर मिल्स प्रा.लि. (मुद्दा नं. 072-WO-0852)

**प्रत्यर्थी**: विद्युत महसुल निर्धारण आयोग समेत।

**फैसला मिति :** २०७९/१२/२८

**फैसला गर्ने अदालत:** **सर्वोच्च अदालत, संयुक्त इजलास।**

निवेदकले उच्च अदालत जनकपुरमा दायर गरेको ०७५-WO-०५६५को निवेदन माँग दावी र प्रस्तुत निवेदन माँग दावी मिति २०७२।३।१२ मा विद्युत महसुलमा वृद्धि गर्ने गरी भएको सिफारिस र विद्युत महसुल आयोगबाट मिति

२०७३।१०।१० मा भएको निर्णय समेतमा प्रश्न उठाई दर्ता भएको छ।उक्त उच्च अदालत जनकपुरमा दायर गरेको ०७५-WO-०५६५ को निवेदन फैसला अन्तिम भईसकेको कुरामा पुनः एउटै निर्णय र सिफारिसका विषय उपर दायर भएको प्रस्तुत निवेदनमा थप विचार गरी विवेचना गर्नु औचित्ययुक्त र सान्दर्भिक देखिएन। साथै निवेदकले निवेदनमा उठान गरेको बिषयमा उपचार पाउने अन्य वैकल्पिक उपचारको व्यवस्था समेत रहे भएको अवस्थामा नेपाल विद्युत प्राधिकरण, संचालक समितिको मिति २०७३।०३।१२ मा भएको सिफारिस र सोका आधारमा विद्युत महसुल आयोगबाट मिति २०७३।१०।१० मा भएको निर्णय उत्प्रेषणको आदेश जारी गरी बदर गर्नु पर्ने देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

**उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला**

**रिट निवेदकको नाम**: निगाले सिमेन्ट प्रा.लि. (मुद्दा नं. 075-WO-0029)

**लिखित जवाफ दर्ता गर्ने**: नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय दरबारमार्ग काठमाडौँ समेत।

**फैसला मिति :** २०७६/१०/०७

**फैसला गर्ने अदालत: उच्च अदालत विराटनगर, धनकुटा इजलास।**

यसमा रिट निवेदकलाई विपक्षीहरु नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय दरबारमार्ग, काठमाण्डौ समेतले निर्धारण गरेको विद्युत महसुल उपर सुनुवाईको लागि छुट्टै पुनरावेदन दिन पाउने वैकल्पिक उपचारको मार्ग रहेको देखिएकोले निबेदन माग बमोजिमको उत्प्रेषणयुक्त परमादेश तथा प्रतिषेधको आदेश जारी गर्नु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

निवेदन साथ संलग्न गरिएको नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा, निर्देशनालय विराटनगर सान्दर्भिक कार्यालय, धनकुटा वितरण केन्द्रको पत्र संख्या २०७३/७४ च.नं ५८ को पत्रानुसार निवेदक निगाले सिमेन्ट प्रा.लि. (ग्राहक संख्या ००४-२९-५५४), सिधुवा धनकुटालाई लोड सेडिङ्ग कार्यान्वयन बारेको पत्र प्रेषित गरी नेपाल विद्युत प्राधिकरण दुहवी ग्रिड शाखाको च.नं. ४३७ को पत्रानुसार औधोगिक ग्राहक निगाले सिमेन्ट उद्योगको लोड सेडिङ्ग सेड्युल मिति २०७३/०५/०७ गते देखि लागुहुने गरी विद्युत कटौती (Load shedding) तालिका उपलब्ध गराई विद्युत कटौती (Load shedding) समेत गरेको देखिएकोले सो विद्युत कटौती (Load shedding) कहिले सम्म गरीयो? सो अवधिभर ट्रंक लाइनको सेवा वितरण गरिएको हो, होइन? कुन मितिबाट के कसरी विद्युत सप्लाई गरिएको हो? विद्युत कटौती (Load shedding) गरिएको अवधिभर शुल्क लाग्ने वा नलाग्ने के हो? सो को जानकारी निवेदकलाई दिएको नदेखिदा सो को सम्पुर्ण जानकारी लगायत अन्य आवश्यक जानकारी भए सो समेत निवेदक ग्राहकलाई दिनु भनी विपक्षीहरू नेपाल विद्युत प्राधिकरण र नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयमा नाममा नेपालको संविधानको धारा १४४ बमोजिम उपयुक्त आदेश जारी गरीदिएको छ।

**उच्च अदालत विराटनगरबाट भएको फैसला**

**रिट निवेदकको नाम**: बाबा जुटमिल प्रा.लि. (मुद्दा नं. 075-WO-0299)

**लिखित जवाफ दर्ता गर्ने:** नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत।

**फैसला मिति :** २०७६/१०/०७

**फैसला गर्ने अदालत:** उच्च अदालत विराटनगर।

विद्युत प्राधिकरणले छुट रकम असुलीको लागि गरेको पत्राचारलाई उल्लिखित विनियम अनुकुल रहे भएको मान्नु पर्ने देखिन आयो। यसरी पत्राचार भई सकेकोमा सो मा चित्त नबुझेमा पुनरावेदन समितिमा निवेदन दिन सक्ने गरी

भएको विनियमको व्यवस्थालाई निवेदकले अवलम्बन गरेको देखिएन। अपितु विद्युत ऐन, २०४९ प्रतिकुल हुने गरी विद्युत महसुल संकलन विनियमावली बनेको भन्दै उक्त नियमावलीले गरेको व्यवस्थाका आधारमा भए गरेका काम कारवाहीलाई चुनौती दिएर अदालत प्रवेश गरेको देखिन्छ। तर पनि उक्त विद्युत महसुल संकलन विनियमावली यथावत रहेको अवस्थामा सो अनुरुप छुट रकम असुलीका लागी भए गरेका काम कारवाहीलाई लिएर वैकल्पिक मार्गको समेत अवलम्बन नगरी अदातल प्रवेश गरेबाट निवेदकको दावी मनासिव मान्न मिलेन। तसर्थः उल्लिखित आधार कारणबाट निवेदकको माँग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

**उच्च अदालत जनकपुर राजविराज इजलासबाट भएको फैसला**

**रिट निवेदकको नामः** मारुती सिमेन्ट लि. (मुद्दा नं. 075-WO-0506)

**लिखित जवाफ दर्ता गर्ने:** नेपाल विद्युत प्राधिकरण, मिर्चैया वितरण केन्द्र, सिराहा।

**फैसला मिति :** २०७६/११/२१

**फैसला गर्ने अदालत:** उच्च अदालत जनकपुर राजविराज इजलास।

रिट निवेदकलाई विद्युत महसुल निर्धारण गरे उपर पुनरावेदन दिन पाउने वैकल्पिक कानूनी उपचारको बाटो छँदा छँदै सो उपचारको बाटो अवलम्वन नगरी प्रस्तुत रिट निवेदन दायर हुन आएको देखिएकाले निवेदकको माँग बमोजिमको आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यस अदालतबाट मिति २०७६। १। १९ मा जारी भएको अन्तरिम आदेश निष्कृय हुन्छ।

**उच्च अदालत जनकपुर अस्थायी इजलास बीरगंजबाट भएको फैसला**

रिट निवेदकको नामः सूर्य नेपाल प्रा.लि., जगदम्बा स्टील्स प्रा.लि., हुलास स्टील ईण्डष्ट्रिज, हामा आईरन एण्ड स्टील इण्डष्ट्रिज, सूर्य नेपाल प्रा.लि., अशोक स्टील ईण्डष्ड्रिज प्रा.लि., जगदम्बा स्टील्स प्रा.लि., हामा आईरन एण्ड स्टील इण्डष्ट्रिज, अशोक स्टील ईण्डष्ट्रिज प्रा.लि., हुलास स्टील ईण्डष्ट्रिज लिमिटेड (मुद्दा नं. 075-WO-0297, 075-WO-0270, 075-WO-0277, 075-WO-0279, 075-WO-0280, 075-WO-0281, 075-WO-0298, 075-WO-0299, 075-WO-0300, 075-WO-0407)

लिखित जवाफ दर्ता गर्ने: नेपाल विद्युत प्राधिकरण, सिमरा वितरण केन्द्र, सिमरा, बारा समेत।

**फैसला मिति :** २०७६/९/२२

फैसला गर्ने अदालत: उच्च अदालत जनकपुर अस्थायी इजलास बीरगंज।

उत्प्रेषणको आदेश कुनै सार्वजनिक वा सरकारी निकायले आफुलाई प्राप्त अधिकार भन्दा बढी अधिकारको प्रयोग गरेको, गैर कानूनी निर्णय गरेको वा कानून प्रतिकुल निर्णय गरेको र बैकल्पिक उपचार नभएको अवस्थामा जारी हुने भएकाले निवेदकलाई लेखिएको च.नं.६०४ मिति २०७५/१०/७ को पत्र कानून सम्मत नै रहे भएको, प्राप्त अधिकार भन्दा बढी अधिकारको प्रयोग गरी लेखेको (Excess of Power) भन्ने नदेखिएको र उल्लिखित पत्रानुसारको उपचार सामान्य मार्गबाट निवेदकले प्राप्त गर्ने अवस्था विद्यमान रहे भएकोले माँग बमोजिम आदेश जारी हुन सक्ने अवस्था देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने देखियो।

तसर्थ, माथि उल्लिखित विवेचित आधार कारण समेतबाट निवेदन माग बमोजिमको नेपाल विद्युत प्राधिकरण,सिमरा वितरण केन्द्रबाट मिति २०७५/१०/७ च.नं.६०४ द्वारा निवेदकलाई लेखिएको पत्र लगायत विपक्षीको कुनै पनि काम कारवाहीबाट निवेदकको संविधान एवं कानून प्रदत्त हकमा आघात परेको अवस्था

देखिन नआएकाले प्रस्तुत निवेदन माग बमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गरी रहनु पर्ने अवस्थाको विद्यमानता देखिन आएन, प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

**उच्च अदालत पाटनबाट भएको फैसला**

**रिट निवेदकको नाम:** अर्घाखाँची सिमेन्ट प्रा.लि., जगदम्बा सिन्थेटिक प्रा.लि., विशाल सिमेन्ट ईण्डस्ट्रिज प्रा.लि., शिवम सिमेन्ट प्रा.लि., युनाइटेड सिमेन्ट प्रा.लि., अरिहन्त मल्टी फाइवर्स लि., रघुपति जुट मिल्स लि., एभरेष्ट पेपर मिल्स प्रा.लि., रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि., अरिहन्त मल्टी पोलिप्याक्स लि., शुभश्री अग्नी सिमेन्ट उद्योग लि., रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि. (मुद्दा नं. 075-WO-0701, 075-WO-0700, 075-WO-0782, 075-WO-0816, 075-WO-0839, 075-WO-0819, 075-WO-0817, 075-WO-0824, 075-WO-0796, 075-WO-0818, 075-WO-0842, 075-WO-1057)

**लिखित जवाफ दर्ता गर्ने:** नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाडौँ समेत।

**फैसला मिति :** २०७६/०६/०५

**फैसला गर्ने अदालत:** उच्च अदालत पाटन।

नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९ को विनियम १६(६) मा प्राधिकरणको एक सबस्टेशन बाट अर्को सबस्टेशन जोड्ने Trunk line र Ring Main बाट ग्राहकलाई विद्युत लाइन दिइने छैन भन्ने व्यवस्था भए तापनि निवेदक कम्पनीमा ट्रंक लाइनबाट विद्युत आपूर्ति भएको देखिएको र औद्योगिक प्रतिष्ठान सुचारु रुपमा सञ्चालन गर्न निर्वाध र निरन्तर रुपमा विद्युत आपूर्ति प्रयोजन गर्नका लागि त्यस्तो ट्रंक लाइन जडान भएको देखिएकोमा निवेदक कम्पनीमा जडान गरिएको विद्युत आपूर्ति निर्वाध र निरन्तर रुपमा प्रवाह हुने ट्रंक लाइन डेडिकेटेड फिडर होइन भन्न मिलेन।

आयोगले अर्को निर्णय नभए सम्मका लागि नेपाल विद्युत प्राधिकरण संचालक समितिको बैठकले निर्णय गरेको महसुल दरलाई नै स्वीकृत गरी सार्वजनिक सूचना समेत प्रकाशन गरी सो निर्णय कार्यान्वयनका लागि मिति २०७२।१०।१४ मा नेपाल विद्युत प्राधिकरणलाई च.नं. १४ को पत्र मार्फत् जानकारी गराएको र प्राधिकरणले सो महसुल दर विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ मा समावेश गरीसकेको स्थितिमा आयोगले रितपूर्वक महसुल दर निर्धारण नगरेको भन्ने जिकिरसंग सहमत हुन सकिएन। नेपाल विद्युत प्राधिकरण विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को नियम ५ ( २ ) को पादटिप्पणीमा उल्लखित "नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०७२।०३।१२ को निर्णय विद्युत महसुल निर्धारण आयोगबाट अनुमोदन भई लागु भएको" भन्ने व्यहोराबाट समेत उल्लिखित महसुल दर विद्युत महसुल निर्धारण आयोगबाट निर्धारण भएको स्पष्ट हुन्छ।

जहाँसम्म निवेदक कम्पनीले आफूले विद्युत महसुल सङ्कलन विनियमावली,२०७३ को नियम ५(५) बमोजिम डेडिकेटेड फिडर सरहको सुविधा लिन संचालक समिति समक्ष निवेदन नै नदिएको एवम् संचालक समितिले आफ्नो उद्योगमा डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति गर्ने भनी निर्णय समेत नगरेको हुँदा डेडिकेटेड फिडरको महसुल दर लागु हुने होइन भन्ने निवेदकको जिकिर छ, सोतर्फ हेर्दा उक्त नियम ५ (५) मा "३३ के. भि. ट्रंक लाइन तथा ११ के. भि. रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभए सम्मको लागि हाल ट्रंक लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सोभन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महसुल तिरी लिन सक्नेछन्। यस्तो सेवा लिने स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह नेपाल विद्युत प्राधिकरण संचालक समितिबाट स्वीकृति नलिई नेपाल विद्युत प्राधिकरणले निर्धारण गरेको लोडसेडिङ समय कट्टा गरी विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत

चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाइन कट्टा गरी दफा ११ बमोजिम बिल रकम र सो बराबरको क्षतिपूर्ति रकम समेत तिर्नुपर्नेछ। यस्तो अवस्थामा विद्युतको बिल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महसुल लगाइनेछ। यसरी कायम भएको विद्युत महसुल तथा क्षतिपूर्ति रकम नतिरेसम्म विद्युत लाइन जोडिने छैन' भन्ने उल्लेख भएको देखिन्छ।

नेपाल विद्युत प्राधिकरण विद्युत सङ्कलन विनियमाली, २०७३ मिति २०७३।०४।०१ देखि लागु भएको र सो पूर्व नै निवेदक कम्पनीमा ट्रंक लाइन जडान भइसकेको भन्ने देखिंदा विनियममा उल्लिखित ३३ के.भि. ट्रंक लाइन तथा ११ के.भि. रिङ्गमेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन भन्ने व्यवस्था यी निवेदक कम्पनीका हकमा आकर्षित हुने देखिंदैन। हाल ट्रंक लाइनबाट आपूर्ति भइरहेका ग्राहकहरूले डेडिकेटेड फिडर सरह आपूर्ति लिन संचालक समिति समक्ष निवेदन दिई स्वीकृति लिनुपर्नेमा आफूले निवेदन नदिएको र संचालक समितिबाट समेत कुनै निर्णय नभएको भन्ने निवेदन दाबी भए तापनि निवेदकले ट्रंक लाइनबाट विद्युत आपूर्ति नै नलिएको भन्ने दाबी लिन सकेको अवस्था देखिंदैन। नियमको उल्लिखित व्यवस्था हेर्दा, संचालक समितिबाट स्वीकृति नलिई त्यस्तो विद्युत आपूर्ति लिएमा विद्युत चोरी नियन्त्रण ऐन बमोजिम कारवाही हुनाका साथै डेडिकेटेड फिडर लाइनको सरह नै विद्युत महसुल लगाइने भन्ने उल्लेख भएको देखिंदा संचालक समितिबाट स्वीकृति नलिएको भन्ने आधारमा डेडिकेटेड फिडर सरहको महसुल नलाग्ने भन्ने देखिन आएन। संरचनाका दृष्टिले ट्रंक लाइनबाट निरन्तर र निर्वाध रुपमा विद्युत आपूर्ति हुन सक्ने नै देखियो। यस अवस्थामा विनियममा व्यवस्था भए बमोजिम २० घण्टा वा सो भन्दा बढी समय विद्युत आपूर्ति भए नभएको विषय विद्युत खपतको अभिलेख देखिने Time of Day (TOD) मिटर वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकीन हुने विषय हो। वस्तुतः ऊर्जा महसुल ट्रंक लाइन वा डेडिकेटेड फिडरको संरचनामा लाग्ने नभई सो संरचना मार्फत् खपत भएको ऊर्जामा लाग्ने भएकाले आफूले खपत गरेको ऊर्जा वापत नियमले निर्धारण गरेको दरमा तिर्नुपर्ने महसुल विनियम ५ ( ५ ) को प्रकृया पुरा नगरेका आधारमा निवेदक कम्पनीको हकमा आकर्षित नहुने भन्ने देखिन आएन। हाल मुलुकमा लोडसेडिङको अवस्था अन्त्य भइसकेको भन्ने निवेदन दाबी रहेकोमा विनियमावली बमोजिमको महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै भएकाले त्यसतर्फ थप विवेचना गर्नु परेन।

नेपाल विद्युत प्राधिकरणबाट निवेदक कम्पनीमा प्रेषित मिति २०७५।११।२२ को पत्रमा विद्युत महसुल सङ्कलन विनियमावली,२०७३ को अनुसूची १ (क) बमोजिम ट्रंक लाइनको Tariff मा बिलिङ हुनुपर्नेमा औद्योगिक Tariff मा बिलिङ भइरहेकोले २०७५ फागुनदेखि ट्रंक लाइन प्रयोग भए अनुसार बिलिङ हुने र २०७३ भाद्रदेखि २०७५ फागुनसम्मको फरक छुट बिलिङ समेत गरिने भन्ने उल्लेख भएको देखियो। नेपाल विद्युत प्राधिकरण विनियमावली, २०६९ को नियम २० तथा विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५ (१३) मा प्राधिकरणले ग्राहकलाई बिलिङ गर्दा कुनै कारणवस छुट भएमा सोको जानकारी भए पश्चात् जुनसुकै समयमा पनि विद्युत उपभोग गरी छुटेको खपत वापत छुट्टै बिलिङ गरिनेछ भन्ने व्यवस्था देखिंदा कुनै कारणले बिलिङ छुट हुन गएमा नेपाल विद्युत प्राधिकरणले छुट बिलिङ गर्न नपाउने भन्ने देखिन आएन। साथै, विपक्षी प्राधिकरणले यथासमयमा बिलिङ नगरेकै कारण मुलुकभर लोडसेडिङ कायम रहेको अवस्थामा निवेदक उद्योगलाई विशेष विद्युत आपूर्ति वापत् विनियमावली बमोजिम तिर्न बुझाउनुपर्ने महसुल तिर्न बुझाउनुपर्ने दायित्वबाट निवेदक कम्पनीले उन्मुक्ति पाउन सक्ने आधार र अवस्था देखिन आएन।

नेपाल विद्युत प्राधिकरण विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ को विनियम ५(१३) तथा विद्युत वितरण विनियमावली, २०६९ को नियम ४५ मा बिलिङ लगायत नियमावली बमोजिम भए गरेका काम कारवाही तथा निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सोही नियममा उल्लिखित प्रकृया अवलम्बन गरी पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न पाउने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ। नियमावलीको उल्लिखित व्यवस्था

विपक्षी प्राधिकरणको निर्णय एवम् काम कारवाहीमा चित्त नबुझेमा सोको विरुद्ध कानूनी उपचारको रुपमा राखिएको व्यवस्था देखिंदा सो समितिले नै निवेदकले के कति विद्युत शक्ति खपत गरेको हो, निवेदकलाई के कुन दरको के कति शुल्क लाग्ने हो भन्ने लगायतका निवेदकले उठाएको सबै प्रश्नहरूको निरुपण गर्नसक्ने अवस्थाको विद्यमानता रहेकोमा निवेदकले कानुनले प्रदान गरेको वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सोझै रिट क्षेत्राधिकारको माध्यमबाट अदालत प्रवेश गरेको देखिंदा निवेदकको माँग बमोजिमको रिट जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। नेपाल विद्युत प्राधिकरणको उल्लिखित विनियमावलीहरूमा प्राधिकरणलाई छुट बिलिङ गर्न पाउने अधिकार भएको देखिए तापनि विनियमावलीको उक्त प्रावधानलाई अपवादात्मक व्यवस्थाका रुपमा लिनुपर्ने हुन्छ। नियमित बिलिङमा "कुनै कारणवस " छुट भएमा मात्र "छुट बिलिङ" गरिने नियमको मनसाय देखिंदा यसलाई नियमित बिलिङको रुपमा लिइनु हुँदैन। विपक्षी नेपाल विद्युत प्राधिकरणले २०७३ श्रावण १ गते देखि लागु भएको विद्युत महसुल सङ्कलन विनियमावली, २०७३ ले निर्धारित गरेको ट्रंक लाइन र डेडिकेटेड फिडरको महसुल दर लागु गर्नेतर्फ लामो समयसम्म उदासिन रही सम्बन्धित विनियमावली बमोजिम बिलिङ नगरी बिलिङ छुट भएको भनी २०७५ फागुनमा मात्र उक्त महसुल अनुसारको बिलिङ गर्दा सम्बन्धित ग्राहकमा अन्यौलको अवस्था सृजना भएको देखियो। मुलुकभर लोडसेडिङ कायम रहेको अवस्थामा निवेदक उद्योगहरूलाई उपलब्ध गराएको विशेष विद्युत आपूर्ति वापत विनियमावलीले निर्धारण गरे बमोजिमको महसुल तत्काल बिलिङ नगरी नेपाल विद्युत प्राधिकरण व्यवस्थापनले गम्भीर लापरवाहीपूर्ण कार्य गरेको देखिएकोले सम्बन्धित निकायको ध्यानाकर्षण गर्न यो न्यायिक टिप्पणी गरिएको छ।

**उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला**

**रिट निवेदकको नाम**: बुटवल सिमेन्ट मिल्स प्रा.लि., सर्वोत्तम सिमेण्ट प्रा.लि., लक्ष्मी स्टील्स (मुद्दा नं. 073-WO-0094, 073-WO-0095, 073-WO-0096 )

**लिखित जवाफ दर्ता गर्ने:** नेपाल विद्युत प्राधिकरण, परासी बितरण केन्द्र नवलपरासी समेत।

**फैसला मिति :** २०७६/०७/२१

**फैसला गर्ने अदालत:** उच्च अदालत तुलसीपुर, बुटवल इजलास।

उपर्युक्त तथ्यबाट यही बिषयमा पहिला रिट निवेदन दायर भएको थियो भन्ने तथ्य रिट निवेदकले उद्धृत गरेको निर्देशनात्मक आदेश पालना गरीएन भन्ने निवेदनमा उल्लिखित निर्देशनात्मक आदेश बमोजिमको बिवरण निजलाई आवश्यक नभएकोले माग गर्न नआएको देखिन्छ भन्ने लिखित जवाफबाट देखिन आएको र निवेदकले संलग्न गरेको आदेशको छायाँकपीबाट पूर्व रिट निवेदन खारेज भएको भन्ने देखिएको साथै रिट निवेदनमा बिद्युत शक्तिको लाइन काट्ने कार्य उत्प्रेषणको आदेशले बदर गरी विवादित रकम माँग नगर्नु लाइन जोडिदिनु भन्ने परमादेश जारी गरी पाउँ भन्ने निवेदन दावी भएकोमा बिच्छेद भएको बिद्युत लाइन जडान भैसकेको र निवेदकले प्राधिकरणबाट माँग भएको बिद्युत महसुललाई स्वीकार गरी भुक्तानी गरीसकेकाले प्रस्तुत निवेदनपत्र निष्प्रयोजित भएको भन्ने लिखित जवाफबाट देखिन आई सो तथ्यलाई रिट निवेदकले अन्यथा जिकिर लिएको नदेखिएबाट माग बमोजिम आदेश जारी गर्न मिलेन । उत्प्रेषण परमादेशको रिट निवेदन खारेज हुने ठहर्छ।

**उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला**

**रिट निवेदकको नाम**: सर्वोत्तम सिमेण्ट प्रा.लि., लक्ष्मी स्टील्स, बुटवल सिमेन्ट मिल्स प्रा.लि., पाल्पा सिमेन्ट ईन्डष्ट्रीज (मुद्दा नं. 075-WO-0128, 073-WO-0129, 075-WO-00130, 073-WO-0170)

**लिखित जवाफ दर्ता गर्ने:** नेपाल विद्युत प्राधिकरण, परासी बितरण केन्द्र नवलपरासी समेत।

**फैसला मिति :** २०७६/०७/२१

**फैसला गर्ने अदालत:** उच्च अदालत तुलसीपुर, बुटवल इजलास।

नेपाल विद्युत प्राधिकरण परासी वितरक केन्द्रले च.नं.२१३७/२०७५।११।२६ मा प्रेषित पत्राचार सम्बन्धमा चित्त नबुझेमा निवेदक सर्वोत्तम सिमेन्ट प्रा.लि. विद्युत प्राधिकरण वितरण विनियमावली, २०६९ को विनियम ४५ अनुसार ४६ बमोजिम गठित पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न सक्ने कानूनी उपचारको व्यवस्था रहदा रहदै त्यस्तो वैकल्पिक उपचारको मार्ग अवलम्वन नगरी सोझै रिट क्षेत्राधिकारको प्रयोग गरी अदालत प्रवेश गरेको देखिंदा र संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने निकाय विद्युत महसुल निर्धारण आयोगलाई विपक्षी सम्म गराउन सकेको समेत नदेखिंदा निवेदकको माँग बमोजिमको रिट जारी गर्नु पर्ने अवस्थाको विद्यमानता देखिन आएन। तसर्थ, उल्लिखित आधार कारणहरुबाट निवेदक वैकल्पिक कानूनी मार्ग रहदा रहदै रिट निवेदनको सहारा लिई सोझै अदालत प्रवेश गरेको देखिएको र डेडिकेटेड फिडरबाट विद्युत सेवा उपभोग नगरेको भन्ने नदेखिँदा निवेदन माग बमोजिमको उत्प्रेषण परमादेश लगायतको आदेश जारी गर्नु पर्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

**उच्च अदालत तुलसीपुरबाट भएको फैसला**

**रिट निवेदकको नाम**: घोराही सिमेण्ट इण्डष्ट्री प्रा.लि., सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि.(मुद्दा नं. 075-WO-0037, 075-WO-0043)

**लिखित जवाफ दर्ता गर्ने:** नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्रहक सेवा, घोराही वितरण केन्द्र दाङ।

**फैसला मिति :** २०७६/०७/२१

निवेदकले निवेदनमा आफूले चाहेको उपचारको व्यवस्था कानुनमा नभएको वा कानुनमा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको भनी आधार कारण सहित दावी गर्न सकेको देखिदैंन। मौजुदा प्रभावकारी र सशक्त कानूनी उपचारको बाटोलाई निष्कृय, प्रभावहीन हुने गरी अदालतले असाधारणा अधिकारको प्रयोग गर्नु बान्छनीय समेत हुने हुँदैन।

यसरी बिपक्षी विद्युत प्राधिकरणबाट मिति २०७५/११/२३ मा छुट बिलिङको रकम जम्मा सम्बन्धी पत्र पठाएको र सो विनियममा चित्त नबुझ्ने पक्षले बिद्युत महसुल संकलन बिनियमावली, २०७३ को विनियम ५(१३) बमोजिम सो को बिरुद्ध पुनरावेदन समिति समक्ष निवेदन पेश गर्नु पर्नेमा सो तर्फ कुनै प्रक्रिया अबलम्बन नगरी स्वीकार गरी बसेको अबस्था देखिंदा प्रस्तुत निवेदनको अन्तर बिषयमा प्रबेश गरी निवेदन माग बमोजिमको आदेश जारी गरी रहनु परेन।

अतः यसमा विद्युत महसुल संकलन बिनियमावली, २०७३ को बिनियम ५(१३) मा पुनरावेदन गर्न सकिने सशक्त एवं प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था भएको अवस्थामा सोतर्फ उपचार माग गर्न नगई रिट क्षेत्रमा प्रवेश गरेको देखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

**जिल्ला अदालत बाराबाट भएको फैसला**

**फिरादीको नाम**: अशोक स्टील इण्डस्ट्रिज प्रा.लि. (गौरीशङ्कर श्रीवास्तव), हामा आइरन स्टील प्रा.लि.(सुरेन्द्र प्रसाद), सूर्य नेपाल प्रा.लि.(अभिमन्यू), जगदम्बा स्टील प्रा.लि.(साहिला अग्रवाल), हुलास स्टील इण्डस्ट्रिज बारा सिमरा (मुद्दा नं. क्रमस:- 076-CP-1515, 076-CP-1516, 076-CP-1580, 076-CP-1600, 077-CP-1858)।

**प्रतिउत्तर जिकिर गर्ने**: नेपाल विद्युत प्राधिकरण, सिमरा वितरण केन्द्र।

**फैसला मिति :** २०७९/११/२९

**फैसला गर्ने अदालत:** बारा जिल्ला अदालत।

वादीले उच्च लोड क्षमतायुक्त विद्युत उपयोग गरी आएको देखिन्छ। यस्तो प्रकारको विद्युत आपूर्ति न्यून क्षमताको प्रसारण लाइनबाट सम्भव नहुने भएकोले उच्च क्षमताको विद्युत उपभोग गर्ने ग्राहकलाई नेपाल विद्युत प्राधिकरणले उच्च लोड क्षमतायुक्त ट्रक लाइन वा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति गर्दै आएको देखिन्छ। यस प्रकारको विद्युत आपूर्ति विद्युत प्राधिकरणको प्रसारण लाइनमा विशेष कारणवश संरचनागत क्षति पुगेको अवस्थामा बाहेक चौबिसै घण्टा विद्युत आपूर्ति हुने प्रकारको फिडर रहेको पाइयो। फिरादीले उपभोग गरेको ट्रेक लाइन स्वयंमा डेडिकेटेड फिडर रहेको र डेडिकेटेड लाइनभन्दा ट्रेक लाइन कम क्षमता र सुविधाको नरहेको अवस्था समेत रहेको छ।

प्राधिकरणको संचालक समितिको निर्णयद्वारा डेडिकेटेड फिडरबाट विद्युत लिने ग्राहकलाई फरक दरमा महसुल लगाउने निर्णय कार्यान्वयन गरेको देखिन्छ। उपरोक्त आधार कारणहरुबाट नेपाल विद्युत प्राधिकरणलाई विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्ने अधिकार रहेको र विद्युत महसुल निर्धारण आयोगबाट स्विकृत गरिएको विषय विद्युत महसुल निर्धारण आयोगको पत्रबाट समेत देखिँदा नयाँ दरमा गरेको बिलिङहरु समेत बदर गरीपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ भनी जिल्ला अदालत बाराबाट भएको फैसलाको सारांश रहेका छन्।

## जिल्ला अदालत धादिङ्बाट भएको फैसला

**फिरादीको नाम**: युनाइटेड सिमेन्ट प्रा.लि. (मुद्दा नं. 076-CP-0374)।

**प्रतिउत्तर जिकिर गर्ने**: नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत।

**फैसला मिति :** २०७९/०९/१७

**फैसला गर्ने अदालत:** धादिङ जिल्ला अदालत।

यसै विषयमा युनाइटेड सिमेन्ट प्रा.लि.ले उच्चा अदालत पाटनमा मुद्दा नं. 075-WO-0893 को रिट निवेदन दायर गरेकोमा सम्मानित उच्च अदालतबाट रिट खारेज हुँदा सो निर्णयको आशय अनुसार पुनरावेदन समिति समक्ष निवेदन नगरी सिधै निर्णय वदर भन्ने शिर्षकबाट धादिङ जिल्ला अदालतमा प्रवेश गरेको साथसाथै उच्च अदालत पाटनबाट उक्त रिटमा निर्णय भएकोमा सो उपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरेको भन्ने पनि देखिएन भन्ने सम्मानित उच्च अदालतबाट प्राधिकरण स्वयम् मौकामा लामो समयसम्म उदासिन रही २०७५ सालमा मात्र बिलिङ गरी लापरबाही गरेको न्यायिक टिप्पणी गर्दै बढी समय विद्युत आपूर्ति भए नभएको विषय विद्युत खपतको अभिलेख देखिने ToD मिटर वा अन्य प्राविधिक तथ्यको विष्लेषणबाट यकीन हुने विषय हो भन्दै पुनरावेदन समितिबाट देखाएको देखिन्छ। तसर्थ सो सन्दर्भमा अदालत बोल्न परेन, दावी नपुग्ने ठहर्छ भनी धादिङ जिल्ला अदालतबाट फैसलाको सारांश रहेका छन्।

## जिल्ला अदालत धनकुटाबाट भएको फैसला

**फिरादीको नाम**: निगाले सिमेन्ट प्रा.लि. (मुद्दा नं. 076-CP-0035)

**प्रतिउत्तर जिकिर गर्ने**: नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत।

**फैसला मिति :** २०८०/०१/०६

**फैसला गर्ने अदालत:** धनकुटा जिल्ला अदालत।

छुट बिलिङ गर्दा ट्रंक लाइन उपयोग गरेको भनी थप बिलिङ गरेको पाइन्छ। उद्योगले विद्युत लाइनको क्षमता वृद्धिको लागि निवेदन दिएको र सो बमोजिम प्राधिकरणले ३३ के.भी. को क्षमता वृद्धि गरेको देखिन्छ। उद्योगले ट्रंक लाइन प्रयोग गरेको देखिन्छ। प्राधिकरणले छुट बिल निर्धारण गर्ने प्राप्त अधिकार बमोजिम निर्णय गरेको सो निर्णयमा चित्त नबुझेमा विद्युत वितरण विनियमावली, २०६९ को वनियम ४५ को उप विनियम १ बमोजिम ३५ दिन भित्र यसै कार्यालय मार्फत वा सिधै पुनरावेदन समिति समक्ष पुनरावेदन पत्रको निवेदन दिन सक्नुपर्ने भनी भएको कानूनी व्यवस्थालाई वादीले उक्त मार्ग अबलम्बन गरेको देखिदैंन। आफूले खपत गरेको विद्युत वापतको रकम यो यति तिरेको भनी हिसाब पेश गरेको फिराद लेखबाट देखिदैंन। आफ्नातर्फबाट हिसाब देखाएको नभई प्राविधिक र प्रशासनिक तवरबाट कानुनको अबलम्बन गरी फरक रकम छुट बिलिङ गरेकोले सो बिलिङ बमोजिमको रकम तिर्नु नपर्ने हिसाव किताब लिएर आएको नभई ट्रंक लाइन प्रयोग नगरेको भन्ने वादीको जिकिर मनासिव देखिन आउँदैन। प्राधिकरणबाट भएको काम कारवाही उपर चित्त नबुझ्ने पक्षले कानुनमा भएको पुनरावेदकीय अधिकार वादीले प्रयोग गर्नुपर्ने थियो। पुनरावेदकीय समितिले पनि उक्त विद्युत महसुल निर्धारण आयोगबाट भएको निर्णय उपर विचार गरी निर्णय गर्न सकिने देखिन्छ। यसै सम्बन्धमा यीनै बादीले नेपाल विद्युत प्राधिकरणलाई विपक्षी बनाई दायर गरेको उत्प्रेषण परमादेशको रीट उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट खारेज भएको देखिन्छ। वादी दाबीको विषयलाई पुनरावेदन सिमिति समक्ष पेश गरी उपचार प्राप्त गर्न सक्ने र विद्युत महसुलको विषय प्राविधिक रहेको प्रष्ट रूपमा वादीले आफ्नो हिसाव पेश गरी फिराद गरेको नदेखिंदा वादी दाबी बमोजिम निर्णय हुन नसक्ने हुँदा वादी दावी पुग्न सक्दैन जिल्ला अदालतबाट फैसलाको सारांश रहेको छ।

## जिल्ला अदालत नवलपरासीबाट भएको फैसला

**फिरादीको नाम**: वुटवल सिमेन्ट मिल्स प्रा.लि., सिद्धि लक्ष्मी स्टिल प्रा.लि. (मुद्दा नं. क्रमस: 077-CP-0058, मुद्दा नं. 077-CP-1186)

**प्रतिउत्तर जिकिर गर्ने**: नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र समेत।

**फैसला मिति :** २०८०/०३/०७

**फैसला गर्ने अदालत:** नवलपरासी जिल्ला अदालत।

विद्यमान विद्युत महसुल संकलन विनियमावली, २०७३ को वैधतामा प्रश्न उठाएर छुट विद्युत महसुल भुक्तानीका लागि प्राधिकरणले गरेको पत्राचारका सम्बन्धमा विनियमावली खारेज नहुँदासम्म त्यसलाई वैद्य कानुनका रुपमा मान्यता दिनु पर्ने सम्बन्धमा वादी पक्षले चुनौती दिएका उक्त विनियमावलीका महसुल सम्बन्धी प्रावधानहरूको वैद्यता विद्युत महसुल निर्धारण आयोगको निर्णय र अनुमोदनद्वारा स्थापित भएको देखिन्छ।नेपाल विद्युत प्राधिकरण, परासी वितरण केन्द्रद्वारा वादी संस्थालाई प्रेषित पत्र र त्यसले ईगित गरेको छुट बिलिङ मार्फत निर्धारण गरिएको छुट विद्युत महसुलको विषयलाई विद्युत महसुल संकलन विनियमावली, २०७३ को वैधतासंग जोडेर अन्यथा भन्न मिल्ने अवस्था नरहेको, वादी दावीको समग्र विषयमा विद्युत महसुल संकलन विनियमावली, २०६९ को विनियम ४५ समेतका आधारमा पुनरावेदन समिति समक्ष पेश गर्न सकिने उपचार मार्ग विद्यमान रही उक्त समितिबाट स्वाभाविक रुपमा सो अनुसारको जिम्मेवारी र दायित्व वहान गरी वादी दावीका विषय सम्बोधन हुने सक्ने अवस्था समेत रहेको र वादी दावी अनुसार विद्युत महसुलको सम्पूर्ण हिसाव गरी बिजक जारी गर्ने कार्य यस अदालतबाट सम्भव हुन नसक्ने हुँदा बिल बदर गरी साबिक दरमा बिल जारी गरीपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ भनी जिल्ला अदालत नवलपरासीबाट भएका फैसलाको सारांश रहेका छन्।

## जिल्ला अदालत रुपन्देहीबाट भएको फैसला

**फिरादीको नामः** जिबी टेक्सटाइल मिल, जगदम्बा सिन्थेटिक प्रा.लि., अर्घाखाँची सिमेन्ट, शुभ लक्ष्मी पोलिमर इन्डस्ट्रीज, पञ्चकन्या स्टिल प्रा.लि., पञ्चकन्या पलास्टीक इन्डस्ट्रीज, नेसनल रबर इन्डस्ट्रीज, सिदार्थ पेट्र पलास्ट इन्डस्ट्रीज प्रा.लि., यशोधा फुड्स प्रा.लि., घराना फुड्स प्रा.लि., सोनी पोलिमरस इन्डस्ट्रीज प्रा.लि., श्याम प्लास्टिक उद्योग, गोयनका फुडस प्रा.लि., एस आर फुडस प्रा.लि., नव नेपाल प्लास्टिक प्रा.लि., एजी हेल्थ इन्डट्रिज प्रा.लि., सोना प्याकेजिङ्ग प्रा.लि., एस आर इस्टिल इस्टलिङ्ग प्रा.लि., भलवारी स्वचालीत चामल मिल, एभर्ष्ट रोलिङ्ग इन्डस्ट्रिज, फेरो इस्टिल प्रा.लि., न्यू नरायण रबर इन्डस्ट्रिज (मुद्दा नं. क्रमस: 078-CP-0238, 076-CP-0880, 076-CP-0910, 078-CP-0246, 078-CP-0245, 078-CP-0224, 078-CP-0243, 078-CP-0242, 078-CP-0241, 078-CP-0240, 078-CP-0239, 078-CP-0253, 078-CP-0255, 078-CP-0248, 078-CP-0252, 078-CP-0251, 078-CP-0250, 078-CP-0254, 078-CP-0249, 078-CP-0247, 078-CP-0686, 078-CP-0761)

**प्रतिउत्तर जिकिर गर्ने**: नेपाल विद्युत प्राधिकरण, भैरवा वितरण केन्द्र समेत।

**फैसला मिति :** २०७९/०९/२१

**फैसला गर्ने अदालत:** रुपन्देही जिल्ला अदालत।

उद्योगले उठाएको वर्ग परिवर्तनको सम्बन्धमा डेडिकेटेड सप्लाई वा निर्वाध विद्युत आपूर्तिको प्रबन्ध भनेको ग्राहक वर्गीकरणको विषयबस्तु अन्तर्गत पर्ने देखिँदैन। विद्युत महसुल संकलन विनियमावलीको विनियम ३ ले गरेको वर्गीकरणको सूची भित्र डेडिकेटेड सप्लाई वा डेडिकेटेड फिडर वा ट्रंक लाइनबाट आपूर्ति सेवा लिएका ग्राहकलाई छुट्टै वर्गमा वर्गीकृत गरेको पाइदैन। बरू उक्त विनियमावलीको परिभाषा खण्डमा ग्राहक शब्दको परिभाषा गर्दा ट्रंक लाइन र डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति सेवा लिएको ग्राहकलाई समेत समेटेको अवस्था छ।डेडिकेटेड सप्लाई भनेको विद्युत आपूर्ति सेवा लिने ग्राहकको छुट्टै वर्ग नभई त्यस्तो सेवा प्रदान गर्ने प्रकृया मात्र रहेको भन्ने देखिन आउँछ। यस आधारमा हेर्दा वादी संस्थाले जुन वर्ग अन्तर्गतको विद्युत आपूर्ति सेवा प्राप्त गरेको हो त्यस वर्गबाट परिवर्तन गरी अर्को वर्गमा लगिएको भनी मान्न सकिने वस्तुनिष्ठ आधार मिसिलबाट भेटिँदैन।

कुनै पनि विशेष सुविधा लिने संस्थाले विशेष महसुल बुझाउनु पर्ने प्रबन्ध गरिनुलाई अन्यथा भन्न सकिँदैन। विशेष सेवा सुविधाभित्र विशेष महसुल, शुल्क वा दस्तुरको विषय पनि स्वत: अन्तरनिहित हुन्छ। वादी संस्थाले निर्वाध विद्युत आपूर्ति भएको अवस्थामा मात्र तदनुरुपको महसुल बुझाउनु पर्ने वैद्य अपेक्षा (Legitimate expectation) गरे जस्तै आपूर्तिकर्ता संस्थाले पनि त्यस्तो विशेष सुविधाका लागि गरेको विशेष प्रबन्धसँगै त्यसमा विशेष महसुलको अपेक्षा गर्नुलाई अस्वाभाविक, असमान र अनुचित मान्न सकिने हुँदैन। त्यसमा पनि विद्युत महसुल निर्धारण आयोगलेनै डेडिकेटेड लाइन र ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, व्यापारिक, गैर व्यापारिक वर्गका ग्राहकले विद्युत शक्ति खपत गरे वापत लिने शुल्क यकीन गरीदिए अनुसार त्यसलाई विनियमावलीको अङ्ग बनाएकोको अवस्थामा महसुलको दर र त्यसको वैधतामा प्रश्न उठाउन मिल्ने हुँदैन।

वादी संस्थाले तिर्नु बुझाउनु पर्ने वास्तविक विद्युत महसुल यकीन गरी पुन: बिजक जारी गरी पाउन माँग गरिएको अवस्था छ। फिरादपत्रमा विद्युत महसुल सम्बन्धी निर्णय बदरको माँग गरिएको भए पनि कुन मितिमा कुन निर्णय बदरको माँग गरिएको हो भन्ने स्पष्ट खुलाउन सकिएको पाइदैन। नत आफुले यो यति विद्युत खपत गरी सो वापत यो यति महसुल बुझाएको, यो यति बुझाउन बाँकी रहेको वा विद्युत खपत गरे अनुसारको सम्पूर्ण महसुल चुक्ता गरेको भनी आफ्ना तर्फबाट हिसाव देखाई दावी प्रस्तुत गर्न सकेको नै अवस्था छ। त्यसरी निर्णय बदर तर्फ स्पष्ट दावी प्रस्तुत हुन नसकेको अवस्थामा विद्यु महसुलका रुपमा वादी संस्थाले तिरे बुझाएको वा तिर्न बुझाउन पर्ने

सम्पूर्ण हिसाव गरी रकम यकीन गर्ने र सो आधारमा पुन: बिजक जारी गर्ने जस्तो प्राविधिक र प्रशासनिक विषयमा यस अदालतले क्षेत्राधिकार ग्रहण गरी न्याय निरुपण गर्न कानूनी र व्यवहारिक दृष्टिले वाञ्छनीय हुँदैन। त्यस्ता विषयलाई विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (१३) तथा विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ समेतका आधारमा पुनरावेदन समिति समक्ष प्रस्तुत गर्न सकिने गरी न्यायिक उपचारको विशिष्ट प्रबन्ध गरिएको पाइन्छ। उक्त समिति समक्ष निवेदन पेश भएका बखत वादी संस्थाले दावी लिएको समग्र विषयलाई संवोधन गर्नुपर्ने स्वभाविक जिम्मेवारी उक्त समितिले वहन गर्नेनै छ यसमा अविश्वास गर्नु पर्ने वस्तुनिष्ठ आधार र कारण देखिन आउँदैन।

प्राधिकरणबाट छुट बिलिङ मार्फत निर्धारण गरिएको छुट बिद्युत महसुलको विषयलाई विद्युत महसुल संकलन विनियमावली, २०७३ को वैधतासंग जोडेर अन्यथा भन्न मिल्ने अवस्था नरहेको, वादी दावीको समग्र विषयमा विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम ५ को उपविनियम (१३) तथा विद्युत वितरण विनियमावली, २०६९ को विनियम ४५ समेतका आधारमा पुनरावेदन समिति समक्ष पेश गर्न सकिने उपचारको मार्ग विद्यमान रही उक्त समितिबाट स्वाभाविक रुपमा सो अनुसारको जिम्मेवारी र दायित्व वहन गरी वादी दावीका विषय सम्बोधन हुन सक्ने अवस्था समेत रहेको र वादी दावी अनुसार विद्युत महसुलको सम्पूर्ण हिसाव गरी बिजक जारी गर्ने कार्य यस अदालतबाट हुन नसक्ने हुँदा प्रस्तुत मुद्दाको रोहबाट थप प्रमाण बुझिरहनु पर्ने समेत देखिएन। तसर्थ नेपाल विद्युत प्राधिकरण, वुटवल वितरण केन्द्रको च.नं. १२४९, मिति २०७८/३/११ को उक्त पत्र समेत वदर गरी विद्युत महसुलको हिसाव गरी बिजक जारी गरी पाउँ भन्ने समेतको वादी दावी प्रथम दृष्टिमै पुग्न नसक्ने ठहर्छ भनी जिल्ला अदालत रुपन्देहीबाट भएको फैसलाको सारांश रहेका छन्।

## अनुसूची-७ : आयोगमा प्राप्त निवेदनहरु

| क्र.सं. | दर्ता नं. | निवेदक, उद्योगको नाम | कैफियत |
|---|---|---|---|
| १ | ३ | अरिहन्त पोलिप्याक्स, दुहवी, सुनसरी | |
| २ | ४ | अहन्त मल्टि फाईवर लि., दुहवी, सुनसरी | |
| ३ | ५ | रघुपती जुट मिल्स, विराटनगर | |
| ४ | ६ | नारायणी स्पता मिल्स, वीरगञ्ज | |
| ५ | ८ | रोल्पा सिमेण्ट प्रा.लि., रोल्पा | |
| ६ | ९ | हुलास स्टिल ईण्डष्ट्रिज लिमिटेड, सिमरा, बारा | |
| ७ | १० | घराना फुड्स प्रा.लि., भैरहवा | |
| ८ | ११ | गोयन्का फुड्स प्रा.लि, नयाँमिल | |
| ९ | १२ | शुभलक्ष्मी पोलिमर्स ईण्डष्ट्रिज प्रा.लि., नयाँमिल | |
| १० | १३ | एस.आर. फुड्स प्रा.लि., भैरहवा | |
| ११ | १४ | एस.आर.स्टिल ईण्डष्ट्रिज प्रा.लि., नयाँमिल | |
| १२ | १५ | भलवारी स्वचालित चामल कारखाना, नयाँमिल | |
| १३ | १६ | ए.जि.हेल्थ ईण्डष्ट्रिज प्रा.लि., नयाँमिल | |
| १४ | १७ | सिद्धार्थ पेट प्लास्ट प्रा.लि., भैरहवा | |
| १५ | १८ | पञ्चकन्या प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि., नयाँमिल | |
| १६ | १९ | नेशनाल रवर ईण्डष्ट्रिज प्रा.लि., नयाँमिल | |
| १७ | २० | एभरेष्ट रोलिङ्ग ईण्डष्ट्रिज प्रा.लि., भैरहवा | |
| १८ | २१ | पञ्चकन्या स्टिल प्रा.लि., नयाँमिल | |
| १९ | २२ | श्याम प्लाष्टिक उधोग, नयाँमिल | |
| २० | २३ | नव नेपाल प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि., नयाँमिल | |
| २१ | २४ | लक्ष्मी स्टिल लिमिटेड, परासी | |
| २२ | २५ | सर्वोत्तम सिमेण्ट लिमिटेड, परासी | |
| २३ | २६ | जि.वी. टेक्सटायल्स प्रा.लि., बुटवल | |
| २४ | २७ | युनाईटेड सिमेण्ट प्रा.लि., धादिङ्ग | |
| २५ | २८ | जय दुर्गा प्लाष्टिक उधोग, नयाँमिल | |

| क्र.सं. | दर्ता नं. | निवेदक, उद्योगको नाम | कैफियत |
|---|---|---|---|
| २६ | २९ | रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, ईटहरी | |
| २७ | ३० | एभरेष्ट पेपर मिल्स, सखुवा | |
| २८ | ३१ | मारुती सिमेण्ट लिमिटेड, मिर्चैया, सिरहा | |
| २९ | ३२ | सोना प्याकेजिङ्ग ईण्डष्ट्रिज प्रा.लि., भैरहवा | |
| ३० | ३३ | यशोदा फुड्स प्रा.लि., नयाँमिल | |
| ३१ | ३४ | सोना पोलिमर्स ईण्डष्ट्रिज प्रा.लि., भैरहवा | |
| ३२ | ३५ | अशोक स्टिल ईण्डष्ट्रिज प्रा.लि., सिमरा | |
| ३३ | ३६ | बुटवल समेण्ट मिल्स प्रा.लि., नवलपरासी | |
| ३४ | ३७ | शुभश्री अग्नी सिमेण्ट उधोग प्रा.लि., अर्घाखाँची | |
| ३५ | ३८ | विनायक स्पात प्रा.लि., भैरहवा | |
| ३६ | ३९ | सिद्धिलक्ष्मी स्टिल प्रा.लि., नवलपरासी | |
| ३७ | ४० | अर्घाखाँची सिमेण्ट ईण्डष्ट्रिज प्रा.लि., रुपन्देही | |
| ३८ | ४१ | हामा आईरन एण्ड स्टिल ईण्डष्ट्रिज प्रा.लि., सिमरा | |
| ३९ | ४२ | श्री स्टिल प्रा.लि., भैरहवा | |
| ४० | ४३ | जगदम्बा ईन्टरप्राईजेज प्रा.लि., सिमरा | |
| ४१ | ४४ | सोनापुर मिनरल एण्ड आयल प्रा.लि., घोराही | |
| ४२ | ४५ | निगाले सिमेण्ट प्रा.लि., धनकुटा | |
| ४३ | ४६ | डाबर नेपाल प्रा.लि., बारा | |
| ४४ | ४७ | कसमस सिमेण्ट ईण्डष्ट्रिज प्रा.लि., सखुवा | |
| ४५ | ४९ | जगदम्बा स्टिल प्रा.लि., सिमरा | |
| ४६ | ५० | हिमाल आईरन एण्ड स्टिल प्रा.लि., वीरगञ्ज | |
| ४७ | ५१ | बाबा जुट मिल्स प्रा.लि., विराटनगर | |
| ४८ | ५२ | जगदम्बा सेन्थेटिक्स प्रा.लि., भैरहवा | |
| ४९ | ५३ | सम्राट सिमेण्ट कम्पनी लि., लमही | |
| ५० | ५४ | नर्भिक ईण्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. | |
| ५१ | ५५ | त्रिवेणी सेन्थेटिक्स यार्न ईण्डष्ट्रिज प्रा.लि., वीरगञ्ज | |
| ५२ | ५६ | त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि., बारा | |

| क्र.सं. | दर्ता नं. | निवेदक, उद्योगको नाम | कैफियत |
|---|---|---|---|
| ५३ | ५७ | नेपाल विधुत प्राधिकरण | |
| ५४ | ५८ | घोराही सिमेण्ट ईण्डष्ट्रिज प्रा.लि., घोराही | |
| ५५ | ५९ | शिवम् सिमेण्ट लिमिटेड, हेटौडा | |

# अनुसूची-८ : सूचनाहरुको Scan

## नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट Dedicated Feeder मार्फत् निरन्तर विद्युत लिन चाहने इच्छुक औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक वर्गका ग्राहकले विद्युत माग पेस गर्ने आशयपत्रको आह्वान ।

(प्रथमपटक सूचना प्रकाशित मिति: २०७० कार्तिक ६ गते)

विगत लामो समयदेखि बढ्दै गएको लोडसेडिङ्गको कारणले व्यापारिक, औद्योगिक र गैरव्यापारिक ग्राहकहरूले आ-आफ्नो उद्योग/प्रतिष्ठानको विद्युत आवश्यकताको पूर्ति तुलनात्मक रूपमा धेरै महँगो (डिजेल जेनेरेटर) वा अन्य वैकल्पिक व्यवस्थाबाट सम्बोधन गर्ने गरेको पाइन्छ । यसरी उद्योग/प्रतिष्ठान पिच्छे स्थापना हुने वैकल्पिक व्यवस्था महँगो पर्नुको साथै राष्ट्रको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परिरहेको र वातावरणीय रूपमा पनि अनुकूल नभएको जस्ता विषयलाई मध्यनजर राख्दै तुलनात्मकरूपमा ठूलो ऊर्जा उपभोग गर्ने व्यापारिक, औद्योगिक र गैरव्यापारिक ग्राहकहरूलाई निर्वाधरूपमा विद्युत सेवा (Dedicated Supply) उपलब्ध गराउनकोलागि नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)बाट विद्युत महशुल निर्धारण आयोगको सहमतिमा नीतिगत व्यवस्था गरी Dedicated feeder line भएको Dedicated उपभोक्ताको विद्युत सप्लाईलाई व्यवस्थित बनाउन प्रयास भइरहेको छ । तर सो व्यवस्थाको कारणले बाँकी अन्य उपभोक्ताहरूलाई विद्युत कटौतीमा थप असर नपर्ने गरी गरिनेछ ।

तसर्थ नेपाल विद्युत प्राधिकरणको प्रणालीबाट निरन्तर विद्युत आपूर्ति (Dedicated Supply) लिन चाहने औद्योगिक, व्यापारिक एवम् गैर व्यापारिक वर्गका ग्राहकहरूले तोकिएको ढाँचा (Format) मा सामबन्दि प्रस्ताव मिति २०७०।७।१४ गतसम्म कार्यालय समयभित्र नियमअनुसार दर्ता गराइसक्न आह्वान गरिएको छ । उपभोक्ताले नेपाल विद्युत प्राधिकरणमा दर्ता गर्नुपर्ने प्रस्तावको ढाँचा ने.वि.प्रा.को वेबसाइट www.nea.org.np मा वा यससम्बन्धी अन्य विस्तृत विवरण निम्न ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

प्रस्ताव पेश गर्ने स्थान

**नेपाल विद्युत प्राधिकरण**, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय,
आर्थिक विश्लेषण विभाग, फोन :- ०१४१५३२०१/४१५३११२
फ्याक्स :- ०१४१५३०६९, इमेल: pmil@ntc.net.np, economicanalysis.nea@gmail.com

## विद्युत महसुल निर्धारण आयोग

**नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकका महशुल दरमा परिवर्तन सम्बन्धमा सूचना**

नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रूपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरूका लागि नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७२/०४/१२ को निर्णय अनुसार माग भएको देहाय बमोजिमको नयाँ महशुल दर आयोगबाट स्वीकृत भएको व्यहोरा विद्युत महशुल निर्धारण नियमावली २०५० को नियम १० अनुसार जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) Time of day (TOD) मिटर प्रयोग नगरी आपूर्ति लिने ग्राहकका लागि निम्नानुसार कायम गर्ने ।

| ग्राहक वर्गीकरण स्तर | डिमान्ड शुल्क (रु. प्रति के.भी.ए. प्रति महिना) | इनर्जी शुल्क (रु. प्रति युनिट) |
|---|---|---|
| क. माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथी) | | |
| १ औद्योगिक | २६५।०० | १२।५० |
| ख. मध्यम भोल्टेज (३३ के.भी.) | | |
| १. औद्योगिक | २७५।०० | १४।०० |
| २. व्यापारिक | ३६०।०० | १८।०० |
| ३. गैह्र व्यापारिक | २६५।०० | १६।०० |
| ग. मध्यम भोल्टेज (११ के.भी.) | | |
| १ औद्योगिक | २७५।०० | १४।५० |
| २. व्यापारिक | ३५०।०० | १८।५० |
| ३. गैह्र व्यापारिक | २६५।०० | १६।२० |
| घ. तल्लो भोल्टेज स्तर (२३०/४००) भोल्ट | | |
| १ औद्योगिक | | |
| क. ग्रामीण तथा घरेलु | ७०।०० | १३।०० |
| ख. साना उद्योग | १२०।०० | १६।०० |
| २. व्यापारिक | ३५५।०० | १८।७० |
| ३. गैह्र व्यापारिक | २३५।०० | २०।०० |

ख) Time of day (TOD) मिटर प्रयोग गरी आपूर्ति लिने ग्राहकका लागि निम्नानुसार कायम गर्ने ।

| ग्राहक वर्गीकरण स्तर | डिमान्ड शुल्क (रु. प्रति के.भी.ए. प्रति महिना) | इनर्जी शुल्क (रु. प्रति युनिट) | | |
|---|---|---|---|---|
| | | पिक समय (१७:००-२३:००) | अफ पिक समय (२३:००-०५:००) | अन्य समय (०५:००-१७:००) |
| क. माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथी) | | | | |
| १. औद्योगिक | २६५।०० | १५।५० | ६।५० | १२।५० |
| ख. मध्यम भोल्टेज (३३ के.भी.) | | | | |
| १. औद्योगिक | २७५।०० | १५।०० | ८।५० | १४।०० |
| २. व्यापारिक | ३५०।०० | २०।५० | १०।०० | १८।०० |
| ३. गैह्र व्यापारिक | २६५।०० | २२।०० | ११।२० | २०।०० |
| ग. मध्यम भोल्टेज (११ के.भी.) | | | | |
| १ औद्योगिक | २७५।०० | १७।५० | ८।५० | १४।५० |
| २. व्यापारिक | ३५०।०० | २१।०० | ११।०० | १८।५० |
| ३. गैह्र व्यापारिक | २६५।०० | २३।५० | ११।६० | २०।५० |

३. गैह्र व्यापारिक

ग) त्रि.वि. शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान लगायत सरकारी अस्पताल, सरकारी पूर्ण स्वामि सञ्चालित खानेपानी, मन्दिर/विद्युतीय शवदाह गृह र ईलेक्ट्रिक सवारी साधन चार्जिङ्ग स्टेशनका डेडिकेटेड लाई आपूर्ति भएका ग्राहकका लागि साविक दर २०६९ सालकै महशुल कायम रहेको ।

**नोट: राष्ट्रिय ग्रिडमा संलग्न रही वितरण गर्ने सबै प्रकारका ग्राहक वर्गका विद्युत खरिद बिक्री विद्युत महशुल दर निर्धारण विद्युत ऐन २०४९ अनुसार यस आयोगको क्षेत्राधिकार भित्र हुँदा यस आयोगबाट स्वीकृत नगरिएका विद्युत महशुल दर भन्दा बढी वा सो बाहेक महशुल वा दस्तुर लिन नपाइने व्यहोरा सर्वसाधारणको लागि जानकारी गराइन्छ ।**



नेपाल विद्युत् प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
दरबारमार्ग, काठमाडौँ

डेडिकेटेड फिडरसँग सम्बन्धित अत्यन्त जरुरी सूचना

विभिन्न सरकारी, निजी तथा सामुदायिक अस्पताल, सरकारी औद्योगिक/प्रतिष्ठान/निकाय एवं निजी औद्योगिक/प्रतिष्ठानहरू तथा अस्पतालहरूमा समेत नेपाल विद्युत् प्राधिकरणको नीति र मापदण्डअनुरूप निर्बाधरूपमा विद्युत् आपूर्ति हुनेगरी डेडिकेटेड फिडरमार्फत विद्युत् आपूर्ति गरिँदै आएकोमा यस अवधिमा नदीहरूमा जलस्तर घट्न गई विद्युत् उत्पादन केन्द्रहरूबाट न्यूनरूपमा विद्युत् उत्पादन भइरहेको र इन्धन तथा ग्यासको पर्याप्त आपूर्ति हुन नसकेको कारणले विद्युत् शक्तिमा अतिरिक्त भार थपिन गई थप संकट उत्पन्न भइरहेको छ।

यसर्थ उल्लेखित यथार्थ अवस्थालाई मध्यनजर गरी अर्को निर्णय नभएसम्मका लागि नेपाल सरकारका विभिन्न निकाय तथा सरकारी कार्यालय/अस्पताल, सुरक्षा अंग तथा संवेदनशील निकायहरूबाहेक निजीक्षेत्रबाट सञ्चालित प्रतिष्ठान/उद्योग/अस्पताल तथा नर्सिङहोम आदिलाई डेडिकेटेड फिडरमार्फत विद्युत् आपूर्ति दिने कार्य स्थगित गरिएको र डेडिकेटेड फिडरमार्फत विद्युत् आपूर्ति लिइरहेका निजी औद्योगिक/प्रतिष्ठान/अस्पताललगायतका ग्राहकहरूलाई मिति २०७२।११।११ गतेदेखि लागू हुनेगरी लोडशेडिङ तालिकाभित्र रहनेगरी विद्युत् आपूर्ति गर्ने व्यवस्था मिलाइने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

... पर्ने असुविधाका लागि प्राधिकरण क्षमाप्रार्थी छ।



Gorkhapatra 2073/07/25

नेपाल विद्युत प्राधिकरणको

लोडसेडिङ परिवर्तनसम्बन्धी सूचना

मिति २०७३/०७/२५ गते बिहीबार देखि अर्को सूचना प्रकाशित नभएसम्मको लागि सम्पूर्ण औद्योगिक ग्राहकहरूको लोडसेडिङ १६:३० बजे देखि २०:३० बजेसम्म मात्र हुने व्यहोरा ग्राहक वर्गमा जानकारी गराउँदछौं।



विद्युत महशुल निर्धारण आयोगको

अत्यन्त जरुरी सूचना

विद्युत महशुल निर्धारण आयोगद्वारा मिति २०७३ असार १६ गतेबाट निर्धारण गरिएका विद्युत महशुल दर भन्दा बढी दरमा महशुल संकलन नगर्न सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ।

पुनश्च: विद्युत महशुल दर यस आयोगको वेभसाईट http://www.etfc.gov.np को Notice बाट हेर्न सकिने छ।



नेपाल विद्युत् प्राधिकरण
औद्योगिक ग्राहकको लोडशेडिङ अन्त्य गरिएको

सूचना

Gorkhapatra 2075/...

नेपाल विद्युत् प्राधिकरणले बेलुकीको उच्च मागको समयमा औद्योगिक ग्राहकलाई ३ घण्टासम्म लोडशेडिङ गरी अन्य ग्राहकलाई नियमित विद्युत् आपूर्ति गर्दै आएकोमा २०७५ साल वैशाख ३१ गतेदेखि औद्योगिक ग्राहकको समेत लोडशेडिङ अन्त्य गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

मौजुदा प्रसारण तथा वितरण संरचनाको क्षमता र अवस्था, उत्पादन केन्द्र तथा प्रसारण/वितरण प्रणालीमा आउनसक्ने प्राविधिक समस्या, मर्मत-सम्भार एवं विकास निर्माणको कारणले समय-समयमा विद्युत् आपूर्ति अवरुद्ध हुनगएमा त्यसलाई लोडशेडिङकोरूपमा नलिइदिनुहुन अनुरोध छ।

बिहान र बेलुकाको पिक समयमा अधिकतम विद्युत् खपत हुने विद्युतीय उपकरणहरूको ... र अन्य समयमा पनि ऊर्जा दक्षता भएका उपकरणहरू प्रयोग गरी ऊर्जा बचत गर्ने कार्यमा ... गरी दिनुहुन अनुरोध छ।

विद्युत् उत्पादन, प्रसारण तथा वितरण संरचना दुरुस्त राखी माग र आपूर्ति व्यवस्थापन गर्ने कठिन समय ... आम उपभोक्ताबाट प्राप्त सहयोगको लागि हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरूमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछौं।

# अनुसूची-९ : निर्णयहरुको Scan, निर्णय ६९९,२०७१-१०-२५, ७१० २०७२-३-१२, ७२२ २०७२-९-२०,

विद्युत प्राधिकरण सञ्चालक समितिको ६९९औं बैठक मिति २०७१।१०।२५

(ज) उपरोक्तानुसारको डेडिकेटेड फिडर लिने ग्राहकहरुले निरन्तर विद्युत सप्लाई लिएवापत ने. वि. प्रा., सञ्चालक समितिको मिति २०७०।०९।१६ को ६७१औं बैठकको निर्णयानुसार विद्युत महसुल निर्धारण आयोगले यस्तो आपूर्तिको व्यवस्थाका लागि निर्धारण गर्ने महसुलअनुसार कार्यान्वयन गर्ने ।

(झ उपरोक्तानुसारको प्रक्रिया पूरा भएको सप्लाई स्वीकृत गर्ने अधिकार कार्यकारी निर्देशकलाई दिने ।

ने. वि. प्रा. सञ्चालक समितिको मिति २०७०।०९।१६ को ६७१औं बैठकपूर्व ओम अस्पताल, नर्भिक अस्पताललगायतका १० वटा नाफामूलक अस्पतालहरुलाई डेडिकेटेड फिडरमार्फत (निरन्तर विद्युत सप्लाई) दिइसकेको छ । साथै यसअघि पनि यस्ता महत्वपूर्ण ग्राहक/स्थानहरुका लागि डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति दिइरहेको हुँदा माथि उल्लिखित अन्तराष्ट्रियस्तरका श्री आभिन्स् मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि., सैँबु, भैँसेपाटी र ग्राण्डी इन्टरनेशनल अस्पताल लिमिटेड, धापासी लगायत अन्य अत्यावश्यक सेवा प्रदान गर्ने एवं जनतासँग प्रत्यक्ष जोडिएको सम्वेदनशील एवं अति महत्वपूर्ण निकायहरुलाई सञ्चालक समितिको निर्णयानुसारको मापदण्ड तथा सोबमोजिमको सम्पूर्ण खर्च ग्राहक स्वयंले नै व्यहोर्ने (नेपाल विद्युत प्राधिकरणलाई आर्थिक भार नपर्ने) गरी छुट्टै डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति दिनु उपयुक्त हुने ।

(क) नेविप्रा सञ्चालक समितिको मिति २०७०।०९।१६ को ६७१औं बैठकबाट डेडिकेटेड फिडर जडान सम्बन्धी निर्णय हुनुपूर्व डेडिकेटेड फिडरमार्फत निरन्तर विद्युत सप्लाई लिइरहेका अस्पताल तथा अन्य निकायलाई पनि सञ्चालक समितिको मिति २०७०।०९।१६ को ६७१औं बैठकबाट गरिएको निर्णयानुसारको विद्युत महसुल शुल्कको अतिरिक्त अन्य सेवा शुल्क पनि कायम गर्ने गरी विलिङ्ग गर्नुपर्ने भएकोले ।

(ख) सामुदायिक तथा नीजि अस्पतालहरु र कृषि तथा पशुपालन व्यवसाय जस्ता नाफामूलक तर सेवा प्रदायक प्रतिष्ठान/संस्थाहरुलाई सञ्चालक समितिबाट डेडिकेटेड सप्लाई (निरन्तर विद्युत सप्लाई) दिन गठित तीन सदस्यीय समितिको सिफारिसअनुसार श्री आभिन्स् मेडिकल कलेज एण्ड हस्पीटल प्रा.लि., सैँबु, भैँसेपाटी र श्री ग्राण्डी इन्टरनेशनल अस्पताल लिमिटेड, धापासीलगायत त्यस्तै प्रकृतिका अन्य स्वास्थ्य संस्थालाई लोडसेडिङमा समावेश नहुने डेडिकटेड फिडरबाट विद्युत आपूर्ति दिनुपर्ने भएकोले स्वीकृतिको लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा निम्नबमोजिम गर्ने निर्णय भयो:

निर्णय:

नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट निर्वाधरुपमा निरन्तर विद्युत सेवा लिन चाहने औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक वर्गका ग्राहक उद्योग/प्रतिष्ठानहरुलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई रायसिफारिस सहितको प्रतिवेदन पेश गर्ने देहायबमोजिमको पदाधिकारी रहनेगरी उपसमिति गठन गर्ने:

| | | |
|---|---|---|
| १) | श्री मनोज कुमार मिश्र, सञ्चालक, ने.वि.प्रा. | संयोजक |
| २) | श्री निर्देशक/प्रमुख, योजना तथा प्राविधिक सेवा विभाग ने.वि.प्रा, | सदस्य |
| ३) | श्री ब्रजभूषण चौधरी, प्रमुख, ग्रिड सञ्चालन विभाग, ने.वि.प्रा. | सदस्य सचिव |

बोर्ड-६९९ ४५

नेपाल विद्युत प्राधिकरण सञ्चालक ... ७१०औं बैठक मिति २०७२/३/१२

(७)

६. Dedicated Feeder सम्बन्धमा गठित उपसमितिबाट प्राप्त प्रतिवेदनबारे ।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७१।१०।१६ को ६७१औं बैठकपूर्व ओम, नर्भिक लगायतका १० वटा निजी अस्पतालहरुलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गरिएको छ । यसैगरी अन्य निजी तथा सामुदायिक अस्पतालहरु तथा जनताहरुसँग सरोकार राख्ने उद्योग एवं सरकारी निकायहरुले Dedicated Feeder मार्फत विद्युत आपूर्तिका लागि माग गरेका छन् । यस सम्बन्धमा समितिको विगतको निर्णयसमेतलाई मध्यनजर गरी आवश्यक निर्णय लिनुपर्ने भएको छ ।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७१।१०।२५ को ६९९औं बैठकबाट Dedicated Feeder बारे देहायबमोजिम निर्णय भएको थियो:

नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणालीबाट निर्वाधरुपमा निरन्तर विद्युत सेवा लिन चाहने औद्योगिक, व्यापारिक तथा गैरव्यापारिक वर्गका ग्राहक उद्योग/प्रतिष्ठानहरुलाई Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई रायसिफारिस सहितको प्रतिवेदन पेश गर्ने देहायबमोजिमको पदाधिकारी रहनेगरी उपसमिति गठन गर्ने:

| | | |
|---|---|---|
| १) | श्री मनोज कुमार मिश्र, सञ्चालक, ने.वि.प्रा. | संयोजक |
| २) | श्री निर्देशक/प्रमुख, योजना तथा प्राविधिक सेवा विभाग, ने.वि.प्रा. | सदस्य |
| ३) | श्री ब्रजभूषण चौधरी, प्रमुख, ग्रीड सञ्चालक विभाग, ने.वि.प्रा. | सदस्य सचिव |

Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिको प्राप्त प्रतिवेदन स्वीकृत हुन समितिसमक्ष कार्यकारी निर्देशकले प्रस्ताव गर्नुहुँदा निम्नानुसार गर्ने निर्णय भयो:

निर्णय:

Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्नेबारे सञ्चालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उपसमितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने ।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ७२२औं बैठक मिति २०७२।९।२०

(क) Dedicated Feeder को विशेष व्यवस्थामार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि सञ्चालक समितिको मिति २०७२।३।१२ को निर्णयानुसार लागू गरिएको विद्युत महसुल लिन पाउने गरी विद्युत महसुल दर निर्धारण गर्न विद्युत महसुल निर्धारण आयोगमा अनुरोध गरी पठाउने ।

(ख) प्रकरण (क) बमोजिम आयोगबाट निर्णय नभएसम्मका लागि मिति २०७२।३।१२ भन्दा अगाडि कायम रहेको विद्युत महसुल दरबमोजिम नै महसुल लिने ।

(ग) प्राप्त भइसकेको विद्युत महसुलको हकमा आयोगबाट निर्णय भएबमोजिम नियमित गर्ने र आयोगबाट महसुल वृद्धिको अनुमति प्राप्त भएमा सो बमोजिमको महसुल बुझाउनु पर्ने जानकारी सम्बन्धित ग्राहकहरुलाई गराउने ।

व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको मिति २०७२।९।२३ को निर्णय/निर्देशनहरुका सम्बन्धमा समितिमा छलफल गरी आवश्यक निर्णय लिन कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

निर्णय:

व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको मिति २०७२।९।२३ को निर्णयहरु कार्यान्वयनका लागि देहायबमोजिम गर्ने:

(क) व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको २०७२।९।२६ को पत्रसाथ प्राप्त प्रकरण (१) को निर्णय/निर्देशनलाई तोकिएको अवधिभित्रै कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देश गर्ने ।

(ख) सञ्चालक समितिको मिति २०७२।३।१२ को ७१०औं बैठकको निर्णयानुसार लागू भइरहेको Dedicated Feeder का ग्राहकहरुको विद्युत महसुल दरको परिप्रेक्ष्यमा व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको मिति २०७२।९।२६ को पत्रसाथ प्राप्त निर्णय/निर्देशनका आधारमा सञ्चालक समितिको मिति २०७२।९।२० को ७२२औं बैठकबाट उक्त ग्राहकको विद्युत महसुलबारे भएको प्रकरण (ख) र (ग) को निर्णय कार्यान्वयन गर्न आवश्यक नभएकोले सोही बमोजिम व्यवस्थापन गर्ने ।

(ग) Dedicated Feeder को विशेष व्यवस्थामार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि सञ्चालक समितिको मिति २०७२।३।१२ को निर्णयानुसारको विद्युत महसुल दर मिति २०७२।४।१ देखि नै लागू भइरहेको सन्दर्भमा सोही बमोजिम महसुल लिनेगरी विद्युत महसुल निर्धारण गरिदिन विद्युत महसुल निर्धारण आयोगसमक्ष पुनः अनुरोध गर्ने ।

(घ) Dedicated Line वितरण गर्नेसम्बन्धी विद्यमान नीति र मापदण्डउपर देहायको उपसमितिले पुनरावलोकन गरी १५ दिनभित्र रायसिफारिस सहितको प्रतिवेदन पेश गर्ने:

| | | | |
|---|---|---|---|
| १ | सञ्चालक श्री लक्ष्मणप्रसाद अग्रवाल | - | संयोजक |
| २ | प्रतिनिधि, ऊर्जा मन्त्रालय | - | सदस्य |
| ३ | निर्देशक, काठमाडौं क्षेत्रीय कार्यालय, वितरण तथा ग्राहक सेवा निर्देशनालय | - | सदस्य-सचिव |

(८)

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ७२२औं बैठक मिति २०७२।९।२०

९. विविध:

(क) Dedicated Feeder ग्राहकको विद्युत महसुलबारे ।

Dedicated Feeder ग्राहकको विद्युत महसुल दरका सम्बन्धमा विद्युत महसुल निर्धारण आयोगबाट प्राप्त (चन् १०२८ मिति २०७२।९।१९) संलग्न पत्रमा "... Dedicated Feeder ग्राहकको विद्युत महसुल दर २०७२ श्रावणदेखि समायोजन भएको भनी असुलउपर गरेको देखिएकोले सो कार्य तुरुन्त रोकी आयोगबाट स्वीकृत दरभन्दा बढी असुल भएको रकम फिर्तासमेत गर्नु हुन अनुरोध छ " भन्नेसमेत व्यहोरा उल्लेख छ । सो सम्बन्धमा सञ्चालक समितिबाट आवश्यक निर्णय गर्नुपर्ने भएको छ ।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७१।१०।२५ को ६९९औं बैठकबाट Dedicated Feeder मार्फत विद्युत आपूर्ति गर्ने विषयमा मापदण्ड बनाई प्रतिवेदन पेश गर्न सञ्चालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उपसमितिले Dedicated Feeder मार्फत विद्युत आपूर्ति दिने मापदण्ड र महसुल दरसमेत सिफारिस गरी पेश गरेको प्रतिवेदनलाई सञ्चालक समितिको मिति २०७२।३।१२ को ७१०औं बैठकबाट स्वीकृत भई कार्यान्वयन भएको अवस्था छ ।

विद्युत महसुल निर्धारण आयोगबाट लेखिआएको उल्लेखित विषयका सम्बन्धमा निर्णय हुन समितिसमक्ष कार्यकारी निर्देशकले प्रस्ताव गर्नुहुँदा निम्नानुसार निर्णय भयो:

निर्णय:

विद्युत महसुल निर्धारण आयोगबाट लेखिआएको Dedicated Feeder को महसुलका सम्बन्धमा देहायबमोजिम गर्ने:

(क) Dedicated Feeder को विशेष व्यवस्थामार्फत विद्युत सेवा लिने ग्राहकहरुका लागि सञ्चालक समितिको मिति २०७२।३।१२ को निर्णयानुसार लागू गरिएको विद्युत महसुल लिन पाउने गरी विद्युत महसुल दर निर्धारण गर्न विद्युत महसुल निर्धारण आयोगमा अनुरोध गरी पठाउने ।

(ख) प्रकरण (क) बमोजिम आयोगबाट निर्णय नभएसम्मका लागि मिति २०७२।३।१२ भन्दा अगाडि कायम रहेको विद्युत महसुल दरबमोजिम नै महसुल लिने ।

(ग) प्राप्त भइसकेको विद्युत महसुलको हकमा आयोगबाट निर्णय भएबमोजिम नियमित गर्ने र आयोगबाट महसुल वृद्धिको अनुमति प्राप्त भएमा सो बमोजिमको महसुल बुझाउनु पर्ने जानकारी सम्बन्धित ग्राहकहरुलाई गराउने ।

## निर्णय १०३ २०७२-०९-२९, १०४ २०७२।१०।१०

विद्युत महशुल निर्धारण आयोगको १०३ औं बैठक

विद्युत महसुल निर्धारण आयोगको १०३ औं बैठक २०७२ पौष २९ गते बुधवार अपरान्ह ५.०० बजे विद्युत महशुल निर्धारण आयोगको सचिवालयमा देहायका पदाधिकारीहरूको उपस्थितिमा सम्पन्न भयो ।

१.उपस्थिति:

| | |
|---|---|
| श्री जगत कुमार भुसाल | अध्यक्ष |
| डा. सन्जय शर्मा | सदस्य |
| श्री ज्ञानेन्द्र लाल प्रधान | सदस्य |
| डा. सुवर्णदास श्रेष्ठ | सदस्य |
| श्री कृष्ण प्रसाद ओझा | सदस्य |
| डा. अम्बु भवानी कार्की | सदस्य |
| श्री दिनेश कुमार घिमिरे | सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री नुतन प्रकाश शर्मा | सि.डि.ई. |
| श्री अनिल बज्जाई | ईन्जिनियर |
| श्री पदम विनोद पोखरेल | ले. अ. |
| श्री सृजना भण्डारी | ले. अ. |

२.प्रारम्भ

क) आयोगका अध्यक्ष लगायत ५ जना सदस्यहरूको उपस्थिति भएकोले आयोगको बैठकको कारवाही शुरु भयो ।

ख) नेपाल विद्युत प्राधिकरणको Dedicated feeder बाट सेवा लिएका उपभोक्ताहरूका महशुल दर निर्धारण गरिदिने विषय यो बैठकमा छलफलको लागि प्रस्तुत भयो ।

ग) छलफल

ने.वि.प्रा. बाट २०७१ मा. मसाँ दरीको ग्राहकहरूको आयोगबाट २०६९ सालमा स्वीकृत विद्युतको महशुल दरमा नयाँ महशुल दर कायम हुन गरेको प्रस्तावना Dedicated

Feeder Consumer को नयाँ वर्गीकरण माग गरी सो को समेत महशुल दर निर्धारण हुन माग भै आएकोले Dedicated Feeder Consumer समेत विद्यमान सबै वर्गका ग्राहकको नयाँ महशुल दर तोक्ने विषयमा आयोगमा अध्ययन र छलफल भैरहेको.

आयोगमा Dedicated Feeder Consumer को दर निर्धारणको विषय छलफल भई विचाराधिन नै रही रहेको र निर्णय नभैरहेको अवस्थामा ने.वि.प्रा.बोर्डबाट २०७२।३।१२ मा Dedicated Feeder Consumer महशुल दर कायम गरी २०७२।४।१ देखि को विद्युत खपतमा साविक को महशुल दरमा १००% थप गरी श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालबाट महशुल उठाइरहेको विषयमा पत्र प्राप्त भए पश्चात आयोगबाट स्वीकृत नगराई महशुल नउठाउन र उठएको भए थप गरि लिएको महशुल श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल लाई फिर्ता गरिदिन पत्राचार भएको सन्दर्भ र,

सार्वजानिक लेखा समितिको मिति २०७२।९।२३ को निर्णयानुसार Dedicated feeder महशुल दर ने.वि.प्रा. सचालक समितिको निर्णयानुसार उठाउदै आएको महशुल अनुसारने महशुल असुल गर्न ऊर्जा मन्त्रालय र ने.वि.प्रा.लाई निर्देशन भैसकेको सन्दर्भमा छलफल भयो ।

३ निर्णय

३.१ आयोगको तर्फबाट पत्राचार भएको विषयमा आयोगबाट स्वीकृत दर भन्दा बढी दस्तुर नलिन र लिएको भए फिर्ता गर्न विषय महशुल छुट दिने निर्णय गर्ने अधिकार प्राप्त सस्थाबाट स्वीकृत नगराई कसैले पनि कुनै महशुल उठाउन नहुने विषय विधुत ऐन २०४९ पालना गर्ने विषय भएको व्यहोरा श्री सार्वजानिक लेखा समितिलाई अनुरोध गर्ने ।

३.२ विधुत महशुल निर्धारण आयोगबाट दररेट नै निर्धारण नभैसकेको Dedicated feeder का ग्राहकहरूको महशुलदरमा सार्वजानिक लेखा समितिबाट ने.वि.प्रा.लाई ने.वि.प्रा बोर्डले गरेको निर्णयलाई आयोगको निर्णय बिना कार्यान्वयन गराउन निर्देशन भैसकेको विषय आयोगमा निर्णय गरि रहनु परेन ।

Feeder Consumer को नयाँ वर्गीकरण माग गरी सो को समेत महशुल दर निर्धारण हुन माग भै आएकोले Dedicated Feeder Consumer समेत विद्यमान सबै वर्गका ग्राहकको नयाँ महशुल दर तोक्ने विषयमा आयोगमा अध्ययन र छलफल भैरहेको.

आयोगमा Dedicated Feeder Consumer को दर निर्धारणको विषय छलफल भई विचाराधिन नै रही रहेको र निर्णय नभैरहेको अवस्थामा ने.वि.प्रा.बोर्डबाट २०७२।३।१२ मा Dedicated Feeder Consumer महशुल दर कायम गरी २०७२।४।१ देखि को विद्युत खपतमा साविक को महशुल दरमा १००% थप गरी श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालबाट महशुल उठाइरहेको विषयमा पत्र प्राप्त भए पश्चात आयोगबाट स्वीकृत नगराई महशुल नउठाउन र उठएको भए थप गरि लिएको महशुल श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल लाई फिर्ता गरिदिन पत्राचार भएको सन्दर्भ र,

सार्वजानिक लेखा समितिको मिति २०७२।९।२३ को निर्णयानुसार Dedicated feeder महशुल दर ने.वि.प्रा. सचालक समितिको निर्णयानुसार उठाउदै आएको महशुल अनुसारने महशुल असुल गर्न ऊर्जा मन्त्रालय र ने.वि.प्रा.लाई निर्देशन भैसकेको सन्दर्भमा छलफल भयो ।

३ निर्णय

३.१ आयोगको तर्फबाट पत्राचार भएको विषयमा आयोगबाट स्वीकृत दर भन्दा बढी दस्तुर नलिन र लिएको भए फिर्ता गर्न विषय महशुल छुट दिने निर्णय गर्ने अधिकार प्राप्त सस्थाबाट स्वीकृत नगराई कसैले पनि कुनै महशुल उठाउन नहुने विषय विधुत ऐन २०४९ पालना गर्ने विषय भएको व्यहोरा श्री सार्वजानिक लेखा समितिलाई अनुरोध गर्ने ।

३.२ विधुत महशुल निर्धारण आयोगबाट दररेट नै निर्धारण नभैसकेको Dedicated feeder का ग्राहकहरूको महशुलदरमा सार्वजानिक लेखा समितिबाट ने.वि.प्रा.लाई ने.वि.प्रा बोर्डले गरेको निर्णयलाई आयोगको निर्णय बिना कार्यान्वयन गराउन निर्देशन भैसकेको विषय आयोगमा निर्णय गरि रहनु परेन ।

३. छलफलः

३.१ Dedicated feeder line सम्बन्धी छुट हुन गएका बुँदा उपर छलफल भयो ।

४.निर्णयः

४.१ १०३ औं बैठकको निर्णय सँग सम्बन्धित देहाय बमोजिम व्यहोरा समावेश गरी संलग्न बमोजिमको सार्वजनिक सुचना प्रकाशित गर्ने र विज्ञापन शुल्क ने.वि.प्रा.बाट भुक्तानी हुन अनुरोध गर्ने ।

४.२ त्रि.वि.शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान लगायत सरकारी अस्पताल, सरकारी पूर्ण स्वमित्वमा संचालित खानेपानी ~~मन्दिर/शव दाह गृह– विद्युतीय र~~ इलेक्ट्रिक सवारी साधन चार्जिङ स्टेशनका डेडिकेटेट लाईनबाट आपुर्ति भएका ग्राहकका लागि साविक दर २०६९ सालको महशुल कायम रहेको

५.समापनः आजको बैठक साँझ ६.०० बजे समापन भयो ।

सचिवः

## निर्णय १०४ २०७२।१०।१०, १०८ २०७३।०३।१६

### विद्युत महशुल निर्धारण आयोग

**नेपाल विद्युत प्राधिकरणका डेडिकेटेड लाइन मार्फत विद्युत सेवा लिएका ग्राहकको महशुल दरमा परिवर्तन सम्बन्धमा सूचना**

नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड फिडर लाइन मार्फत निरन्तर रुपमा विद्युत आपूर्ति हुने औद्योगिक, व्यापारिक तथा गैह्र व्यापारिक वर्गका ग्राहकहरुको लागि नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७२/०३/१२ को निर्णय अनुसार माग भएको देहाय बमोजिमको नयाँ महशुल दर आयोगबाट स्वीकृत भएको व्यहोरा विद्युत महशुल निर्धारण नियमावली २०५० को नियम १० अनुसार जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

• Time of day (TOD) मिटर प्रयोग नगरी आपूर्ति लिने ग्राहकका लागि निम्नानुसार कायम गर्ने ।

| ग्राहक वर्गीकरण स्तर | डिमाण्ड शुल्क (रु. प्रति के.भी.ए. प्रति महिना) | इनर्जी शुल्क (रु. प्रति युनिट) |
|---|---|---|
| क. माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथी) | | |
| १. औद्योगिक | २६५।०० | १२।५० |
| ख. मध्यम भोल्टेज (३३ के.भी.) | | |
| १. औद्योगिक | २७५।०० | १४।०० |
| २. व्यापारिक | ३४०।०० | १८।०० |
| ३. गैह्र व्यापारिक | २६५।०० | १९।०० |
| मध्यम भोल्टेज (११ के.भी.) | | |
| १. औद्योगिक | २७५।०० | १४।४० |
| २. व्यापारिक | ३४०।०० | १८।५० |
| ३. गैह्र व्यापारिक | २६५।०० | १९।२० |
| तल्लो भोल्टेज स्तर (२३०/४००) भोल्ट | | |
| १ औद्योगिक | | |
| क. ग्रामीण तथा घरेलु | ७०।०० | १३।०० |
| ख. साना उद्योग | १२०।०० | १५।०० |
| २. व्यापारिक | ३२५।०० | १६।७० |
| ३. गैह्र व्यापारिक | २३५।०० | २०।०० |

Time of day (TOD) मिटर प्रयोग गरी आपूर्ति लिने ग्राहकका लागि निम्नानुसार कायम गर्ने ।

| ग्राहक वर्गीकरण स्तर | डिमाण्ड शुल्क (रु. प्रति के.भी.ए. प्रति महिना) | इनर्जी शुल्क (रु. प्रति युनिट) | | |
|---|---|---|---|---|
| | | पिक समय (१७:००-२३:००) | अफ पिक समय (२३:००-०५:००) | अन्य समय (०५:००-१७:००) |
| माथिल्लो भोल्टेज (६६ के.भी. र सो भन्दा माथी) | | | | |
| १. औद्योगिक | २६५।०० | १४।८० | ६।६० | १२।५० |
| मध्यम भोल्टेज (३३ के.भी.) | | | | |
| १. औद्योगिक | २७५।०० | १७।३० | ८।४० | १४।०० |
| २. व्यापारिक | ३४०।०० | २०।५० | १०।८० | १८।०० |
| ३. गैह्र व्यापारिक | २६५।०० | २३।०० | ११।२० | २०।०० |
| मध्यम भोल्टेज (११ के.भी.) | | | | |
| १. औद्योगिक | २७५।०० | १७।५० | ८।६० | १४।२० |
| २. व्यापारिक | ३४०।०० | २१।०० | ११।०० | १८।५० |
| ३. गैह्र व्यापारिक | २६५।०० | २३।५० | ११।४० | २०।४० |

त्रि.वि. शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान लगायत सरकारी अस्पताल, सरकारी पूर्ण स्वामित्वमा [illegible]

---

**विद्युत महशुल निर्धारण आयोगको १०८ औं बैठक**

विद्युत महशुल निर्धारण आयोगको १०८ औं बैठक २०७३ असार १६ गते बिहिवार अपरान्ह ५.०० बजे विद्युत महशुल निर्धारण आयोगको सचिवालयमा देहायका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भयो ।

**१.उपस्थितिः**

| | |
|---|---|
| श्री जगत कुमार भुसाल | अध्यक्ष |
| श्री दिनेश कुमार घिमिरे | सदस्य |
| श्री ज्ञानेन्द्र लाल प्रधान | सदस्य |
| डा. सुवर्णदास श्रेष्ठ | सदस्य |
| श्री कृष्ण प्रसाद ओझा | सदस्य |
| डा. अम्बु भवानी कार्की | सदस्य |
| श्री समिर रत्न शाक्य | सचिव |

**आमन्त्रित**

| | |
|---|---|
| श्री नुतन प्रकाश शर्मा | सि.डि.ई. |
| श्री पदम बिनोद पोखरेल | लेखा अधिकृत |
| श्री अनिल बन्जाडे | ईन्जिनियर |
| श्री शालिकराम ढकाल | लेखापाल |
| श्री सृजना भण्डारी | क. अ. |

**२.प्रारम्भ**

क) आयोगका अध्यक्ष लगायत आवश्यक सदस्यहरुको उपस्थिति भएकोले आयोगको बैठकको कारबाही शुरु भयो ।

ख) बैठकमा छलफल गर्नुपर्ने देहायका विषयहरु प्रस्तुत भयो ।

**३. छलफलः**

विभिन्न मितिमा आयोगमा बसेको बैठकमा निम्न बमोजिमका विषय मुद्दाहरुमा व्यापक छलफल भएको थियो । साथै नेपाल विद्युत प्राधिकरणबाट महशुल समायोजन सम्बन्धि प्रस्ताव तथा तीसँग प्राप्त भएका अन्य विवरण उपर समेत विस्तृत छलफल जारी रहयो । सार्वजनिक सूचना पश्चात प्राप्त कार्यक्रममा प्राप्त भएका तथा विभिन्न पत्रपत्रिकामा छापिएका लेख रचना समेतमा उठाईएका विषयहरु उपर गहन छलफल भयो ।

---

सदस्यहरुबाट विद्युत महशुल दरमा परिवर्तन गर्दा प्राधिकरणको आन्तरिक दक्षता वृद्धि गरिने मापदण्डहरु तोकिनु पर्ने जस्ता कुराहरु उठाउनु भयो । प्राधिकरणको लगानी तथा संचालन संभार खर्चहरुमा कसरी कमी ल्याउन सकिन्छ, त्यस तर्फ ध्यान दिनु पर्ने बारे चर्चा भयो ।

नेपाल विद्युत प्राधिकरणको संस्थागत सुधार र वित्तीय क्षमता सुधारका योजनाहरुको कार्यान्वयनसँग सम्बन्धित कार्ययोजनाहरु कार्यान्वयन हुनु पर्ने राय सहभागीहरुबाट व्यक्त भयो ।

**४. निर्णयः**

आयोगको विभिन्न बैठकहरुमा भएको छलफलहरु उपसमितिको प्रतिवेदन समेत र सार्वजनिक सूचनाबाट प्राप्त सुझाव सरोकारवालाहरु बीच भएको छलफल आदि समेतलाई मध्यनजर गरी आयोगले देहायको निर्णय गर्यो ।

४.१ नेपाल विद्युत प्राधिकरण अन्तर्गतका समस्त ग्राहकहरुको २०७३ साल श्रावण महिनादेखि अनुसूची १ बमोजिमको विद्युत महशुल दर तथा अनुसूची २ बमोजिमको अन्य सेवा शुल्क दर कायम गर्ने निर्णय भयो ।

४.२ बुटवल पावर कम्पनी अन्तर्गतका आँधीखोला वितरण प्रणालीका समस्त ग्राहकहरुलाई २०७३ साल श्रावण महिनादेखि लागू हुने गरी अनुसूची ३ बमोजिमको विद्युत महशुल दर तथा अनुसूची ४ बमोजिमको अन्य सेवा शुल्क दर कायम गर्ने निर्णय भयो ।

४.३ भूकम्प प्रभावित जिल्लाका पूर्णक्षति भएका पीडितको नाउँ पाएका घरायसीवर्गका ग्राहकको लागि नयाँ दर लागू भएको मितिबाट २०७५ साल असार मसान्तसम्म सेवा शुल्क नराखी हालकै शुल्कको दर कायम हुने निर्णय भयो ।

४.४ लोडसेडिङ छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढि समय छुट्टै Trunk line बाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महशुल Dedicated ग्राहकको सरह दर कायम गर्ने निर्णय भयो ।

४.५ नेपाल विद्युत प्राधिकरण र बुटवल पावर कम्पनीले तीन महिने मिटर रिडिङ गर्दा चाहेमा तिन महिनाको खपतलाई औसत गरी प्रति महिना खपत निकाली शुल्क लिनुपर्ने निर्णय भयो ।

४.६ राष्ट्रिय ग्रिडमा संलग्न हुने विद्युतको खरिददर फेरबदल गर्नुपूर्व यस आयोगको स्विकृती लिनुपर्ने निर्णय कार्यान्वयन गर्न पुनः निर्देशन दिने निर्णय भयो ।

४.७ प्राधिकरणको प्रणालीमा हुने विद्युत चुहावटको कार्यलाई कडाईका साथ नियन्त्रण गर्न निर्देशन दिने र नेपाल सरकारलाई आवश्यक सहयोग प्रदान गर्न पुनः अनुरोध गर्ने निर्णय भयो ।

४.८ अनुसूची ५ र ६ बमोजिमको प्रेस विज्ञप्ति जारी गर्ने ।

---

४.९ नेपाल विद्युत प्राधिकरणलाई देहायका शर्तहरु अनिवार्य रुपमा पालना गर्न निर्देशन दिने निर्णय भयो ।

(क) नेपाल विद्युत प्राधिकरणले चुहावट घटाउने वार्षिक कार्ययोजना तयार गरि वार्षिक २% ले चुहावट घटाई कार्यप्रगति विवरण नियमित ६/६ महिनामा जानकारी दिने ।

(ख) विद्युत चुहावट सम्बन्धी जानकारी दिने व्यक्ति र जरीवाना गराउने कार्यक्रममा संलग्न हुने कर्मचारीलाई जरिवाना रकमको केहि प्रतिशत दामासाहिले प्रोत्साहन स्वरुप दिइने नियम ने.वि.प्रा. बोर्डबाट ३ महिना भित्र पास गराई जानकारी गराउने ।

(ग) ६ महिना समयसम्म पनि बक्यौता रकम नतिर्ने ग्राहकको विद्युत कटौती नगर्ने सम्बन्धित कार्यालय प्रमुख र कर्मचारीहरुलाई चेतावनी स्वरुप बक्यौता रकमको वार्षिक सयकडा १०% ले हुन आउने रकम नीज सम्बन्धित कर्मचारीहरुको तलबबाट दामासाहीले कट्टा गरी ने.वि.प्रा.को आम्दानीमा राख्ने नियम ने.वि.प्रा. बोर्डबाट ३ महिना भित्र पास गराई जानकारी गराउने ।

(घ) नेपाल विद्युत प्राधिकरणको प्रशासनिक तथा कर्मचारी सम्बन्धी खर्च वृद्धि हुँदै गईरहेको देखिएकोले उक्त वृद्धिमा नियन्त्रण गरी संगठनात्मक कुशलता बढाउने सम्बन्धमा विस्तृत कार्ययोजना बनाउने । खर्चको हिसावले मितव्ययी तथा व्यवस्थापनको हिसावले प्रभावकारी एवं चुस्त दुरुस्त हुने गरी गर्ने ।

(ङ) वर्तमान लोडसेडिङ कम गर्ने संचालनमा रहेका विद्युत केन्द्रहरुलाई प्रभावकारी ढंगले संचालन गर्ने, निर्माणाधीन आयोजनाहरुलाई समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने तथा सम्भाव्य सबै बैकल्पिक व्यवस्थाहरुबाट उर्जा उपलब्ध गराउन आवश्यक कदम चाल्ने ।

(च) माथि उल्लिखित कुराहरुको प्रगति विवरण प्राधिकरणले आयोगमा ३।३ महिनामा नियमित रुपमा पेश गर्ने ।

५.समापनः आजको बैठक साँझ ६.०० बजे समापन भयो ।

सचिवः

## निर्णय १०८ २०७३।०३।१६, ७३४ २०७३४।१२, ७४३ २०७३।०९।०४, ७४४ २०७३।०९।२१

# विद्युत महशुल निर्धारण आयोग

## प्रेस विज्ञप्ति

असार २०, २०

देशका आम नागरिकलाई अविच्छिन्न रुपमा भरपर्दो विद्युत सेवा उपलब्ध गराउन समग्र विद्युत क्षेत्रको विकास कार्यलाई अगुवा गर्ने जिम्मेवारी ग्रहण गरी रहेको नेपाल विद्युत प्राधिकरणको वर्तमान स्थितिलाई समेत मध्यनजर गर्दै सम्भव हुने अन्य विकल्पहरु समेतलाई समायोजन गर्दै विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागत अनुसार समय सापेक्ष रुपमा विद्युत महशुल दरमा समायोजन गर्नु परेकाले २०६९ देखि लागू भएको विद्यमान विद्युत महशुल दरमा नयाँ विद्युत महशुल दर र अन्य सेवा दस्तुर २०७३ श्रावण देखिको खपतमा लागु हुने गरी निर्धारण गरिएको छ। वर्तमान महशुल समायोजन सँगै ग्राहक वर्गमा दशकौं अगाडी देखि कायम रहेको प्रणालीको अन्त्य गरी ब्लक प्रणालीको शुरुवात गरिएको छ। यस प्रणालीमा ग्राहकलाई विद्युतको खपत परिणाम वा वर्गको आधारमा कुनै एक सेवा दस्तुर र ब्लक ब्लक अनुसार खपत विद्युतमा विद्युत शुल्क (ईनर्जि शुल्क) लगाईने छ।

आधारभूत आवश्यकताको लागि कोही निश्चित मात्रामा विद्युत खपत गर्ने ग्राहकको पहिले भन्दा सस्तोमा विद्युत पाउने छन् भने बढी खपत गर्ने ग्राहकको भने कोही प्रतिशत विद्युत महशुल बढ्ने छ। भूकम्प प्रभावित जिल्लाका पूर्ण क्षति भएका पीडितका कार्ड पाएका ग्राहकवर्गका ग्राहकका लागि नयाँ दर लागू भएको मितिबाट २०७५ साल असार मसान्तसम्म सेवा शुल्क नराखी ईनर्जि शुल्कको दर कायम गरिएको छ।

नेपाल विद्युत प्राधिकरणको संगठनात्मक कुशलताको अभिवृद्धि गरी विद्युत चुहावट घटाउन, खर्चमा मितव्ययिता अपनाउन, विद्युत महशुल बक्यौता, जिन्सी मौज्दात तथा वित्तिय व्यवस्थापनमा आवश्यक सुधार गर्न र संभाव्य सबै उपायहरु अवलम्बन गरी लोडसेडिङलाई न्यूनिकरण गर्न यस आयोगले नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिएको छ। नेपाल विद्युत प्राधिकरणको प्रणालीमा हुने विद्युत चोरीको कार्यलाई कडाईका साथ नियन्त्रण गर्न नेपाल सरकारले समेत आवश्यक सहयोग निरन्तर प्रदान गर्न र ने.वि.प्रा.को वित्तिय पुनःसंरचना प्रतिवेदनले गरेका उचित सिफारिसहरुको अविलम्ब कार्यन्वयनको लागि नेपाल सरकारलाई अनुरोध गरिएको छ। अन्यथा लोडसेडिङको वर्तमान अवस्थामा समेत विद्युत महशुल वृद्धि गर्नु परेकोमा समस्त उपभोक्ता तथा सम्बद्ध सबै पक्षले आत्मसात गरी दिनु हुन आयोग हार्दिक अनुरोध गर्दछ।

---

 (१०)

थप गरि छुट्टै उच्च विद्युत महशुलको नयाँदर कार्यान्वयन गर्ने (अनुसूची-२ बमोजिमको) विद्युत महसुल स्वीकृतीको लागि विद्युत महसुल निर्धारण आयोग समक्ष अनुरोध गर्ने।

(ग) सालबसाली विद्युत महसुल निर्धारणको लागि विद्युत महसुल सुत्र निर्धारण गरी कार्यान्वयन गर्न स्वीकृत हुनको लागि विद्युत महसुल निर्धारण आयोगसमक्ष पेश गर्ने।

उपर्युक्त प्रस्तावहरुमध्ये प्रकरण (क) मा पेश गरेको प्रस्तावलाई २०७३ श्रावणदेखि लागू हुनेगरी नयाँ महशुलदर कार्यान्वयन गर्न स्वीकृत प्राप्त भएको हो। त्यसै गरी प्रकरण (ख) मा माग गरिएको डेडिकेटेड लाइनमार्फत विद्युत सेवा लिएका ग्राहकहरुको महशुलदर कार्यान्वयन गर्न २०७२ श्रावणदेखि नै स्वीकृत भएको थियो भने प्रकरण (ग) को विद्युत महशुल निर्धारण नियमावलीमा भएको व्यवस्थाबमोजिम वार्षिक ५% सम्म वृद्धि हुने सालबसाली विद्युत महशुल निर्धारणको लागि विद्युत महसुल सुत्र निर्धारण गरी कार्यान्वयन गर्ने प्रस्ताव हालसम्म स्वीकृत भइआएको अवस्था छैन। यस पश्चात् पनि ने.वि.प्रा.को घाटा निरन्तर रुपमा वृद्धि भई वित्तीय अवस्थामा सुधार हुन नसकेको अवस्था छ।

विद्युत महशुल निर्धारण आयोगले २०७३ श्रावणदेखिको खपतमा लागू हुनेगरी स्वीकृत गरेको विद्युत महशुल दर लागू गर्ने र आयोगले दिएको निर्देशनहरु कार्यान्वयन गर्नेसमेतको स्वीकृतिका लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा निम्नानुसार निर्णय भयो:

निर्णय:

विद्युत महशुल निर्धारण आयोगबाट स्वीकृत भएको विद्युत महशुल दर र सोसँग सम्बन्धित अन्य विषयमा देहायबमोजिम गर्ने:

(क) विद्युत महशुल निर्धारण आयोगबाट २०७३ श्रावण महिनादेखिको खपतमा लागू हुनेगरी स्वीकृत विद्युत महशुल दर कार्यान्वयन गर्ने।

(ख) आयोगबाट प्राप्त निर्देशन एवं संलग्न विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ को मस्यौदाउपर विस्तृत अध्ययन गरी रायसिफारिस सहितको प्रतिवेदन यथाशीघ्र पेश गर्न निम्न उपसमिति गठन गर्ने:

१. श्री मनोज कुमार मिश्र, सञ्चालक, ने.वि.प्रा - संयोजक,
२. श्री दीर्घायुकुमार श्रेष्ठ, निर्देशक, ने.वि.प्रा. - सदस्य
३. श्री प्रमुख, कानुन विभाग, ने.वि.प्रा. - सदस्य सचिव।



---



१५. विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ उपर व्यवस्थापनले अध्ययन गरी पेश गरेको प्रतिवेदनबारे।

विद्युत महशुल निर्धारण आयोगले २०७३ श्रावणदेखिको खपतमा लागू हुनेगरी स्वीकृत गरेको विद्युत महशुल दर र आयोगको निर्देशन कार्यान्वयन गर्नेबारे सञ्चालक समितिको मिति २०७३।४।१२ को ७३४औं बैठकबाट सञ्चालक श्री मनोज कुमार मिश्रको संयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन भएको थियो।

उल्लिखित उपसमितिले मिति २०७३।५।८ मा पेश गरेको विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ स्वीकृतिका लागि सञ्चालक समितिको मिति २०७३।६।७ को ७३७औं बैठकमा प्रस्तुत हुँदा उक्त विनियमावलीउपर व्यवस्थापनले थप अध्ययन गरी पेश गर्ने निर्णय भएको थियो।

उपसमितिले पेश गरेको विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ उपर व्यवस्थापनले थप अध्ययन गरी पेश गरेको संलग्न राय-सुझावसहित प्रतिवेदनमा उल्लिखित बुँदाहरुसमेत समावेश गरी विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ स्वीकृत गर्नुपर्ने भएको छ।

प्राधिकरणको सङ्गठनात्मक कुशलताको अभिवृद्धि गरी विद्युत चुहावट घटाउन, खर्चमा मितव्ययिता अपनाउन, विद्युत महशुल बक्यौता, जिन्सी मौज्दात तथा वित्तीय व्यवस्थापनमा आवश्यक सुधार गर्ने र सम्भाव्य सबै उपायहरु अवलम्बन गरी लोडसेडिङ न्यूनीकरण गर्नेलगायतका विषयमा विद्युत महशुल निर्धारण आयोगबाट प्राप्त निर्देशनहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्ने भएको छ।

व्यवस्थापनले राय-सुझावसहित पेश गरेको प्रतिवेदनबमोजिम हुनेगरी विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ स्वीकृतिका लागि समितिसमक्ष कार्यकारी निर्देशकले प्रस्ताव गर्नुहुँदा निम्नानुसार निर्णय भयो:

निर्णय:

सञ्चालक समितिको मिति २०७३।४।१२ को ७३४औं बैठकबाट गठित उपसमितिले पेश गरेको संलग्न विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ मा व्यवस्थापनले पेश गरेको संलग्न व्यवस्थाहरुसमेत समावेश हुने गरी ने.वि.प्रा. विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ स्वीकृत गर्ने।



---



निर्णय:

विद्युत महशुल निम्नानुसार निर्धारण गरिदिने व्यवस्थाका लागि विद्युत महशुल निर्धारण आयोगसमक्ष अनुरोध गर्ने:

(क) औद्योगिक ग्राहकतर्फको महशुल

प्राधिकरणको वित्तीय अवस्था सुधार नहुन्जेलसम्म संलग्न अनुसूची-१ बमोजिम २०% महशुल वृद्धि समायोजन गर्ने। साथै TOD ग्राहकका हालको Off Peak हिउँद समय (चैतदेखि चैत) को महशुल दर अन्य समयसरह नै लागू भइरहेकोले सोहीबमोजिम गर्ने।

(ख) सामुदायिक विद्युत करणको महशुल

प्राधिकरणको र सामुदायिक वितरक संस्थाको महशुलबीच तादम्यता राख्दै निम्नानुसार समायोजन गर्ने:

सामुदायिक थोक ग्राहक:

| भोल्टेजस्तर | इनर्जी शुल्क रु.प्रति युनिट |
|---|---|
| मझौला भोल्टेजस्तर ११ के.भि./३३ के.भि. | |
| Nx२० युनिटसम्म खपत | ४.२५ (हालको दर यथावत) |
| Nx२१ युनिटभन्दा माथि खपत | ६.५० |
| तल्लो भोल्टेजस्तर २३०/४०० भोल्ट | |
| Nx२० युनिटसम्म खपत | ४.२५ (हालको दर यथावत) |
| Nx२१ युनिटभन्दा माथि खपत | ७.७० |

(ग) भूकम्प पीडित ग्राहकका लागि

विद्युत महशुल निर्धारण आयोगले भूकम्प प्रभावित जिल्लाका पूर्ण क्षति भएका पीडितको कार्ड पाएका गार्हस्थ्य वर्गका ग्राहकका लागि नयाँ दर लागू भएको मितिबाट २०७५ साल असार मसान्तसम्म सेवा शुल्क नलिने भएको निर्णय कार्यान्वयन गर्ने गार्हस्थ्य वर्गका ग्राहकको मासिक ०-२० किलोवाट घण्टाको लोडिङको सेवा शुल्क न्यूनतम रु. ३० सम्म छुट दिने।

सो खपतभन्दा माथिका गार्हस्थ्य वर्गका ग्राहकको महशुलमा मासिक न्यूनतम रु. ३०-सम्म छुट गरी बाँकी बिलबमोजिमको रकम अन्य ग्राहकसरह महशुल लिने।

(घ) सालबसालीरुपमा स्वतः विद्युत महशुल निर्धारण हुनेगरी विद्युत महशुल सुत्र निर्धारण गरी लागू गर्न अनुरोध गर्ने।

## निर्णय ७५७ २०७४।३।२९, ७६८ २०७५।०१।३१, ७९३ २०७५।१२।२९

(१५)



८. विविध:

(क) विद्युत महसुल छुटको व्यवस्था पुनरावलोकन गर्नेबारे ।

नेपाल विद्युत प्राधिकरण, विद्युत महसुल विनियमावली, २०७३ विनियम ७ मा- ग्राहकले विद्युत महसुल भुक्तानी गर्दा पाउने छुट तथा सुविधासम्बन्धी देहायबमोजिम व्यवस्था छ:

(१) नेपाल सरकारले तोकेको औद्योगिक क्षेत्रभित्रका ग्राहकले मिटर रिडिङ्ग गरेको २१ दिनभित्र महसुल बुझाएमा बिल रकमको १० प्रतिशत रकम छुट दिइनेछ ।

(२) नेपाल सरकारअन्तर्गतका शवदाह गृह, सरकारी अस्पताल तथा स्वास्थ्य चौकीहरु (आवास गृहबाहेक) लाई मिटर रिडिङ्ग गरेको २१ दिनभित्र महसुल बुझाएमा बिल रकमको २० प्रतिशत रकम छुट दिइनेछ ।

(३) मिटर रिडिङ्ग गरेको ७ दिनभित्र महसुल बुझाउने उपविनियम (१) र (२) मा उल्लेखित ग्राहकबाहेकका अन्य वर्गका ग्राहकलाई बिल रकमको ३ प्रतिशत छुट दिइनेछ । मिटर रिडिङ्ग गरेको ८औं दिनदेखि २२औं दिनभित्र बिलअनुसारको महसुल लाग्नेछ ।

नेपाल विद्युत प्राधिकरणको विषमान वित्तीय अवस्था सुधार गर्नका लागि विभिन्न विकल्पहरुमध्ये उल्लिखित व्यवस्थासमेतमा पुनरावलोकन गर्न उपयुक्त देखिएको छ ।

ग्राहकले विद्युत महसुल भुक्तानी गर्दा पाउने छुट तथा सुविधासम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने स्वीकृतिका लागि समितिसमक्ष कार्यकारी निर्देशकले प्रस्ताव गर्नुहुँदा निम्नानुसार निर्णय भयो:

निर्णय:

मिति २०७४।४।१ देखिको विद्युत खपतको बिलिङ्गमा लागू हुनेगरी नेपाल विद्युत प्राधिकरण, विद्युत महसुल विनियमावली, २०७३ को विनियम ७(३) को सट्टा देहायबमोजिम हुनेगरी संशोधन गर्ने:

(३) मिटर रिडिङ्ग गरेको ७ दिनभित्र महसुल बुझाउने उपविनियम (१) र (२) मा उल्लेखित ग्राहकबाहेकका अन्य वर्गका ग्राहकलाई बिल रकमको २ प्रतिशत छुट दिइनेछ। मिटर रिडिङ्ग गरेको ८औं दिनदेखि २२औं दिनभित्र बिलअनुसारको महसुल लाग्नेछ।



डिमाण्ड शुल्क र इनर्जि शुल्क बुझाउनु पर्ने व्यवस्था छ। साथै, सोही विनियमावलीको विनियम (४) को उपविनियम (५) मा- ३३ के.भी. ट्रङ्क लाइन वा ११ के.भी. रिङ मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभएसम्मको लागि हाल ट्रङ्क लाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडरसरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडरसरहको महशुल तिरी लिनसक्ने समेत प्रावधान रहेको छ।

उक्त विनियमावली बमोजिम सम्बन्धित सबै ग्राहकलाई बिलिङ्ग गरिएकोमा Dedicated Feeder मार्फत विद्युत आपूर्ति लिने ग्राहकहरु (त्रिवेणी स्पिनिङ्ग मिल्स, त्रिवेणी सिन्थेटिक यार्न, हिमाल आईरन एण्ड स्टिल, डाबर नेपाल, सर्वोट सिमेन्ट र प्रिमियम सिमेण्ट) र ६६ के.भी. र ३३ के.भी. ट्रङ्क लाइनमार्फत आपूर्ति लिने ग्राहकहरुले समेत निरन्तर विद्युत आपूर्तिको लागि प्राधिकरणमा निवेदन नगरेको, लोडशेडिङ्ग तालिका अनुसार लोडशेडिङ्ग भएकाले Dedicated Feeder बापतको महशुल दर कायम हुन नहुने भनि निवेदन जिकिर गरेको देखिन्छ।

मौजुदा ट्रङ्क लाइन तथा डेडिकेटेड फिडरमार्फत विद्युत आपूर्ति लिने ग्राहकको विद्युत महशुल, महशुलउपर सम्बन्धित ग्राहकको निवेदन जिकिर र २०७५ वैशाख ३१ गतेदेखि मुलुकभर लोडशेडिङ्ग अन्त्य भएको अवस्थालाई दृष्टिगत गरी त्यस्ता ग्राहकहरुबाट लिइने महशुलका सम्बन्धमा समितिमा विस्तृत छलफल गरी पुनरावलोकन हुन समितिसमक्ष कार्यकारी निर्देशकले प्रस्ताव गर्नुहुँदा निम्नानुसार निर्णय भयो:

निर्णय:

नेपाल विद्युत प्राधिकरणले औद्योगिक र व्यापारिक वर्गका ग्राहकलाई डेडिकेटेड फिडरमार्फत भरपर्दो, नियमित र गुणस्तरीय विद्युत आपूर्ति गर्ने र सो बापत Premium Tariff लिनेगरी सञ्चालक समितिबाट स्वीकृत प्रतिवेदनबमोजिम २०७२ श्रावणदेखिको खपतमा सो महशुल लागू गरिएको र विद्युत महशुल निर्धारण आयोगबाटसमेत उक्त महशुल दर अनुमोदन भएको देखिन्छ।

मिति २०७३/४/१ देखि लागू भएको विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ मा डेडिकेटेड फिडर लाइन तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकका लागि अनुसूची १ क बमोजिमको महशुल दर लागू हुने व्यवस्था छ । यसैबिच मिति २०७५ वैशाख ३१ गतेदेखि मुलुकभर लोडसेडिङ्ग अन्त्य भई सबै ग्राहकलाई निरन्तर विद्युत आपूर्ति हुने भएकोले मुलुकमा लोडसेडिङ्ग अन्त्य भएको मिति अघि र पछि डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनमार्फत विद्युत आपूर्ति हुँदा उपलब्ध हुने सुविधाका अतिरिक्त यस्तो लाइनको आवश्यकता र औचित्यतासमेतलाई दृष्टिगत गरी उक्त लाइनबाट विद्युत आपूर्ति हुने ग्राहकहरुको विद्युत महशुलबारे निम्न विषयहरुमा अध्ययन गरी तदनुरुप आवश्यक निर्णय गर्नुपर्ने देखियो ।

१. डेडिकेटेड फिडर लाइनमार्फत आपूर्ति लिएका ग्राहकहरुका लागि २०७२ श्रावणको खपत देखि लागू भएको महशुल दर र विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ मा उल्लेखित महशुलसम्बन्धी व्यवस्थासमेतका आधारमा मिति २०७२/४/१

बोर्ड-७६८



को खपतदेखि डेडिकेटेड फिडरलाइन तथा ट्रङ्क लाइनमार्फत विद्युत आपूर्ति भएका ग्राहकलाई लागू गरिएको महशुल दरको कार्यान्वयनको यथार्थ अवस्था, सम्बन्धित ग्राहकहरुबाट प्राप्त गुनासो र असुल हुनुपर्ने महशुल ।

२. मिति २०७५/२/१ देखि डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनमार्फत विद्युत आपूर्ति लिने ग्राहकलाई कायम गर्नुपर्ने विद्युत महशुल दर ।

उल्लेखित विषयहरुमा विस्तृत अध्ययन विश्लेषण गरी रायसिफारिस सहितको प्रतिवेदन यथासिघ्र पेश गर्न निम्न उपसमिति गठन गर्ने:

१. श्री भक्तबहादुर पुन, सञ्चालक, ने.वि.प्रा. - संयोजक,
२. श्री हरराज न्यौपाने, उपकार्यकारी निर्देशक, वि.ग्रा.से. - सदस्य,
३. श्री तुलाराम गिरी, निर्देशक, कानुन विभाग, ने.वि.प्रा. - सदस्य,
४. श्री जयराज भण्डारी, सहनिर्देशक, आ. वि. विभाग, ने.वि.प्रा. - सदस्य-सचिव ।



लोडसेडिङ्ग अन्त्य भएपछिको अवस्थामा डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत सेवा लिने सबै वर्गका ग्राहकहरूको लागि नयाँ विद्युत महशुल दरअनुसार महशुल लिन महशुल दरसमेत सिफारिस भएको छ।

उपसमितिबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय लिन सञ्चालक समितिको मिति २०७५।१२।१४ को ७९०औं बैठकमा पेश हुँदा - नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति हुने ग्राहकको महशुलबारे प्रस्तुतिकरण भयो। उक्त ग्राहकहरु मध्ये नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७२।०३।१२ को निर्णयानुसार लागु भएको विद्युत महशुल दर अनुरुप बिलिङ भएका, बिलिङ नभएका, बिलिङ भई महशुल तिरेका र बिलिङ भई महशुल नतिरेका ग्राहकहरुको सम्पूर्ण विवरणसहित अर्को बैठकमा पुनः पेश गर्ने भन्ने निर्णय भएको थियो।

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति हुने ग्राहकको महशुलबारे तत्कालिन विद्युत महशुल निर्धारण आयोगबाट प्राप्त स्वीकृति र विद्यमान नेपाल विद्युत प्राधिकरण, विद्युत महशुल संकलन विनियमावली, २०७३ मा भएका व्यवस्था र कार्यान्वयनको अवस्थासमेतका बारेमा थप अध्ययन गर्नुपर्ने देखिन्छ।

उल्लेखित प्रस्ताव सञ्चालक समितिको मिति २०७५।१२।२७ को ७९२औं बैठकमा पुनः पेश हुँदा नेपाल विद्युत प्राधिकरण, विद्युत महशुल संकलन विनियमावली, २०७३ मा भएका व्यवस्थाहरुसमेतको पुनरावलोकन गरी मस्यौदा पेश गर्न सञ्चालक श्री भक्तबहादुर पुनको संयोजकत्वमा उप समिति गठन गर्ने निर्णय भएको थियो।

उल्लेखित प्रस्तावसँग सम्बन्धित सञ्चालक समितिबाट भएका पूर्व निर्णयहरु, सञ्चालक समितिबाट गठित उपसमितिको अध्ययन प्रतिवेदन एवम् विनियमावलीहरुका आधारमा उपयुक्त निर्णय लिन कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

निर्णय:

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुको विद्युत महशुल दरबारे तत्कालिन विद्युत महशुल निर्धारण आयोगबाट स्वीकृत महशुल दर, विद्युत महशुल संकलन विनियमावलीमा उल्लेखित व्यवस्था, कार्यान्वयनको अवस्था, डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट आपूर्ति लिएका ग्राहकहरुले अतिरिक्त महशुल दर कायम हुन नहुने भनि गरेको लिखित निवेदन जिकिरको औचित्यतासमेतलाई दृष्टिगत गर्नुपर्ने देखिन्छ ।

समितिको मिति २०७५।०१।३१ को ७६८औं बैठकबाट सञ्चालक श्री भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले उल्लेखित विषयमा पेश गरेको संलग्न प्रतिवेदन उपर विस्तृत छलफल गर्दा केही कैफियतहरुबारे थप आधार प्रमाणसहित उल्लेखित समग्र पक्षहरुको विश्लेषण गरी निर्णय लिनु उपयुक्त हुने देखिएकोले सो सम्बन्धमा देहायबमोजिम गर्ने:

बोर्ड-७९३ ५

## निर्णय ७९३ २०७५।१२।२९, ८०७ २०७६।०६।२४, ८०९ २०७६।०७।१६

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ७९३औं बैठक मिति २०७५/१२/२९

(१) निम्न विषयहरुमा थप अध्ययन गरी एक महिना भित्र राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न तल प्रकरण (२) मा उल्लेखित उपसमिति गठन गर्ने

(क) सम्वत २०७२ श्रावण देखि २०७३ असारसम्म र तत्पश्चात ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुले प्रतिदिन उद्योग सञ्चालन गरेको अवधिको खपत विवरण, त्यस्ता ग्राहकहरुबाट नियमानुसार लिनुपर्ने महशुल, हाल लिइएको महशुल तथा यस्ता ग्राहकहरुको निवेदन बारे ।

(ख) नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर लाइन तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिने प्रकिया र त्यस्ता ग्राहकहरुलाई लाग्ने महशुल दरबारे विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ मा भएका व्यवस्थाहरुको पुनरावलोकन गरी सो विनियमावलीहरुमा संशोधन गर्नुपर्ने देखिए सो को संशोधन मस्यौदा ।

(ग) डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका र लिने ग्राहकहरुको नयाँ विद्युत महशुल दरको प्रस्ताव।

(२) उपसमिति:

| | | | |
|---|---|---|---|
| १ | श्री भक्तबहादुर पुन, सञ्चालक, ने.वि.प्रा. | - | संयोजक, |
| २ | श्री तोयानाथ अधिकारी सह सचिव, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय | - | सदस्य, |
| ३ | श्री हरराज न्यौपाने, उप कार्यकारी निर्देशक, वि.ग्रा.से. | - | सदस्य, |
| ४ | श्री तुलाराम गिरी, निर्देशक, जनशक्ति विभाग | - | सदस्य, |
| ५ | श्री जयराज भण्डारी, सह निर्देशक, आर्थिक विश्लेषण विभाग | - | सदस्य सचिव। |

(३) सञ्चालक श्री भक्त बहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएबमोजिम डेडिकेटेड लाइनबाट विद्युत आपूर्ति लिई महशुल नतिरेका ग्राहकसँग व्यवस्थापनले बाँकी विद्युत महशुल असुल उपर गर्ने र उक्त प्रतिवेदन अनुसार डेडिकेटेड लाइन लिएका ग्राहकहरुलाई नियमानुसार बिलिङ्ग गर्नु र नगर्नुको कारणबारे सम्बन्धित जिम्मेवार कर्मचारीलाई स्पष्टिकरण सोध्ने।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ८०७औं बैठक मिति २०७६/०६/२४

(ख) नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर लाइन तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिने प्रकिया र यस्ता ग्राहकहरुलाई लाग्ने महशुल दरबारे विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ मा भएका व्यवस्थाहरुको पुनरावलोकन गरी सो विनियमावलीहरुमा संशोधन गर्नुपर्ने देखिए सो को संशोधन मस्यौदा ।

(ग) डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत आपूर्ति लिएका र लिने ग्राहकहरुको नयाँ विद्युत महशुल दरको प्रस्ताव।

(घ) उपसमिति:

| | | | |
|---|---|---|---|
| १ | श्री भक्तबहादुर पुन, सञ्चालक, ने.वि.प्रा. | - | संयोजक, |
| २ | श्री तोयानाथ अधिकारी सह सचिव, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय | - | सदस्य, |
| ३ | श्री हरराज न्यौपाने, उप कार्यकारी निर्देशक, वि.ग्रा.से. | - | सदस्य, |
| ४ | श्री तुलाराम गिरी, निर्देशक, जनशक्ति विभाग | - | सदस्य, |
| ५ | श्री जयराज भण्डारी, सह निर्देशक, आर्थिक विश्लेषण विभाग | - | सदस्य सचिव। |

उक्त उपसमितिले पेश गरेको प्रतिवेदन संलग्न छ।

उपसमितिले पेश गरेको प्रतिवेदनउपर छलफल गरि आवश्यक निर्णय लिन स्वीकृतिका लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

निर्णय:

सम्पूर्ण सञ्चालकहरुलाई उक्त उपसमितिले पेश गरेको पूर्ण प्रतिवेदन वितरण गर्ने र सोउपर विस्तृत छलफल गरी आवश्यक निर्णय लिन पुनः पेश गर्ने।

२०७६/०७/१८

बोर्ड-८०७ २

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ८०९औं बैठक मिति २०७६/०७/१६

| | | |
|---|---|---|
| ५ | श्री जयराज भण्डारी, सह निर्देशक, आर्थिक विश्लेषण विभाग, ने.वि.प्रा. । | सदस्य-सचिव। |

उक्त उपसमितिले पेश गरेको प्रतिवेदन सञ्चालक समितिको मिति २०७६/०६/२४ गतेको ८०७औं बैठकमा पेश हुँदा निम्नानुसारको निर्णय भएको थियो:

सम्पूर्ण सञ्चालकहरुलाई उक्त उपसमितिले पेश गरेको पूर्ण प्रतिवेदन वितरण गर्ने र सोउपर विस्तृत छलफल गरी आवश्यक निर्णय लिन पुनः पेश गर्ने।

उक्त प्रतिवेदन सञ्चालक समितिको मिति २०७६/०७/०७ गतेको ८०८औं बैठकमा पेश हुँदा निम्नानुसारको निर्णय भएको थियो:

डेडिकेटेड ग्राहकहरुको विद्युत महसुल दरसमेतका उपर प्रतिवेदन पेश गर्न गठित उपसमितिले पेश गरेको संलग्न प्रतिवेदनसमेतका उपर थप छलफल गर्नुपर्ने देखिएकाले सो प्रतिवेदन र विभिन्न वर्गका ग्राहकहरुको महशुल दरसमेतको प्रस्ताव समितिको आगामी बैठकमा पेश गर्ने ।

समितिको उक्त निर्णयानुसार संलग्न प्रतिवेदन र विभिन्न वर्गका ग्राहकहरुको प्रस्तावित महशुल दरसमेत उपर छलफल गरी आवश्यक निर्णय लिन कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

निर्णय:

सञ्चालक समितिको मिति २०७५।१२।२९ को ७९३औं बैठकबाट डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट आपूर्ति लिएका ग्राहकहरुको विद्युत महसुल दरसमेतका उपर अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले पेश गरेको संलग्न रायसिफारिससहितको प्रतिवेदनसमेतका आधारमा देहायबमोजिम गर्ने:

(१) डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट आपूर्ति लिएका ग्राहकहरुसँग २०७२ श्रावणदेखि नै लागू हुने गरी ने.वि.प्रा. विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) तथा अनुसूचि-१क मा उल्लेख भएबमोजिमको विद्युत महसुल लिने।

(२) विभिन्न ग्राहकले विभिन्न अदालतमा मुद्दा दायर गरी सोउपर अन्तरिम आदेश जारी भई मुद्दा विचाराधिन रहेको हुँदा त्यस्ता ग्राहकका हकमा मुद्दा फैसला भएपश्चात सोही बमोजिम हुने गरी महसुल लिने।

(३) भैरहवा वितरण केन्द्र अन्तर्गतका १५ वटा ग्राहकहरुले साविकको ३३ के.भी. औद्योगिक फिडरबाट ट्रङ्क लाइनमा परिवर्तन भई मिति २०७४।१२।१२ देखि नियमित विद्युत आपूर्ति लिएको देखिँदा त्यस्ता ग्राहकहरुसँग पनि २०७५ वैशाखदेखि लागू हुने गरी विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) तथा अनुसूचि-१क मा उल्लेख भएबमोजिमको महसुल दर कायम गरी सोही बमोजिम बाँकी महसुल लिने।

बोर्ड-८०९

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ८०९औं बैठक मिति २०७६/०७/१६

(४) डेडिकेटेड फिडर/लाइन, औद्योगिक फिडर/लाइन, ट्रङ्क लाइन, औद्योगिक क्षेत्र लाइन, विशेष आर्थिक क्षेत्र लाइन र ११ के.भि. रिङ्ग मेनबाट विद्युत आपूर्ति लिने ग्राहकलाई अर्को जुनसुकै लाइनमा परिवर्तन (Shift) गर्ने सम्वन्धमा व्यवस्थापनले छुट्टै कार्यविधि तर्जुमा गरी समितिसमक्ष पेश गर्ने ।

(५) नेपाल विद्युत प्राधिकरणको विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ मा संशोधन गर्न प्रतिवेदनमा प्रस्ताव गरिएका र अन्य आवश्यक देखिएका व्यवस्थाहरुसहितको संशोधन प्रस्ताव तयार गरी समितिसमक्ष पेश गर्ने।

निर्यण ८१० २०७६।०७।१६,

...बैठकको ८१०औं बैठक मिति २०७६/०७/१६

प्रतिवेदनमा प्रस्ताव गरिएका र अन्य आवश्यक देखिएका व्यवस्थाहरूसहितको संशोधन प्रस्ताव तयार गरी समितिसमक्ष पेश गर्ने निर्णय भएकोले सो बमोजिम तयार गरिएको संशोधन मस्यौदा संलग्न छ।

मुलुकमा विगत लामो समयसम्म रहेको लोडसेडिङ २०७५ वैशाखदेखि अन्त्य भई नियमित विद्युत आपूर्ति भइरहेको परिप्रेक्ष्यमा पूर्णरूपमा लोडसेडिङ तत्कालिन ऊर्जा संकटको अवस्थालाई दृष्टिगत गरि बनाइएका विनियमावलीका केही बुँदाहरु हटाउन, परिमार्जन गर्न र समयसापेक्ष आवश्यक पर्ने केही बुँदाहरु थप गर्न आवश्यक देखिएको छ।

संलग्न संशोधन प्रस्ताव बमोजिम हुने गरी समयसापेक्ष विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ मा संशोधन गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

**निर्णय:**

संलग्न संशोधन प्रस्ताव बमोजिम हुने गरी विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ मा संशोधन गर्ने ।

## नेपाल विद्युत प्राधिकरण

संचालक समितिको मिति २०७५।१२।२९ को ७९३ औं बैठकबाट गठित पुनरावलोकन उपसमितिको सिफारिससमेतका आधारमा "विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३" मा संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था

(क) नेपाल विद्युत प्राधिकरण, विद्युत महशुल संकलन विनियमावली, २०७३:

| सि.नं. | विनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | २ (ख) | "ग्राहक" भन्नाले विनियम ३ बमोजिम विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ। सो शब्दले ट्रंक लाईन (Trunk Line) र डेडिकेटेड फिडर (Dedicated Feeder) बाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई समेत जनाउनेछ। | "ग्राहक" भन्नाले विनियम ३ बमोजिम तोकिएको विद्युत उपभोग गर्ने प्राकृतिक व्यक्ति र कानून बमोजिम स्थापित संघ-संस्था, कम्पनी समेतलाई सम्झनु पर्छ । सो शब्दले डेडिकेटेड फिडर/डेडिकेटेड लाईन, ट्रंक लाईन, औधोगिक फिडर/लाइन, औधोगिक क्षेत्र लाईन, विशेष आर्थिक क्षेत्र लाईन र ११ के.भि. रिंगमेनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुलाई समेत सम्झनु पर्छ। | प्राधिकरणका विभिन्न प्रकारका लाइनहरुबाट विद्युत सेवा लिने ग्राहकहरुलाई समेत परिभाषामा समेटन उपयुक्त भएकोले । |
| २ | २ (घ) | "डेडिकेटेड फिडर (Dedicated Feeder)" भन्नाले ने.वि.प्रा.को सबस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई बुझाउनेछ। | "डेडिकेटेड फिडर/डेडिकेटेड लाइन" भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाईन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिका लागि निर्माण गरिएको लाईनलाई सम्झनु पर्छ। | "डेडिकेटेड फिडर/डेडिकेटेड लाइन" को परिभाषा गर्न उपयुक्त भएकोले । |
| ३ | २ (ङ) | "डेडिकेटेड लाइन (Dedicated Line)" भन्नाले ग्राहक स्वयम् वा अन्य निकायको श्रोतबाट छुट्टै निर्माण भएको वितरण लाइनलाई बुझाउनेछ। | विनियम २ (ङ) हटाउने। | विनियम २ (घ) मा परिभाषित भएकोले आवश्यक नभएको। |
| ४ | ५ (५) | ३३ के.भि.ट्रङ्क लाइन तथा ११ के.भि.रिंगमेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभएसम्मको लागि हाल ट्रङ्क लाइनबाट आपूर्ति लिई रहेका कुनै ग्राहकले उक्त लाईनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महशुल तिरी लिन सक्नेछन । यस्तो सेवा लिने स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाईन सरह ने.वि.प्रा. संचालक समितिबाट स्वीकृती लिनु पर्नेछ । यदि कुनै ग्राहकले स्वीकृती नलिई ने.वि.प्रा.ले निर्धारण गरेको लोडसेडिङको समय कट्टा गरि विद्युत प्रवाह हुने समयभन्दा बढी अवधि विद्युत सुविधा आपूर्ति लिएमा विद्युतको अनाधिकृत उपयोग भएको मानी विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा ९ अनुसार लाईन कट्टा गरी दफा ११ बमोजिम बिल रकम र सो बराबरको क्षतिपूर्ति रकम समेत तिर्नु पर्नेछ । यस्तो अवस्थामा विद्युतको बिल रकम र क्षतिपूर्ति रकम गणना गर्दा डेडिकेटेड फिडर लाइनको सरह विद्युत महशुल लगाइनेछ। यसरी कायम भएको विद्युत महशुल तथा क्षतिपूर्ति रकम नतिरेसम्म विद्युत लाईन जोडिने छैन। | विनियम ५ (५) हटाउने। | लोडसेडिङ अन्त भई मुलुकभर नियमित विद्युत आपूर्ति भएको परिप्रेक्ष्यमा विनियमहरुमा द्विविधा र परस्पर बाझिने वाक्यांशहरु राख्न उपयुक्त नहुने। |

## नेपाल विद्युत प्राधिकरण

संचालक समितिको मिति २०७५।१२।२९ को ७९३ औं बैठकबाट गठित पुनरावलोकन उपसमितिको सिफारिस समेतको आधारमा "विद्युत वितरण विनियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३" मा संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था

(ख) नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९

| सि.नं. | विनियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | २ (ङ) | "ग्राहक" भन्नाले प्राधिकरणबाट बिक्री वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ । सो शब्दले विद्युत लाईन लिन आवेदन दिई प्राधिकरणबाट मिटर जडान गर्न स्वीकृति प्रदान गरेको व्यक्ति वा संस्था समेतलाई जनाउनेछ। | (ङ) "ग्राहक" भन्नाले प्राधिकरणबाट बिक्रि वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ । सो शब्दले डेडिकेटेड फिडर/डेडिकेटेड लाईन, ट्रंक लाईन, औधोगिक फिडर/लाइन, औधोगिक क्षेत्र लाईन, विशेष आर्थिक क्षेत्र लाईन र ११ के.भि. रिंगमेनबाट विद्युत आपूर्ति लिएका ग्राहक समेतलाई सम्झनु पर्छ। | ग्राहकको परिभाषामा थप गर्न संशोधन गर्न आवश्यक भएको |
| २ | २ (ङ १) | | **विनियम २(ङ) पछि देहायबमोजिम थप गर्ने:** (ङ१) ट्रंक लाइन भन्नाले प्राधिकरणको एक सबस्टेशनबाट अर्को सबस्टेशन सम्म जोड्ने ३३ के.भि. वा सो भन्दा माथिको लाइनलाई सम्झनु पर्छ। | ट्रंक लाइनको परिभाषा थप गर्न आवश्यक भएको। |
| | २ (ङ २) | नभएको। | (ङ२) "डेडिकेटेड फिडर/डेडिकेटेड लाइन" भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाईन निर्माण भई प्राधिकरणको सबस्टेशनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिका लागि निर्माण गरिएको लाईनलाई सम्झनु पर्छ। | "डेडिकेटेड फिडर तथा डेडिकेटेड लाइनको परिभाषा थप गर्न आवश्यक भएको। |

निर्णय ८१० २०७६।०७।१७, ५७ २०७७।०३।०१,

| | | | | |
|---|---|---|---|---|
| ३ | १६(क) | नभएको। | १६क. निरन्तर विद्युत आपूर्ति गर्ने सम्बन्धी विशेष व्यवस्था: (१) डेडिकेटेड फिडर/डेडिकेटेड लाईन, ट्रंक लाईन, औद्योगिक फिडर/लाइन,औद्योगिक क्षेत्र लाईन, विशेष आर्थिक क्षेत्र लाईन र ११ के.भि. रिंगमेनबाट विद्युत आपूर्ति लिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ। | विशेष प्रकृतिका लाइनबाट नियमित विद्युत आपूर्ति पाउने ग्राहकहरूका हकमा नयाँ व्यवस्था थप गर्न आवश्यक भएको। |
| | | | (२) डेडिकेटेड फिडर/डेडिकेटेड लाइन र ट्रंक लाईनबाट विद्युत आपूर्ति लिने ग्राहकलाई प्राविधिक, प्राकृतिक र काबु बाहिरको परीस्थिति बाहेक निरन्तर गुणस्तरीय विद्युत आपूर्ति गरिनेछ। | |
| | | | (३) उप विनियम (१) बमोजिम विद्युत आपूर्तिको सेवा लिने ग्राहकले तोकिए बमोजिमको छुट्टै विद्युत महसुल तिर्नु/बुझाउनु पर्नेछ। | |
| ४ | १८ (२) | उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि २०० के.भि.ए.वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहकको ३/३ महिनामा सि.टी./पी.टी.र मिटर समेतको निरीक्षण गरी अनुसूचि २८ अनुसार अनिवार्य रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ। | उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि २०० के.भि.ए.वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहकको प्रत्येक महिना मिटर रिडिङ गर्दा सी.टी./पी.टी.र मिटर समेतको निरिक्षण गरी टि.ओ.डि मिटरको लोड प्रोफाईल (Load Profile) सहितको डाटा डाउनलोड रिपोर्ट र अनुसूचि २८ अनुसारको प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। | समयावधी कम गरी थप व्यवस्थासहित संशोधन गर्न आवश्यक भएकोले |

| | | | | |
|---|---|---|---|---|
| ५ | २० (क) थप गर्ने | | २०(क) किस्ताबन्दी सम्बन्धी व्यवस्था: | |
| | १ | नभएको। | (१) प्राधिकरणले ग्राहकलाई बिलिङ्ग गर्दा कुनै कारणबाट बिलिङ्ग छुट हुन गई पछि छुट बिलिङ्ग गरिएको अवस्थामा वा ग्राहकले नियमित विद्युत महशुल भुक्तानी गर्न नसकि लाइन काटिएको अवस्थामा ग्राहकले किस्ताबन्दीमा महशुल बुझाउन आवेदन गरेको खण्डमा मुख्य प्रशासकिय अधिकृतको स्वीकृतिमा किस्ताबन्दीको सुविधा दिन सकिने छ। यस्तो सुविधा दिंदा जति महिनाको महशुल बुझाउन बाँकी छ बढीमा त्यती महिनाको किस्ता कायम गर्न सकिनेछ। | विविध कारणबाट छुट बिल वा विद्युत महशुल तिर्न नसकि किस्ताबन्दीमा महशुल तिर्न चाहनेग्राहकलाई किस्ताबन्दी सुविधा दिने सम्बन्धमा विनियमावलीमा समावेश गर्न आवश्यक भएको। |
| | | | (२) छुट बिल बापतको महशुल नियमित रुपमा किस्ताबन्दीमा भुक्तानी गर्दा थप दस्तुर लाग्ने छैन। तर तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा नियमानुसार थप दस्तुर लाग्ने छ। | |
| | | | (३) नियमित विद्युत महशुल नबुझाई लाइन काटिएको ग्राहकले किस्ताबन्दीको सुविधा प्राप्त गरी महशुल बुझाउदा किस्ता रकमको अतिरिक्त नियमानुसार थप दस्तुरसमेत लाग्ने छ। | |
| ६ | २ | यस विनियमावलीमा साविकको विद्युत महशुल संकलन विनियमावली, २०६९ उल्लेख भएको तर हाल सो विनियमावलीलाई विद्युत महशुल संकलन विनियमावली, २०७३ ले प्रतिस्थापन गरी लागू भई रहेको हुँदा साबिकको विनियमावली उल्लेख भएको स्थानमा हालका विद्युत महशुल संकलन विनियमावली, २०७३ रहने गरी संशोधन गर्ने | | हाल प्रचलित विद्युत महशुल संकलन विनियमावली, २०७३ राखी संसोधन गर्न आवश्यक भएको। |

विद्युत नियमन आयोगको सन्ताउन्नौ बैठकको छलफल तथा निर्णयहरु

विद्युत नियमन आयोगको सन्ताउन्नौ बैठक २०७७ असार १ गते सोमबार दिउँसो ३:०० बजे आयोगको कार्यालय, सानो गौचरणमा देहायका पदाधिकारीहरुको उपस्थितीमा सम्पन्न भयो।

१.उपस्थिती

| | |
|---|---|
| श्री दिल्ली बहादुर सिंह | अध्यक्ष |
| डा. राम प्रसाद धिताल | सदस्य |
| श्री रामकृष्ण खतिवडा | सदस्य |
| श्री रामेश्वर प्रसाद कुशवार | सदस्य |
| श्री भागिरथी अवाली | सदस्य |
| श्री नुतन प्रकाश शर्मा | सचिव |

आमन्त्रित

श्री विजय पुरी — ईन्जिनियर

२.प्रारम्भ

(१) आयोगका अध्यक्ष लगायत सबै जना सदस्यहरुको उपस्थितीमा आयोगको बैठकको कारवाही शुरु भयो।

३.छलफलको विषय

(क) विद्युत प्राधिकरणबाट पेश भएको विद्युत उपभोक्ता महसुल निर्धारण सम्बन्धमा।

(ख) कार्यालय दुई सिफ्टमा सञ्चालन गर्ने सम्बन्धमा।

४.निर्णय

उल्लेखित विषयहमा देहाय बमोजिमको निर्णयहरु गरियो।

(क) १. यस आयोगको मिति २०७६/११/०१ को एकचालीसौं बैठकको निर्णयानुसार विद्युत महसुल निर्धारणको सम्बन्धमा नेपाल विद्युत प्राधिकरणबाट पेश भएको निवेदन तथा विवरणहरु उपर विस्तृत अध्ययन गर्नको लागि गठन गरिएको उपसमितिबाट सोको अध्ययन भई मिति २०७६/०२/२८ मा पेश भएको नेपाल विद्युत

पाना१/२

प्राधिकरणका उपभोक्ता (सामुदायिक थोक उपभोक्ता संस्था अन्तर्गत रहेका उपभोक्ता समेत) को विद्युत महसुल दर निर्धारण प्रतिवेदन उपर विस्तृत छलफल पश्चात परिमार्जन सहित विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा १(क) को व्यवस्था बमोजिम स्वीकृत गरियो। स्वीकृत निर्णयको पूर्ण पाठ अनुसूची - (क) मा संलग्न गरियो।

२. स्वीकृत भएको विद्युत उपभोक्ता महसुल दर सम्बन्धमा विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा (३) को व्यवस्था बमोजिम संलग्न अनुसूची - (ख) सहितको सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने निर्णय गरियो।

३. यस स्वीकृत पूर्ण पाठ, सूचना तथा निर्धारण गरिएको महसुल सम्बन्धि विवरणहरु यस आयोगको वेबसाईट www.erc.gov.np मा उपलब्ध गराउने निर्णय गरियो।

(ख) नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०२/२८ को निर्णयानुसार Covid-19 का कारण उत्पन्न महामारी नियन्त्रण तथा व्यवस्थापन गर्दै कार्यालय सञ्चालन गर्न अत्यावश्यक भएकोले कर्मचारी तथा सेवाग्राही भिडभाड कम गर्न कार्यालयहरुलाई दुई सिफ्टमा सञ्चालन गर्नुपर्ने हुँदा प्रशासन शाखामार्फत यस आयोगका पदाधिकारीहरु तथा उपलब्ध सिमित कर्मचारीहरुसँग आवश्यक समन्वय गरी मिति २०७७/०३/०२ गते बाट यस आयोग विहान ८ बजे देखि साँझ ६ बजे सम्म दुई सिफ्टमा सञ्चालन गर्ने निर्णय गरियो।

## निर्णय ८५९ २०७७।१०।११, ८७० २०७८।०१।२६



उल्लेखित विषयमा शिवम् सिमेन्ट्स लिमिटेड, नेपाल समेतका उद्योगहरुबाट विद्युत महशुल निर्धारण आयोगको निर्णयबाट निर्धारित दर र शर्त विपरितको विद्युत महशुल रकमबाट निजहरुलाई मर्का परेको भन्ने समेतका विषयमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीको अनुसन्धान तथा सरोकारवाला निकायहरुसंग भएको छलफल समेतका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख) बमोजिम नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत नियमन आयोग र नेपाल विद्युत प्राधिकरणलाई तपशिल अनुसारका सुझावहरु लेखी पठाईएको व्यहोरा आयोगको मिति २०७७।४।२६ को निर्णयानुसार प्राप्त भएको छ:

(१) सम्मानित सर्वोच्च अदालतबाट शिवम सिमेन्ट लि. को हकमा महशुल निर्धारण सम्बन्धमा मिति २०७५।०७।२० मा भएको फैसलालाई मार्गदर्शनको रुपमा ग्रहण गरी अन्य उद्योगहरुका हकमा समेत महशुल निर्धारण गर्न उपयुक्त हुने।

(२) विद्युत महशुल निर्धारण आयोगको मिति २०७२।९।२९ को १०३औं बैठक र मिति २०७३।३।१६ को १०८ औं बैठकका निर्णयानुसार सो समयदेखि विद्युत लोडसेडिङ्ग अन्त्य भएको आधिकारिक घोषणा हुनु अघिको समयसम्म डेडिकेटेड तथा ट्रङ्क लाईन मार्फत विद्युत आपूर्ति लिएका उद्योगहरुको विद्युत उपभोगको परिमाण एकीन गरी सोको आधारमा निर्धारित महशुल असुल उपर गर्न उपयुक्त हुने। यसका लागी अन्य विषयका अलावा टि.ओ.डी. मिटरको डाटा डाउनलोडका अध्ययन प्रतिवेदन एवम् सो को विश्लेषणलाई मुख्य आधार बनाउन सकिने।

(३) विद्युत लोडसेडिङ्ग अन्त्य भएको घोषणा पश्चात सर्वसाधारणले समेत विद्युतको नियमित उपभोग गर्न पाएको अवस्थामा उद्योग व्यवसायको प्रवर्धन समेतलाई दृष्टिगत गर्दै डेडिकेटेड तथा ट्रङ्क लाइन मार्फत भएको विद्युतको वास्तविक उपयोग एकीन गरी कानूनतः अधिकार प्राप्त निकायले न्यायोचित महशुल निर्धारण तथा सहजीकरण गर्न उपयुक्त हुने।

ट्रङ्क लाइन र डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिने ग्राहकहरुबाट महशुल असुल गर्ने सम्बन्धमा देखिएको विवादबारे नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।४।१९ मा भएको निर्णय एवम् सञ्चालक समितिको मिति २०७२।१२।२९ र २०७६।७।१६ को निर्णय समेतका आधारमा आवश्यक निर्णयका लागि का.मु. कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

निर्णय:

ट्रङ्क लाइन र डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिएका सम्बन्धित ग्राहकहरुसँगको बक्यौता विद्युत महसुलबारे सञ्चालक समितिको मिति २०७२।१२।२९ र २०७६।७।१६ को

बोर्ड-८५९ १२



बैठकबाट भएका निर्णय, नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।४।१९ मा भएको निर्णय एवम् सम्मानित अदालतबाट भएका फैसलासमेतका आधारमा देहायबमोजिम गर्न व्यवस्थापनलाई निर्देशन दिने:

(१) मिति २०७२ श्रावणदेखि २०७७ असार महिनासम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महशुल सम्बन्धित उपभोक्ताहरुबाट असुल उपर गर्ने। तर कुनै ग्राहकको हकमा सम्मानित अदालतबाट अवधि किटान गरी महशुल लिने गरी फैसला/आदेश भएकोमा सोही बमोजिमको रकम असुल उपर गर्ने।

(२) डेडिकेटेड/ट्रङ्क विद्युत महशुलका सम्बन्धमा केही उपभोक्ताहरुले विभिन्न अदालतमा मुद्दा दायर गरेका र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाई नेपाल विद्युत प्राधिकरणमा समेत लेखी आएकोमा सो सम्बन्धमा अदालतको फैसला/आदेश र विद्युत नियमन आयोगको निर्णयबमोजिम हुनेगरी कार्यान्वयन गर्ने।

(३) विद्यमान कोभिड-१९ बाट समग्र उद्योग व्यवसायमा परेको असरलाई मध्यनजर गरी प्रकरण (१) मा उल्लेख भएबमोजिमको बक्यौता रकम किस्ताबन्दीमा बुझाउन पाउँ भनी २०७८ असार मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसारको किस्ताबन्दी कायम गरी बक्यौता महशुल बुझाउने सुविधा दिने।



डाटा डाउनलोड गरी हार्ड कपी सुरक्षित राख्ने र ग्राहकको परिसरमा जडान गरिएको TOD मिटरको डाटा सुरक्षित राख्ने, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन गर्ने जस्ता व्यवस्थापकीय कार्यलाई तत्काल व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने।

(घ) नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महशुल निर्धारण गर्ने, विश्लेषण गर्ने, बील बिजक जारी गर्ने, महशुल उठाउने जस्ता कार्यहरु समयमै नहुँदा महशुल बुझाउनु पर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महशुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलोमतो छैन भन्ने आधार नदेखिएकोले यसका लागि थप छानबिन गर्न प्राधिकरण सञ्चालक समितिलाई निर्देशन दिने।

ने.वि.प्रा. सञ्चालक समितिको मिति २०७७।१०।११ को ८५९औं बैठकको निर्णय तपशिल बमोजिम रहेको छः

(१) मिति २०७२ श्रावण देखि २०७७ असार महिनासम्मको थप दस्तुर सहितको सम्पुर्ण छुट विद्युत महशुल सम्बन्धित उपभोक्ताहरुबाट असुल उपर गर्ने । तर कुनै ग्राहकको हकमा सम्मानित अदालतबाट अवधि किटान गरी महशुल लिने गरी फैसला/आदेश भएकोमा सोही बमोजिमको रकम असुल उपर गर्ने।

(२) डेडिकेटेड/ट्रंक विद्युत महशुलका सम्बन्धमा केही उपभोक्ताहरुले विभिन्न अदालतमा मुद्दा दायर गरेका र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाई नेपाल विद्युत प्राधिकरणमा समेत लेखी आएकोमा सो सम्बन्धमा अदालतको फैसला/आदेश र विद्युत नियमन आयोगको निर्णय बमोजिम हुने गरी कार्यान्वयन गर्ने।

(३) विद्यमान कोभिड १९ बाट समग्र उद्योग व्यवसायमा परेको असरलाई मध्यनजर गरी प्रकरण (१) मा उल्लेख भए बमोजिमको बक्यौता रकम किस्तावन्दीमा बुझाउन पाउँ भनी २०७८ असार मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसारको किस्तावन्दी कायम गरी बक्यौता महशुल बुझाउने सुविधा दिने।

ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयको च.नं. २९९ मिति २०७७।१२।२७ को पत्रमार्फत संघीय संसद, प्रतिनीधिसभा, सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयनको लागि निर्देशन भई आएको र उक्त निर्देशन तोकिएको समय भित्र कार्यान्वयन गरी सार्वजनिक लेखा समितिलाई जानकारी गराउनु पर्ने भएकोले कार्यकारी निर्देशकले निर्णयार्थ समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई देहायबमोजिम निर्णय भयो:

निर्णय:

संघिय संसद्, प्रतिनिधी सभा, सार्वजनिक लेखा समितिको मिति २०७७।१२।२२ गतेको बैठकले गरेको निर्णय आवश्यक कार्यान्वयनको लागि ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयको च.नं. २९९ मिति २०७७।१२।२७ को पत्रको सन्दर्भमा डेडिकेटेड र ट्रंक

बोर्ड-८७० १४



लाईनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुबाट बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी एक महिना भित्र जानकारी गराउन प्राधिकरणलाई दिएको निर्देशन अवगत भयो। सार्वजनिक लेखा समितिको उल्लेखित मितिको निर्देशन पश्चात देशमा कोभिड-१९ महामारी पुनः व्यापकरुपमा फैलिई सम्पूर्ण उद्योग व्यवसाय सञ्चालनमा समेत प्रतिकुल प्रभाव परेको र देशका विभिन्न स्थानमा निशेधाज्ञासमेत लागू भएको अवस्थामा समितिको उक्त निर्देशन पूर्णरुपमा पालना गर्न हाललाई कठिन हुने देखिएको र मिति २०७२ श्रावण देखि २०७७ असार मसान्तसम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विद्युत महशुल सम्बन्धित उपभोक्ताबाट असुल उपर गर्ने, विद्युत महशुलका सम्बन्धमा अदालती प्रकृयामा गएका कुनै ग्राहकको हकमा अदालतको फैसला/आदेश बमोजिम, विवाद निरुपणका लागि विद्युत नियमन आयोगमा पठाईएका ग्राहकको हकमा आयोगको निर्णय बमोजिम हुने गरी कार्यान्वयन गर्ने र बक्यौता विद्युत महशुल किस्ताबन्दीमा बुझाउन पाऊँ भनि २०७८ असार मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसारको किस्ताबन्दी कायम गरी बक्यौता महशुल बुझाउने सुविधा दिने गरी प्राधिकरण सञ्चालक समितिको मिति २०७७।१०।११ गतेको ८५९औं बैठकबाट निर्णय भएको र उक्त निर्णय कार्यान्वयनको लागि नेपाल विद्युत प्राधिकरण प्रतिबद्ध रहेको व्यहोरा ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयमार्फत संघिय संसद् प्रतिनिधी सभा, सार्वजनिक लेखा समितिसमक्ष अनुरोध गरि पठाउने।

## निर्णय ८७४ २०७८।०४।०६, १३३ २०७८।०५।२२



आयकर ऐन २०५८ अनुसार २५% चालु वर्षका लागि आम्दानी मानि आयकर बापत नेपाल सरकारलाई बुझाउनुपर्ने र यस्तो रकम अर्को आर्थिक वर्षमा समायोजन गर्नुपरेमा सो रकम आयकर ऐन २०५८ अनुसार विगत वर्षको अवधिको खर्च हुन जाने भएकोले त्यस्तो समायोजनको रकममा खर्च मानी छुट नदिने भएकोले त्यस्तो रकमको आयकर बापत तिरेको २५% को रकम व्यर्थमा प्राधिकरणले तिर्नुपर्ने हुन जान्छ।

डेडीकेटेड फिडर तथा ट्रङ्क लाईनको महशुल दर अनुसारको रकम नबुझाउने गरी ग्राहकहरुले अदालतमा निवेदन गरेको र अधिकांश मुद्दा प्राधिकरणको पक्षमा फैसला भैसकेको र केही मुद्दाहरु फैसला हुन बाँकि रहेको छ।

सञ्चालक समितिको मिति २०७७।१०।११ को ८५९औं बैठकबाट डेडीकेटेड फीडर तथा ट्रङ्क लाईन ग्राहकहरुको महशुल लेखांकन तथा असुलि उपर गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको छः

ट्रङ्क लाईन र डेडिकेटेड फिडरबाट बिधुत आपूर्ति लिएका सम्बन्धित ग्राहकहरु संगको बक्यौता विधुत महसुलबारे सञ्चालक समितिको मिति २०७२।१२।२९ र २०७६।०७।१६ को बैठकबाट भएका निर्णय नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।०४।१९ मा भएको निर्णय एवम् सम्मानित अदालतबाट भएका फैसला समेतका आधारमा देहाय बमोजिम गर्न व्यवस्थापनलाई निर्देशन दिने:

(१) मिति २०७२ श्रावण देखि २०७७ असार महिना सम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विधुत महशुल सम्बन्धित उपभोक्ताहरुबाट असुल उपर गर्ने। तर कुनै ग्राहकको हकमा सम्मानित अदालतबाट अवधि किटान गरि महशुल लिने गरि फैसला। आदेश भएकोमा सोहि बमोजिमको रकम असुल उपर गर्ने।

(२) डेडिकेटेड/ट्रङ्क विधुत महशुलका सम्बन्धमा केहि उपभोक्ताहरुले विभिन्न अदालतमा मुद्दा दायर गरेका र नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयबाट विवाद निरुपणका लागी विधुत नियमन आयोगमा पठाई नेपाल विधुत प्राधिकरणमा समेत लेखि आएकोमा सो सम्बन्धमा अदालतको फैसला। आदेश र विधुत नियमन आयोगको निर्णय बमोजिम हुने गरि कार्यान्वयन गर्ने।

(३) विद्यमान कोभिड-१९ बाट समग्र उद्योग व्यवसायमा परेको असरलाई मध्य नजर गरि प्रकरण (१) मा उल्लेख भए बमोजिमको बक्यौता रकम किस्ताबन्दिमा बुझाउन पाउँ भनि २०७८ असार मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसारको किस्ताबन्दि कायम गरि बक्यौता महशुल बुझाउने सुविधा दिने।

त्यस्तै डेडीकेटेड तथा ट्रङ्क लाईनका ग्राहकहरुको बाँकि बक्यौता रकम असुल उपर गर्ने सम्बन्धमा सार्वजनिक लेखा समितिको मिति २०७७।१२।२२ को निर्णयबाट डेडीकेटेड फिडर तथा ट्रङ्क लाईनका उपभोक्ताहरुको बक्यौता रकम अशुल गर्ने लगायतका कार्य गरी एक महिना भित्र जानकारी गराउन प्राधिकरणलाई निर्देशन भएको थियो। यस सम्बन्धमा प्राधिकरण सञ्चालक समितिको मिति २०७८।०१।२६ को ८७०औं बैठकबाट देहाय बमोजिमको निर्णय भएको छ:

संघिय संसद, प्रतिनिधी सभा, सार्वजनिक लेखा समितिको मिति २०७७।१२।२२ गतेको बैठकले गरेको निर्णय आवश्यक कार्यान्वयनको लागि ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयको च.न. २९९ मिति २०७७।१२।२७ को पत्रको सन्दर्भमा डेडिकेटेड र ट्रङ्क

ई-८७४ २



लाईनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुबाट बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी एक महिना भित्र जानकारी गराउन प्राधिकरणलाई दिएको निर्देशन अवगत भयो। सार्वजनिक लेखा समितिको उल्लेखित मितिको निर्देशन पश्चात देशमा कोभिड-१९ महामारी पुन: व्यापकरुपमा फैलिई सम्पूर्ण उद्योग व्यवसाय सञ्चालनमा समेत प्रतिकुल प्रभाव परेको र देशका विभिन्न स्थानमा निशेधाज्ञासमेत लागू भएको अवस्थामा समितिको उक्त निर्देशन पूर्णरुपमा पालना गर्न हाललाई कठिन हुने देखिएको र मिति २०७२ श्रावण देखि २०७७ असार मसान्तसम्मको थप दस्तुर सहितको सम्पूर्ण छुट विधुत महशुल सम्बन्धित उपभोक्ताबाट असुल उपर गर्ने, बिधुत महशुलका सम्बन्धमा अदालती प्रकृयामा गएका कुनै ग्राहकको हकमा अदालतको फैसला/आदेश बमोजिम, विवाद निरुपणका लागि बिधुत नियमन आयोगमा पठाईएका ग्राहकको हकमा आयोगको निर्णय बमोजिम हुने गरी कार्यान्वयन गर्ने र बक्यौता बिधुत महशुल किस्ताबन्दीमा बुझाउन पाउँ भनि २०७८ असार मसान्त भित्र निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसारको किस्ताबन्दी कायम गरी बक्यौता महशुल बुझाउने सुविधा दिने गरी प्राधिकरण सञ्चालक समितिको मिति २०७७।१०।११ गतेको ८५९औं बैठकबाट निर्णय भएको र उक्त निर्णय कार्यान्वयनको लागि नेपाल बिधुत प्राधिकरण प्रतिबद्ध रहेको व्यहोरा ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयमार्फत संघिय संसद, प्रतिनिधी सभा, सार्वजनिक लेखा समितिसमक्ष अनुरोध गरि पठाउने।

डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विधुत लिएका ग्राहकहरुबाट विधुत महशुल असुर उपर गर्ने सम्बन्धमा सिमरा बितरण केन्द्र मातहतमा रहेको ट्रङ्क लाइन विधुत उपभोक्ता श्री सुर्य नेपाल प्रालि लाइ मिति २०७८।०३।०८ च.नं. ८५९ को पत्र मार्फत डेडिकेटेड ट्रङ्क लाइन बापतको छुट बिल बुझाउने सम्बन्धमा पत्राचार गरिएकोमा उक्त उपभोक्ताले मिति २०७८।०३।२८ को पत्र मार्फत छुट बिल बापतको रकम रु ६,१७,४६,१३५।५८ लाई ४१ किस्तामा भुक्तानी गर्ने प्रतिबद्धता जनाएको र यसरी गरिने भुक्तानीमा २ प्रतिशत रिबेट पाउने व्यवस्थाको लागि अनुरोध भई आएकोमा सम्बन्धित बितरण केन्द्रबाट आवश्यक निर्देशनको लागि माग भई आएको छ।

सुर्य नेपाल प्रा.लि. को उल्लेखित निवेदनको सन्दर्भमा आवश्यक निर्णयको लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव पेश गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

निर्णयः

सुर्य नेपाल प्रा.लि. बाट किस्ताबन्दीमा बक्यौता विधुत महशुल बुझाउने बिषयको मिति २०७८।०३।२८ को निवेदनमा उल्लेखित व्यहोराको सम्बन्धमा प्राधिकरण व्यवस्थापन र सुर्य नेपाल प्रा.लि. का प्रतिनिधिहरु बीच छलफल गरी उक्त प्रा.लि. को बाँकी बक्यौता रकम असुल गर्नेबारे दुई पक्ष बीच भएको सहमतिको आधार सहित व्यवस्थापनबाट आवश्यक निर्णयार्थ प्रस्ताव तयार गरी अर्को बैठकमा पेश गर्ने।

विद्युत नियमन आयोगको १३३ औं बैठकको छलफल तथा निर्णयहरु

विद्युत नियमन आयोगको १३३ औं बैठक २०७८ भाद्र २२ गते मंगलबार दिउसो २:०० बजे आयोगको कार्यालय, सानो गौचरणमा देहायका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति

| | |
|---|---|
| श्री दिल्ली बहादुर सिंह | अध्यक्ष |
| डा. राम प्रसाद धिताल | सदस्य |
| श्री रामेश्वर प्रसाद कलवार | सदस्य |
| श्री भागिरथी भट्टराई (जबाली) | सदस्य |
| श्री नुतन प्रकाश शर्मा | सचिव |

आमन्त्रित

अर्जुन प्रसाद खनाल, (उ.स.,कानुन)

[illegible] पोखरेल, (विशेषज्ञ)

प्रस्तावहरु:

१) दोलखा जिल्लामा निर्माण हुने ७ मे.वा.को सुरीखोला जलविद्युत आयोजनाको प्रवर्द्धक मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको शेयर संरचना परिवर्तन सम्बन्धमा।

२) छ्याङदी हाइड्रोपावर लिमिटेडको विद्युत खरिद बिक्री सम्झौताको दफा १.३ संशोधनका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

३) तल्लो मोदी खोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको दफा १.३ संशोधनका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

४) माउन्टेन इनर्जी नेपाल लिमिटेडको विद्युत खरिद बिक्री सम्झौताको दफा १.१ (ज) संशोधनका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

५) विविध:

क) नेपाल उद्योग वाणिज्य महासंघको प.सं. १६१७, मिति २०७८/०३/२८ र नेपाल उद्योग परिसंघको मिति २०७८/०३/२८ को पत्रबाट विद्युत महशुल निर्धारण आयोगको १०३ औं र १०८ औं बैठकको निर्णय कार्यान्वयन गर्न आवश्यक निर्देशन जारी गरी पाऊँ भन्ने सम्बन्धमा।

ख) श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको प.सं. ०७८/७९, च.नं. १[illegible], मिति २०७८/०५/१६ को [illegible] सिफारिस सम्बन्धी [illegible] सम्बन्धमा।

...मा यस आयोगमा पेश हुन आएको विद्युत खरिद बिक्री सम्झौताको दफा १.३ संलग्न मस्यौदा बमोजिम संशोधनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरण र मोदी इनर्जी लिमिटेडबीच मिति २०६८ साल भाद्र २० गते तल्लो मोदी खोला जलविद्युत आयोजना (२० मे.वा.) को लागि विद्युत खरिद बिक्री संझौता भई निर्माण कार्य भईरहेकोमा नेपाल विद्युत प्राधिकरणबाट आवश्यक प्रसारण लाइन र सबस्टेशनको निर्माण सम्पन्न नभएको कारणले नेपाल विद्युत प्राधिकरणको मिति २०७३।१०।२७ र २०७६।११।१२ को निर्णयानुसार मिति २०७८।०५।०९ मा यस आयोगमा पेश हुन आएको विद्युत खरिद-बिक्री सम्झौताको दफा १.३ संलग्न मस्यौदा बमोजिम संशोधनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरण र माउन्टेन इनर्जी नेपाल लिमिटेडबीच मिति २०६७ माघ २० गते मिस्ट्री खोला जलविद्युत आयोजना (४२ मे.वा.) को लागि विद्युत खरिद बिक्री संझौता भई निर्माण कार्य भईरहेकोमा विद्युत उत्पादन शुरु गर्ने मिति संशोधन गरी २०७८।०३।२५ कायम गर्न नेपाल विद्युत प्राधिकरणको मिति २०७८।०५।११ को निर्णयानुसार मिति २०७८।०५।१६ मा यस आयोगमा नेपाल विद्युत प्राधिकरणको पत्र पेश हुन आए बमोजिम विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६ को दफा ६ को उपदफा (३) बमोजिम संलग्न मस्यौदा अनुसार संशोधनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो। [illegible]

विविध:

निर्णय नं. क:

विविध प्रस्ताव नं. (क) माथि छलफल गर्दा नेपाल उद्योग वाणिज्य महासंघको प.सं. १६१७, मिति २०७८/०३/२८ र नेपाल उद्योग परिसंघको मिति २०७८/०३/२८ को पत्रबाट विद्युत महशुल निर्धारण आयोगको १०३ औं र १०८ औं बैठकको निर्णय कार्यान्वयन नभएको भनि सो निर्णय कार्यान्वयन गर्न नेपाल विद्युत प्राधिकरणलाई आवश्यक निर्देशन जारी गरी पाऊँ भन्ने निवेदन पेश भएको सन्दर्भमा विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४४ को उपदफा (२) बमोजिम विद्युत ऐन, २०४९ को दफा १७ र १८ बमोजिम निर्धारण भएको विद्युत महशुल, विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम नै निर्धारण भएको मानिने कानुनी प्रावधान रहेको छ। तत्कालिन विद्युत महशुल निर्धारण आयोगले गरेको निर्णय विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४ (१) अनुसार "आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था" भएकाे हुनाले यस आयोगको कार्यक्षेत्रभित्र पर्ने भई विद्युत महशुल निर्धारण आयोगको मिति २०७२/०५/२९ को १०३ औं र मिति २०७३/०३/१६ को १०८ औं बैठकको निर्णय कार्यान्वयन नभएको भए उपरोक्त निर्णय कार्यान्वयन गर्न विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३७ अनुसार

[illegible]

## निर्णय १३३ २०७८।०५।२२, ९०३ २०७८।१२।१६, २१८ २०८०।०९।१६

नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने निर्णय गरियो । निर्णयसाथ प्राप्त निवेदन तथा विद्युत महशुल निर्धारण आयोगको १०३ औं तथा १०८ औं बैठकको निर्णय संलग्न गरी पठाउने ।

निर्णय नं. खः

विविध प्रस्ताव नं. (ख) माथि छलफल गर्दा विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४ ले यस आयोगलाई स्वशासित र सङ्गठित नियमनकारी संस्थाको रूपमा आत्मसात गरेको छ । ऐनको दफा ३२ ले आयोगको छुट्टै कोष हुने र आयोगको सम्पुर्ण खर्च सोही कोषबाट व्यहोरिने उल्लेख गरेको सन्दर्भमा आयोगको सम्पुर्ण वार्षिक खर्च आयोगको आम्दानीबाट नै व्यहोरिने गरिएकोछ र हाल नेपाल सरकारले आयोगको कुनै पनि शिर्षकमा बजेट विनियोजन नगरेको व्यहोरा समेत अनुरोध गर्ने । विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम २० को उपनियम (२) मा "... आयोग वा नेपाल सरकारलाई आर्थिक भार वा कुनै दायित्व नपर्ने विषयमा आयोगले स्वदेश तथा विदेशका नियमनकारी संघ, संस्था तथा निकायहरूसंग सम्पर्क गर्न वा सम्झौता गर्न सक्ने" र सोही नियमावलीको नियम ४९ मा "यो नियमावली कार्यान्वयन गर्दा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमती लिनु पर्नेछ" प्रावधान रहेको छ । यस अघि आयोगका सदस्यहरूको वैदेशिक भ्रमणमा पनि सम्पुर्ण खर्च आयोजक वा दातृ निकायबाट नै व्यहोर्ने भएकोले निज सदस्यहरूको मनोनयन आयोगले गर्ने गरेको हो । यसमा नेपाल सरकारलाई कुनै किसिमको आर्थिक भार पर्न गएको छैन ।

यसै सन्दर्भमा आयोग जस्ता अन्य नियमनकारी निकायहरू जस्तै बैंकहरूको नियामक निकाय नेपाल राष्ट्र बैंकले समेत नेपाल राष्ट्र बैंक, अन्तर्राष्ट्रिय तालिम नीति, २०७६ अनुसार गभर्नर, डिपुटी गभर्नर र सञ्चालक समितिका सदस्यहरूको वैदेशिक भ्रमण त्यहाँको सञ्चालक समितिले निर्णय गर्ने प्रावधान रहेको पाइन्छ । नेपाल राष्ट्र बैंक र यस आयोग पनि नियमनकारी निकाय भएको व्यहोरा अनुरोध छ । यस अघिका वैदेशिक तालिम/भ्रमण सम्बन्धमा आयोजक वा वैदेशिक दातृ निकायबाट खर्च व्यहोरिको सन्दर्भमा यस आयोगको निर्णय अनुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीस्तरबाट सदर भएको थियो ।

प्रस्तावित 48 th PURC/World Bank International Training Program on Utility Regulation and Strategy, 11-20 Oct. 2021, Florida, USA मा सहभागि हुनको लागि USAID (ऊर्जा नेपाल) बाट सम्पुर्ण खर्च व्यहोरिने तथा नेपाल सरकार वा आयोगलाई कुनै आर्थिक दायित्व नपर्ने भएको साथै सत्त स्वीकृतिको चरणमा रहेको यस आयोगको प्रशासनसम्बन्धी विनियमावली, २०७८ को मस्यौदाको प्रावधान समेतका आधारमा आयोगको १२१ औं बैठकको निर्णयानुसार आयोगका सदस्य श्री रामेश्वर प्रसाद कलवार र श्री धानिरधी भट्टराई (ज्ञवाली) को मनोनयन गरेको व्यहोरा सहित श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ग:

... छलफल गर्दा खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडबाट बैशाखका थप कागजात तथा

<u>नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७८/१२/१६ को ९०३औं बैठकको निर्णय</u>

डेडिकेटेड तथा ट्रङ्क लाईन उपभोक्ताहरुको पुरानो बक्यौता नियमानुसार थप दस्तुसहित तिराउने गरी लेखांकन गर्ने र चालू महिनाको बिलहरुको भुक्तानी पुरानो बक्यौतामा मिलान नहुने गरी भुक्तानी गर्ने व्यवस्था गर्न नीतिगत निर्णय हुनुपर्ने भएकोले कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई देहायबमोजिम निर्णय भयो:

<u>निर्णय:</u>

डेडिकेटेड तथा ट्रङ्क लाईन उपभोक्ताहरुको पुरानो बक्यौता नियमानुसार थप दस्तुरसहित तिराउने गरी छुट्टै लेखाङ्कन गर्न सकिने वा नसकिने एवम् चालु महिनाको बिल रकम पुरानो बक्यौतामा मिलान नगरी भुक्तानी गर्न सकिने/नसकिने सम्बन्धमा कानूनी राय लिई आगामी बैठकमा पेश गर्ने।

**विद्युत नियमन आयोग**
(नेपाल सरकार ... नियमक निकाय)

मिति: २०८०/०९/१६

**प्रेस विज्ञप्ति**

<u>डेडिकेटेड फिडर तथा ट्रङ्कलाइन सम्बन्धमा मिति २०८०/०९/१६ को आयोगको २१८ औं बैठकको निर्णय ।</u>

प.स.:०८०/८१
च.न.: २५३
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंहदरबार, काठमाडौं।

विषय: <u>डेडिकेटेड फिडर तथा ट्रङ्कलाइन सम्बन्धमा।</u>

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) र उद्योगी/व्यवसायीहरु बीच डेडिकेटेड फिडर तथा ट्रङ्कलाइन सम्बन्धमा विभिन्न मितिहरुमा प्रधानमन्त्री निवास बालुवाटारमा मिति २०८०/०५/१४, २०८०/०५/२०, २०८०/०५/२८ तथा २०८०/०८/०७ गतेका दिन छलफल भएको थियो। मिति २०८० मंसिर ०७ मा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय उप-प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यू, माननीय अर्थ मन्त्रीज्यू, माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यू, माननीय उद्योग मन्त्रीज्यू, विद्युत नियमन आयोगका अध्यक्ष, नेपाल सरकारका मुख्य सचिवज्यू, विद्युत नियमन आयोगका सदस्यहरु तथा ने.वि.प्रा.का कार्यकारी निर्देशकलगायतको उपस्थितिमा प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा ने.वि.प्रा. र उद्योगी/व्यवसायीहरु बीचको <u>डेडिकेटेड फिडर</u> तथा <u>ट्रङ्कलाइनसम्बन्धी</u> विवादका सन्दर्भमा विद्युत नियमन आयोगको मिति २०७८ भाद्र २२ मा बसेको १३३ औं बैठकको निर्णयानुसार ने.वि.प्रा.लाई तत्कालिन विद्युत महसुल निर्धारण आयोगको १०३औं तथा १०८औं बैठकको निर्णय कार्यान्वयन गर्नु गराउनु भनि निर्देशन दिईसकेको अवस्थामा सो निर्देशन कार्यान्वयन गर्ने गराउने दायित्व ने.वि.प्रा.कै रहेको व्यहोरा उपस्थित सबैमा आयोगका तर्फबाट जानकारी गराइएको थियो।

यसै विषयमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (मन्त्रालय) द्वारा मिति २०८०/०८/१३ मा "कार्यान्वयन सम्बन्धमा" विषयक पत्र विद्युत नियमन आयोगलाई प्राप्त भएअनुसार *"लोडसेडिङ अन्त्य भएपछिको अवस्थाका सम्बन्धमा सम्मानित उच्च अदालत पाटनबाट मिति २०७६/०६/०५ मा जारी गरेको रिट निवेदन खारेजको फैसलामा "हाल मुलुकमा लोडसेडिङ अन्त्य भइसकेको अवस्थामा विनियमावली बमोजिमको महशुललाई निरन्तरता दिन नपर्ने भएमा महशुल दर निर्धारण गर्ने*

...मन आयोग
..., काठमाडौं, नेपाल
...erc.gov.np | वेबसाइट: www.erc.gov.np
...-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३३५८५

**विद्युत नियमन आयोग**
(नेपाल सरकार ... नियमक निकाय)

*सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै भएकोले त्यसतर्फ थप विवेचना गर्नु नपर्ने" व्याख्या गरिएको छ। यस परिप्रेक्ष्यमा लोडसेडिङ अन्त्य भएको अवधिमा डेडिकेटेड तथा*

*ट्रङ्कलाइनबाट विद्युत उपभोग गरेका ग्राहकहरुको लागि डेडिकेटेड महशुल सम्बन्धमा आवश्यक निर्णय गर्नु पर्ने भएकोले आवश्यक कारबाही हुन माननीय मन्त्रीस्तरको मिति २०८०/०८/१२ को निर्णयानुसार अनुरोध छ"* भनि उल्लेख गरिएको थियो।

तथापी, मन्त्रालयद्वारा गरिएको पत्राचारमा केही आवश्यक जानकारी अपुग हुन गएकोमा सो सम्बन्धमा आयोगद्वारा मन्त्रालयमार्फत ने.वि.प्रा. संचालक समितिको मिति २०७७/१०/११ को ८५९औं बैठक तथा मिति २०७८/०१/२६ को ८७०औं बैठकले डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत उपभोग गरेका ग्राहकहरुबाट थप दस्तुरसहितको डेडिकेटेड महशुल दरअनुसार विद्युत महशुल उपभोक्ताबाट असुलउपर गर्ने निर्णयको प्रमाणित प्रतिलिपि माग गर्ने निर्णय मिति २०८०/०८/१८ को २१५औं बैठकद्वारा गरी आयोगद्वारा मन्त्रालयमा पत्राचार गरिएको थियो। उक्त पत्रको जवाफ मिति २०८०/०८/२१ मा आयोगलाई प्राप्त भएअनुसार डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनसम्बन्धी विवाद समाधानसम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७६/९/२१ को निर्णय, ने.वि.प्रा. संचालक समितिको निर्णयसम्बन्धी मिति २०८०/०८/२१ को पत्र तथा ने.वि.प्रा. संचालक समितिको ८५९ र ८७० औं बैठकको निर्णयको प्रतिलिपिसमेत अध्ययन गर्दा उल्लेखित विवाद समाधानका सम्बन्धमा निम्न कानूनी जटिलता देखिन आएको अवस्था छः

**(क) शिवम सिमेन्टले ने.वि.प्रा. विरुद्ध सम्मानित सर्वोच्च अदालतसमक्ष दायर गरेको मुद्दामा मिति २०७५/७/२० मा भएको फैसला र पुनः ने.वि.प्रा.ले दायर गरेको पुनरावलोकनका सम्बन्धमाः**

शिवम सिमेन्टले ने.वि.प्रा. विरुद्ध सम्मानित सर्वोच्च अदालतसमक्ष २०७३ सालमा दिएको रिटउपर मिति २०७५/०७/२० मा फैसला भएको उक्त मुद्दामा सम्मानित सर्वोच्च अदालतद्वारा निम्नबमोजिमका फैसला गरिएको छः

"विद्युत महशुल निर्धारण आयोगको मिति २०७२/९/२९ र २०७२/१०/१० को निर्णयपश्चात मात्र वृद्धि भएको महशुल लागू गर्न मिल्ने हुँदा २०७२ साल श्रावणदेखि मंसिरसम्मको अवधिको थप महशुल बझाउनु भनी निवेदकलाई पठाएको नेपाल विद्युत प्राधिकरणको मिति २०७२/८/२८ को पत्र, सोउपर परेको पुनरावेदनमा पुनरावेदन समितिबाट मिति २०७२/११/११ मा भएको निर्णय, एवं मिति २०७३/३/१३ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिएको".

विद्युत महशुल निर्धारण आयोगले अनुमोदन गरेको मिति २०७२/९/२९ बाट मात्र वृद्धि भएको महशुल निवेदकबाट असुल गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरिएको

...मन आयोग
..., काठमाडौं, नेपाल
...erc.gov.np | वेबसाइट: www.erc.gov.np
...-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३३५८५

## निर्णय २१८-९-१६-३

**विद्युत नियमन आयोग**
(नेपाल सरकार ... नियमक निकाय)

थियो भने सो फैसला उपर चित्त नबुझी ने.वि.प्रा.द्वारा पुनरावलोकनको अनुमति पाउँ भनि निवेदन गरेकोमा मिति २०७७/१०/१५ मा सम्मानित सर्वोच्च अदालतद्वारा पुनरावलोकन अनुमति प्रदान गरिएको अवस्थामा अदालतमा विचाराधीन रहेको मुद्दामा विद्युत नियमन आयोग वा अन्य कुनै निकायले कानूनतः अन्यथा निर्णय गर्न नमिल्ने र यस विषयमा अदालतले नै निर्णय गर्ने हुँदा आयोगद्वारा थप निर्णय वा विवेचना गर्नुपर्ने अवस्था देखिँदैन।

**(ख) विद्युत खपत गरेको तर संचालक समितिबाट स्वीकृति नलिएको भन्ने आधारमा डेडिकेटेड फिडरसरह महशुल सम्बन्धमाः** डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनका सम्बन्धमा सम्मानित उच्च अदालत पाटनमा उद्योगी तथा व्यवसायीहरुले समग्रमा नौ (९) वटा रिट दायर गरिएको देखिन्छ जसमध्ये ९ वटै रिट खारेज भएको अवस्था छ। उच्च अदालत पाटनद्वारा मिति २०७६/०६/०५ मा गरिएको फैसलाको[1] प्रकरण २५ बमोजिम "हाल ट्रङ्कलाइनबाट आपूर्ति भइरहेका ग्राहकहरुले डेडिकेटेड फिडर सरह आपूर्ति लिन सञ्चालक समितिसमक्ष निवेदन दिई स्वीकृती लिनुपर्नेमा आफुले निवेदन नदिएको र सञ्चालक समितिबाट समेत कुनै निर्णय नभएको भन्ने निवेदन दाबी भए तापनि निवेदकले ट्रङ्कलाइनबाट विद्युत आपूर्ति नै नलिएको भन्ने दाबी लिन सकेको अवस्था देखिँदैन"। तसर्थ, ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०६९ बमोजिम "ट्रङ्कलाइनमार्फत विद्युत उपभोग गर्ने ग्राहकहरुलाई डेडिकेटेड फिडर सरह नै महसुल लाग्ने" भनि फैसलामा उल्लेख भएको हुँदा ने.वि.प्रा. सञ्चालक समितिबाट स्वीकृति नलिएको भन्ने आधारमा डेडिकेटेड फिडर सरह महसुल नलाग्ने भन्ने देखिन नआउने फैसला उच्च अदालत पाटनको मिति २०७६/०६/०५ गतेको संयुक्त इजलासद्वारा गरिएको हुँदा सोहीबमोजिम काम कारवाही हुनु पर्ने देखिन्छ।

**(ग) विद्युत खपत गरे/नगरेको प्राविधिक विश्लेषणबाट जानकारी हुनेः** तत्कालिन विद्युत महशुल निर्धारण आयोगको २०७२/०९/२९ को १०३औं बैठक तथा २०७३/०३/१६ मा बसेको १०८औं बैठकद्वारा "लोडसेडिङ छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रङ्कलाइनबाट विद्युत आपूर्ति लिने ग्राहकको महशुल डेडिकेटेड फिडर सरह दर कायम गर्ने निर्णय भएको थियो। त्यसरी निर्बाधरुपमा निरन्तर विद्युत आपूर्ति लिए नलिएको भन्ने विषय विद्युत खपतका अभिलेखमा देखिने मिटर या Time of the Day (TOD) वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकिन हुने विषय रहेको भनि सम्मानित उच्च अदालत पाटनको आदेशमा समेत उल्लेख गरिएकोमा त्यससम्बन्धी जानकार, जिम्मेवार तथा कार्यान्वयन गर्ने निकाय ने.वि.प्रा. आफै

[1] निर्णय नं.१२५, मुद्दा नं.०७५-WO-०८१६, शिवम सिमेन्ट्स लि. को तर्फबाट अख्तियारप्राप्त संचालक रघुनन्दन मारु विरुद्ध नेपाल विद्युत प्राधिकरणसमेत ।

...यमन आयोग
..., काठमाडौं, नेपाल
...erc.gov.np | वेबसाइट: www.erc.gov.np
...-१-४४२२४४२,४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२

**विद्युत नियमन आयोग**
(नेपाल सरकार ... नियमक निकाय)

रहेको उक्त फैसलाले प्रष्ट दर्शाएको हुनाले सोको निक्यौल स्वयम् ने.वि.प्रा. बाट हुनुपर्ने र सोहीबमोजिमका काम कारवाही हुनुपर्ने देखिन्छ।

**(घ) दोस्रो अवधि तथा लोडसेडिङ अन्त्य अघिको अवधिका सम्बन्धमाः** २०७२ साल माघ देखि २०७५ साल वैशाखसम्म अर्थात लोडसेडिङ अन्त्य हुनु अघिसम्मको अवधिका सम्बन्धमा भने मन्त्रालयको समितिले दिएको सुझावमा "ने.वि.प्रा. विद्युत महशुल सङ्कलन विनियमावली, २०७३

बमोजिम सम्पूर्ण महशुल निजहरुबाट असुल गर्नु" भनि उल्लेख गरिएको छ। यस अवधिको विवादका सम्बन्धमा भने उक्त प्रतिवेदनमा विद्युत नियमन आयोगको भूमिका हुने बारे उल्लेख गरिएको छैन। यद्यपि, उक्त प्रतिवेदनमा ने.वि.प्रा. द्वारा उद्योगी/ व्यवसायीहरुलाई उक्त महशुल दर किस्ताबन्दीमा बुझाउन मिल्ने गरी व्यवस्था गरिदिन उल्लेख गरिएको छ।[2]

**(ङ) आयोगद्वारा डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनसम्बन्धी गरिएको निर्णय सम्बन्धमाः** सम्मानित उच्च अदालत पाटनद्वारा मिति २०७६ असोज ५ मा गरिएको फैसलामा "डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनसम्बन्धी महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै भएकोले त्यससम्बन्धी विवेचना गर्नु परेन" भनि उल्लेख भएकोमा विद्युत नियमन आयोगद्वारा २०७७/०३/०१ गतेबाट लागु हुने गरी नयाँ महशुल दर कायम गरी तत्कालिन डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनसम्बन्धी सम्पूर्ण व्यवस्थालाई पूर्णरुपमा हटाएको थियो। त्यसै सम्बन्धमा विद्युत नियमन आयोग ऐन २०७४ को दफा २२ मा पुनरावलोकनसम्बन्धी व्यवस्थाबमोजिम यदि आयोगले गरेको कुनै निर्णयमा चित्त नबुझे त्यस्तो पक्षलाई उल्लेखित व्यवस्थाबमोजिम १५ दिन भित्र पुनरावलोकन गर्न पाउने प्रावधान रहेको छ। तथापी, तोकिएको समय र प्रक्रिया बमोजिम हालसम्म ने.वि.प्रा. वा अन्य कुनै सेवाग्राही/सरोकारवालाद्वारा पुनरावलोकनसम्बन्धी निवेदन दिएको अवस्थासमेत छैन। अतः यस विषयमा आयोगले अब केहि बोल्नु पर्ने देखिँदैन।

मिति २०७६/०६/०५ मा उच्च अदालत पाटनद्वारा गरिएको फैसला बमोजिम *"हाल मुलुकमा लोडसेडिङ अन्त्य भइसकेको भन्ने दाबीका सम्बन्धमा विनियमावली बमोजिमको महसुललाई निरन्तरता दिन नपर्ने भएमा महसुल दर निर्धारण गर्ने सम्बन्धित निकायले आवश्यक पुनरावलोकन गर्न सक्ने नै भएकोले त्यसतर्फ थप विवेचना गर्नु परेन"* भनि उल्लेख भएकोमा, विद्युत नियमन

[2] ने.वि.प्रा. द्वारा मिति २०७७/१२/२३ मा विद्युत नियमन आयोगलाई सम्बोधन गरी प्रेषित गरिएको पत्रको बुँदा नं.३ मा "विद्यमान कोभिड-१९ बाट समग्र उद्योग व्यवसायमा परेको असरलाई मध्यनजर गरी प्रकरण (१) मा उल्लेख भए बमोजिमको बक्यौता रकम किस्ताबन्दीमा बुझाउन पाउँ भनि निवेदन पेश गर्ने सम्बन्धित उपभोक्तालाई नियमानुसार जो किस्ताबन्दी कायम गरी बक्यौता महशुल बुझाउन सुविधा दिने" उल्लेख गरिएको छ।

...यमन आयोग
..., काठमाडौं, नेपाल
...erc.gov.np | वेबसाइट: www.erc.gov.np
...-१-४४२२४४२,४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२

**विद्युत नियमन आयोग**
(नेपाल सरकार ... नियमक निकाय)

आयोगले आफनो स्थापनापश्चात पहिलोपटक ने.वि.प्रा.द्वारा नयाँ महसुल दर निर्धारणका सम्बन्धमा पेश गरेको निवेदनउपर मिति २०७७ असार ०१ देखि लागु हुने गरी *"हालसम्म ने.वि.प्रा. ले डेडिकेटेड तथा ट्रङ्कलाइन फिडर वा अन्य कुनै माध्यमबाट लिइरहेको ६५ प्रतिशतसम्म अतिरिक्त शुल्कलाई पूर्णरुपमा हटाइएको छ"* भन्ने निर्णयसमेत गरिसकेको छ ।

यसका अतिरिक्त, २०७७/०३/०१ मा विद्युत महसुल निर्धारण गर्नु अघि विद्युत नियमन आयोग उपभोक्ता विद्युत महशुल निर्धारण निर्देशिका, २०७६ बमोजिम आयोगले सम्पूर्ण सरोकारवालाहरुको राय तथा सुझावका लागि गोरखापत्र राष्ट्रिय दैनिक, विभिन्न अनलाइन पत्रिकाहरु तथा आयोगको वेबसाइटसमेतमा सूचना प्रकाशन तथा सार्वजनिक सुनुवाई गरेकोमा उपरोक्त सम्बन्धमा कुनै पनि सरोकारवाला निकाय वा संस्थाबाट राय/सुझाव प्राप्त नभएकोले आवश्यकता, औचित्यता एवं ऐनले निर्देश गरेअनुसार नयाँ महशुल लागु हुने गरी आयोगद्वारा निर्णय गरिएको थियो। नियामक निकायले रितपूर्वक नयाँ महशुल लागु नगरेसम्म पुरानै महशुल लागु हुने सर्वमान्य सिद्धान्त हुँदा २०७७/०३/०१ भन्दा अघिको अवधिका सम्बन्धमा तत्कालिन विद्युत महसुल निर्धारण आयोगद्वारा मिति २०७२/०९/२९ को १०३औं बैठक तथा २०७३/०३/१६ को १०८औं बैठकद्वारा निर्धारण गरिएको महशुल नै कायम तथा लागु हुने भई उक्त निर्णयलाई आठ वर्ष पछि आएर परिवर्तन/व्याख्या/अपव्याख्या वा प्रस्टयाउन नमिल्ने मात्र नभई सम्मानित सर्वोच्च अदालतद्वारा मिति २०७५/०७/२० मा शिवम सिमेन्ट विरुद्ध ने.वि.प्रा.को मुद्दामा "पश्चातदर्शी असर हुने गरी निर्णय गर्न नमिल्ने" समेत फैसला गरिएको छ।

साथै, सम्मानित सर्वोच्च अदालतको आदेश परिपालना गर्ने दायित्व र जिम्मेवारी आयोगको समेत रहेको हुनाले सो विषयमा आयोगद्वारा तत्कालिन विद्युत महसुल निर्धारण आयोगको मिति २०७२/०९/२९ को १०३औं बैठक तथा २०७३/०३/१६ को १०८औं बैठकद्वारा गरिएको निर्णय कार्यान्वयन गर्न गराउन आयोगद्वारा मिति २०७८/०५/२२ को १३३औं बैठकको निर्णयानुसार प्राधिकरणलाई निर्देशन दिइसकेको हुनाले हालसम्म आयोगद्वारा यस विवादका सम्बन्धमा सोहीअनुसार तत्कालिन विद्युत महसुल निर्धारण आयोगको उल्लेखित निर्णय कार्यान्वयन गर्न गराउन प्राधिकरणलाई यसै पत्रमार्फत पुनः निर्देश गरिन्छ।

**(च) असाधारण क्षेत्रको प्रयोगका सम्बन्धमाः** ने.वि.प्रा. ले गरेको काम कारवाहीउपर चित्त नबुझेमा ने.वि.प्रा. विद्युत वितरण विनियमावली, २०७८ तथा विद्युत महशुल सङ्कलन विनियमावली, २०७८ मा उल्लेख गरिएको प्रक्रिया अवलम्बन गरी ने.वि.प्रा.को पुनरावेदन समितिसमक्ष पुनरावेदन गर्न पाउने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ। नियमावलीको उल्लेखित व्यवस्था प्राधिकरणको निर्णय एवम् काम कारवाहीमा चित्त नबुझेमा सोको विरुद्ध कानूनी उपचारको रुपमा राखिएको व्यवस्था

...यमन आयोग
..., काठमाडौं, नेपाल
...erc.gov.np | वेबसाइट: www.erc.gov.np
...-१-४४२२४४२,४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२

**विद्युत नियमन आयोग**
(नेपाल सरकार ... नियमक निकाय)

देखिदाँ सो समितिले नै निवेदकले के कति विद्युत खपत गरेको हो, निवेदकलाई के कुन दरको के कति शुल्क लाग्ने हो भन्ने लगायतका निवेदकले उठाएका सबै प्रश्नहरुको निरुपण गर्नसक्ने अवस्था विद्यमान रहेको छ।

तथापी, उद्योगी/व्यवसायीहरुले कानूनले प्रदान गरेको वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सोझै रिट क्षेत्राधिकारको माध्यमबाट अदालत प्रवेश गरेकोमा मिति २०७६/०६/०५ मा सम्मानित उच्च अदालत पाटनबाट रिट खारेज भएको थियो। तसर्थ, यदि विद्युत उपभोगकर्ताले सो प्रक्रियाबमोजिम पुनरावलोकनमा गई त्यसको निर्णयमा समेत चित्त नबुझेमा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम पुनः अदालतमा मुद्दा दायर गर्न पाउने सुविधा विद्यमान नै रहेको हुँदा यस विषयमा आयोगले थप विवेचना एवं निर्णय गर्नु नपर्ने देखियो।

**(छ) तेस्रो अवधि अर्थात लोडसेडिङ अन्त्य पश्चातको समयका सम्बन्धमाः** नयाँ महशुल निर्धारण नभएको अवस्थामा पुर्व निर्धारित महशुल नै लागू हुने सिद्धान्तलाई महशुल निर्धारणको मान्य सिद्धान्तको रुपमा लिने गरिएको छ।[3] यस सम्बन्धमा, तत्कालिन विद्युत महशुल निर्धारण आयोगद्वारा मिति २०७२ पौष २९ गतेको १०३औं, २०७२ माघ १० गतेको १०४औं तथा २०७३ असार १६ गतेको १०८औं बैठकद्वारा निर्धारण गरिएको महशुल दर तथा आधार नै लागु हुने हुन्छ ।

यधपि, आयोगले आफ्नो स्थापनापश्चात २०७७ साल असार महिनामा नयाँ विद्युत महशुल निर्धारण गरी औद्योगिक तथा व्यावसायिक ग्राहकहरुबाट लिईदै आइएको अतिरिक्त सर्चार्ज तथा इनर्जी शुल्क लगायतका महशुल लिन नपाउने गरी निर्णय गरिसकेको छ। तथापी, यो निर्णयमा चित्त नबुझेमा आयोगमा पुनरावेदन गर्न पाउने व्यवस्था विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २२ मा त्यस्तो निर्णयको जानकारी पाएको १५ दिन भित्र आयोगमा निवेदन दिन सक्ने व्यवस्था गरिएको छ। तर सो विषयमा कसैबाट पनि पुनरावेदनको माग नगरिएको हुनाले यस विषयमा आयोगले कुनै थप निर्णय गर्नु नपर्ने देखिन्छ।

**(ज) विद्युत नियमन आयोग ऐन २०७४ को दफा १८ बमोजिमको कार्यविधिअनुरुप विवाद निरुपणका निमित्त हालसम्म कुनै उजुरी वा निवेदन नपरेकोः** विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमवाली, २०७५ बमोजिम २०७६ साल वैशाखमा आयोग स्थापना भएको हो। ऐ. ऐन को दफा १८(३) तथा नियमावलीले यस आयोगलाई अदालतसरह उजुरीको

[3] विद्युत उपभोक्ता महशुल निर्धारण निर्देशिका, २०७६ को दफा ७ (३) बमोजिम "आयोगले यस निर्देशिकाबमोजिम महशुल दर निर्धारण वा परिवर्तन नगरेसम्म आयोगले निर्धारण गरेको पछिल्लो महशुल दर कायम रहनेछ" भन्ने उल्लेख गरिएको छ।

...यमन आयोग
..., काठमाडौं, नेपाल
...erc.gov.np | वेबसाइट: www.erc.gov.np

## निर्णय २१८ २०८०।०९।१६

**विद्युत नियमन आयोग**
(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

कारबाही तथा किनारा गर्ने अधिकार प्रदान गरेको छ। तथापी, हालसम्म आयोगसमक्ष विद्युत नियमन आयोग ऐन २०७४ को दफा १८ बमोजिम निर्धारित दस्तुर, तोकिएको प्रकिया तथा कागजातसहित विवाद समाधानको निमित्त कुनै उजुरी नपरेको अवस्थामा आयोगले विवाद समाधान गर्ने कुनै कार्य नगरेको भन्न मिलेन।

साथै, डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनसम्बन्धी विवादका सम्बन्धमा तपशिलबमोजिमका निकाय तथा संसदीय समितिहरुबाट तपशिलबमोजिम प्राप्त सुझाव तथा निर्देशनः

**(१) मिति २०७७ चैत्र २२ को सार्वजनिक लेखा समितिको निर्देशनः**

- ने.वि.प्रा. संचालक समितिको बैठकको मिति २०७२/३/१२ को निर्णयले २०७२ श्रावण देखिको लागतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन महशुल निर्धारण आयोगले गरेको तथा ट्रङ्कलाइनबाट विद्युत आपूर्ति लिई रहेका ग्राहकहरुको हकमा पनि २०७३/०३/१६ मा विद्युत महशुल निर्धारण आयोगले डेडिकेटेड लाइन सरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोहीबमोजिम विद्युत नियमावलीमा उल्लेख भएको बिल बिजक छुट बिल जारी गर्ने ।
- छुट बिल जारी भएपछि ३५ दिन भित्र ग्राहकले उक्त महशुल बुझाउनु पर्ने वा बिल नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ भएको ६० दिन भित्र ग्राहकले विद्युत महसुल नबुझाएमा उक्त ग्राहकहरुको लाइन काटी बक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ मा हुँदा हुँदै प्राधिकरण व्यवस्थापकले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो कार्यन्वयन १(एक) महिना भित्र गराउने।

**(२) मिति २०७७/०३/१८ मा मन्त्रालयद्वारा गठित समितिले पेश गरेको प्रतिवेदन र सिफारिशः**

(क) **२०७२ साउनदेखि २०७२ पौषसम्मको हकमाः** महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७/०२/२६ को पत्रानुसार यस विवादित विषयमा निर्णय गर्ने अधिकार यस समितिलाई नभएको र उपभोक्ता तथा प्राधिकरण बीच भएका महशुलसम्बन्धी विवाद समाधान गर्ने विषय विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुँदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने" भन्ने लेखिएकोमा माथि प्रकरण (ज) मा उल्लेख गरिएअनुसार ने.वि.प्रा. तथा अन्य सरोकारवालाहरू कसैको उजुरी नपरेको हुनाले तत् सम्बन्धी निर्णय आयोगद्वारा गर्नु नपरेको।

(ख) **लोडसेडिङ अन्त्य हुनु अघिसम्मको अवस्थाः** मिति २०७२ माघ देखि २०७५ वैशाख मसान्तसम्मको अवधिमा डेडिकेटेड फिडर र ट्रङ्कलाइनबाट विद्युत आपूर्ति लिएका उद्योगीहरूबाट ने.वि.प्रा.को स्वीकृति नलिई लोडसेडिङ तालिकामा तोकिएको समय भन्दा

**विद्युत नियमन आयोग**
(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

बढी अवधि विद्युत सेवा लिएकोले विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ को विनियम (५) को उपविनियम (५) बमोजिम डेडिकेटेड महशुल लिने निर्णय मिति

२०७६।०७।१६ गते ने.वि.प्रा.संचालक समितिबाट निर्णय भएको आधारमा सबै उद्योगीबाट प्राधिकरणका संचालक भक्त बहादुर पुनको संयोजकत्वमा गठित समितिको प्राविधिक प्रतिवेदनका आधारमा "ने.वि.प्रा. विद्युत महशुल सङ्कलन विनियमावली, २०७३ बमोजिम सम्पूर्ण महशुल निजहरुबाट ने.वि.प्रा.ले असुल उपर गर्नु पर्ने। यसरी असुल उपर गर्नुपर्ने रकम प्राधिकरणको नगद प्रवाहको अवस्थामा प्रतिकूल असर नपर्ने गरी उद्योगीहरुले किस्ताबन्दीमा बुझाउन सक्ने व्यवस्था प्राधिकरणले गरिदिनु पर्ने" भन्ने उल्लेख भएकोले सोहीबमोजिम हुनु पर्ने।

**(३) समितिको राय/सुझाव तथा सिफारिशमा मन्त्रिपरिषद्को निर्णय र निर्देशनः** "ट्रङ्कलाइन तथा डेडिकेटेड फिडरबाट भएको विद्युत आपूर्ति सम्बन्धमा विद्युत उपभोगकर्ता उद्योगी व्यवसायीहरु र विद्युत प्राधिकरण बीच देखिएको विवाद लगायतका समस्याको समाधान मन्त्रालय र मातहतका निकायहरुबाट समन्वयात्मकरुपमा गर्ने गरी प्रतिवेदन कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने" भन्ने रहेकोमा मन्त्रालय तथा मातहतका निकायबाट नै कार्यान्वयन हुनुपर्ने भई यसमा विद्युत नियमन आयोगको हस्तक्षेप हुन उचित नभएको।

**(४) मिति २०७७/०४/३० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावः**

(क) "विद्युत महशुल निर्धारण आयोगको मिति २०७२।९।२९ को १०३औं बैठक र मिति २०७३।३।१६ को १०८औं बैठकका निर्णयअनुसार सो समयदेखि विद्युत लोडसेडिङ अन्त्य भएको आधिकारीक घोषणा हुनु अघिसम्मको डेडिकेटेड तथा ट्रङ्कलाइनमार्फत विद्युत आपूर्ति लिएका उद्योगहरुको विद्युत उपभोग परिमाण यकिन गरी सोको आधारमा निर्धारित महशुल असुलउपर गर्न उपयुक्त हुने। यसका लागि अन्य विषयका अलवा टि.ओ.डी. मिटरको डाटा डाउनलोडका अध्ययन प्रतिवेदन एवं सोको विश्लेषणलाई मुख्य आधार बनाउन सकिने" भन्ने उल्लेख भएकोमा सो कार्य ने.वि.प्रा. ले नै गर्नुपर्ने हुन्छ।

(ख) "विद्युत लोडसेडिङ अन्त्य भएको घोषणापश्चात सर्वसाधारणले समेत विद्युतको नियमित उपभोग गर्न पाएको अवस्थामा उद्योग व्यवसायको प्रवर्धन समेतलाई दृष्टिगत गर्दै डेडिकेटेड तथा ट्रङ्कलाइनमार्फत भएको विद्युतको वास्तविक उपयोग यकिन गरी कानूनतः अधिकार प्राप्त निकायले न्यायोचित महशुल निर्धारण तथा सहजीकरण गर्न

**विद्युत नियमन आयोग**
(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

उपयुक्त हुने" भन्ने रहेकोमा माथि प्रकरण (ढ) मा उल्लेख भएअनुसार आयोगले निर्णय गरिसकेको अवस्थामा सोहीअनुरूप कार्यान्वयन हुनुपर्ने।

अतः विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगद्वारा गरिएको प्रथम पटकको महशुल निर्धारणउपर पुनरावलोकनको लागि ने.वि.प्रा. तथा अन्य सरोकारवालाहरुबाट निवेदन नपरेको तथा सोही ऐनको दफा १८ बमोजिम विवाद समाधानको निमित्त कुनै उजुरीसमेत नपरेको अवस्था रहेको छ। तसर्थ, डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनसम्बन्धी महशुलको बक्यौता उठाउनु पर्ने परिप्रेक्ष्यमा सम्मानित अदालत, लेखा समिति, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र मन्त्रालय तथा ने.वि.प्रा.मा गठित समितिहरूबाट बक्यौता उठाउने भनि निर्णय तथा निर्देशन प्राप्त भएकोमा विद्युत नियमन आयोगको यस सम्बन्धमा अन्यथा धारणा हुन नमिल्ने हुँदा तत्कालिन विद्युत महसुल निर्धारण आयोगको १०३औं, १०४औं तथा १०८औं बैठकको निर्णय "लोडसेडिङ छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रङ्कलाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महशुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय भएकोमा" सोको यकिन मिटर रिडीङबाट ने.वि.प्रा.ले गर्नु पर्ने तथा यस आयोगद्वारा मिति २०७८/०५/२२ गते बसेको १३३औं बैठकको निर्णय कार्यान्वयन गर्न गराउन नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिइसकेको अवस्थामा विद्युत महशुल निर्धारण आयोगले २०७२ सालमा गरेका निर्णयहरूमा अतित प्रभावीरूपले अन्यथा निर्णय गर्न कानूनतः नमिल्ने भएको तथा सम्मानित अदालतद्वारा विभिन्न समयमा भएका फैसला तथा आदेशहरूको परिपालनासमेत हुने गरी काम कारबाही गर्न नेपाल विद्युत प्राधिकरणलाई पुनः निर्देशन दिने निर्णय आयोगको मिति २०८०/०९/१६ गते बसेको २१८औं बैठकबाट भएको व्यहोरा अनुरोध छ।

(श्यामहरि बिजुक्छे)
लेखा अधिकृत

**बोधार्थः**
श्री सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौं।
श्री माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यू,
रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

**विद्युत नियमन आयोग**
(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

श्री माननीय अर्थ मन्त्रीज्यू,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।
श्री माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यू,
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।
श्री माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।
श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौं।
श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल विद्युत प्राधिकरण,
दरबार मार्ग, काठमाण्डौं।